# नगरपालिका प्रमुख र गाउँपालिका अध्यक्षका लागि

# स्रोत पुस्तिका


नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

मा. भानुभक्त जोशी
मन्त्री
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

नेपाल सरकार
Government of Nepal

Hon. Bhanubhakta Joshi
Minister
Ministry of Federal Affairs and General Administration
Singhadurbar, Kathmandu, Nepal

## मानानीय मन्त्रीज्यूको मन्तव्य



नेपालको संविधानले स्थानीय तहलाई सङ्घीय शासनको अभिन्न अङ्ग र राज्यको मूल संरचनाका रूपमा स्थापित गरेको छ । संविधान बमोजिम स्थानीय तहको अधिकारक्षेत्रका रुपमा २२ वटा एकल अधिकारका साथै सङ्घ, प्रदेश र स्थानीय तीन वटै तहको साझा अधिकारको रुपमा १५ वटा विषय-क्षेत्र समावेश गरिएको छ ।स्थानीय सरकार सञ्चालन ऐन', २०७४, र 'अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४', लगायतका कानुनले स्थानीय तहको संविधान प्रदत्त कार्य कर्तव्य अधिकार र जिम्मेवारीलाई विस्तृत रुपमा व्यवस्था गरेका छन् । संवैधानिक जिम्मेवारी अनुसार स्थानीय तहले जनताको नजिकको सरकारका रूपमा स्थानीय सेवा प्रवाह, स्थानीय विकास, सुशासन, सामाजिक समावेशीकरण र लोकतन्त्रको सवलीकरण विविध पक्षमा योगदान गर्दै आएका छन् ।

संविधान तथा कानून बमोजिम नगरपालिका प्रमुख र गाउँपालिका अध्यक्षलाई स्थानीय तह सञ्चालनको महत्वपूर्ण जिम्मेवारी दिइएको छ । यस प्रकाशनमा विभिन्न दस्तावेजहरुमा छरिएर रहेका कानूनी तथा नीतिगत व्यवस्थाहरुलाई सरल र सिलसिलेवार तवरले व्यवस्थित गरिएकाले प्रमुख तथा अध्यक्षको कार्यसम्पादनमा यो पुस्तिका निकै उपयोगी हुने विश्वास लिएको छु ।

यो स्रोत पुस्तिका तयार गर्न प्राविधिक सहायता प्रदान गर्नुभएकोमा नेपाल सरकारका पूर्व सचिव पूर्णचन्द्र भट्टराईलाई धन्यवाद दिन्छु । यस पुस्तिकालाई पुनरावलोकन गरी पृष्ठपोषण प्रदान गर्नुहुने मन्त्रालयका सचिव श्री मुकुन्द प्रसाद निरौलाज्यू लगायत मन्त्रालयका संलग्न अन्य सम्पूर्ण पदाधिकारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, नगरपालिका तथा गाउँपालिकाका प्रमुख नेतृत्वबाट यो पुस्तिकाको भरपुर उपयोग गरी लाभ लिन सक्नुहुनेछ भन्ने शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

........................

भानुभक्त जोशी
मन्त्री

मा. भानुभक्त जोशी
मन्त्री

9866019912
bhanubhaktajoshinepal@gmail.com

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन { ४२००३०९
४२००२८१

पत्र संख्याः–

चलानी नं.:–

## मन्तव्य

संघीयताको कार्यान्वयनको प्रमुख आधारस्तम्भका रुपमा ७५३ गाउँपालिका/नगरपालिकालाई संविधान बमोजिम महत्वपूर्ण स्थान दिएको छ । गाउँपालिका र नगरपालिकाहरुलाई आफ्नो संविधान प्रदत्त एकल तथा साझा अधिकारक्षेत्रका विषयमा स्वायत्तरुपमा कानुन बनाउने, नीति योजना तथा बजेट पारित गर्ने अधिकार प्रदान गरेको छ । संघ, प्रदेश र स्थानीय तहबीचको सम्वन्धको आधारस्तम्भका रुपमा सहकार्य, सहअस्तित्व र समन्वयमा आधारित हुने व्यवस्था संविधानले गरेको छ ।

संघीयता कार्यान्वयनको पहिलो कार्यकालसँगै निर्वाचित जनप्रतिनिधिहरु र मूलतः प्रमुख तथा अध्यक्षहरुले आफूले गर्नुपर्ने काम र सोको प्राथमिकताका बिषयमा जानकारीमूलक स्रोत सामग्रीको आवश्यकता जनाउँदै आएका थिए । सोही सिकाई समेतका आधारमा दोश्रो कार्यकाल (वि. सं. २०७९ देखि वि. सं. २०८४) का लागि निर्वाचित जनप्रतिनिधिहरुको कार्यसम्पादनमा आवश्यक सहजीकरण र सहयोग पुऱ्याउने उद्देश्यले यस स्रोत पुस्तिकाको तयार गरिएको छ ।

संविधान तथा कानुन बमोजिम नगरपालिका प्रमुख र गाउँपालिका अध्यक्षले निर्वाह गर्नुपर्ने जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्न सघाउने उद्देश्य यस पुस्तिकाको रहेको छ । उक्त जिम्मेवारीको प्रभावकारी कार्यान्वयन गर्न सघाउ पुगोस् भन्ने उद्देश्यका साथै स्थानीय सेवा प्रवाह, विकास र सुशासनको प्रत्याभूति गर्ने गराउने नगरप्रमुख तथा गाउँपालिका अध्यक्षको काममा सहजीकरण र सहयोग पुऱ्याउन यो स्रोत पुस्तिका तयार गरिएको छ ।

यो स्रोत पुस्तिका तयार गर्न प्राविधिक सहायता प्रदान र पुनरवलोकन गरी पृष्ठपोषण प्रदान गर्नुभएकोमा नेपाल सरकारका पूर्व सचिव क्रमशः श्री पूर्णचन्द्र भट्टराईज्यू र श्री गोपीकृष्ण खनालज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस प्रकाशनको तयारीका क्रममा राय सुझाव प्रदान गर्नुहुने मन्त्रालयका सबै पदाधिकारीहरु, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु । यस प्रकाशनका लागि प्राविधिक सहायता उपलब्ध गराएकोमा अष्ट्रेलियाली सरकार र द एसिया फाउण्डेसनको साझेदारीमा सञ्चालित स्थानीय शासन सबलीकरण कार्यक्रमप्रति समेत आभार व्यक्त गर्दछु ।

स्थानीय तहका प्रमुखमात्र नभई अन्य सबै पदाधिकारी, कर्मचारी तथा स्थानीय तहबारे अध्ययन एवंथ अनुसन्धानमा चासो राख्ने आम जिज्ञासुका लागि यो स्रोत पुस्तिका निकै उपयोगी हुने अपेक्षा मन्त्रालयले लिएको छ ।

.....................
(मुकुन्द प्रसाद निरौला)
सचिव

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोन { ४२००३०९ ४२००२८१

पत्र संख्या:–

चलानी नं.:–

## प्रकाशकीय

संघ, प्रदेश र स्थानीय तहलाई राज्यको मूल संरचनाका रुपमा परिभाषित गर्दै नेपालको संविधानले तीन वटै तहका सरकारलाई एकल र साझा अधिकारको अनुसूचकिृत व्यवस्था गरेको छ । गाउँपालिका र नगरपालिकाले संविधान तथा कानुन बमोजिमको विधायिकी, कार्यकारिणी र न्यायिक (न्यायिक समितिको कार्य) अधिकारक्षेत्रको सम्पादन गर्नुपर्ने जिम्मेवारी रहेको छ ।

स्थानीय तहले जनताको नजिक रही स्थानीय विकास, सुशासन, सेवा प्रवाह र लोकतन्त्रको संस्थागत विकासमा योगदान गर्दै आएका छन् । संविधानले परिलक्षित गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न सङ्घ, प्रदेश र स्थानीय तीन वटै तहले संविधानप्रदत्त जिम्मेवारीको पूर्ण परिपालना गर्नुपर्छ । गाउँपालिका तथा नगरपालिकाका काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीका विषयमा संविधान तथा प्रचलित कानुनले स्पष्ट व्याख्या गरेका छन् । संविधान तथा कानुनप्रदत्त भूमिकाप्रति स्पष्ट भई त्यसको प्रभावकारी कार्यान्वयनका लागि प्रमुख तथा अध्यक्षले निर्वाह गर्नुपर्ने दायित्वका विषयमा यो स्रोत पुस्तिका केन्द्रित रहेको छ । नगरपालिका प्रमुख र गाउँपालिका अध्यक्षको तोकिएका कार्य, अधिकार क्षेत्र र जिम्मेवारीको प्रभावकारी सम्पादन गर्न उल्लेख्य सहयोग पुग्ने विश्वास मन्त्रालयले लिएको छ ।

यस प्रकाशनलाई वर्तमान स्वरुपमा ल्याउन शुरुदेखी नै सक्रिय रुपाम नेतृत्व गरी प्राविधिक पृष्ठपोषण र समन्वय तथा सहजीकरण गर्नुहुने मन्त्रालयका उप-सचिव साथीहरु महेन्द्र सापकोटा, प्रल्हाद कुमार कार्की, चिरञ्जीवी तिम्सिना, रेशम कँडेल र जनकराज शर्मालाई धेरै धन्यवाद दिन्छु । उहाँहरुको सार्थक प्रयास विना यो प्रकाशन यस रुपमा आउन सक्ने थिएन । यस प्रकाशनको तयारीमा संलग्न भई राय सुझाव प्रदान गर्नुहुने गाउँपालिका महासंघ, नेपाल नगरपालिका महासंघका पदाधिकारी तथा स्थानीय तहका प्रतिनिधिहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । उहाँहरुबाट यस प्रकाशनलाई छिटो र यस रुपमा प्रकाशन गर्न व्यक्त भएका अनुभवजन्य धारणाहरु निकै सहयोगी रहेका छन । यस प्रकासनका लागि प्राविधिक सहायता उपलब्ध गराएकोमा अष्ट्रेलियाली सरकार र द एशिया फाउण्डेशनको साझेदारीमा सञ्चालित स्थानीय शासन सबलीकरण कार्यक्रम प्रति धन्यवाद व्यक्त गर्दछौ ।

अन्त्यमा, यस प्रकाशनले नगरपालिकाका प्रमुख र गाउँपालिकाका अध्यक्षको कार्य सम्पादनका लागि सहजीकरण गर्ने विश्वास मन्त्रालयले लिएको छ । यस प्रकाशनमा प्राप्त राय तथा सुझाव एव् आगामी दिनमा नीतिगत तथा संस्थागत विषयमा हुने नविनतम बिषयहरु समेत समावेश गरी आगामी दिनमा अद्यावधिक गर्दै लैजाने विश्वास व्यक्त गर्दछु ।

.............................
सुमन दाहाल
सहसचिव
संघीय मामिला महाशाखा

# नेपालको राष्ट्रिय गान र राष्ट्रिय झन्डा

## राष्ट्रिय गान

राष्ट्रिय गान राष्ट्रभक्तिले ओतप्रोत भएको आधिकारिक स्तुति हो । यो देशप्रेमले भरिएका नागरिकले देशप्रति गौरव प्रकट गर्ने यस्तो गीत हो, जसले देशको इतिहास, सभ्यता, संस्कृति र राष्ट्रिय ऐक्यबद्धता प्रतिध्वनित गर्छ । राष्ट्रिय गानले मुलुकको सामाजिक तथा सांस्कृतिक विविधताबीचको एकतालाई प्रतिविम्बित गरेको हुन्छ, जसप्रति हामी गर्व गर्छौं । राष्ट्रिय गानका माध्यमबाट देश र जनताप्रतिको हाम्रो निष्ठा र समर्पण भावना व्यक्त गरिरहेका हुन्छौं । गौरवमय इतिहास, समृद्धिका सम्भावना तथा सुनौलो भविष्यबारे सोच्छौं ।

*सयौं थुँगा फूलका हामी एउटै माला नेपाली*
*सार्वभौम भई फैलिएका मेची-महाकाली ।*
*प्रकृतिका कोटिकोटि सम्पदाको आँचल*
*वीरहरूका रगतले स्वतन्त्र र अटल ।*
*ज्ञानभूमि शान्तिभूमि, तराई, पहाड, हिमाल*
*अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।*
*बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल*
*अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।*

राष्ट्रिय झन्डा हाम्रो देशको पहिचान हो । नेपालको संविधानले राष्ट्रगान र राष्ट्रिय झन्डालाई श्रद्धासाथ अनुसूचीमा राखेको छ ।

राष्ट्रिय गान र राष्ट्रिय झन्डा प्रयोगको विधि नेपालको संविधान र नेपाल सरकारले तोकेबमोजिम गर्नु स्थानीय सरकारको भूमिकामा पर्छ ।

# नेपालको राष्ट्रिय झण्डा

## १. नेपालको राष्ट्रिय झन्डा

नेपालको संविधान, २०७२ को धारा ८ को उपधारा (१) बमोजिम सिम्रिक रङको भुइँ र गाढा नीलो रङको किनारा भएको दुई त्रिकोण अलिकति जोडिएको, माथिल्लो भागमा खुर्पे चन्द्रको बीचमा सोह्रमा आठ कोण देखिने सेतो आकार र तल्लो भागमा बाह्र कोणयुक्त सूर्यको सेतो आकार अङ्कित झन्डा नेपालको राष्ट्रिय झन्डा हो[1] ।

## २. स्थानीय तहमा राष्ट्रिय झन्डाको प्रयोग र व्यवस्थापन

(क) गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्यालय भवन वा परिसरमा प्रयोग गरिने राष्ट्रिय झन्डाको आकार ८X६ फिट हुन्छ ।

(ख) राष्ट्रिय पर्व तथा विदेशी पाहुना नेपाल आउँदा–जाँदा सहर तथा सडक किनारामा राखिने राष्ट्रिय झन्डा आवश्यकता हेरी सामान्यतया वर्षको एकपटक नयाँ बनाउने वा फेर्ने जिम्मेवारी सम्बन्धित महानगरपालिका, उप-महानगरपालिका, नगरपालिका वा जिल्ला सदरमुकामस्थित गाउँपालिकाको हुन्छ ।

[1] नेपालको राष्ट्रिय झन्डा र राष्ट्रिय गानको प्रयोगसम्बन्धी विस्तृत विवरण नेपालको संविधान, २०७२ को अनुसूची-१ र नेपाल सरकारबाट स्वीकृत 'नेपालको राष्ट्रिय झन्डा र राष्ट्रिय गानको प्रयोगसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७६' मा उल्लेख गरिएको छ ।

(ग) गाउँपालिका अध्यक्ष तथा नगरपालिका प्रमुखको कार्यकक्षभित्र कुर्सीको दायाँपट्टि ४X३ फिट आकारको राष्ट्रिय झन्डा राख्नुपर्छ ।

(घ) गाउँपालिका अध्यक्ष तथा नगरपालिका प्रमुखको टेबलको दायाँपट्टि टेबल स्ट्यान्डमा ३०X२० सेन्टिमिटरको राष्ट्रिय झन्डा राख्नुपर्छ ।

सरकारी कार्यालय भवनभित्र र बाहिर तथा आवास भवनहरूमा प्रयोग गरिने राष्ट्रिय झन्डा हरेक वर्ष बडादशैं र नव वर्षमा अनिवार्य फेर्नुपर्नेछ । तर, राष्ट्रिय झन्डा च्यातिए, बिग्रिए, रङ खुइलिए वा अन्य कारणले अशोभनीय देखिएमा नेपालको राष्ट्रिय झन्डा र राष्ट्रिय गानको प्रयोगसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७६ बमोजिम हुने गरी जुनसुकै समयमा पनि फेर्न सकिनेछ ।

## ३. राष्ट्रिय झन्डा प्रयोग गर्ने विधि

१) कार्यालय भवनमा स्थिर रूपमा राखिएको न्यूनतम ५ मिटर ८० सेन्टिमिटर (१९ फिट)को अग्लो खम्बामा डोरीले बाँधेर राष्ट्रिय झन्डा फहराउनुपर्छ ।

२) कार्यालयको मूलद्वारबाट सामान्यतया मध्य भाग/बीचमा प्रस्ट देखिने गरी राष्ट्रिय झन्डा राख्नुपर्छ ।

३) राष्ट्रिय झन्डा राख्न पाउने पदाधिकारीको कार्यकक्षमा आसनको दाहिनेपट्टि कुर्सीको समानान्तरमा भुइँमा नलत्रिने र कतै नछुने गरी आधार (बेस) सहितको डन्डामा राख्नुपर्छ ।

४) कुनै व्यक्तिले राष्ट्रिय झन्डा राख्न चाहे भुइँमा नलत्रिने किसिमले उचित सम्मान प्रकट हुने गरी डन्डामा ठड्याएर राख्नुपर्छ ।

५) दुई वा दुईभन्दा बढी झन्डा रहेको अवस्थामा राष्ट्रिय झन्डा अग्लो गरी दाहिने (धेरै हुँदा बीचमा) झन्डोत्तोलन गर्दा सबैभन्दा पहिला राख्ने र सबैभन्दा अन्तिममा झिक्ने गर्नुपर्छ ।

६) झन्डोत्तोलन गर्दा राष्ट्रिय झन्डाको सम्मानलाई ख्याल गरी झन्डाभित्र फूल, अबिर आदि राखी पोको पार्नु वा पट्याउनुको सट्टा बेग्लै कपडामा पोको पारी खसाल्ने व्यवस्था गर्नुपर्छ ।

७) राष्ट्रिय झन्डा झुकाउनु पर्ने अवस्थामा राष्ट्रिय झन्डालाई पूरै फहराउने अवस्थामा लगी त्यसपछि खम्बाको बीचमा ल्याई झुकाउनुपर्छ ।

## ४. राष्ट्रिय झन्डा प्रयोगमा निषेध

*राष्ट्रिय झन्डाको प्रयोगमा देहायका कार्य गर्न निषेध गरिएको छ–*

१) राष्ट्रिय झन्डाको अपमान हुने किसिमका कुनै पनि कार्य गर्न वा गराउन

२) राष्ट्रिय झन्डा उल्टो (चन्द्रमा तल पर्ने गरी) राख्न

३) राष्ट्रिय झन्डा च्यात्न, जलाउन, फ्याँक्न, कुनै सामान पोको पार्न

४) व्यापारिक प्रयोजनका लागि विज्ञापनको उद्देश्यले राष्ट्रिय झन्डाको दुरुपयोग गर्न

५) व्यक्तिले आफ्नो शरीरमा राष्ट्रिय झन्डाको प्रतीक टाँस्दा, छाप्दा वा लगाउँदा कम्मरभन्दा माथिको भागबाहेक अन्यत्र लगाउन वा यसरी प्रयोग गर्दा चन्द्रमा तल पर्ने गरी लगाउन

६) छातीभन्दा तलको भागमा लगाइने कुनै पनि भित्री/बाहिरी कपडामा राष्ट्रिय झन्डाको प्रतीक/चित्र राख्न, र

७) फहराउने प्रकृतिको (राष्ट्रिय झन्डा ओह्वालेर राख्दाबाहेक) कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झन्डा प्रयोग गर्न ।

# विषयसूची


| | | |
|---|---|---|
| **खण्ड १** | स्थानीय तहबारे जानकारी | १–२२ |
| परिच्छेद १ | स्थानीय तह: सङ्क्षिप्त परिचय र अधिकारक्षेत्र | १ |
| परिच्छेद २ | स्थानीय तहको लेखाजोखाका आधार तथा निर्वाचित कार्यकालका केही प्राथमिकता र समयसीमा | १६ |
| **खण्ड २** | प्रमुख तथा अध्यक्षका अधिकार तथा कार्य–जिम्मेवारी | २३–४७ |
| परिच्छेद ३ | नगरपालिका प्रमुख तथा गाउँपालिका अध्यक्षका काम, कर्तव्य र अधिकार | २३ |
| **खण्ड ३** | स्थानीय कानुन तर्जुमा | ४८–५३ |
| परिच्छेद ४ | स्थानीय कानुन तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषयहरू | ४८ |
| **खण्ड ४** | समन्वय | ५४–८३ |
| परिच्छेद ५ | अन्तरसरकार सम्बन्ध र समन्वय | ५४ |
| **खण्ड ५** | स्थानीय तहको वित्त व्यवस्थापन | ८४–११५ |
| परिच्छेद ६ | स्थानीय तहको आय व्यवस्थापन | ८४ |
| परिच्छेद ७ | स्थानीय तहमा सार्वजनिक खरिद व्यवस्थापन | ९४ |
| परिच्छेद ८ | स्थानीय तहको वित्तीय सुशासन जोखिम नियन्त्रण | ९९ |
| परिच्छेद ९ | स्थानीय तहमा आन्तरिक नियन्त्रण प्रणाली | १०५ |
| परिच्छेद १० | स्थानीय तहको लेखापरीक्षण | १०८ |
| परिच्छेद ११ | स्थानीय तहका कार्यसम्पादन अनुदानका सूचक | ११३ |
| **खण्ड ६** | स्थानीय विकासका प्रारूपहरू | ११६–१८४ |
| परिच्छेद १२ | स्थानीय योजना | ११६ |
| परिच्छेद १३ | दिगो विकास लक्ष्यको स्थानीयकरण | १२४ |
| परिच्छेद १४ | बालमैत्री स्थानीय शासनको कार्यान्वयन | १२७ |
| परिच्छेद १५ | वातावरणमैत्री स्थानीय शासनको प्रवर्द्धन | १३३ |
| परिच्छेद १६ | पोषणमैत्री स्थानीय तह | १३८ |

| | | |
|---|---|---|
| परिच्छेद १७ | स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन | १४३ |
| परिच्छेद १८ | स्थानीय आर्थिक विकास | १५० |
| परिच्छेद १९ | स्थानीय तहमा सामाजिक उत्तरदायित्वका विधिको अभ्यास | १५६ |
| परिच्छेद २० | सहरी योजना तथा भवन निर्माण | १६६ |
| परिच्छेद २१ | टोल विकास संस्थामार्फत समग्र विकास अभियान | १७२ |
| परिच्छेद २२ | नवीनतम साझेदारी कोषमा पहुँच | १७७ |
| परिच्छेद २३ | विपद् व्यवस्थापन | १८१ |
| **खण्ड ७** | लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा लैङ्गिक-उत्तरदायी बजेट | १८५-१९७ |
| परिच्छेद २४ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | १८५ |
| परिच्छेद २५ | लैङ्गिक-उत्तरदायी बजेट तर्जुमा | १९४ |


# तालिकासूची


| तालिका नं. | विवरण | पृष्ठ |
|---|---|---|
| १ | स्थानीय तहको सङ्क्षिप्त विवरण | ३ |
| २ | नेपालको संविधानमा स्थानीय तहको एकल तथा साझा अधिकारका सूची | ५ |
| ३ | स्थानीय तहका लागि प्रदेशले निर्माण गर्नुपर्ने केही कानुन | ८ |
| ४ | गाउँ/नगरपालिकाकासँग सम्बन्धित अन्य केही नीतिगत तथा कानुनी दस्तावेज | १० |
| ५ | गाउँ/नगरपालिकाका मुख्य-मुख्य कार्यकारिणी अधिकार तथा जिम्मेवारी | १३ |
| ६ | स्थानीय तहको लेखाजोखाका आधार | १७ |
| ७ | गाउँ/नगरपालिकाका अध्यक्ष/प्रमुखले आवधिक रूपमा सम्पादन गर्नुपर्ने काम | १९ |
| ८ | प्रमुख/अध्यक्षले गर्नुपर्ने केही महत्त्वपूर्ण कार्य-जिम्मेवारीको वार्षिक कार्यसूची | २२ |
| ९ | प्रमुख/अध्यक्षका नगरसभा वा गाउँसभा सञ्चालनसम्बन्धी प्रमुख कार्य-जिम्मेवारी | २५ |
| १० | गाउँ/नगरसभाका बैठकबाट गर्नुपर्ने निर्णयका केही सूची | २९ |
| ११ | कार्यपालिकाको सञ्चालन तथा व्यवस्थापन एवम् बैठक सञ्चालनसम्बन्धी प्रमुख/अध्यक्षका कार्य-जिम्मेवारी | ३३ |
| १२ | प्रमुख/अध्यक्षले सम्पादन गर्नुपर्ने प्रमुख कार्य | ३५ |

| | | |
|---|---|---|
| १३ | योजना तथा विकास व्यवस्थापनसम्बन्धी प्रमुख/अध्यक्षका कार्य-जिम्मेवारी | ३८ |
| १४ | प्रमुख/अध्यक्षले अध्यक्ष वा संयोजक भई सम्पादन गर्नुपर्ने कार्य-जिम्मेवारी | ४० |
| १५ | गाउँ/नगर कार्यपालिकाका बैठकबाट निर्णय गर्नुपर्ने केही विषयगत सूची | ४३ |
| १६ | गाउँ/नगरपालिकासँग प्रदेशको अन्तरसम्बन्ध | ५५ |
| १७ | सङ्घीय सरकारसँग गाउँ/नगरपालिकाको अन्तरसम्बन्ध | ६० |
| १८ | जिल्ला समन्वय समितिसँग गाउँ/नगरपालिकाको अन्तरसम्बन्ध | ७३ |
| १९ | स्थानीय तहहरूबीच समन्वय र अन्तरसम्बन्ध | ७५ |
| २० | प्रमुख-उपप्रमुख र अध्यक्ष-उपाध्यक्षबीचको अन्तरसम्बन्ध र समन्वय | ७६ |
| २१ | प्रमुख प्रशासकीय अधिकृतले प्रमुख/अध्यक्षसँग समन्वय गर्नुपर्ने क्षेत्र | ७९ |
| २२ | प्रमुख/अध्यक्ष र वडा समितिबीचको सम्बन्ध र समन्वय | ८० |
| २३ | नेपालको संविधान, २०७२ मा कर अधिकारको बाँडफाँट | ८५ |
| २४ | स्थानीय तहको कर र गैरकर अधिकार | ८६ |
| २५ | दोहोरो कर अधिकारको एकल कर प्रशासन र आयको बाँडफाँट | ८७ |
| २६ | 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४'ले स्थानीय तहको राजस्व अधिकार सम्बन्धमा गरेको व्यवस्था | ८८ |
| २७ | राजस्व परामर्श समितिको प्रतिवेदनका समयसीमा | ९३ |
| २८ | 'स्थानीय तह वित्तीय सुशासन जोखिम स्व-मूल्याङ्कन कार्यविधि'ले निर्धारण गरेका मुख्य प्रक्रिया तथा सूचक | १०० |
| २९ | 'स्थानीय तहको वित्तीय सुशासन जोखिम स्व-मूल्याङ्कन कार्यविधि, २०७७'का केही महत्त्वपूर्ण सूचक | १०२ |
| ३० | वित्तीय सुशासनका लागि प्रमुख तथा अध्यक्षको चेकलिस्ट | १०४ |
| ३१ | स्थानीय तहको लेखापरीक्षणसम्बन्धी कानुनी व्यवस्था | १०९ |
| ३२ | स्थानीय तहको कार्यसम्पादन अनुदान (राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्ष २०७९/८० देखि स्थानीय तहका लागि अवलम्बन गरेका)का सूचक | ११४ |
| ३३ | मध्यकालीन खर्च संरचना तयारीको समयसीमा | ११९ |
| ३४ | वार्षिक योजना तर्जुमाका चरण तथा कार्य | १२१ |
| ३५ | दिगो विकास लक्ष्यहरू | १२५ |
| ३६ | बालमैत्री स्थानीय शासन प्रारूपको सङ्क्षिप्त खाका | १२९ |
| ३७ | वातावरणमैत्री स्थानीय शासन प्रारूपको सङ्क्षिप्त खाका | १३४ |
| ३८ | सार्वजनिक कार्यालयका वातावरणमैत्री सूचक | १३७ |

| | | |
|---|---|---|
| ३९ | ‘पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८’को सङ्क्षिप्त विवरण | १३९ |
| ४० | पोषणमैत्री स्थानीय तहका केही सूचक | १४० |
| ४१ | स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कनको सङ्क्षिप्त खाका | १४४ |
| ४२ | स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कनले वित्तीय सुशासनका लागि निर्धारण गरेका केही परिमाणात्मक लक्ष्य | १४६ |
| ४३ | स्थानीय आर्थिक विकासका चरणगत कार्य | १५१ |
| ४४ | स्थानीय आर्थिक विकास संवाद समितिको संरचना | १५३ |
| ४५ | भवन निर्माणसम्बन्धी सङ्क्षिप्त मापदण्ड | १६७ |
| ४६ | भवन निर्माणकर्ताको चेकलिस्ट | १६९ |
| ४७ | भवन निर्माणका केही मापन विधि | १७० |
| ४८ | लैङ्गिक-उत्तरदायी बजेट तर्जुमा गर्दा ध्यान दिनुपर्ने कुरा | १९५ |
| ४९ | लैङ्गिक-उत्तरदायी बजेट वर्गीकरण र सङ्केत | १९६ |
| ५० | लैङ्गिक सङ्केत निर्धारण प्रक्रिया | १९७ |


# अनुसूची


| | | पृष्ठ |
|---|---|---|
| १ | गाउँ/नगरपालिकाका एकल अधिकार अन्तर्गतका काम, कर्तव्य र अधिकार | १९९ |
| २ | स्थानीय तहका लागि हालसम्म जारी नमुना कानुनको सूची | २१३ |
| ३ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी संवैधानिक व्यवस्था | २१७ |

# खण्ड १

# स्थानीय तहबारे जानकारी

## परिच्छेद १

# स्थानीय तह: सङ्क्षिप्त परिचय र अधिकारक्षेत्र

### १. पृष्ठभूमि

नेपालको संविधान, २०७२ ले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य संरचना गरेको छ । नागरिकको सबैभन्दा नजिक रहने स्थानीय तहअन्तर्गत गाउँ/नगरपालिका भौगोलिक तथा शासकीय मुकाम हुन्, जसको कार्यकारिणी अङ्ग गाउँ/नगर कार्यपालिका तथा व्यवस्थापकीय कार्य गर्ने अङ्ग गाउँ/नगरसभा हुन् । कानुनले तोकेका विषयमा उत्पन्न हुने विवाद समाधान र निरुपणको काम न्यायिक समितिले गर्छ ।

नेपालमा हाल ६ महानगरपालिका, ११ उपमहानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका गरी ७५३ वटा स्थानीय तह छन् । गाउँ/नगरपालिकाहरुमा ६७४३ वडा छन् ।

### तालिका नं. १: स्थानीय तहको सङ्क्षिप्त विवरण

| प्रदेश | महानगरपालिका | | उप-महानगरपालिका | | नगरपालिका | | गाउँपालिका | | जम्मा स्थानीय तह | जम्मा वडा सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | म.न.पा | वडा सङ्ख्या | उ.म.न.पा | वडा सङ्ख्या | न.पा. | वडा सङ्ख्या | गा.पा. | वडा सङ्ख्या | | |
| कोशी | १ | १९ | २ | ४० | ४६ | ४९६ | ८८ | ६०२ | १३७ | ११५७ |
| मधेस | १ | ३२ | ३ | ७६ | ७३ | ८०४ | ५९ | ३५९ | १३६ | १२७१ |
| बाग्मती | ३ | ९० | १ | १९ | ४१ | ४७० | ७४ | ५४२ | ११९ | ११२१ |
| गण्डकी | १ | ३३ | | | २६ | ३१८ | ५८ | ४०८ | ८५ | ७५९ |
| लुम्बिनी | | | ४ | ८० | ३२ | ३७६ | ७३ | ५२७ | १०९ | ९८३ |
| कर्णाली | | | | | २५ | ३०३ | ५४ | ४१५ | ७९ | ७१८ |
| सुदूरपश्चिम | | | १ | १९ | ३३ | ३५२ | ५४ | ३६३ | ८८ | ७३४ |
| **जम्मा** | **६** | **१७४** | **११** | **२३४** | **२७६** | **३११९** | **४६०** | **३२१६** | **७५३** | **६७४३** |

*स्रोत: गाउँ/नगरपालिकाको सङ्क्षिप्त परिचय पुस्तिका २०७४, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय*

स्थानीय तहले जनताको नजिक रही स्थानीय विकास, सुशासन, सेवा प्रवाह र लोकतन्त्रको संस्थागत विकासमा योगदान गर्दै आएका छन् । संविधानले परिलक्षित गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न सङ्घ, प्रदेश र स्थानीय तीनै तहले संविधानप्रदत्त जिम्मेवारीको पूर्ण परिपालना गर्नुपर्छ । गाउँ/नगरपालिकाका काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीका विषयमा संविधान तथा प्रचलित कानुनले स्पष्ट व्याख्या गरेका छन् ।

संविधान तथा कानुनबमोजिम आवधिक निर्वाचनका माध्यमबाट निर्वाचित जनप्रतिनिधिको नेतृत्वमा स्थानीय तह सञ्चालन हुनुपर्ने लोकतान्त्रिक आधार तयार भएको छ । स्थानीय तहको प्रमुख नेतृत्वका रूपमा नगरपालिकामा नगरप्रमुख र गाउँपालिकामा अध्यक्ष रहने व्यवस्था छ ।

संविधान तथा कानुनप्रदत्त भूमिकाप्रति स्पष्ट भई त्यसको प्रभावकारी कार्यान्वयनका लागि प्रमुख र अध्यक्षले निर्वाह गर्नुपर्ने दायित्वका विषयमा यो स्रोत पुस्तिका केन्द्रित छ ।

## २. स्रोत पुस्तिकाको उद्देश्य

*गाउँपालिका तथा नगरपालिकाका अध्यक्ष तथा प्रमुखलाई केन्द्रबिन्दु मानी तयार गरिएको यो स्रोत पुस्तिकाका उद्देश्य देहायबमोजिम छन्–*

(क) गाउँपालिका तथा नगरपालिकाका अध्यक्ष तथा प्रमुखलाई आफ्नो कार्यमा सफल हुन आवश्यक स्रोत सामग्री उपलब्ध गराउनु,

(ख) स्थानीय तहका प्रमुख, अध्यक्ष तथा अन्य पदाधिकारीबीचको सम्बन्ध र भूमिकाका विषयमा स्पष्टता ल्याउनु,

(ग) स्थानीय तहका जनप्रतिनिधिको क्षमता विकासमा सहयोग पुऱ्याउनु,

(घ) स्थानीय तहसम्बन्धी जानकारीमूलक महत्त्वपूर्ण सामग्रीहरु एकीकृत रुपमा उपलब्ध गराउनु,

(ङ) स्थानीय सुशासन, विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउनु, र

(च) नतिजामूलक स्थानीय शासनलाई संस्थागत गर्नु ।

## ३. स्रोत पुस्तिका तयारी विधि

(क) यो स्रोत पुस्तिका स्थानीय तहसम्बन्धी संवैधानिक व्यवस्था, कानुन र यसको अभ्यासलाई आधार मानेर तयार गरिएको छ ।

(ख) यो स्रोत पुस्तिका नेपाल सरकार र स्थानीय सरकारका प्रतिनिधिमूलक संस्थालगायत सरोकारवालासँग छलफल र परामर्श गरी तयार गरिएको छ ।

(ग) स्थानीय शासनका विज्ञहरुसँग परामर्श गरी स्रोत पुस्तिकालाई उपयोगी बनाउने प्रयास गरिएको छ ।

## ४. नेपालको संविधान, २०७२ मा स्थानीय तहका काम, कर्तव्य र अधिकार

नेपालको संविधान, २०७२ को धारा ५६ ले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तहको हुने र राज्यशक्तिको प्रयोग तीनै तहले संविधान र कानुनबमोजिम गर्ने व्यवस्था गरेको छ । गाउँ/नगरपालिकामा रहने वडाको सङ्ख्या र स्थानीय तहको बजेट पेस गर्ने समय सङ्घीय कानुनबमोजिम हुने व्यवस्था छ ।

संविधानको भाग–१७ मा गाउँ कार्यपालिका तथा नगर कार्यपालिकासम्बन्धी प्रावधान राखिएका छन् । भाग–१८ मा स्थानीय व्यवस्थापिका अर्थात् गाउँ/नगरसभाको गठन र कार्य–जिम्मेवारीसम्बन्धी व्यवस्था गरिएको छ । भाग १९ को 'स्थानीय आर्थिक कार्यप्रणाली' सम्बन्धी शीर्षकमा कर तथा ऋण प्रणाली, स्थानीय सञ्चित कोष र गाउँ/नगरपालिकाको राजस्व र व्यय अनुमानसम्बन्धी व्यवस्था गरिएको छ । यसैगरी धारा ५६ ले कानुनी राज्यको संरक्षण र मानवअधिकार तथा मौलिक हक संरक्षण गर्ने दायित्व स्थानीय तहमा समेत रहने व्यवस्था गरेको छ । साथै, धारा ६० मा स्थानीय तहले प्राप्त गर्ने अन्तरसरकारी वित्त हस्तान्तरणको सुनिश्चितता गरिएको छ ।

स्थानीय तहको संरचना, काम, कर्तव्य र जिम्मेवारीबारे संविधानमा प्रस्ट व्यवस्था छ । संविधानको अनुसूची–८ मा स्थानीय तहको एकल अधिकार र अनुसूची–९ मा सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकार सूची उल्लेख छन् । २२ वटा विषय–क्षेत्रमा स्थानीय तहको एकल अधिकार कायम गरिएको छ । त्यस्तै, सङ्घ, प्रदेश र स्थानीय तहका साझा अधिकार सूचीमा १५ वटा विषय–क्षेत्र समावेश छन् ।

तालिका नं. २: नेपालको संविधान, २०७२ मा स्थानीय तहको एकल तथा साझा अधिकारका सूची

| स्थानीय तहको एकल अधिकार सूची (अनुसूची-८) | सङ्घ, प्रदेश तथा स्थानीय तहका अधिकारको साझा सूची (अनुसूची-९) |
|---|---|
| १. नगर प्रहरी | १. सहकारी |
| २. सहकारी संस्था | २. शिक्षा, खेलकुद र पत्रपत्रिका |
| ३. एफएम सञ्चालन | ३. स्वास्थ्य |

| | |
|---|---|
| ४. स्थानीय कर (सम्पत्ति कर, घरबहाल कर, घर-जग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड-जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन | ४. कृषि |
| ५. स्थानीय सेवाको व्यवस्थापन | ५. विद्युत्, खानेपानी, सिँचाइजस्ता सेवाहरू |
| ६. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन | ६. सेवा शुल्क, दस्तुर, दण्ड-जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क |
| ७. स्थानीयस्तरका विकास आयोजना तथा परियोजनाहरू | ७. वन, जङ्गल, वन्यजन्तु, चराचुरूङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता |
| ८. आधारभूत र माध्यमिक शिक्षा | ८. खानी तथा खनिज |
| ९. आधारभूत स्वास्थ्य र सरसफाइ | ९. विपद् व्यवस्थापन |
| १०. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता | १०. सामाजिक सुरक्षा र गरिबी निवारण |
| ११. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिँचाइ | ११. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क |
| १२. गाउँसभा, नगरसभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन | १२. पुरातत्व, प्राचीन स्मारक र संग्रहालय |
| १३. स्थानीय अभिलेख व्यवस्थापन | १३. सुकुम्वासी व्यवस्थापन |
| १४. घरजग्गा धनी पुर्जा वितरण | १४. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी |
| १५. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी | १५. सवारी साधन अनुमति |
| १६. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन | |

| | |
|---|---|
| १७. बेरोजगारको तथ्याङ्क सङ्कलन | |
| १८. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण | |
| १९. खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा | |
| २०. विपद् व्यवस्थापन | |
| २१. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण | |
| २२. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास | |

## ५. प्रचलित कानुनबमोजिम स्थानीय तहका काम, कर्तव्य र अधिकारक्षेत्र

गाउँ/नगरपालिकालाई आफूले बनाउने कानुनका अतिरिक्त संविधानबमोजिम सङ्घीय तथा प्रदेश कानुनसमेतबाट विभिन्न काम, कर्तव्य र अधिकारक्षेत्र प्रदत्त गरिएका हुन्छन् । यसको पालना गर्ने/गराउने जिम्मेवारी पनि स्थानीय तहमा हुन्छ । गाउँ/नगरपालिका कार्यसम्पादनका क्रममा अधिक प्रयोगमा आउने मुख्य कानुन यसप्रकार छन्–

### (क) प्रचलित केही सङ्घीय कानुन

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
२. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
३. सार्वजनिक खरिद ऐन, २०६३
४. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
५. फोहोरमैला व्यवस्थापन ऐन, २०६८
६. फोहोरमैला व्यवस्थापन नियमावली, २०७०

७. वातावरण संरक्षण ऐन, २०७६
८. वातावरण संरक्षण नियमावली, २०७७
९. भू-उपयोग ऐन, २०७६
१०. भू-उपयोग नियमावली, २०७९
११. भवन ऐन, २०५५
१२. नगर विकास कोष ऐन, २०५३
१३. नगर विकास कोष नियमावली, २०५४
१४. सहरी योजना, बस्ती विकास तथा भवन निर्माणसम्बन्धी आधारभूत मापदण्ड, २०७२
१५. मुलुकी देवानी संहिता, २०७४
१६. मुलुकी अपराध संहिता, २०७४
१७. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
१८. सामाजिक सुरक्षा (पहिलो संशोधन) ऐन, २०७९
१९. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६
२०. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७
२१. ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७
२२. प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक-उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७
२३. मौलिक हक प्रचलनसम्बन्धी कानुनहरु
२४. विषय-क्षेत्रगत कानुनहरु (वन, शिक्षा, स्वास्थ्य आदि)

## (ख) केही प्रदेश कानुन

स्थानीय तहका कतिपय विषयमा प्रदेशले समेत कानुन बनाउनुपर्ने प्रावधान छन् । केही मुख्य कानुनको विवरण तल प्रस्तुत गरिएको छ–

### तालिका नं. ३: स्थानीय तहका लागि प्रदेशले निर्माण गर्नुपर्ने केही कानुन

| क्र.सं. | जारी प्रदेश कानुन | कैफियत |
|---|---|---|
| १. | गाउँसभा र नगरसभा सञ्चालनसम्बन्धी कानुन | नेपालको संविधान, २०७२ को धारा २२६ र २२७ अनुसार जारी |
| २. | स्थानीय तहको कानुन निर्माणसम्बन्धी कार्यविधि, ऐनहरु | ,, |
| ३. | गाउँ/नगरसभाका सदस्यहरूको सेवा-सुविधासम्बन्धी कानुनहरु | ,, |
| ४. | गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय व्यवस्थासम्बन्धी कानुन | ,, |
| ५. | प्रदेशबाट स्थानीय तहलाई उपलब्ध गराइने वित्तीय समानीकरण अनुदानसम्बन्धी कानुन | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८(२) |
| ६. | प्रदेशबाट स्थानीय तहलाई उपलब्ध गराइने ससर्त अनुदानसम्बन्धी कानुन | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९(३) |
| ७. | प्रदेशबाट स्थानीय तहलाई उपलब्ध गराइने समपूरक अनुदानसम्बन्धी कानुन | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १०(३) |
| ८. | प्रदेशबाट स्थानीय तहलाई उपलब्ध गराइने विशेष अनुदानसम्बन्धी कानुन | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ११(२) |
| ९. | घरजग्गा रजिस्ट्रेसन शुल्कको दर प्रदेश कानुनबमोजिम हुने | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५(१-ख) |
| १०. | मनोरञ्जन करको दर प्रदेश कानुनबमोजिम हुने | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५(१-ग) |

*उल्लिखित संवैधानिक व्यवस्थाबमोजिम स्थानीय तहसँग सम्बन्धित प्रदेशबाट जारी भएका केही प्रदेश कानुन देहायबमोजिम छन्–*

स्थानीय तहसम्बन्धी प्रदेश कानुन (नेपालको संविधान, २०७२ का धारा २२६ र २२७ बमोजिम जारी)

| प्रदेश | जारी कानुनको नाम |
|---|---|
| **कोशी** | गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ |
| **मधेस** | १. गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रियासम्बन्धी ऐन, २०७७ |
| | २. गाउँसभा/नगरसभा/जिल्ला सभा कार्यसञ्चालन (कार्यविधि) ऐन, २०७७ |
| **बाग्मती** | गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ |
| **गण्डकी** | १. स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ |
| | २. स्थानीय तहको कानुन निर्माण प्रक्रियासम्बन्धी ऐन, २०७५ |
| **लुम्बिनी** | १. गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रियासम्बन्धी ऐन, २०७५ |
| | २. गाउँसभा/नगरसभाको (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७६ |
| **कर्णाली** | १. कर्णाली प्रदेशको गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रियासम्बन्धी ऐन, २०७५ |
| | २. गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ |
| **सुदूरपश्चिम** | १. स्थानीय तहको कानुन निर्माण प्रक्रियासम्बन्धी ऐन, २०७५ |
| | २. गाउँसभा र नगरसभा (कार्य सञ्चालन) कार्यविधि ऐन, २०७५ |

## (ग) स्थानीय तहसँग सम्बन्धित अन्य केही प्रचलित नीतिगत तथा कानुनी दस्तावेज–

प्रचलित सङ्घीय, प्रदेश तथा स्थानीय कानुनका अतिरिक्त स्थानीय तहसँग सम्बन्धित विभिन्न नीतिगत तथा कार्यविधिगत व्यवस्थाहरु प्रचलनमा छन् । स्थानीय

क्षेत्रको समग्र विकासका लागि नेपाल सरकारबाट जारी भएका राष्ट्रिय प्रारूपहरूको कार्यान्वयनले स्थानीय तहलाई सफल बनाउन मद्दत गर्दछ । स्थानीय तहका प्रमुखले कार्यान्वयनको नेतृत्व गर्नुपर्ने केही मुख्य स्थानीय शासनका प्रारूप र विकासका दस्ताबेज देहायबमोजिम छन्–

**तालिका नं. ४ : गाउँ/नगरपालिकाकासँग सम्बन्धित अन्य केही नीतिगत तथा कानुनी दस्ताबेज**

| क्र.सं. | दस्ताबेज | प्रयोजन |
|---|---|---|
| १. | वातावरणमैत्री स्थानीय शासनको प्रारूप, २०७८ | वातावरण संरक्षण, विपद् व्यवस्थापन, बस्ती तथा घरको सौन्दर्यीकरण, पार्क तथा हरियाली विस्तार, प्राङ्गारिक कृषि, पोखरी संरक्षण आदि । |
| २. | बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ | बाल विकास, बाल बचाऊ, बाल संरक्षण, बाल सहभागिता, बालबालिकाको शिक्षा, खेलकुद, स्वास्थ्य, पोषण र विकास आदि । |
| ३. | स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ | वित्तीय सुशासन, आन्तरिक नियन्त्रण, बेरूजु नियन्त्रण, स्थानीय योजना, अनुगमन तथा मूल्याङ्कन, प्रतिवेदन, आन्तरिक आय विस्तार, सार्वजनिक खरिद व्यवस्थापन आदि । |
| ४. | स्थानीय तह संस्थागत क्षमता स्व–मूल्याङ्कन कार्यविधि, २०७७ | योजना, सार्वजनिक वित्त व्यवस्थापन, संस्थागत विकास, नतिजामूलक स्थानीय शासन, शासकीय प्रबन्ध, न्यायिक कार्य सम्पादन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, सेवा प्रवाह, भौतिक पूर्वाधार विकास आदि । |
| ५. | स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ | '१ स्थानीय तह, १ उत्पादन', सीप विकास, रोजगारी प्रवर्द्धन, लगानी प्रवर्द्धन, सार्वजनिक-निजी आर्थिक संवाद, आर्थिक सशक्तीकरण आदि । |

| | | |
|---|---|---|
| ६. | टोल विकास संस्था (गठन र परिचालन) नमुना कार्यविधि, २०७७ | टोल विकास समिति गठन, सामाजिक परिचालन, टोल विकास अभियान, सामाजिक अभियानहरू, सचेतना, नागरिक शिक्षा आदि । |
| ७. | पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८ | खानेपानी, सरसफाइ, पोषण, स्वास्थ्य सुधार, मस्तिष्क विकास, बाल पोषण, खानपानमा सुधार र मानव पुँजी निर्माणमा लगानी आदि । |
| ८. | दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका, २०७७ | दिगो विकासका विश्वव्यापी लक्ष्य र नेपालले निर्धारण गरेका सूचकहरूको कार्यान्वयन र स्थानीयकरण । |
| ९. | प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन कार्यविधि, २०७८ | स्थानीय तहको विकास र सुशासनमा समग्र कार्यसम्पादन सुधार सम्बन्धमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट जारी निर्देशिका । |
| १०. | स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ | स्थानीय योजना प्रणाली, आवधिक, रणनीतिक, क्षेत्रगत योजना तर्जुमा, आयोजना बैङ्क, मध्यमकालीन खर्च संरचना, वार्षिक बजेट तथा कार्यक्रम । |
| ११. | राजस्व सुधार कार्ययोजना तर्जुमासम्बन्धी दिग्दर्शन, २०७६ | स्थानीय तहको आन्तरिक आय परिचालन क्षमता सुधारका लागि राजस्व सम्भाव्यता अध्ययन गर्न सम्भाव्यताको अधिकतम उपयोगका लागि गर्नुपर्ने क्रियाकलाप पहिचान गरी आगामी आर्थिक वर्षको आय प्रक्षेपण गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन । |
| १२. | स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यहरूको साङ्केतीकरण स्रोत पुस्तिका, २०७९ | दिगो विकास लक्ष्यहरूमध्ये स्थानीय तहका सरकारको क्षेत्राधिकारमा पर्ने र सम्पादन गर्नुपर्ने लक्ष्यहरूको बजेट साङ्केतीकरण गर्न सहजीकरणका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी स्रोत पुस्तिका । |

| | | |
|---|---|---|
| १३. | स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी स्रोत पुस्तिका, २०७९ | स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शनअनुसार आवधिक विकास योजना र दिगो विकास लक्ष्य एवम् स्थानीय तहका सरकारका नीतिगत प्राथमिकतालाई वार्षिक कार्यक्रममा रूपान्तरण गर्ने गरी कार्यान्वयन तर्जुमा गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी स्रोत पुस्तिका । |
| १४. | स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित) | सार्वजनिक खर्चमा विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गर्नुका साथै आवधिक योजना र वार्षिक योजना तथा बजेटबीच तादात्म्यता कायम गर्ने महत्त्वपूर्ण औजारका रूपमा रहेको मध्यमकालीन खर्च संरचना तयार गर्न यो दिग्दर्शन तयार गरिएको हो । दिग्दर्शनको कार्यान्वयनमा सहजताका लागि 'मध्यमकालीन खर्च संरचना तयार गर्ने सहयोगी पुस्तिका २०७९' समेत प्रकाशन गरिएको छ । |

## ६. गाउँ/नगरपालिकाका मुख्य कार्यकारिणी अधिकार तथा जिम्मेवारी

नेपालको संविधान, २०७२ का अतिरिक्त विभिन्न कानुनले गाउँपालिका तथा नगरपालिकाका काम, कर्तव्य र अधिकारबारे विस्तृत व्यवस्था गरेका छन् । कार्यकारिणी, व्यवस्थापिका र विवाद निरूपणसम्बन्धी भूमिकाअन्तर्गत विभिन्न अधिकार र जिम्मेवारी तोकिएका छन् । 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४'; 'अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४'; 'सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७' लगायत विभिन्न विषयगत कानुनले निर्दिष्ट गरेका मुख्य अधिकार तथा जिम्मेवारीका क्षेत्रहरु देहायबमोजिम छन्–

स्थानीय तहलाई संविधानप्रदत्त अधिकारक्षेत्रभित्रका विषयमा कार्यकारिणी अधिकार रहन्छ । 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४'ले संविधानको अनुसूची-८ मा उल्लिखित 'स्थानीय तहका एकल अधिकार'लाई दफा ११(२) र अनुसूची-९ को 'सङ्घ, प्रदेश र स्थानीय तहका अधिकारको साझा सूची'लाई दफा ११(४) मा विस्तृत उल्लेख गरेको छ (अनुसूची-१) ।

'स्थानीय सरकार सञ्चालन ऐन, २०७४'ले गाउँ/नगरपालिकाका मुख्य कार्यकारिणी अधिकार तथा जिम्मेवारी यसप्रकार तोकेको छ–

तालिका नं. ५: गाउँ/नगरपालिकाका मुख्य-मुख्य कार्यकारिणी अधिकार तथा जिम्मेवारी

| विषय-क्षेत्र | अधिकार तथा जिम्मेवारी |
|---|---|
| **नगर प्रहरी** | १) नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन र परिचालन । |
| **सहकारी क्षेत्र** | १) सहकारी संस्थासम्बन्धी स्थानीय नीति, कानुन, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन; सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन; सहकारी बचत तथा ऋण परिचालनसम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन । |
| **आधारभूत र माध्यमिक शिक्षा** | १) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन |
| | २) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन |
| | ३) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन |
| | ४) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन |
| | ५) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन |
| | ६) विद्यालयको नामकरण |
| | ७) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान |
| | ८) ट्युसन, कोचिङजस्ता विद्यालयबाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन |

| | |
|---|---|
| आधारभूत स्वास्थ्य र सरसफाइ | १) आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषणसम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन |
| | २) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन |
| | ३) स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर, वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन |
| | ४) फोहोरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवाशुल्क निर्धारण र नियमन |
| | ५) औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन |
| | ६) परिवार नियोजन तथा मातृशिशु कल्याणसम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन |
| | ७) महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन |
| | ८) औषधि मूल्य निर्धारण : सङ्घीय तथा प्रदेश कानुनको अधीनमा रही स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनको न्यूनतम मूल्य निर्धारण र नियमन |
| स्थानीय व्यापार, उद्योग | १) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन |
| | २) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हितसम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन |
| | ३) उद्योग दर्ताः सङ्घीय तथा प्रदेश कानुनको अधीनमा रही लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन |
| प्राकृतिक स्रोत | स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री तथा स्लेटजस्ता वस्तुको वातावरणीय प्रभाव मूल्याङ्कन गरी बिक्री |

| | |
|---|---|
| **घटना दर्ता** | सङ्घीय कानुनबमोजिम व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धविच्छेद र धर्मपुत्र र धर्मपुत्री)को दर्ता |
| **सङ्घसंस्था र स्वास्थ्य संस्थाको दर्ता** | सङ्घीय तथा प्रदेश कानुनको अधीनमा रही स्थानीयस्तरका सङ्घ, संस्थाको दर्ता तथा नवीकरण |
| | सङ्घीय तथा प्रदेश कानुनको अधीनमा रही जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था र क्लिनिकको दर्ता, सञ्चालन अनुमति र नियमन |
| **जलविद्युत् आयोजना** | १ मेगावाटसम्मका जलविद्युत् आयोजनासम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन |
| **सञ्चार सेवा** | सङ्घीय तथा प्रदेश कानुनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलीसेन्टर, केबल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन |
| | १ सय वाटसम्मको एफएम रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजी |
| **भगिनी सम्बन्ध** | स्थानीय तहले प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको स्वीकृति लिई विदेशका कुनै स्थानीय सरकारसँग भगिनी सम्बन्ध कायम गर्ने |
| **यातायात, सवारी साधन** | यातायात मापदण्डः स्थानीय बस, ट्रली बस, ट्राम्पजस्ता मध्यम क्षमताको मास ट्रान्जिट प्रणालीसम्बन्धी नीति, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन र नियमन |
| | सवारी साधन अनुमतिः सङ्घीय तथा प्रदेश कानुनको अधीनमा रही स्थानीय सार्वजनिक यातायातको रूट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडादर निर्धारण र नियमन |
| **जग्गा एकीकरण** | सङ्घीय तथा प्रदेश मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन । |

परिच्छेद ३

# स्थानीय तहको लेखाजोखाका आधार तथा निर्वाचित कार्यकालका केही प्राथमिकता र समयसीमा

## १. स्थानीय तहको लेखाजोखाका आधार पहिल्याई सोको प्राप्तिमा केन्द्रित नेतृत्व पहल

### नेतृत्वको महत्त्वपूर्ण जिम्मेवारी

नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई स्थानीय विकास र सुशासनसँगै स्थानीय लोकतन्त्रको संस्थागत विकासलगायत विभिन्न जिम्मेवारी दिएको छ । जनप्रतिनिधिले स्थानीय तहको समग्र अवस्था लेखाजोखा गरी आफ्नो कार्यकालमा सम्पादन गर्ने मुख्य-मुख्य लक्ष्यहरू तय गर्नुपर्छ । यसले गाउँ/नगरपालिकाको दीर्घकालीन विकास लक्ष्य निर्धारण, आवधिक विकास योजना निर्माण र विनियोजन प्राथमिकता निर्धारण गर्न सहयोग पुग्छ । साथै, नागरिकसमक्ष आफ्नो कार्यकालमा सम्पादन गरिएका कामको फेहरिस्त प्रस्तुत गर्न पनि निर्वाचित प्रतिनिधिलाई सजिलो हुन्छ ।

पालिकाको प्रमुख नेतृत्व भएकाले प्रमुख वा अध्यक्षले आफ्नो कार्यकालमा हासिल गर्ने उपलब्धिबारे पूर्ण योजना बनाउनुपर्छ । प्रचलित कानुनी

व्यवस्था र व्यावहारिक आधारमा गरिने स्थानीय तहको लेखाजोखा र तिनका सूचकबारे पनि पूर्ण जानकार हुनुपर्छ ।

*हालको प्रचलित अभ्याससमेतका आधारमा स्थानीय सरकारको तुलनात्मक मूल्याङ्कनका केही सूचक (नमुना) निम्नानुसार प्रस्तुत गरिएका छन्–*

तालिका नं. ६: स्थानीय तहको लेखाजोखाका आधार

| क्र.सं. | विषय | नतिजा (आ.व.) निर्वाचित कार्यकाल | |
|---|---|---|---|
| | | कार्यकालको सुरु वर्ष | कार्यकालको अन्तिम वर्ष |
| १. | बालमैत्री घोषणा भएका वडा सङ्ख्या | | |
| २. | वातावरणमैत्री घोषणा भएका वडा सङ्ख्या | | |
| ३. | पोषणमैत्री घोषणा भएका वडा सङ्ख्या | | |
| ४. | सक्रिय टोल विकास संस्थाको सङ्ख्या | | |
| ५. | स्थानीय तह वित्तीय सुशासन लेखाजोखामा प्राप्त अङ्क | | |
| ६. | स्थानीय आर्थिक विकास सूचकाङ्कमा प्राप्त अङ्क | | |
| ७. | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा प्राप्त अङ्क | | |
| ८. | गत आर्थिक वर्षमा कुल खर्चमा बेरूजुको प्रतिशत | | |
| ९. | गत आर्थिक वर्षमा कुल खर्चमा आन्तरिक आयको हिस्सा | | |
| १०. | गत आर्थिक वर्षमा कुल खर्चमा चालू खर्चको हिस्सा | | |

| | | | |
|---|---|---|---|
| ११. | गत आर्थिक वर्षमा कुल खर्चमा पुँजीगत खर्चको हिस्सा | | |
| १२. | स्थानीय तहका सामुदायिक विद्यालयको एसईईमा प्राप्त औसत अङ्क | | |
| १३. | गत आर्थिक वर्षमा स्थानीय तहका सामुदायिक विद्यालयको एसईईमा अंग्रेजी, विज्ञान र गणित विषयमा प्राप्त औसत अङ्क | | |
| १४. | रू. १ करोडभन्दा बढी लागत अनुमानका पूर्वाधार योजनाको सङ्ख्या | | |
| १५. | रू. ५ लाखभन्दा बढी लागत अनुमानका पूर्वाधार योजनाको सङ्ख्या | | |
| १६. | वातावरणमैत्री कार्यालयका सूचकमा प्राप्त अङ्क | | |
| १७. | आफ्नै भवन भएका वडा कार्यालय सङ्ख्या | | |
| १८. | कुल दरबन्दीमा रिक्त कर्मचारीको सङ्ख्या | | |
| १९. | गत आर्थिक वर्षमा नक्सा पास भएका भवनको सङ्ख्या | | |
| २०. | सर्वयाम सडकले जोडिएका वडाकेन्द्रहरू | | |
| २१. | पक्की सडक (किलोमिटर) | | |
| २२. | – | – | – |

*नोटः स्थानीय तहका सरकारले आफ्नो नीति, योजना र प्राथमिकताअनुसार सूचकमा थपघट गर्न सक्नेछ । साथै, निर्वाचित भई कार्यकाल प्रारम्भ भएलगत्तै अध्यक्ष तथा प्रमुखले आफूले उपलब्धि हासिल गर्न खोजेका सूचकहरु थप गरी सोको सापेक्षतामा आफ्नो कार्यकालको उपलब्धि मापनमा प्रयोग गर्न सकिनेछ ।*

## २. गाउँ/नगरपालिकाका अध्यक्ष तथा प्रमुखले आवधिक रूपमा सम्पादन गर्नुपर्ने काम

गाउँ/नगरपालिकाका अध्यक्ष/प्रमुखले निर्वाचित भएपश्चात् सम्पादन गर्नुपर्ने कार्यहरूलाई तीन चरणमा विभाजन गरी हेर्न सकिन्छ । जसमा निर्वाचित भई पदभार ग्रहण गरेको पहिलो वर्षको प्राथमिकता, त्यसपछिका तीन वर्षको कार्यकालका प्राथमिकता र अन्तिम पाँचौं वर्ष अर्थात् निर्वाचन वर्षको प्राथमिकता रहन सक्छन् ।

तालिका नं. ७ : गाउँ/नगरपालिकाका अध्यक्ष/प्रमुखले आवधिक रूपमा सम्पादन गर्नुपर्ने काम

| समय | कार्य |
|---|---|
| **क. निर्वाचन भएको पहिलो वर्ष गर्नुपर्ने कार्य**<br>*(पालिकाका नीति, नियम, कानुन, संरचनाको आधारभूत जानकारी लिई आवश्यकताअनुसार सोको निर्माण, अद्यावधिक, सुधार वा संशोधन गर्ने/गराउने ।)* | १. कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण/अद्यावधिक |
| | २. क्षमता विकास योजनाको निर्माण/अद्यावधिक |
| | ३. आफ्नो कार्यकालको रणनीतिक योजना निर्माण/अद्यावधिक |
| | ४. जनप्रतिनिधिको आचारसंहिता निर्माण/अद्यावधिक |
| | ५. मध्यमकालीन खर्च संरचना निर्माण |
| | ६. बजेट नीति तथा कार्यक्रम पारित |
| | ७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति पारित/अद्यावधिक गर्ने |
| | ८. वार्षिक खरिद योजना स्वीकृत |
| | ९. आय ठेक्काको व्यवस्थापन |
| | १०. वित्तीय सुशासन लेखाजोखाको नतिजा सभामा छलफल |
| | ११. स्थानीय तह संस्थागत क्षमता लेखाजोखाको नतिजा सभामा छलफल |
| | १२. गाउँ/नगरपालिकाको वस्तुस्थिति विवरण निर्माण/अद्यावधिक |
| | १३. आवधिक योजनाको निर्माण, कार्यान्वयनमा रहेको भए त्यसको अवस्थाको समीक्षा र मूल्याङ्कन/अद्यावधिक |

| | |
|---|---|
| | १४. सहभागितामूलक योजनाको अभ्यास |
| | १५. वित्तीय सुशासन जोखिम मूल्याङ्कन सूचक कार्यान्वयन अवस्थाको मूल्याङ्कन |
| | १६. स्थानीय तह संस्थागत स्व-मूल्याङ्कनका सूचक कार्यान्वयन अवस्थाको मूल्याङ्कन |
| | १७. स्थानीय आर्थिक विकास सूचक कार्यान्वयन अवस्थाको मूल्याङ्कन |
| | १८. रिक्त पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा माग आपूर्ति फाराम पठाउने |
| | १९. टोल विकास संस्था गठन र परिचालन |
| | २०. बालमैत्री/पोषणमैत्री/वातावरणमैत्री स्थानीय शासनलगायतका अभियानमूलक कार्यक्रमको अवलम्बन/आरम्भ गर्ने वा निरन्तरता दिने |
| | २१. प्रतिवेदन प्रणाली व्यवस्थित, गुणस्तरीय, प्रविधिमैत्री बनाउने र निरन्तरता दिने |
| **ख. दोस्रो, तेस्रो र चौथो वर्षका कार्य**<br>*पालिकाका नीति, नियम, कानुनको प्रभावकारी कार्यान्वयन, प्राथमिकताबमोजिमका क्षेत्र पहिचान गरी नवीनतम कार्यमा लगानी केन्द्रित गर्ने, विगतका अभ्यासको समीक्षा गरी सुधारका कार्ययोजना बनाई अधिकतम उपलब्धि हासिल गर्न लागिपर्ने ।)* | १. वित्तीय सुशासन लेखाजोखा सूचकको पूर्ण कार्यान्वयन |
| | २. औद्योगिक ग्रामको पूर्ण कार्यान्वयन |
| | ३. स्थानीय तह संस्थागत स्व-मूल्याङ्कन सूचकको पूर्ण कार्यान्वयन |
| | ४. स्थानीय आर्थिक विकास सूचकको पूर्ण कार्यान्वयन |
| | ५. वातावरणमैत्री स्थानीय शासनका सूचक कार्यान्वयन गरी आफ्नो स्थानीय तहलाई वातावरणमैत्री घोषणा गर्ने |
| | ६. बालमैत्री स्थानीय शासनका सूचक कार्यान्वयन गरी आफ्नो स्थानीय तहलाई बालमैत्री घोषणा गर्ने |
| | ७. पोषणमैत्री स्थानीय तह घोषणा गर्ने |
| | ८. स्थानगत योजना (Spatial plan) आधारित आवधिक योजना कार्यान्वयन |
| | ९. रणनीतिक योजना कार्यान्वयन |
| | १०. कार्यालय तथा वडा कार्यालयको भवन नबनेको भए सो निर्माण |
| | ११. राष्ट्रिय भवन संहिता कार्यान्वयन |

| | |
|---|---|
| **ग. पाँचौं वर्षका कार्य**<br><br>*(निर्वाचन वर्षलाई ध्यानमा राखी निर्वाचन आचारसंहिताको परिधिभित्र रही कार्य गर्ने ।)* | १. आफ्नो कार्यकालको प्रगति तयार गर्ने |
| | २. आफ्नो कार्यकालको संस्थागत सम्झना (Institutional memory) तयार गर्ने |
| | ३. आफ्नो कार्यकालमा सम्पन्न भएका योजनाको फरफारक गर्ने |
| | ४. आफ्नो कार्यकालमा सफल हुन नसकेका नीति तथा कार्यक्रम बन्द गर्ने |
| | ५. नियमित वार्षिक कार्यहरु सम्पादन गर्ने |
| | ६. आफ्नो कार्यकालमा स्थापना भएका अनुपयुक्त संगठन खारेज गर्ने |
| | ७. विभिन्न सूचकको तुलनात्मक उपलब्धि प्रकाशन गरी सार्वजनिक गर्ने |
| | ८. पछिका लागि अनावश्यक दायित्व सिर्जना नगर्ने |
| | ९. आफ्नो कार्यकालका पेश्की तथा बेरूजु कानुनबमोजिम फरफारक गर्ने । |

## ३. प्रमुख तथा अध्यक्षले गर्नुपर्ने केही महत्त्वपूर्ण कार्य र जिम्मेवारीको वार्षिक कार्यसूची

अध्यक्ष वा प्रमुखले वार्षिक रूपमा तोकिएका केही कार्य-जिम्मेवारीहरु समयमै सम्पन्न भएको सुनिश्चित गर्नुपर्छ । केही त्यस्ता जिम्मेवारी देहायबमोजिम छन्–

### तालिका नं. ८: प्रमुख/अध्यक्षले गर्नुपर्ने केही महत्वपूर्ण जिम्मेवारीको वार्षिक कार्यसूची

| जिम्मेवारी | समय तालिका |
|---|---|
| १. बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण सार्वजनिक | कात्तिक मसान्तभित्र |
| २. आगामी आर्थिक वर्षका लागि आय-व्ययको प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण सङ्घीय अर्थ मन्त्रालयमा पेस | पुस मसान्तभित्र |
| ३. राष्ट्रिय योजना आयोगको विद्युतीय प्रणालीमार्फत सङ्घीय विशेष अनुदान योजनाको विवरण माग | पुस मसान्तभित्र |
| ४. राष्ट्रिय योजना आयोगको विद्युतीय प्रणालीमार्फत सङ्घीय समपूरक अनुदान योजनाको विवरण माग | पुस मसान्तभित्र |
| ५. स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्य | पुस मसान्तभित्र |
| ६. जिल्ला समन्वय समितिबाट स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्य | पुस मसान्तभित्र |
| ७. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठकबाट आगामी आर्थिक वर्षका लागि स्रोत अनुमानका आधारमा बजेटको सीमा निर्धारण, बजेट प्रक्षेपण, विषय-क्षेत्रगत बजेटको सीमा निर्धारण | वैशाख १० गतेभित्र |
| ८. कार्यपालिका बैठकबाट आगामी आर्थिक वर्षका लागि बजेट तथा कार्यक्रमसहित आर्थिक ऐन तथा विनियोजन ऐन स्वीकृतिका लागि सभामा पेस गर्ने निर्णय | असार ५ गतेभित्र |
| ९. आगामी आर्थिक वर्षका लागि बजेट तथा कार्यक्रमसहित आर्थिक ऐन तथा विनियोजन ऐन स्वीकृतिका लागि सभामा पेस | असार १० गतेभित्र |
| १०. आगामी आर्थिक वर्षका लागि बजेट तथा कार्यक्रमसहित आर्थिक ऐन तथा विनियोजन ऐन सभाबाट स्वीकृत | असार मसान्तभित्र |
| ११. कार्यपालिका बैठकबाट आफ्नो क्षेत्रभित्रका निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दर निर्धारण | आर्थिक वर्ष सुरु हुनुभन्दा १५ दिनअगावै |
| १२. अध्यक्ष तथा प्रमुखले सभाबाट स्वीकृत भएको बजेट खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गर्ने | साउन ७ गतेभित्र (सभाबाट पारित भएको ७ दिनभित्र) |

# खण्ड २

# प्रमुख तथा अध्यक्षका अधिकार तथा कार्य–जिम्मेवारी

## परिच्छेद ३

## नगरपालिका प्रमुख तथा गाउँपालिका अध्यक्षका काम, कर्तव्य र अधिकार

### १. प्रमुख तथा अध्यक्षका मुख्य अधिकार र कार्य-जिम्मेवारी

स्थानीय तहको सरकार प्रमुखका रूपमा गाउँ/नगरपालिकाका अध्यक्ष तथा प्रमुखले 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' र स्थानीय तहका विषयगत कानुनअनुसार आफ्नो अधिकार प्रयोग गर्दै जिम्मेवारी र भूमिका निर्वाह गर्नुपर्छ । यसका अतिरिक्त नेपाल सरकार र प्रदेश सरकारबाट जारी भएका कानुन तथा हस्तान्तरण भएका महत्त्वपूर्ण जिम्मेवारी पालनासँगै कार्यान्वयन गर्ने/गराउने गर्नुपर्छ ।

मूलतः उल्लिखित कार्यसम्पादन गर्न प्रमुख तथा अध्यक्षलाई नीति निर्माण र समग्र विकास कार्यको नेतृत्व, योजना तथा बजेट पारित, पदाधिकारीको आचारसंहिता लागू गर्ने/गराउनेदेखि नागरिकसँग प्रत्यक्ष सम्बन्ध राख्ने सिफारिस तथा सहजीकरणसम्मका बृहत् जिम्मेवारी दिइएका छन् । साथै, संस्थागत सुशासन, स्थानीय विकास, सार्वजनिक निकाय, सामुदायिक संस्था र

### प्रमुख र अध्यक्षको कार्यकारिणी, विधायिकी र अर्धन्यायिक भूमिका

नगरपालिका प्रमुख तथा गाउँपालिका अध्यक्षले पदमा रहँदा विधायिकी, कार्यकारी तथा केही अर्धन्यायिक कार्य र निर्णयसँगै योजना तर्जुमा तथा कार्यान्वयनको सुनिश्चितता गर्नुपर्ने हुन्छ । विधायिकी अङ्ग गाउँसभा तथा नगरसभा अध्यक्षका रूपमा स्थानीय तहका कानुन बनाउने, सभा सञ्चालन गर्ने र सभालाई क्रियाशील बनाउन वातावरण तयार गर्ने प्रमुख जिम्मेवारी अध्यक्ष तथा प्रमुखको हुन्छ । स्थानीय सरकारको कार्यकारी प्रमुखका रूपमा कार्यपालिकाका सदस्यहरूबीच कार्यविभाजन, प्रशासनिक प्रमुख तथा कार्यहरूको सुपरिवेक्षण, कार्यपालिकाको बैठक सञ्चालन, विभिन्न समितिहरूको अध्यक्षता, विभिन्न संस्था र निकायबीच समन्वय गर्ने तथा निर्णय कार्यान्वयनको जिम्मेवारी अध्यक्ष तथा प्रमुखमा रहन्छ । भवन संहिताको प्रभावकारी कार्यान्वयनमा केही अर्धन्यायिक प्रकृतिको निर्णय पनि अध्यक्ष र प्रमुखले गर्नुपर्ने व्यवस्था छ ।

निजी क्षेत्रसँग समन्वय तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी जिम्मेवारी पनि निर्वाह गर्नुपर्छ । नगरपालिका प्रमुख तथा गाउँपालिका अध्यक्षका अधिकार, काम र जिम्मेवारीको सङ्क्षिप्त विवरण तल उल्लेख गरिएको छ । विस्तृत तथा आधिकारिक विवरणका लागि सम्बन्धित कानुनको आधार लिन सकिनेछ ।

## २. गाउँ/नगरसभा सञ्चालनसम्बन्धी अधिकार र कार्य-जिम्मेवारी

स्थानीय तहमा कार्यपालिका र व्यवस्थापिकाको प्रमुख एउटै हुन्छ । त्यसैले स्थानीय तहका प्रमुखहरूले सभाको कार्यसम्पादन गर्दा सभा अध्यक्ष र कार्यपालिकाको कार्यसम्पादन गर्दा कार्यकारी प्रमुखका रूपमा भूमिका खेल्नुपर्छ ।

### गाउँ तथा नगरसभा

गाउँ तथा नगरसभालाई स्थानीय तहको सर्वोच्च अङ्ग मानिन्छ । स्थानीय तहको बजेट पारित गर्ने, कानुन पारित गर्ने, राजस्वका दर स्वीकृत गर्ने जस्ता महत्त्वपूर्ण जिम्मेवारी स्थानीय तहको सभामा निहित रहन्छ । स्थानीय तहको सभालाई स्थानीय व्यवस्थापिका पनि भनिन्छ ।

सभाबाट गरिने सबै कार्यहरु गाउँ तथा नगर कार्यपालिकाको सिफारिसमा

हुने भएकाले यसमा प्रमुख तथा अध्यक्षको ठूलो जिम्मेवारी हुन्छ । 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' र प्रदेश सरकारबाट जारी 'गाउँसभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७६' अनुसार प्रमुख तथा अध्यक्षले गाउँसभा र नगरसभाको सञ्चालनसम्बन्धी गर्नुपर्ने मुख्य कार्य देहायबमोजिम छन्–

तालिका नं. ९ : प्रमुख/अध्यक्षका गाउँसभा वा नगरसभा सञ्चालनसम्बन्धी प्रमुख कार्य-जिम्मेवारी

| मुख्य कार्यक्षेत्र | मुख्य कार्य-जिम्मेवारी | सम्बन्धित कानुन |
| --- | --- | --- |
| १. अधिवेशन आह्वान र अन्त्य | सभाको अधिवेशन आह्वान र अन्त्य गर्ने | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(४) क (४) |
| | सभाको विशेष बैठक बोलाउने | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९(३) |
| २. अध्यक्षता र बैठक सञ्चालन | • सभाको अध्यक्षता गर्ने<br>• सभाको बैठक सञ्चालन गर्ने | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(४ क १) |
| ३. सभा सञ्चालनमा सहयोग गर्ने 'कार्यव्यवस्था परामर्श समिति'को गठन तथा सञ्चालन | सभाका काम-कारबाहीमा अध्यक्ष/प्रमुखलाई सहयोग पुऱ्याउन वा राय-परामर्श दिन निजकै अध्यक्षतामा रहने कार्यव्यवस्था परामर्श समिति वा सहयोग समितिको बैठक आयोजना गरी छलफलका विषय र प्रक्रियाका सम्बन्धमा साझा धारणा बनाउने | प्रदेश कानुनअनुसार |
| ४. सभा बैठकको कार्यसूची तथा प्रस्ताव पेस गर्ने/गराउने | सभा बैठकको कार्यसूची तथा प्रस्ताव पेस गर्ने/गराउने | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(४ क २) |

| | | |
|---|---|---|
| ५. ऐन-कानुन निर्माण (विधेयक टेबल गर्ने/गराउने, दफावार छलफल गराउने, विधेयक समितिमा पठाउने, समितिको प्रतिवेदन सभामा पेस गर्न लगाउने, पारित विधेयक प्रमाणीकरण गर्ने) | • कार्यपालिकाबाट स्वीकृतिका लागि सभामा पेस भएका ऐन-कानुन सभामा पेस गर्न लगाई छलफलपश्चात् आवश्यक निर्णय गर्ने ।<br>• सभामा कानुनहरु तर्जुमा गर्न विधायन समिति क्रियाशील गर्ने, विधेयकमाथि दफावार छलफल गराई प्रक्रियामा लैजाने ।<br>• विधेयकमाथि दफावार छलफल गराई पारित गर्ने ।<br>• सभा बैठकको निर्णय प्रमाणित गर्ने/गराउने ।<br>• सभामा प्रस्तुत भएको विधेयक सभामा तत्काल कायम सदस्य सङ्ख्याको बहुमतले पारित गरेमा त्यस्तो विधेयक पारित भएको १५ दिनभित्र प्रमाणित गर्ने/ प्रमाणीकरण गर्ने ।<br>• कानुनको प्रमाणित प्रति नेपाल सरकार तथा प्रदेशका तोकिएका निकायमा अभिलेखका लागि पठाउन लगाउने । | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२ ठ १)<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९(८) |
| ६. आवधिक योजना पारित | सभामा प्रस्तुत विषय-क्षेत्रगत नीति तथा रणनीति, आवधिक योजना सभामा छलफल गराई स्वीकृति प्रदान गर्ने/गराउने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२ ठ २) |

| | | |
|---|---|---|
| ७. वार्षिक बजेट तथा कार्यक्रम पारित | गाउँ/नगर कार्यपालिकाबाट पेस भएका वार्षिक नीति, बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने/गराउने, छलफल गराई स्वीकृतिका लागि सभाको बैठकमा पेस गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२ ठ २) |
| ८. संगठन तथा व्यवस्थापन सर्वेक्षण पारित | गाउँपालिका वा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(१०) |
| ९. क्षमता विकास योजना पारित | गाउँपालिका वा नगरपालिकाको क्षमता विकास योजना तर्जुमा गरी कार्यपालिकाबाट निर्णय गरी स्वीकृत गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२ ठ २) |
| १०. ऋण लिने स्वीकृति | गाउँपालिका तथा नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रही सम्बन्धित सभाबाट स्वीकृत गराई उत्पादनशील, रोजगारमूलक, आन्तरिक आय वृद्धि तथा पुँजीगत कार्यका लागि आन्तरिक ऋण लिनेसम्बन्धी कार्य । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ |
| ११. सभाका विषयगत समिति गठन गर्न नेतृत्व लिने र राजनीतिक समन्वय/सहजीकरण गर्ने | • सभाबाट विषयगत समितिहरु गठन गर्ने ।<br>• सभाका समितिहरूलाई क्रियाशील गर्न/गराउन आवश्यक वातावरण निर्माण गर्ने ।<br>• समितिहरूका प्रतिवेदन वा निर्णय पारित गर्न छलफलका लागि सभामा पेस गर्न लगाउने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ / प्रदेश कानुन बनेको अवस्थामा प्रदेश कानुनबमोजिम । |
| | • सभामा न्यायिक समितिको प्रतिवेदन प्रस्तुत गर्न लगाई छलफल तथा आवश्यक निर्देशन दिने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३(२) |

| | | |
|---|---|---|
| १२. लेखापरीक्षण प्रतिवेदन सभामा पेस गर्ने/गराउने | महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन र त्यसमा सभाको लेखा समितिले गरेका काम-कारबाहीसहित लेखा समितिको प्रतिवेदन सभामा छलफल गराई कार्यपालिकालाई आवश्यक निर्देशन दिने । | लेखापरीक्षण ऐन, २०७५ को दफा २ |
| संयुक्त समिति गठन तथा कार्यपालिकाका समितिका प्रतिवेदनमाथि आवश्यक निर्देशन | • कार्यपालिकाका समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा सो सम्बन्धमा आवश्यक निर्देशन दिने ।<br>• संयुक्त समिति गठनः स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन गर्न कार्यपालिकाले प्रस्तुत गरेको प्रस्तावमा छलफल गरी स्वीकृति प्रदान गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२ ठ ५)<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२ ठ ४) |
| १३. निर्णायक मत दिने | सभा बैठकको निर्णयमा मत बराबर भएमा निर्णायक मत दिने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९(७) |
| १४. सभाको निर्णय कार्यान्वयन गर्ने | सभाको अध्यक्षका रूपमा सभाको निर्णय कार्यान्वयन गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(४ क ५) |
| १५. अन्य काम गर्ने/गराउने | सभाले तोकेका अन्य काम गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(४ क १३) |
| १६. सभाका सदस्यहरूको निर्वाचन | गाउँसभा वा नगरसभा निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले १५ दिनभित्र सभाका सदस्यहरूले संविधान र कानुनबमोजिम कार्यपालिका सदस्य निर्वाचन गर्ने । | नेपालको संविधान, २०७२ को धारा २१५(४) र २१६(४) |

## ३. गाउँ/नगरसभाको बैठकबाट निर्णय गर्नुपर्ने प्रमुख विषय

'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' अनुसार गाउँ/नगरसभा बैठकबाट गर्नुपर्ने मुख्य निर्णयहरु देहायबमोजिम छन्–

तालिका नं. १० : गाउँ/नगरसभाका बैठकबाट गर्नुपर्ने निर्णयका केही सूची

| क्षेत्र | निर्णयको विषय | कानुनी व्यवस्था |
|---|---|---|
| १. विधेयक पारित गर्ने | गाउँपालिका तथा नगरपालिकाका विधेयकहरु, जस्तैः विनियोजन विधेयक, आर्थिक विधेयक आदि स्वीकृत गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२ ठ) र दफा २० |
| २. आवधिक योजनाको स्वीकृति | गाउँपालिका वा नगरपालिकाको आवधिक योजना स्वीकृत गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२ ठ २) |
| ३. वार्षिक बजेट तथा कार्यक्रम पारित गर्ने | गाउँपालिका वा नगरपालिकाका वार्षिक नीति, बजेट तथा कार्यक्रमहरु पारित गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा११ (२ ठ २) |
| ४. संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने | गाउँपालिका वा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृत गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ |
| ५. स्थानीय तहको सीमा हेरफेरको निर्णय | गाउँपालिका वा नगरपालिकाको सङ्ख्या वा सिमाना हेरफेर गर्नु परेमा त्यस्तो हेरफेरबाट प्रभावित हुने गाउँपालिका तथा नगरपालिकाको सभामा तत्काल कायम सदस्य सङ्ख्याको दुईतिहाइ बहुमतबाट प्रस्ताव पारित गरी प्रदेश सरकारमा पठाउनुपर्नेछ । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३ |

| | | |
|---|---|---|
| ६. स्थानीय तहको नाम र केन्द्र परिवर्तन | गाउँपालिका वा नगरपालिकाको नाम वा केन्द्र हेरफेर गर्नु परेमा सम्बन्धित सभामा तत्काल कायम सदस्य सङ्ख्याको दुईतिहाइ बहुमतले पारित गरेको प्रस्ताव कार्यपालिकाले प्रदेश सरकारमार्फत नेपाल सरकारमा पठाउनुपर्नेछ । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ |
| ७. वडाको सङ्ख्या र सिमाना परिवर्तन | वडाको सङ्ख्या वा सिमाना हेरफेर गर्न आवश्यक भएमा गाउँसभा वा नगरसभाको तत्काल कायम सदस्य सङ्ख्याको दुईतिहाइ बहुमतबाट प्रस्ताव पारित गरी प्रदेश सरकारमार्फत नेपाल सरकारमा पठाउनुपर्नेछ । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६ |
| ८. वडा केन्द्र हेरफेर | कुनै वडाको केन्द्र हेरफेर गर्न आवश्यक भएमा वडा समितिको परामर्शमा गाउँसभा वा नगरसभामा तत्काल कायम सदस्य सङ्ख्याको दुईतिहाइ बहुमतले प्रस्ताव पारित गरी वडाको केन्द्र हेरफेर गर्न सकिनेछ । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६ |
| ९. वडाहरू गाभ्ने | नेपाल सरकारले गाउँपालिका वा नगरपालिकाको कुनै वडालाई सिमाना जोडिएको अर्को गाउँपालिका वा नगरपालिकामा समावेश गर्न सक्नेछ । यसरी कुनै वडा समावेश गर्दा त्यस्तो वडा रहेको र समावेश हुन लागेको गाउँपालिका वा नगरपालिकाको सभाको तत्काल कायम सदस्य सङ्ख्याको दुईतिहाइ बहुमतबाट प्रस्ताव पारित गरी प्रदेश सरकारमार्फत नेपाल सरकारमा पठाउनुपर्नेछ । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६ |

| | | |
|---|---|---|
| १०. गाउँपालिका वा नगरपालिका एक–आपसमा गाभिने | कुनै जिल्लाभित्र आपसमा सिमाना जोडिएका दुई वा सोभन्दा बढी नगरपालिका र नगरपालिका, गाउँपालिका र गाउँपालिका वा नगरपालिका र गाउँपालिकाले चाहेमा सम्बन्धित सभामा तत्काल कायम सदस्य सङ्ख्याको बहुमतबाट एक–आपसमा गाभिने प्रस्ताव पारित गर्न सक्नेछन् । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७ |
| ११. सभाको बैठकसम्बन्धी अन्य कार्यविधि निर्धारण | सभाको बैठकसम्बन्धी अन्य कार्यविधि निर्धारण गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ |
| १२. सभाका अन्य सदस्यहरूको निर्वाचन | गाउँसभा वा नगरसभा निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले १५ दिनभित्र सभाका सदस्यहरूले आफूमध्येबाट तोकिएबमोजिम निर्वाचन गर्ने । | नेपालको संविधान, २०७२ को धारा २१५ (४) |
| १३. न्यायिक समितिका सदस्यहरूको निर्वाचन | संविधानको धारा २१७ (२) बमोजिम गाउँसभा वा नगरसभाले आफूमध्येबाट दुई जना सदस्य न्यायिक समिति सदस्यका रूपमा निर्वाचित गर्ने । | नेपालको संविधान, २०७२ को धारा २१७ (२) |
| १४. समिति, उपसमिति, कार्यदल गठन गर्न सक्ने | सभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाई कुनै सदस्यको संयोजकत्वमा लेखा समिति, विधायन समिति, सुशासन समितिलगायत आवश्यकताअनुसार (प्रदेश कानुनमा तोकिएअनुसार) अन्य समिति र विशेष समिति गठन गर्न सक्नेछन् । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ र संविधानको धारा २२७ अनुसार बनेको प्रदेश कानुन |

| | | |
|---|---|---|
| १५. सभाको व्यवस्थापन कार्यविधि | सभाको व्यवस्थापन कार्यविधिसम्बन्धी अन्य विषय सभाले बनाएको कार्य सञ्चालन नियमावलीबमोजिम हुनेछ । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २३ |
| १६. ऋणको स्वीकृति दिने | गाउँपालिका तथा नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रही सम्बन्धित सभाबाट स्वीकृत गराई उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पुँजीगत कार्यका लागि आन्तरिक ऋण लिन सक्नेछन् । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ |
| १७. सभाका समिति तथा कार्यपालिकाबाट प्रस्तुत प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने वा निर्देशन दिने | क) सभा सञ्चालन नियमावलीबमोजिम सभाद्वारा गठित समितिका प्रतिवेदनउपर छलफल गरी प्रस्तुत रूपमा वा संशोधनसहित पारित गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ |
| | ख) महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन र त्यसमा सभाको लेखा समितिले गरेका काम-कारबाहीसहित लेखा समितिको प्रतिवेदनउपर छलफल गरी आवश्यक निर्देशन दिने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ |

## ४. कार्यपालिकाको सञ्चालन तथा व्यवस्थापन एवम् बैठक सञ्चालनसम्बन्धी कार्य

कार्यपालिका अध्यक्ष वा प्रमुखका रूपमा गाउँपालिका अध्यक्ष तथा नगरपालिका प्रमुखले खेल्नुपर्ने मुख्य भूमिका र निर्णय यसप्रकार छन्–

### तालिका नं. ११ : कार्यपालिकाको सञ्चालन तथा व्यवस्थापन एवम् बैठक सञ्चालनसम्बन्धी प्रमुख/अध्यक्षका कार्य-जिम्मेवारी

| मुख्य कार्यक्षेत्र | मुख्य कार्य-जिम्मेवारी | सम्बन्धित कानुन |
|---|---|---|
| १. कार्यपालिकाको बैठक बोलाउने | कार्यपालिकाको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(४ क १) |
| २. बैठकमा कार्यसूची तथा प्रस्ताव पेस गर्ने/गराउने | गाउँसभा तथा नगरसभाका बैठकमा बैठकका कार्यसूची तथा प्रस्ताव गर्ने/गराउने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(४ क २) |
| ३. विधेयक सभामा पेस गर्ने/गराउने | गाउँपालिका तथा नगरपालिकाका विधेयकहरु तर्जुमा गरी स्वीकृतिका लागि सभामा पेस गर्ने/गराउने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २० |
| ४. आवधिक योजना सभामा पेस गर्ने | गाउँपालिका वा नगरपालिकाका विषय-क्षेत्रगत नीति तथा रणनीति, आवधिक योजनाको स्वीकृतिका लागि सभामा पेस गर्ने/गराउने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२ ठ २) |
| ५. वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने/गराउने | गाउँपालिका वा नगरपालिकाका वार्षिक नीति, बजेट तथा कार्यक्रमहरु तर्जुमा गरी स्वीकृतिका लागि सभामा पेस गर्ने/गराउने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२ ठ २) |
| ६. संगठन तथा व्यवस्थापन सर्वेक्षण तर्जुमा गर्ने/गराउने | गाउँपालिका वा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृतका लागि सभामा प्रस्तुत गर्ने/गराउने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(१०) |

| | | |
|---|---|---|
| ७. क्षमता विकास योजना तर्जुमा गर्ने/गराउने | गाउँपालिका वा नगरपालिकाको क्षमता विकास योजना तर्जुमा गरी कार्यपालिकाबाट निर्णय गरी स्वीकृत गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२ ठ २) |
| ८. राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने/गराउने | गाउँपालिका वा नगरपालिकाको राजस्व सुधार कार्ययोजना कार्यपालिकाबाट स्वीकृत गर्ने । | गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ को दफा ८.७ |
| ९. फरफारकको अनुमोदन गर्ने | कार्यपालिकाबाट फरफारक भएका योजनाको अनुमोदन गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२ ङ) |
| १०. ऋण लिने स्वीकृतिको प्रस्ताव तयार गर्ने | गाउँपालिका तथा नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रही सङ्घीय कानुनबमोजिम ऋण लिन सभाबाट स्वीकृतिका लागि कार्यपालिकाबाट निर्णय गर्ने/गराउने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ |
| ११. अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा पेस गर्ने | महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन सभामा पेस गर्ने/गराउने । | लेखापरीक्षण ऐन, २०७५ को दफा २ |

| | | |
|---|---|---|
| १२. कार्यपालिकाका समिति गठन गर्ने तथा समितिको प्रतिवेदन सभामा पेस गर्ने | • कार्यपालिका समितिका काम-कारबाहीको प्रतिवेदन सभामा पेस गर्ने/गराउने ।<br>• स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा अन्य गाउँपालिका वा नगरपालिकासँग साझेदारीका लागि संयुक्त समिति गठन गर्न कार्यपालिकाबाट आवश्यक निर्णय गर्ने । | स्थानीय सरकार सञ्चालन ऐनको दफा ११(२ ठ ५) स्थानीय सरकार सञ्चालन ऐनको दफा ११(२ ठ ४) दफा २६ |
| १३. कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने/गराउने | कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने/गराउने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(४ क ५) |

## ५. प्रशासनिक कार्य

प्रमुख वा अध्यक्षहरूले कार्यपालिकाको प्रमुख भई स्थानीय तहका दैनिक कार्यको रेखदेख, समन्वय, सिफारिस, गुनासो व्यवस्थापन, आन्तरिक नियन्त्रणसम्बन्धी देहायका कार्य सम्पादन गर्नुपर्छ–

तालिका नं. १२ : प्रमुख/अध्यक्षले सम्पादन गर्नुपर्ने प्रमुख कार्य

| मुख्य कार्यक्षेत्र | मुख्य कार्य-जिम्मेवारी | सम्बन्धित कानुन |
|---|---|---|
| १. दैनिक कार्यको रेखदेख | कार्यपालिकाका दैनिक कार्यको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(४ क ६) |
| २. रेखदेख समन्वय | गाउँपालिका तथा नगरपालिकाका समिति, उपसमिति तथा वडा समितिका कामको रेखदेख गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(४ क १०) |

| | | |
|---|---|---|
| ३. कामजमा खटाउने | उपाध्यक्ष वा उपप्रमुख तथा कार्यपालिकाका सदस्यलाई कामजमा खटाउने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(४ क ७) |
| ४. सिफारिस तथा प्रमाणित | वडा समितिबाट सम्पादन हुने सिफारिस तथा प्रमाणित हुने विषयबाहेक प्रचलित कानुनबमोजिम स्थानीय तहबाट गर्नुपर्ने प्रमाणित वा सिफारिस गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(४ क ८) |
| ५. सम्पत्ति, स्रेस्ता संरक्षण | गाउँपालिका तथा नगरपालिकाका चल-अचल सम्पत्ति हेरचाह तथा मर्मत-सम्भार गर्ने/गराउने र आम्दानी, खर्च, हिसाब र अन्य कागजपत्र सुरक्षित राख्ने/राख्न लगाउने | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(४ क ९) |
| ६. गुनासो व्यवस्थापन | सार्वजनिक सेवा प्रवाहसम्बन्धी गुनासो व्यवस्थापन गर्ने/गराउने | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(४ क ११) |
| ७. कार्यभार दिने | सात दिनभन्दा बढी समय गाउँपालिका वा नगरपालिकामा अनुपस्थित हुने भएमा उपाध्यक्ष वा उपप्रमुखलाई कार्यभार दिने र उपाध्यक्ष वा उपप्रमुख पनि अनुपस्थित हुने भए कुनै सदस्यलाई कार्यभार दिने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(४ क १२) |
| ८. खर्चको अख्तियारी | सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्चको अख्तियारी प्रदान गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ |
| ९. अधिकार प्रत्यायोजन | कार्यापालिका वा आफू (अध्यक्ष/प्रमुख) लाई प्राप्त अधिकारमध्ये केही अधिकार कुनै सदस्य वा कर्मचारीलाई प्रत्यायोजन गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १८ |

| | | |
|---|---|---|
| १०. आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन | आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन गर्नका लागि आफैंले वा जिम्मेवार अधिकारी तोकी अनुगमनको व्यवस्था मिलाउने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(३,४,५) |
| ११. नक्सा पास नगरी वा मापदण्डविपरीत भवन निर्माण | गाउँपालिका तथा नगरपालिकाको क्षेत्रभित्र कसैले नक्सा पास नगरी वा भवन निर्माण मापदण्ड पालना नगरी भवन निर्माण गरेमा सो भवन पूरै वा कुनै भाग भत्काउन आदेश दिने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ३९(४) |
| १२. सिफारिससम्बन्धी कार्यहरु | वडा समितिबाट सम्पादन हुने सिफारिस तथा प्रमाणित गर्नेबाहेकका अन्य सम्पूर्ण सिफारिसहरु गाउँ/नगरपालिकाका अध्यक्ष वा प्रमुखबाट हुने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(४-क-८) |

## ६. योजना तथा विकास व्यवस्थापनसम्बन्धी कार्य

प्रमुख वा अध्यक्षका लागि स्थानीय योजना, विकास र यसको व्यवस्थापनसम्बन्धी केही प्रमुख जिम्मेवारी तोकिएका छन्, जुन देहायबमोजिम छन्–

तालिका नं. १३ : योजना तथा विकास व्यवस्थापनसम्बन्धी प्रमुख/अध्यक्षका कार्य-जिम्मेवारी

| मुख्य कार्यक्षेत्र | मुख्य कार्य-जिम्मेवारी | सम्बन्धित कानुन |
|---|---|---|
| १. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको अध्यक्षता गर्ने | गाउँपालिका तथा नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (१) |
| २. विकास समीक्षा/बजेट कार्यान्वयनको समीक्षा | • स्थानीयस्तरका विकास समस्या समाधान गर्ने ।<br>• स्थानीय तहले बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण सार्वजनिक गर्ने/गराउने । | प्रचलित अभ्यास<br><br>अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३०(३) |
| ३. दिगो विकास लक्ष्य निर्देशक समितिको संयोजन गर्ने | आवधिक विकास योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक योजना तथा बजेट दिगो विकासमैत्री बनाउने । | दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिकाको दफा ५.३ |

| | | |
|---|---|---|
| ४. आवधिक योजना तर्जुमा निर्देशक समितिको संयोजन गर्ने/गराउने । | आवधिक योजना तर्जुमा निर्देशक समितिको संयोजकका रूपमा आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक र रणनीतिगत विषय, क्षेत्रगत मध्यमकालीन तथा दीर्घकालीन विकास योजना निर्माण गर्ने/गराउने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम<br><br>स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को बुँदा नं २.४.१ |
| ५. अनुगमन तथा मूल्याङ्कन योजना तर्जुमा गर्ने/गराउने । | गाउँपालिका वा नगरपालिकाको वार्षिक अनुगमन तथा मूल्याङ्कन योजना कार्यपालिकाबाट स्वीकृत गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) |
| ६. बजेट कार्यान्वयनको वार्षिक समीक्षा गर्ने/गराउने । | बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी सोको विवरण कात्तिक मसान्तभित्र सार्वजनिक गर्ने । | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३०(३) |
| ७. सार्वजनिक खर्च व्यवस्था | सार्वजनिक खर्च व्यवस्थासम्बन्धी कार्य समयमा र प्रभावकारी रूपमा गर्ने/गराउने । | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ दफा १६, १७, १८, १९ |

## ७. अध्यक्ष वा संयोजक भई सम्पादन गर्नुपर्ने कार्य जिम्मेवारीहरू

गाउँपालिका अध्यक्ष तथा नगरपालिका प्रमुखले स्थानीय तहका परिषद्, समिति तथा बोर्डहरूमा अध्यक्ष वा संयोजक भई विविध प्रकृतिका कार्य सम्पादन गर्नुपर्छ । आफ्नो पालिकाको हित अभिवृद्धिका लागि यस्ता सहभागिताले उल्लेख्य सघाउ पुऱ्याउँछन् । प्रमुख र अध्यक्षले नेतृत्व गर्ने कार्य-जिम्मेवारी देहायबमोजिम छन्–

विभिन्न ऐन, नियम, विनियम, निर्देशिका, कार्यविधि, दिग्दर्शन, योजना तथा मापदण्ड र कार्यपालिकाको निर्णयले अध्यक्ष/प्रमुखको नेतृत्वमा विभिन्न समिति गठन गरेका हुन्छन् ।

### तालिका नं. १४ : प्रमुख/अध्यक्षले अध्यक्ष वा संयोजक भई सम्पादन गर्नुपर्ने कार्य-जिम्मेवारी

| क्र.सं | समिति, उपसमिति | जिम्मेवारी | कानुनी व्यवस्था |
|---|---|---|---|
| १ | गाउँ/नगरसभा | अध्यक्ष | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ (४ क १) |
| २ | कार्यपालिका बैठक | अध्यक्ष | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ (४ क १) |
| ३ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | संयोजक | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (१) |
| ४ | स्थानीय विपद् व्यवस्थापन समिति | अध्यक्ष | विपद् जोखिम तथा न्यूनीकरण ऐन, २०७४ को दफा १७ (१) |
| ५ | नगर विकास समिति | अध्यक्ष | नगर विकास समिति ऐन, २०७४ को दफा ४ (२) बमोजिम |
| ६ | स्थानीय भू-उपयोग परिषद् | अध्यक्ष | भूउपयोग ऐन, २०७६ को दफा २० |
| ७ | विकास समस्या समाधान समिति | अध्यक्ष वा संयोजक | • प्रदेश तथा स्थानीय तह अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, दफा ४.१, गण्डकी प्रदेश<br>• कतिपय पालिकाको आफ्नै अनुगमन तथा मूल्याङ्कन निर्देशिकामा उल्लेख र कतिपयमा अभ्यासद्वारा स्थापित । |

| | | | |
|---|---|---|---|
| ८ | दिगो विकास लक्ष्य निर्देशक समिति | संयोजक | दिगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिकाको दफा ५.३ |
| ९ | सामाजिक समावेशीकरण नीति कार्यान्वयन समिति | अध्यक्ष | सामाजिक समावेशीकरण नीति, २०७६ को दफा १२.३ |
| १० | वातावरणमैत्री स्थानीय शासन गाउँ/नगर समन्वय समिति | अध्यक्ष | वातावरणमैत्री स्थानीय शासनको प्रारुप, २०७८ |
| ११ | आवधिक योजना तर्जुमा निर्देशक समिति | संयोजक | स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ को बुँदा नं २.४.१ |
| १२ | स्थानीय प्रारम्भिक बाल विकास समिति | अध्यक्ष | प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७-२०८८ |
| १३ | गाउँ/नगर शिक्षा समिति | अध्यक्ष | शिक्षा ऐन, २०२८ (११ ट) र स्थानीय तहका शिक्षा ऐन |
| १४ | बालमैत्री स्थानीय शासन गाउँ नगर समिति | अध्यक्ष | बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाको दफा १६ |
| १५ | स्थानीय आर्थिक विकास संवाद समिति | अध्यक्ष | स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ को दफा १४ |
| १६ | आन्तरिक नियन्त्रण प्रणाली अनुगमन समिति | संयोजक | स्थानीय तह आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०७८, (नमुना)को दफा २०(१) |
| १७ | गाउँपालिका तथा नगरपालिकास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति | संयोजक | सङ्घीय प्रणालीमा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन निर्देशिका, २०७८ को दफा २१(४) |
| १८ | एफएम रेडियो समन्वय तथा अनुगमन समिति | संयोजक | एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ (नमुना) को दफा १२ |

| | | | |
|---|---|---|---|
| १९ | स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समिति | अध्यक्ष | स्थानीय तह कृषि व्यवसाय प्रवर्द्धन ऐन, (नमुना) २०७४ को दफा ६ |
| २० | स्थानीय तह सामाजिक समावेशीकरण नीति निर्देशक समिति | संयोजक | गाउँ/नगरपालिकाको सामाजिक समावेशीकरण नीति (नमुना), २०७८ को दफा ९ |
| २१ | गाउँपालिका/नगरपालिकामा वातावरणसम्बन्धी विशेषज्ञ सम्मिलित वातावरण तथा प्राकृतिक स्रोत संरक्षण परिषद् | अध्यक्ष | स्थानीय तहमा वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७६ (नमुना)को दफा ४७ |
| २२ | फोहोरमैला व्यवस्थापन स्थल प्रभावित क्षेत्र सुझाव समिति | संयोजक | फोहोरमैला व्यवस्थापन नियमावली, २०७० को दफा १८ |
| २३ | स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा कार्यदल | अध्यक्ष | स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७८ |
| २४ | कार्यक्रम सञ्चालन, समन्वय/व्यवस्थापन समिति | संयोजक/अध्यक्ष | सङ्घ, प्रदेश र स्थानीय तहबाट कार्यक्रम सञ्चालनका लागि स्वीकृत कार्यविधि/निर्देशिका/मापदण्डमा उल्लेख भएबमोजिम । जस्तैः सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन, २०७९ को दफा १५ |
| २५ | मौलिक हक कार्यान्वयनसम्बन्धी कानुनद्वारा गठित समिति | संयोजक/अध्यक्ष | सम्बन्धित कानुनमा व्यवस्था भएअनुसार । |

*नोटः अन्य कानुन तथा कार्यपालिकाबाट समितिहरु बनेका भए सोसमेतको अध्यक्षता वा संयोजक भई कार्य गरिरहेको भएमा त्यस्ता जिम्मेवारीहरु पनि यसमा उल्लेख गरी राख्न सकिनेछ ।*

## ८. कार्यपालिकाको बैठकबाट निर्णय गराई सम्पादन गर्नुपर्ने केही विषयगत सूचीहरू

'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' अनुसार गाउँ कार्यपालिका र नगर कार्यपालिकाका बैठकबाटै गर्नुपर्ने केही मुख्य निर्णयहरु देहायबमोजिम छन्–

तालिका नं. १५ : गाउँ कार्यपालिका/नगर कार्यपालिकाका बैठकबाट निर्णय गर्नुपर्ने केही विषयगत सूची

| मुख्य कार्यक्षेत्र | मुख्य कार्य-जिम्मेवारी | सम्बन्धित कानुन |
|---|---|---|
| १. नीति योजना | स्थानीयस्तरका विषय-क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना कार्यक्रम र बजेट तर्जुमा तथा पारित गरी स्वीकृतिका लागि सभामा पेस गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२ ठ) |
| २. रकमान्तर | स्वीकृत वार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पुँजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ |
| ३. संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम कार्यालयबाट तयार गरिएको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन स्वीकृतिका लागि सभामा पेस गर्ने विषय । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ |

| | | |
|---|---|---|
| ४. सिफारिस गर्न सक्ने | प्रचलित कानुनले कुनै विषयमा सिफारिस गर्नका लागि कुनै निकाय तोकेकोमा बाहेक अन्य जुनसुकै विषयमा सिफारिस गर्ने अधिकार कार्यपालिकालाई हुनेछ । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०३ |
| ५. कानुन निर्माण | • गाउँपालिका तथा नगरपालिकाका ऐन सभामा पेस गर्न कार्यपालिकाको बैठकबाट स्वीकृत गर्ने<br>• ऐनको परिधिमा रही आवश्यकताअनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने । | नेपालको संविधान, २०७२ को धारा ५७(४) र<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) ठ |
| ६. सभामा पेस गर्नुपर्ने दस्तावेजको निर्णय | प्रचलित कानुनबमोजिम सभामा पेस गर्नुपर्ने विषयहरु सभामा पेस गर्नुअघि कार्यपालिकाको बैठकबाट निर्णय गर्नुपर्नेछ । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २० |
| ७. आचारसंहिता | स्थानीय जनप्रतिनिधि र कर्मचारीको आचारसंहिता पारित गरी लागू गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११२ |
| ८. योजना फरफारक | कार्यालयबाट सम्पन्न भएका योजना तथा कार्यक्रमको फरफारक गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ (२ ङ) |
| ९. आन्तरिक नियन्त्रण प्रणाली | गाउँपालिका तथा नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली स्वीकृत गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ |

| | | |
|---|---|---|
| १०. चौमासिक प्रगति प्रतिवेदनमा छलफल | प्रमुख प्रशासकीय अधिकृतबाट गाउँपालिका तथा नगरपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको १५ दिनभित्र कार्यपालिकाको बैठकमा पेस गर्न लगाउने । सो प्रतिवेदनउपर छलफल गरी पारित गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) |
| ११. राजस्व व्ययको अनुमान स्वीकृति | उपाध्यक्ष, उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट)को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेस गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१(१) |
| १२. वार्षिक अनुगमन योजना | गाउँपालिका वा नगरपालिकाको वार्षिक अनुगमन तथा मूल्याङ्कन योजना स्वीकृत गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(६) |
| १३. सभामा विधेयक प्रस्तुत गर्ने | कार्यपालिकाले गाउँपालिका तथा नगरपालिकाको अधिकारक्षेत्रका विषयमा सभामा विधेयक प्रस्तुत गर्न कार्यपालिकाका सदस्यलाई तोक्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २० |
| १४. अधिकार प्रत्यायोजन | कार्यपालिकाले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार अध्यक्ष वा प्रमुख, उपाध्यक्ष वा उपप्रमुख, वडा समितिका सदस्य, आफूअन्तर्गतका समिति, उपसमिति वा प्रमुख प्रशासकीय अधिकृत वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १८ |

| | | |
|---|---|---|
| १५. कार्यविभाजन र कार्यसम्पादन स्वीकृत | कार्यविभाजन र कार्यसम्पादन नियमावली कार्यपालिकाले स्वीकृत गरी अध्यक्ष तथा प्रमुख, उपाध्यक्ष तथा उपप्रमुख, वडा अध्यक्ष र सदस्यका काम, कर्तव्य र अधिकारसमेत तोक्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ |
| १६. न्यूनतम दर पारित | गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रका निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दर (नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय न्यूनतम पारिश्रमिकभन्दा कम नहुने गरी) तोक्नुपर्नेछ । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ |
| १७. समिति, उपसमिति वा कार्यदल गठन | कार्यपालिकाले आफ्ना काम-कारबाही व्यवस्थित गर्न आवश्यकताअनुसार कुनै सदस्यको संयोजकत्वमा समिति वा उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४ |
| १८. भगिनी सम्बन्धको निर्णय | स्थानीय तहले प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको स्वीकृति लिई विदेशका कुनै स्थानीय सरकारसँग भगिनी सम्बन्ध कायम गर्नेसम्बन्धी निर्णय गर्न सक्नेछन् । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(८) |
| १९. भवन निर्माण मापदण्ड | भवन निर्माणसम्बन्धी राष्ट्रिय मापदण्डको अधीनमा भवन निर्माणको थप मापदण्ड बनाउने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२ छ ५) |

| | | |
|---|---|---|
| २०. सडकको अधिकारक्षेत्र निर्धारण | राष्ट्रिय मापदण्डको अधीनमा रही स्थानीय सडकको थप मापदण्ड बनाउने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२ ट) |
| २१. सडक अधिकारसम्बन्धी मापदण्ड मिचेर बनेका भवन तथा संरचना भत्काउने | सडकका अधिकारक्षेत्र, मापदण्ड मिचेर बनेका भवन तथा संरचना भत्काउनेसम्बन्धी निर्णय गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४५ |
| २२. स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन नतिजा | स्थानीय तहको वित्तीय सुशासन जोखिम लेखाजोखाको नतिजामा छलफल गराउने । | स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ को दफा ५(च) |
| २३. स्थानीय तह संस्थागत क्षमता मूल्याङ्कनको नतिजा | स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कनको नतिजामा छलफल गरी अन्तिम रूप दिने । | स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्यविधि, २०७७ को दफा ५(च) |
| २४. स्थानीय आर्थिक विकास मूल्याङ्कनको नतिजा | स्थानीय आर्थिक विकास मूल्याङ्कनको नतिजामा छलफल गर्ने । | स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि २०७९ दफा ७(झ) |
| २५. बेरूजु प्रतिवेदन | अन्तिम लेखापरीक्षणको प्रतिवेदनमाथि छलफल गर्ने । | लेखापरीक्षण ऐन, २०७५ को दफा २ |
| २६. स्थानीय तहहरूबीच संयुक्त समिति गठन | • स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठनको निर्णय स्वीकृति ।<br>• अन्तरसरकार सम्झौता तथा सहमतिसम्बन्धी विषय । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६ र ११(२ ठ ४) |

## खण्ड ३

# स्थानीय कानुन तर्जुमा

## परिच्छेद ४

# स्थानीय कानुन तर्जुमा गर्दा ध्यान दिनुपर्ने विषयहरू

### १. परिचय

स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्र पर्ने विषयमा कानुन बनाई कार्यान्वयन गर्नुपर्ने हुन्छ । नेपालको संविधान, २०७२ को धारा ५७(४) मा स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लिखित विषयमा निहित रहने र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँसभा वा नगरसभाले बनाएको

**कानुन तर्जुमासम्बन्धी आधारभूत दस्तावेज**

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
२. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
३. स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५ (प्रदेश कानुन)
४. कानुन तर्जुमा दिग्दर्शन, २०६६ (नेपाल कानुन आयोग)

कानुनबमोजिम हुने व्यवस्था छ । यस प्रावधानअनुसार संविधानको अनुसूची–८ मा उल्लिखित २२ वटा एकल अधिकारका विषयमा गाउँ/नगरसभाले कानुन निर्माण गर्न सक्छन् । 'सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७'को दफा ५ मा 'सङ्घ, प्रदेश वा स्थानीय तहमध्ये एकभन्दा बढी तहको एकल अधिकारमा परेका विषयको कार्यान्वयन गर्दा वा कानुन बनाउँदा स्थानीय तहले सङ्घीय र प्रदेश कानुन-प्रतिकूल नहुने गरी कार्यान्वयन गर्नु वा कानुन बनाउनु पर्ने' उल्लेख छ । सोही ऐनको दफा १२ मा उल्लेख भएका अन्य व्यवस्था–

- स्थानीय तहले बनाएका ऐन र नियमावली स्थानीय राजपत्रमा प्रकाशित गर्नुपर्नेछ ।
- स्थानीय तहले बनाएका नीति, निर्देशिका र कार्यविधि सार्वजनिक रूपमा प्रकाशन गर्नुपर्छ ।
- स्थानीय तहले बनाएका ऐन र नियमावलीको प्रमाणीकरण प्रति सुरक्षित रूपमा अभिलेख गरी राख्नुपर्नेछ ।
- राजपत्रमा प्रकाशित सूचनाहरू राजपत्रकै स्वरूपमा आफ्नो वेबसाइटमा राखी त्यसको विद्युतीय प्रति आवश्यक सुरक्षण विधि अपनाई राख्नुपर्नेछ ।
- स्थानीय तहले बनाएका ऐन, नियमावली र अन्य कानुनको एक प्रति प्रदेश सरकारलाई समेत पठाउनुपर्छ ।

'स्थानीय सरकार सञ्चालन ऐन, २०७४'को दफा १०६(ङ) र 'सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७'को दफा १४(३) अनुसार नेपाल सरकारले स्थानीय तहका लागि आवश्यक नमुना कानुनको ढाँचा तयार गरी उपलब्ध गराउनुपर्छ । कानुनको त्यस्तो नमुनासमेतलाई आधार लिई स्थानीय तहले आफ्नो आवश्यकताबमोजिम कानुन बनाउन सक्छन् । त्यसैगरी 'सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७'को दफा १४ (२) ले 'स्थानीय तहको अधिकार सूची तथा कार्य-जिम्मेवारीमा पर्ने विषयमा कानुन, नीति तथा योजना तर्जुमा गर्दा स्थानीय तहको अनुरोध भई आएमा प्रदेश सरकारले आवश्यक सहयोग गर्न सक्ने' व्यवस्था गरेको छ । नेपाल सरकारबाट उपलब्ध स्थानीय तहसम्बन्धी केही नमुना कानुनको विवरण अनुसूची–२ मा उल्लेख छ ।

## २. साझा अधिकारको प्रयोगसम्बन्धी कानुन बनाउँदा ध्यान दिनुपर्ने विषय

नेपालको संविधान, २०७२ को अनुसूची–९ मा सङ्घ, प्रदेश र स्थानीय तहका अधिकारको साझा

सूची छ । संविधानको धारा ५७(५) ले साझा अधिकारको सूचीमा उल्लिखित अधिकारको प्रयोग संविधान र सङ्घीय कानुन, प्रदेश कानुन र गाउँसभा/नगरसभाले बनाएका कानुनबमोजिम हुने व्यवस्था गरेको छ । उल्लिखित साझा अधिकारका सूचीमा समाविष्ट विषय-क्षेत्रमा गाउँ/नगरसभाले कानुन बनाउँदा सङ्घीय र प्रदेश कानुनसँग नबाझिने गरी बनाउनुपर्नेछ । यदि बाझिएमा बाझिएको हदसम्म अमान्य हुने संवैधानिक व्यवस्था छ ।

'सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७'को दफा ४(३) बमोजिम स्थानीय तहले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानुन वा नीति बनाउँदा देहायका विषयलाई विचार गर्नुपर्छ–

(क) सङ्घ वा प्रदेशको एकल अधिकार अतिक्रमण नगर्ने

(ख) सङ्घीय र प्रदेश कानुनसँग बाझिन नहुने

(ग) राष्ट्रिय नीति वा प्राथमिकता–अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने

(घ) प्रदेशको नीति वा प्राथमिकता–अनुकूल हुने र त्यसको कार्यान्वयनमा सघाउ पुग्ने

(ङ) कुनै विषयको कार्यान्वयनमा दोहोरो नपर्ने

## ३. तोकिएको प्रक्रिया र चरण पूरा गरी कानुन बनाउनु पर्ने

कानुन तर्जुमा गर्दा तोकिएको प्रक्रिया र चरण पूरा गर्नुपर्छ । अतः स्थानीय तहले बनाउने कानुन सहभागितामूलक र पारदर्शी रूपमा सरोकारवालाको परामर्शमा बनाउनु अपरिहार्य हुन्छ । सहभागितामूलक रूपमा प्रक्रिया पूरा गरी बनाइएका स्थानीय कानुनको वैधता उच्च हुन्छ । स्थानीय कानुन बनाउँदा अवलम्बन गर्नुपर्ने सामान्य चरण देहायबमोजिम छन्–

(क) कानुन निर्माणको आवश्यकता पहिचान

(ख) कानुन मस्यौदा निर्माण

(ग) मस्यौदामा सुझाव सङ्कलन

(घ) मस्यौदामा परामर्श (गाउँ/नगरपालिकाभित्रका महाशाखा, शाखा वा निकायसँग परामर्श, साझा अधिकारका विषयमा सङ्घ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ११(६) अनुसार परामर्श)

(ङ) कार्यपालिकाबाट विधेयकको मस्यौदा स्वीकृत

(च) विधेयक सभामा दर्ता तथा प्रस्तुति

(छ) विधेयकमा छलफल र स्वीकृति ।

*नोटः 'च' र 'छ'को अन्य प्रक्रिया स्थानीय तहको कानुन निर्माण प्रक्रियासम्बन्धी प्रदेश कानुनमा उल्लेख भएबमोजिम अवलम्बन गरिनुपर्छ ।*

## ४. स्थानीय तहले कानुन बनाउँदा अपनाउनुपर्ने प्रक्रिया

१. आवश्यकता पहिचान गर्ने ।

२. विधेयकको मस्यौदा तर्जुमा गर्न कार्यपालिकाले आफ्नो पालिकाका सदस्य वा विषय विज्ञबाट विधेयक मस्यौदा तर्जुमा समिति गठन गर्ने ।

३. **परामर्शः** विधेयकको मस्यौदा तयार भएपछि त्यसमा नागरिक तथा सरोकारवालाका राय-सुझाव संकलन गर्नुपर्छ । नागरिकसँगको परामर्शमा वडा समिति परिचालन गरी वडावासीका राय-सुझाव सङ्कलन गर्न सकिनेछ । यसबाहेक स्थानीय तहले कर लगाउने विषय, स्थानीय सञ्चित कोष, स्थानीय राजस्व र व्ययको अनुमानसँग सम्बन्धित विषयमा कानुनद्वारा स्थापित समितिहरूका प्रतिवेदन र सुझाव सङ्कलन आवश्यक पर्छ ।

४. मस्यौदा तयार भएपछि त्यसलाई विधेयकको रूपमा सभामा पेस गर्ने स्वीकृतिका लागि अध्यक्ष वा प्रमुखले कार्यपालिकाको बैठकमा पेस गर्नुपर्नेछ ।

## ५. सभामा विधेयकको मस्यौदा देहायका विवरणसहित पेस गर्ने–

(क) विधेयकको उद्देश्य र कारणसहितको विवरण पेश गर्ने,

(ख) विधेयक ऐन बनेपछि आर्थिक व्ययभार हुने रहेछ भने त्यसको खर्च बेहोर्ने स्रोत खुलाइएको विस्तृत विवरणसहितको आर्थिक टिप्पणी पेश गर्ने ।

६. सभामा विधेयकको मस्यौदा पेस गर्न सभा प्रमुखले 'सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७'को दफा ८ बमोजिम सूचना प्राप्त भएको कम्तीमा दुई दिनपछिको समय तोक्ने,

७. विधेयक पेस हुने दिनभन्दा दुई दिनअगावै प्रत्येक सदस्यलाई विधेयकको प्रति उपलब्ध गराउनु पर्ने,

८. कुनै सदस्यले विधेयक पेस गर्न अनुमति माग्ने प्रस्तावको विरोध गर्न चाहेमा निजले सभामा विधेयक पेस हुने दिनभन्दा एक दिनअगावै सभाका सचिवलाई सूचना दिनु पर्ने,

९. विधेयक सभामा पेस गर्ने, सामान्य छलफल गर्ने,

१०. विधेयकमा संशोधनका लागि समय दिने,

११. सभामा विधेयकमाथि दफावार छलफल गर्ने (सभाको निर्णयले कुनै विधेयकमा थप घनिभूत छलफल आवश्यक पर्ने भए त्यस्तो विधेयक सभाको सम्बन्धित समितिमा आवश्यक छलफल, सुधार, संशोधनसमेत राखी प्रतिवेदन पेस गर्न पठाउने र प्रतिवेदन पेस भएपछि सभामा दफावार छलफलका लागि पेस गर्ने),

१२. विधेयक पारित गर्ने प्रस्ताव सभामा निर्णयार्थ पेस गर्ने,

१३. विधेयक प्रमाणीकरणका लागि अद्यावधिक प्रति तयार पार्ने,

१४. विधेयक प्रमाणीकरण र स्थानीय राजपत्रमा प्रकाशन गर्ने,

१५. विधेयक दर्ता अभिलेख राख्ने ।

स्थानीय तहले स्थानीय कानुन निर्माण गर्दा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त वा भएका आदेश, नेपालले अन्तर्राष्ट्रियस्तरमा जनाएका प्रतिबद्धता, सिमाना जोडिएको अर्को स्थानीय तहको साझा चासो र हितका विषयसमेतलाई विचार गर्नुपर्छ । सभाले संविधानको अनुसूची-९ र आर्थिक अधिकारसँग सम्बन्धित विषयमा स्थानीय कानुन निर्माण गर्दा त्यस्तो विषयमा सङ्घीय संसद् वा प्रदेशसभाले बनाएका कानुन र सङ्घबाट जारी भएका नीति, मापदण्डअनुकूल हुने गरी निर्माण गर्नुपर्नेछ । एक स्थानीय तहबाट अर्को स्थानीय तह वा प्रदेशको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा-अवरोध गर्ने वा कुनै किसिमको कर वा दस्तुर लगाउने वा त्यस्तो वस्तुको ढुवानी वा सेवा विस्तारमा भेदभाव गर्ने गरी स्थानीय कानुन निर्माण गर्नु हुँदैन । सभाले एक-आपसमा बाझिने गरी स्थानीय कानुन निर्माण गर्नु हुँदैन ।

# खण्ड ४

# समन्वय

## परिच्छेद ५

# अन्तरसरकार सम्बन्ध र समन्वय

## १. परिचय

नेपालको संविधान, २०७२ को धारा २३२ ले सङ्घ, प्रदेश र स्थानीय तहबीचको अन्तरसम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था गरेको छ । स्थानीय सरकार र सङ्घ तथा प्रदेश सरकारसँगको सम्बन्ध सहयोगात्मक/समन्वयात्मक र सहकारितामा आधारित हुनुपर्छ ।

## २. गाउँ/नगरपालिकासँग प्रदेशको अन्तरसम्बन्ध

स्थानीय तह र प्रदेश सरकारबीच विभिन्न क्षेत्रमा कार्यात्मक सम्बन्ध छन् । नेपालको संविधान, २०७२ र प्रचलित कानुनबमोजिम प्रदेश र स्थानीय तहबीच कायम गर्नुपर्ने मुख्य अन्तरसम्बन्धका प्रावधान देहायबमोजिम छन्–

## तालिका नं. १६ : गाउँ/नगरपालिकासँग प्रदेशको अन्तरसम्बन्ध

| क्र.सं | विषय | अन्तरसम्बन्ध | कानुनी व्यवस्था |
|---|---|---|---|
| १ | **प्रदेश कानुनबमोजिम हुने** | गाउँसभा र नगरसभाले अनुसूची-८ र ९ बमोजिमको सूचीमा उल्लिखित विषयमा आवश्यक कानुन बनाउने प्रक्रिया प्रदेश कानुनबमोजिम हुने । | नेपालको संविधान, २०७२ को धारा २२६ |
| २. | **गाउँ/नगरसभा, स्थानीय तहका कर्मचारी र कार्यालयसम्बन्धी व्यवस्था** | गाउँसभा र नगरसभाको सञ्चालन, बैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँसभा र नगरसभाका सदस्यले पाउने सुविधा, गाउँपालिका र नगरपालिकाका कर्मचारी तथा कार्यालयसम्बन्धी अन्य व्यवस्था प्रदेश कानुनबमोजिम हुने । | नेपालको संविधान, २०७२ को धारा-२२७ |
| ३. | **घाटा बजेट** | गाउँपालिका र नगरपालिकाले राजस्व र व्ययको अनुमान पेस गर्दा घाटा बजेट निर्माण गर्नुपर्ने भएमा सङ्घीय कानुन र प्रदेश कानुनबमोजिम घाटा पूर्ति स्रोतसमेतको प्रस्ताव पेस गर्नुपर्ने । | नेपालको संविधान, २०७२ को धारा-२३० |
| ४. | **अन्तरसम्बन्धको आधार** | सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने । | नेपालको संविधान, २०७२ को धारा-२३२ |
| ५ | **विवाद समाधान** | प्रदेश, गाउँपालिका वा नगरपालिकाबीच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद उत्पन्न भएमा प्रदेशसभाले सम्बन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्तो विवाद समाधान गर्न सक्ने र त्यसको प्रक्रिया र कार्यविधि प्रदेश कानुनबमोजिम हुने । | नेपालको संविधान, २०७२ को धारा-२३५ |

| | | | |
|---|---|---|---|
| ६ | **प्रदेशसँग सम्पर्क** | स्थानीय तहले प्रदेशसँग सम्पर्क राख्दा प्रदेशको स्थानीय तह हेर्ने मन्त्रालयमार्फत राख्नुपर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११७ |
| ७ | **वित्तीय समानीकरण अनुदान** | प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानुनबमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने । | अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा ८(२) |
| ८ | **ससर्त अनुदान** | प्रदेशले स्थानीय तहलाई प्रदेश कानुनबमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको आधारबमोजिम ससर्त अनुदान प्रदान गर्न सक्ने । | अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा ९ |
| ९ | **विशेष अनुदान र समपूरक अनुदान** | प्रदेशले स्थानीय तहलाई प्रदेश कानुनबमोजिम विशेष अनुदान र समपूरक प्रदान गर्न सक्ने । | अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० र ११ |
| ८ | **साझा अधिकारका सूचीको कानुन** | साझा अधिकारका विषयमा गाउँसभा वा नगरसभाले कानुन बनाउँदा प्रदेश कानुनसँग नबाझिने गरी बनाउनुपर्ने; गाउँसभा वा नगरसभाले बनाएको त्यस्तो कानुन प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने । | नेपालको संविधान, २०७२ को धारा ५७.६ |
| ९ | **स्थानीय तहमार्फत कार्य गर्ने** | प्रदेशले एकल वा साझा अधिकारका विषयमा कानुन बनाउँदा त्यस्तो कानुनअन्तर्गत कार्यान्वयन हुने विषयमध्ये लागत, दिगोपना र सेवा प्रवाह प्रभावकारिताको दृष्टिले स्थानीय तहबाट कार्यान्वयन गर्न उपयुक्त हुने देखिएका विषय स्थानीय तहबाट कार्यान्वयन हुने व्यवस्था गर्न सक्ने । | सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ८ |

| | | | |
|---|---|---|---|
| १० | **एकल कर प्रशासन** | प्रदेश र स्थानीय दुवै तहको एकल अधिकारमा परेका करहरु (सवारी साधन कर, घरजग्गा रजिस्ट्रेसन शुल्क, मनोरञ्जन कर, विज्ञापन कर) मध्ये तोकिएको तहले उठाई कानुनबमोजिम एक–आपसमा बाँडफाँट गर्नुपर्ने । | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, दफा ५ |
| ११ | **भगिनी सम्बन्ध** | स्थानीय तहले प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको स्वीकृति लिई विदेशका कुनै स्थानीय सरकारसँग भगिनी सम्बन्ध कायम गर्न सक्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(८) |
| १२ | **स्थायी पदपूर्ति र सेवाको सर्त प्रदेश लोकसेवा आयोगको परामर्शमा हुने** | • प्रत्येक प्रदेशमा प्रदेश लोकसेवा आयोग रहनेछन् । स्थानीय तह र स्थानीय तहको संगठित संस्थाको पदमा स्थायी नियुक्ति र ६ महिनाभन्दा बढी अवधिका लागि नियुक्ति गर्दा प्रदेश लोकसेवा आयोगको परामर्शबाट मात्र नियुक्ति गर्नुपर्नेछ । | • प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५, दफा १०(१)<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(३) |
| | | स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको सेवाका पदमा कर्मचारीका सेवा, सर्तसम्बन्धी कानुनका विषयमा प्रदेश लोकसेवा आयोगको परामर्श लिनुपर्ने । | प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५, दफा १० (२) |
| | | स्थानीय सरकारी सेवा तथा स्थानीय तहको संगठित संस्थाको सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तका विषयमा प्रदेश लोकसेवा आयोगको परामर्श लिनुपर्ने । | प्रदेश लोकसेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५, दफा १०(२) |

| | | | |
|---|---|---|---|
| १३ | **कर्मचारीको तलब प्रदेश सरकारले तोकेबमोजिम हुने** | स्थानीय सेवाका कर्मचारीको सुरू तलब स्केल प्रदेश सरकारले तोकेबमोजिम हुनेछ । प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेबमोजिम हुने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८८ |
| १४ | **स्थानीय कानुन प्रदेश तथा सङ्घमा पठाउनुपर्ने** | गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्नेछन् । यसरी बनाइएका ऐनको अधीनमा रही स्थानीय तहका कार्यपालिकाले आवश्यकताअनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछन् । यसरी बनाइएका कानुन स्थानीय राजपत्रमा प्रकाशित गरी सोको प्रति प्रदेश सरकार र नेपाल सरकारमा पठाउनुपर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ |
| | **आयव्ययको आवधिक विवरण** | प्रदेशले स्थानीय तहबाट प्राप्त विवरणसमेत समावेश गरी प्रदेशले आफ्नो आय र व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले ३० दिनभित्र नेपाल सरकार, अर्थ मन्त्रालयसमक्ष पेस गर्नुपर्ने । | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, दफा ३२(२) |
| १५ | **स्थानीय तहका पदाधिकारीको सम्पत्ति विवरण प्रदेशमा पठाउनु पर्ने** | गाउँपालिका तथा नगरपालिकाका पदाधिकारीले पदधारण गरेको र प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो र सदस्यको नाममा रहेको चल-अचल सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण सम्बन्धित स्थानीय तहमा पेस गर्नुपर्नेछ । यसरी पेस भएको सम्पत्ति विवरण सम्बन्धित स्थानीय तहले अभिलेख राखी ३० दिनभित्र प्रदेश सरकारसमक्ष पठाउनुपर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११० |

| | | | |
|---|---|---|---|
| १६ | **प्रदेशले सहयोग गर्नुपर्ने** | स्थानीय तहको अधिकार सूची तथा कार्य-जिम्मेवारीमा पर्ने विषयमा कानुन, नीति, योजना तर्जुमा गर्दा स्थानीय तहबाट अनुरोध भएको अवस्थामा प्रदेश सरकारले आवश्यक सहयोग गर्न सक्ने । | (सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा १४(२) |
| १७ | **समन्वय र सहयोग** | नेपाल सरकार, प्रदेश वा स्थानीय तहले आपसमा समन्वय गरी आफ्नो जिम्मेवारीभित्रको राजस्व एक-अर्कामार्फत उठाउन वा कुनै खास प्रकारको राजस्व एकद्वार प्रणालीबाट उठाउने व्यवस्था गर्न सक्ने । | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, दफा ३६(२) |
| | | नेपाल सरकार, प्रदेश वा स्थानीय तहले राजस्वका दर यथासम्भव समान रूपमा कायम गर्ने वा तत्सम्बन्धी अन्य विषयमा आवश्यक समन्वय गर्न सक्ने । | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, दफा ३६(३) |
| १८ | **प्रदेश समन्वय परिषद्** | प्रदेश समन्वय परिषद्ले प्रदेशभित्र प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजना वा साझा अधिकारका विषयको कार्यान्वयनमा प्रदेश तथा स्थानीय तह र एकभन्दा बढी स्थानीय तहहरूबीच समन्वय र अन्तरसम्बन्ध कायम गर्ने । | सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७, दफा ४(३) र दफा २५६ |
| १९ | **कानुन निर्माण (स्थानीय तह)** | स्थानीय तहले अनुसूची-९ का साझा अधिकारसम्बन्धी कुनै कानुन वा नीति बनाउँदा सङ्घीय र प्रदेश कानुनसँग नबाझिने गरी तर्जुमा गर्नुपर्नेछ । नेपाल सरकार र सम्बन्धित प्रदेश सरकारका विषयगत मन्त्रालय वा नियकासँग समेत समन्वय र परामर्श गर्नुपर्ने । | सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७, दफा ४(३) र दफा ११(६) |

| | | | |
|---|---|---|---|
| **२०** | **कानुन निर्माण (प्रदेश)** | प्रदेशले अनुसूची-९ का साझा अधिकारसम्बन्धी कुनै कानुन वा नीति बनाउँदा आफ्नो प्रदेशभित्रका स्थानीय तहसँग समन्वय र परामर्श गर्नुपर्ने । | सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७, दफा ११(७) |
| **२१** | **व्यवस्थापकीय सहकार्य** | सङ्घीय संसद्, प्रदेशसभा तथा स्थानीय तहले व्यवस्थापन विधि तथा काम-कारबाहीमा सामञ्जस्यता तथा एकरूपता कायम गर्न सहकार्य गर्न सक्नेछन् । यस प्रयोजनका लागि सङ्घीय संसद्, प्रदेशसभा तथा स्थानीय तहले आवश्यकताअनुसार सूचना आदानप्रदान, छलफल वा परामर्श गर्न सक्ने । | सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७, दफा १५ |

## ३. सङ्घीय सरकारसँग गाउँपालिका तथा नगरपालिकाको अन्तरसम्बन्ध

स्थानीय तहले आफ्नो विधायिकी, कार्यकारिणी, प्रशासनिक तथा वित्तीय व्यवस्थापन विषयका साथै विषय-क्षेत्रगत कार्यसम्पादन गर्दा सङ्घीय सरकारसँग कायम गर्नुपर्ने अन्तरसम्बन्धका मुख्य व्यवस्था देहायबमोजिम छन्–

तालिका नं. १७ : सङ्घीय सरकारसँग गाउँ/नगरपालिकाको अन्तरसम्बन्ध

| क्र.सं. | विषय | अन्तरसम्बन्ध | संवैधानिक/कानुनी व्यवस्था |
|---|---|---|---|
| १ | **राष्ट्रिय सभाको निर्वाचक मण्डलको भूमिका** | सङ्घीय कानुनबमोजिम प्रत्येक प्रदेशबाट ८ जनाका दरले कुल ५६ जना राष्ट्रिय सभा सदस्य निर्वाचित गर्न प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डल हुने । | नेपालको संविधान, २०७२ को धारा ८६<br>राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ४ |

| | | | |
|---|---|---|---|
| २ | **राष्ट्रिय आर्थिक नीतिको पालना** | स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पुँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानुन बनाई कर लगाउन सक्ने । | नेपालको संविधान, २०७२ को धारा २२८ |
| ३ | **घाटा बजेट** | स्थानीय तहको घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासनसम्बन्धी व्यवस्था सङ्घीय कानुनअनुसार हुने । | नेपालको संविधान, २०७२ को धारा ५९(७) |
| | | नेपालको संविधानको धारा ५९(७) बमोजिम गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले राजस्व र व्ययको अनुमान पेस गर्दा घाटा बजेट निर्माण गर्नुपर्ने भएमा सङ्घीय कानुन र प्रदेश कानुनबमोजिम घाटा पूर्ति गर्ने स्रोतसमेतको प्रस्ताव गर्नुपर्ने । | नेपालको संविधान, २०७२ को धारा २३० |
| ४ | **कार्यकारिणी अधिकार** | स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र सङ्घीय कानुनको अधीनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित रहने । | नेपालको संविधान, २०७२ को धारा ११४ |

| | | | |
|---|---|---|---|
| ५ | **निर्देशन दिन सक्ने** | नेपाल सरकारले आफैं वा प्रदेश सरकारमार्फत गाउँ कार्यपालिका वा नगर कार्यपालिकालाई संविधान र सङ्घीय कानुनबमोजिम आवश्यक सहयोग गर्न र निर्देशन दिन सक्ने । त्यस्तो निर्देशनको पालन गर्नु गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कर्तव्य हुने । | नेपालको संविधान, २०७२ को धारा २३२(८) |
| ६ | **बजेट पेस गर्ने समय** | स्थानीय तहले बजेट पेस गर्ने समय सङ्घीय कानुनबमोजिम हुने । | नेपालको संविधान, २०७२ को धारा ५९(३) |
| ७ | **साझा अधिकारका कानुन निर्माण** | स्थानीय तहले अनुसूची-९ का साझा अधिकारसम्बन्धी कुनै कानुन वा नीति बनाउँदा सङ्घीय र प्रदेश कानुनसँग नबाझिने गरी तर्जुमा गर्नुपर्ने । नेपाल सरकार र सम्बन्धित प्रदेश सरकारका विषयगत मन्त्रालय वा नियकासँग समेत समन्वय र परामर्श गर्नु पर्ने । | सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७, दफा ४(३) र दफा ११(६) |
| | | प्रदेशले अनुसूची-९ का साझा अधिकारसम्बन्धी कुनै कानुन वा नीति बनाउँदा आफ्नो प्रदेशभित्रका स्थानीय तहसँग समन्वय र परामर्श गर्नु पर्ने । | सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७, दफा ११(७) |

| | | | |
|---|---|---|---|
| | **आयोजना तर्जुमा र कार्यान्वयन** | सङ्घले राष्ट्रियस्तर वा राष्ट्रिय महत्त्वका, एकभन्दा बढी प्रदेशमा कार्यान्वयन गर्नुपर्ने तथा जटिल प्राविधिक क्षमता र ठूलो लगानी आवश्यक पर्ने प्रकृतिका आयोजनाहरु प्रदेश वा स्थानीय तहमार्फत कार्यान्वयन हुने गरी तर्जुमा गर्न सक्ने । त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने । | सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७, दफा १३(१ र ५) |
| ८ | **साझा कर** | साझा सूचीभित्रका र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने तथा राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरेबमोजिम हुने । | नेपालको संविधान, २०७२ को धारा ६०(१) |
| ९ | **स्थानीय तहको नाम र केन्द्र नेपाल सरकारले तोक्ने** | नेपाल सरकारले प्रदेश सरकारको परामर्शमा गाउँपालिका तथा नगरपालिकाको नाम र केन्द्र तोक्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ |
| १० | **वडा गाभ्ने** | नेपाल सरकारले गाउँपालिका वा नगरपालिकाको कुनै वडालाई सिमाना जोडिएको अर्को गाउँपालिका वा नगरपालिकामा समावेश गर्न सक्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६ |

| | | | |
|---|---|---|---|
| ११ | **वडाको सङ्ख्या र सिमाना हेरफेर** | नेपाल सरकारले वडाको सङ्ख्या र सिमाना आवश्यकताअनुसार हेरफेर गर्न सक्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६ |
| १२ | **वडाको सङ्ख्या, सिमाना र केन्द्र** | नेपाल सरकारले गाउँपालिका तथा नगरपालिकामा रहने वडाको सिमाना, सङ्ख्या र केन्द्र निर्धारण गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५ |
| १३ | **विशेष कार्यक्रमको प्रक्रिया** | नेपाल सरकार तथा प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी कार्यान्वयन गर्न प्रक्रिया निर्धारण गरेको अवस्थामा गाउँपालिका तथा नगरपालिकाले सोही प्रक्रियाबमोजिम ती कार्यक्रम कार्यान्वयन गर्नुपर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ |
| १४ | **नेपाल सरकार वा प्रदेश सरकारसँगको संयुक्त लगानी** | गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँगको संयुक्त लगानी वा सार्वजनिक-निजी साझेदारी (पीपीपी)मा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (८) |
| १५ | **अन्तर्राष्ट्रिय संस्थाको समन्वय** | अन्तराष्ट्रिय गैरसरकारी सङ्घसंस्थाले स्थानीय तहसँगको समन्वयमा काम गर्दा त्यस्तो कामका लागि नेपाल सरकारको स्वीकृति लिनुपर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ |

| | | | |
|---|---|---|---|
| १६ | **राष्ट्रिय तथा प्रादेशिक मापदण्ड अवलम्बन** | गाउँपालिका तथा नगरपालिकाले सडक, भौतिक पूर्वाधार, एकीकृत बस्ती विकास तथा सहरी योजना, भू-उपयोग योजना, उपभोग्य सेवा, सामाजिक सेवा तथा पूर्वाधार निर्माण, सञ्चालन वा व्यवस्थापन गर्दा नेपाल सरकार र प्रदेश सरकारले तोकेको सङ्घीय तथा प्रादेशिक मापदण्ड अवलम्बन गर्नुपर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४४ |
| १७ | **राष्ट्रिय भवन संहिता पालना** | गाउँपालिका तथा नगरपालिकाले भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसार राष्ट्रिय भवन संहिता पालना गर्नु/गराउनुपर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४३ |
| १८ | **सडक अधिकारक्षेत्र** | गाउँपालिका तथा नगरपालिकाले राष्ट्रिय तथा प्रदेशस्तरीय सडकको दायाँ-बायाँ अधिकार (राइट अफ वे)को मापदण्ड पालना गर्नु/गराउनुपर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४५ |
| १९ | **ऋण लिने व्यवस्था** | गाउँपालिका तथा नगरपालिकाले ऋण लिँदा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसको सीमाभित्र रहने र ऋण लिनेसम्बन्धी अन्य व्यवस्था सङ्घीय कानुनबमोजिम हुने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६८ |

| | | | |
|---|---|---|---|
| २० | **आन्तरिक ऋण लिने व्यवस्था** | स्थानीय तहले आन्तरिक ऋण लिनुअघि नेपाल सरकारको सहमति लिनुपर्ने । | अन्तरसरकरी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ |
| २१ | **नेपाल सरकारको आर्थिक तथा वित्तीय नीति पालना** | स्थानीय तहले आर्थिक तथा वित्तीय नीति तर्जुमा गर्दा नेपाल सरकारको आर्थिक तथा वित्तीय नीति अनुसरण गर्नुपर्ने । | अन्तरसरकरी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २५ |
| २२ | **आय-व्ययको वर्गीकरण र खर्च शीर्षक** | १) गाउँपालिका तथा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र वर्गीकरण तथा खर्च शीर्षकसम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ |
| | | २) स्थानीय तहले आय-व्ययको वर्गीकरण र लेखाङ्कन महालेखानियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत भएको ढाँचामा तयार गर्नुपर्ने । | अन्तरसरकरी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २५ |
| २३ | **सार्वजनिक खरिद ऐनको पालना** | गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक खरिद गर्नुपर्दा सङ्घीय सार्वजनिक खरिद ऐनबमोजिम गर्नुपर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ |

| | | | |
|---|---|---|---|
| २४ | **कारोबारको लेखा ढाँचा** | १) गाउँपालिका तथा नगरपालिकाको कारोबार, आय-व्ययको लेखाप्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण तोकिएबमोजिम हुने ।<br><br>२) स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखानियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नुपर्ने ।<br><br>३) गाउँपालिका तथा नगरपालिकाले स्थानीय सञ्चित कोषमा भएको आय-व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी सङ्घीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ |
| २५ | **प्रतिवेदन** | स्थानीय तहले आय र व्ययको चौमासिक विवरण त्यस्तो अवधि समाप्त भएको मितिले १५ दिनभित्र अर्थ मन्त्रालय र प्रदेशसमक्ष पेस गर्नुपर्ने । तोकिएको अवधिभित्र यस्तो विवरण पेस हुन नआएमा नेपाल सरकारले स्थानीय तहलाई उपलब्ध गराउने अनुदान रकम रोक्का गर्न सक्ने । | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३ |

| | | | |
|---|---|---|---|
| २६ | **अन्तिम लेखापरीक्षण** | स्थानीय तहले आफ्नो आय तथा व्ययको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट गराउनुपर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ |
| २७ | **सूचना-प्रविधिको ढाँचा** | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहको आर्थिक कार्यप्रणाली र प्रशासनिक काम-कारबाहीमा एकरूपता कायम गर्न तथा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सूचना-प्रविधिको ढाँचा तोक्न सक्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८० |
| २८ | **प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति** | प्रमुख प्रशासकीय अधिकृतको नियुक्ति कानुनबमोजिम हुने । नियुक्त नभएसम्मका लागि नेपाल सरकारले निजामती सेवाका कुनै अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतको रूपमा खटाउने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ |
| २९ | **स्थानीय सेवाको गठन** | १) स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाका सर्त तथा सुविधासम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड सङ्घीय कानुनबमोजिम हुने ।<br>२) सङ्घ तथा प्रदेशले स्थानीय सेवाका कर्मचारीको अभिलेख तथा विवरण माग गरेमा उपलब्ध गराउनु स्थानीय तहको कर्तव्य हुने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ |

| | | | |
|---|---|---|---|
| ३० | **कामजा पठाउन सक्ने** | नेपाल सरकारले स्थानीय तहको मागका आधारमा उपयुक्त देखिए बढीमा दुई वर्षका लागि स्थानीय तहबाटै तलब-भत्ता लिने गरी निजामती सेवाका कुनै कर्मचारीलाई काजमा खटाउन सक्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८९ |
| ३१ | **अचल सम्पत्ति बेचबिखन** | गाउँपालिका तथा नगरपालिकाले आफ्नो नाममा रहेको अचल सम्पत्ति नेपाल सरकारको स्वीकृति नलिई बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण गर्न नपाउने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ |
| ३२ | **स्थानीय कानुन नेपाल सरकारमा पठाउनु पर्ने** | गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा बनाएका ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड स्थानीय राजपत्रमा प्रकाशित गरी यसको प्रति प्रदेश सरकार तथा नेपाल सरकारमा पठाउनुपर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ |
| ३३ | **नमुना मापदण्ड उपलब्ध गराउने** | १) नेपाल सरकारले गाउँपालिका तथा नगरपालिकाका लागि आवश्यक नमुना कानुनको ढाँचा उपलब्ध गराई सहयोग गर्नुपर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०६ |
| | | २) नेपाल सरकारले कानुन बनाउन स्थानीय तहलाई नमुना कानुनको मस्यौदा तयार गरी उपलब्ध गराउन सक्ने । | सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा १४(३) |

| | | | |
|---|---|---|---|
| ३४ | **बजेट सीमा तथा मार्गदर्शन** | गाउँपालिका तथा नगरपालिकाको वार्षिक योजना तथा बजेट तर्जुमा प्रक्रिया प्रारम्भ हुने समयअगावै सङ्घीय सरकार र प्रदेश सरकारको बजेट सीमा र राष्ट्रिय तथा प्रदेशको प्राथमिकता, मापदण्डसहितको मार्गदर्शन उपलब्ध गराउनु पर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०६ |
| ३५ | **वित्तीय हस्तान्तरण**<br>**(क) अनुदान** | नेपाल सरकारले स्थानीय तहलाई समानीकरण, ससर्त, समपूरक र विशेष अनुदान वितरण गर्ने । | नेपालको संविधान, २०७२ को धारा ६०<br>अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८,९,१०,११ |
| | **(ख) राजस्व बाँडफाँट** | नेपाल सरकारले सङ्कलन गरेको राजस्व (मूल्य अभिवृद्धि कर तथा अन्त शुल्क र प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी) सङ्घ, प्रदेश र स्थानीय तहमा न्यायोचित वितरण गर्ने । | नेपालको संविधान, २०७२ को धारा ६०<br>अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ र ७ |

| | | | |
|---|---|---|---|
| ३६ | **राजस्व एकद्वार प्रणाली सम्बन्धमा समन्वय र सहयोग** | नेपाल सरकार, प्रदेश वा स्थानीय तहले आपसमा समन्वय गरी आफ्नो जिम्मेवारीभित्रको राजस्व एक-अर्कामार्फत उठाउन वा कुनै खास प्रकारको राजस्व एकद्वार प्रणालीबाट उठाउने व्यवस्था गर्न सक्ने । | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, दफा ३६(२) |
| | | नेपाल सरकार, प्रदेश वा स्थानीय तहले राजस्वका दर यथासम्भव समान रूपमा कायम गर्ने वा तत्सम्बन्धी अन्य विषयमा आवश्यक समन्वय गर्न सक्ने । | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, दफा ३२(३) |
| ३७ | **निर्देशन पालना गर्नुपर्ने** | नेपाल सरकारले संविधानको धारा २३२ को उपधारा ८ बमोजिम दिएको निर्देशन पालना गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११४ |
| ३८ | **सम्पर्क मन्त्रालय** | स्थानीय तहले नेपाल सरकारसँग सम्पर्क राख्दा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत राख्नुपर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११७ |
| ३९ | **परामर्श** | स्थानीय तहले अनुसूची-९ बमोजिमका विषयमा नीति बनाउँदा सङ्घ र प्रदेशका विषयगत मन्त्रालयसँग परामर्श गर्नुपर्ने । | सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ११(६) |

| | | | |
|---|---|---|---|
| ४० | **वैदेशिक अनुदान वा सहयोग** | स्थानीय तहले नेपाल सरकारको स्वीकृतिबिना कुनै पनि किसिमका वैदेशिक अनुदान/सहयोग लिन, वैदेशिक अनुदान/सहयोगमा कुनै योजना वा कार्यक्रम कार्यान्वयन गर्न/गराउन नसक्ने । | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १२ |
| ४१ | **नेपाल सरकारले सहयोग गर्नुपर्ने** | स्थानीय तहको अधिकारसूची तथा कार्य-जिम्मेवारीमा पर्ने विषयमा कानुन, नीति, योजना तर्जुमा गर्दा स्थानीय तहबाट अनुरोध भएको अवस्थामा नेपाल सरकारले आवश्यक सहयोग गर्न सक्ने । | सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा १४(१) |
| ४२ | **व्यवस्थापकीय सहकार्य** | सङ्घीय संसद्, प्रदेशसभा तथा स्थानीय तहले व्यवस्थापन विधि तथा काम-कारबाहीमा सामञ्जस्यता तथा एकरूपता कायम गर्न सहकार्य गर्न सक्ने । यस प्रयोजनका लागि सङ्घीय संसद्, प्रदेशसभा तथा स्थानीय तहले आवश्यकताअनुसार सूचना आदानप्रदान, छलफल वा परामर्श गर्न सक्ने । | सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७, दफा १५ |

## ४. जिल्ला समन्वय समितिसँग गाउँ/नगरपालिकाको अन्तरसम्बन्ध

नेपालको संविधान, २०७२ मा जिल्ला सभा र जिल्ला समन्वय समितिसँग देहायबमोजिमको अन्तरसम्बन्ध र समन्वय कायम गर्नुपर्ने व्यवस्था छ–

तालिका नं. १८ : जिल्ला समन्वय समितिसँग गाउँ/नगरपालिकाको अन्तरसम्बन्ध

| क्र.सं. | विषय | मुख्य व्यवस्था | कानुनी व्यवस्था |
|---|---|---|---|
| १ | समन्वय | जिल्लाभित्रका सङ्घीय र प्रादेशिक सरकारी कार्यालय तथा गाउँपालिका र नगरपालिकाबीच समन्वय | • नेपालको संविधान, २०७२ को धारा २२० (७) (क), (ग)<br>• स्थानीय सरकार सञ्चालन ऐनको दफा ९२ |
| | | जिल्लाभित्रका गैरसरकारी संस्थाहरूको विकास-निर्माण कार्यको अनुगमन गर्दै सुझाव र मार्गदर्शन प्रदान गर्ने । जिल्लाभित्रका विकास-निर्माण कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घसंस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२(१) (ङ) |
| | | विकास निर्माणका विषय पहिचान गर्ने तथा व्यवस्थापन गर्न जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाबीच आवश्यक समन्वय गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ (१) (क) |
| २ | विवाद व्यवस्थापन | जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच कुनै विवाद उत्पन्न भए समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ (१) (ख) र (छ) |

| | | | |
|---|---|---|---|
| ३ | **सहजीकरण र मूल्याङ्कन** | • स्थानीय तहको क्षमता विकासमा प्रदेश र सङ्घसँग समन्वय<br>• स्थानीय तहको क्षमता विकासमा सहजीकरण | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२<br>• प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम |
| | | स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कनमा गुणस्तर सुनिश्चितता | स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्यविधि, २०७७ को दफा १७ |
| | | स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन | स्थानीय तह वित्तीय सुशासन जोखिम स्व-मूल्याङ्कन कार्यविधि, २०७७ को दफा ४ |
| | | स्थानीय तहको आर्थिक विकास मूल्याङ्कन | स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ को दफा ४ |
| ४ | **अनुगमन** | जिल्लाभित्रका विकास-निर्माण कार्यमा सन्तुलन भए/नभएको अध्ययन, अनुसन्धान तथा अनुगमन गरी सम्बन्धित निकाय र गाउँपालिका तथा नगरपलिकालाई सुझाव दिने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ |
| ५ | **समीक्षा** | जिल्लाभित्रका विकास-निर्माण कार्यलाई प्रभावकारी बनाउन जिल्लाका सङ्घीय सांसद र प्रदेशसभा सदस्य आमन्त्रण गरी वर्षको कम्तीमा एकपटक समीक्षा कार्यक्रममार्फत सुझाव लिने । | नेपालको संविधान, २०७२ को धारा २२० (७) (घ) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ (१ ञ) |

### जिल्ला समन्वय समितिको समन्वयात्मक भूमिका

जिल्ला समन्वय समितिलाई जिल्लाभित्रका गाउँ/नगरपालिकाबीच समन्वय गर्ने, विकास-निर्माण कार्यको अनुगमन गर्ने, जिल्लामा रहने सङ्घीय र प्रदेश सरकारी कार्यालय, गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने तथा प्रदेश कानुनबमोजिमका अन्य काम गर्ने संवैधानिक जिम्मेवारी छ ।

## ५. स्थानीय तहहरूबीच समन्वय र अन्तरसम्बन्ध

गाउँपालिका र नगरपालिकाले सङ्घ तथा प्रदेशका साथै कतिपय साझा सरोकार र हितका विषयमा एक-अर्को गाउँ/नगरपालिकासँग परस्पर सम्बन्ध राख्नुपर्ने हुन्छ । कतिपय विषयमा संयुक्त योजना तर्जुमा तथा कार्यान्वयन हुन सक्छन् भने कतिपय साझा लगानीका विषय हुन्छन् । यसका लागि आपसमा समन्वय गर्नुपर्ने आवश्यकता पर्छ । यस सम्बन्धमा प्रचलित कानुनले देहायबमोजिम व्यवस्था गरेको छ–

तालिका नं. १९: स्थानीय तहहरूबीच समन्वय र अन्तरसम्बन्ध

| क्र.सं. | विषय | अन्तरसम्बन्ध | संवैधानिक/कानुनी व्यवस्था |
|---|---|---|---|
| १. | साझेदारी वा संयुक्त लगानी | गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा अन्य गाउँपालिका तथा नगरपालिकासँग साझेदारी, सम्झौता तथा संयुक्त व्यवस्थापन गर्न सक्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६ |
| २. | राजस्वका दर निर्धारणमा समन्वय | स्थानीय तहले राजस्वका दर यथासम्भव समान रूपमा कायम गर्ने वा तत्सम्बन्धी अन्य विषयमा आवश्यक समन्वय गर्न सक्ने । | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, दफा ३६(३) |
| ३. | प्रदेश समन्वय परिषद्मार्फत समन्वय | स्थानीय तहबाट सञ्चालन हुने विकास आयोजना तथा साझा अधिकारका विषयमा स्थानीय तहबीच सहकार्य गरी प्रदेश समन्वय परिषद्बाट निरूपण गरिने । | सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७, दफा २५ |

## ६. प्रमुख-उपप्रमुख र अध्यक्ष-उपाध्यक्षबीचको अन्तरसम्बन्ध र समन्वय

स्थानीय तहमा उपप्रमुख र उपाध्यक्ष निर्वाचित नेतृत्वका दृष्टिले प्रमुख र अध्यक्षपछिको स्थानमा हुन्छन् । संविधान र कानुनले उपप्रमुख/उपाध्यक्षका काम, कर्तव्य र जिम्मेवारी निर्धारण गरेका छन् । मूलतः उपप्रमुख/उपाध्यक्षको महत्त्वपूर्ण जिम्मेवारी प्रमुख/अध्यक्षलाई सहयोग पुऱ्याउनु हो । उपप्रमुख/उपाध्यक्षले आफ्नो जिम्मेवारी सफलतापूर्वक निर्वाह गर्न सकेमा नै प्रमुख/अध्यक्षका काम र जिम्मेवारी निर्वाहमा सहजता आउँछ । प्रमुख/अध्यक्षले उपप्रमुख/उपाध्यक्षसँग समन्वय र सहकार्य गर्ने प्रमुख विषय-क्षेत्र यसप्रकार छन्–

तालिका नं. २०: प्रमुख-उपप्रमुख र अध्यक्ष-उपाध्यक्षबीचको अन्तरसम्बन्ध र समन्वय

| क्र.सं. | विषय क्षेत्र | विवरण | कानुनी व्यवस्था |
|---|---|---|---|
| १ | **कामको रेखदेख**: गाउँ/नगरपालिकाका समिति, उपसमिति र वडा समितिका कामको रेखदेख | कानुनतः उपाध्यक्षको संयोजकत्वमा राजस्व परामर्श, अनुगमन, गुनासो, बजेट तथा कार्यक्रम तर्जुमा, गैसस समन्वय, उपभोक्ता हित संरक्षणलगायतका समिति छन् । यसका अतिरिक्त गाउँ/नगर कार्यपालिकाबाट स्वीकृत कानुनअनुसार पनि समिति र उपसमिति गठन हुने गर्छन् । यस्ता समितिका कामको रेखदेख गर्दै उपाध्यक्ष/उपप्रमुखलाई सल्लाह र उत्प्रेरणा दिई सहयोग पुऱ्याउने जिम्मेवारी अध्यक्ष/प्रमुखको रहन्छ । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ (४-क-१०) |
| २ | **काजमा खटाउने**: उपप्रमुख/उपाध्यक्ष तथा कार्यपालिका सदस्यलाई काजमा खटाउने | आवश्यकताअनुसार **उपप्रमुख/उपाध्यक्षलाई विभिन्न कार्यक्रम तथा निकायमा पालिकाको तर्फबाट प्रतिनिधित्व गर्न तथा अवलोकनका लागि काजमा खटाउने** जिम्मेवारी प्रमुख/अध्यक्षमा रहन्छ । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ (४-क-७) |

| | | | |
|---|---|---|---|
| ३ | **कार्यवाहक दिने**: ७ दिनभन्दा बढी समय गाउँपालिका वा नगरपालिकामा अनुपस्थिति हुने भएमा उपप्रमुख वा उपाध्यक्षलाई कार्यभार दिने | गाउँ/नगर कार्यपालिकाले नागरिक सेवाका नियमित काम सम्पादन गर्नुपर्ने हुन्छ । स्थानीय तहका अध्यक्ष वा प्रमुखको जिम्मेवारी रिक्त हुँदा नियमित कामसँगै निर्णय प्रक्रिया अवरूद्ध हुनु हुँदैन । त्यसैले, गाउँ/नगरपालिकामा ७ दिनभन्दा बढी समय अनुपस्थिति हुने भए **उपप्रमुख वा उपाध्यक्षलाई कार्यभार दिनुपर्ने** व्यवस्था कानुनले गरेको छ । उपप्रमुख वा उपाध्यक्ष पनि अनुपस्थित हुने भए कुनै सदस्यलाई कार्यभार दिनुपर्ने हुन्छ । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ (४-क-१२) |
| ४ | **अधिकार प्रत्यायोजन**: आफूलाई प्राप्तमध्ये केही अधिकार कुनै सदस्य वा कर्मचारीलाई प्रत्यायोजन गर्न सकिने | (क) प्रमुख/अध्यक्षले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार कुनै सदस्य वा उपप्रमुखलाई प्रदान गर्न सक्छन् ।<br><br>(ख) **कार्यपालिकाले** आफूलाई प्राप्तमध्ये केही अधिकार अध्यक्ष वा प्रमुख, उपाध्यक्ष वा उपप्रमुख, वडा समिति सदस्य, आफूअन्तर्गतका समिति, उपसमिति वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्छ ।<br><br>(ग) प्रमुख वा उपप्रमुख, अध्यक्ष वा उपाध्यक्षले केही अधिकार कुनै सदस्य वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्छन् ।<br><br>(घ) वडा समिति वा वडा अध्यक्षले कुनै सदस्य वा कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ (४-क-८) |

| | | | |
|---|---|---|---|
| ५ | **नेतृत्व विकास** | गाउँ/नगरपालिकाका उपाध्यक्ष/उपप्रमुखले सम्बन्धित गाउँ/नगरपालिकाका अध्यक्ष/प्रमुखको अनुपस्थितिमा अध्यक्ष वा प्रमुखको जिम्मेवारी सम्हाल्नुपर्छ । प्रमुख/अध्यक्षको संयोजकत्वका अधिकांश समितिमा उपप्रमुख/उपाध्यक्षसमेत रहने भएकाले उनीहरूको नेतृत्व क्षमता र कार्यसम्पादन जति प्रभावकारी हुन्छ, त्यति नै प्रमुख/अध्यक्षले काम गर्न सहज हुन्छ । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ (ख) |

## ७. गाउँ/नगरपालिकाका अध्यक्ष/प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीचको सम्बन्ध र समन्वय

### प्रमुख प्रशासकीय अधिकृतको भूमिका

'स्थानीय सरकार सञ्चालन ऐन, २०७४'को दफा १६(४.क.६)ले प्रमुख/अध्यक्षका काम, कर्तव्य र अधिकारमा 'कार्यपालिकाका दैनिक कार्यको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने' भनेको छ । निजले कर्मचारीहरूको व्यवस्थापन र नियन्त्रण गर्ने तथा उनीहरूको काज र बिदा स्वीकृत गर्ने भएकाले प्रमुख वा अध्यक्षसँग निकट समन्वय र सम्बन्धमा रही कार्यसम्पादन गर्नुपर्ने हुन्छ । प्रमुख प्रशासकीय अधिकृत र पालिका प्रमुखबीच सुमधुर सम्बन्ध हुँदा मात्र स्थानीय तहमा प्रभावकारी कार्यसम्पादन सम्भव हुन्छ ।

'स्थानीय सरकार सञ्चालन ऐन, २०७४'को दफा ८४ ले गाउँ/नगरपालिकामा एक प्रमुख प्रशासकीय अधिकृत रहने व्यवस्था गरेको छ । प्रमुख प्रशासकीय अधिकृत र नगरपालिका प्रमुख तथा गाउँपालिका अध्यक्षबीच दैनन्दिन तथा निरन्तर रूपमा देहायका विषयमा आवश्यक समन्वय र सहकार्य हुनुपर्ने व्यवस्था छ–

तालिका नं. २१ : प्रमुख प्रशासकीय अधिकृतले प्रमुख/अध्यक्षसँग समन्वय गर्नुपर्ने क्षेत्र

| क्र.सं. | समन्वय र अन्तरसम्बन्धका क्षेत्र | कानुनी व्यवस्था |
|---|---|---|
| १ | सभा र कार्यपालिकाको निर्णय कार्यान्वयन | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ |
| २ | वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन | |
| ३ | आर्थिक कारोबारको हिसाब तथा अभिलेख दुरूस्त लेखापरीक्षण, बेरूजु फर्छ्योट | |
| ४ | आयोजनाहरूको फरफारक | |
| ५ | गाउँ/नगरपालिकाका चल-अचल सम्पत्तिको संरक्षण, लगत अद्यावधिक | |
| ६ | कार्यपालिका तथा सभाको बैठकसम्बन्धी आवश्यक कार्य | |
| ७ | कार्यपालिकाका निर्णय प्रमाणीकरण, सभा र कार्यपालिकाका निर्णयको अभिलेख संरक्षण | |
| ८ | न्यायिक समितिबाट भएको मिलापत्र तथा निर्णयसम्बन्धी मिसिल संरक्षण | |
| ८ | प्रशासकीय तथा आर्थिक विषय | |
| ९ | सार्वजनिक खरिद योजना तयार गरी खरिदसम्बन्धी कार्य गर्ने/गराउने | |
| १० | सभा वा कार्यपालिकाले तोकेका अन्य कार्यसम्पादन गर्ने | |
| ११ | स्रोत अनुमान तथा बजेट निर्धारण समितिले निर्धारण गरेअनुसार विषयगत महाशाखा, शाखा तथा वडा समितिहरूलाई बजेट सिलिङ वितरण | |
| १२ | संगठन संरचना दरबन्दी पुनरावलोकन | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ |
| १३ | • प्रमुख प्रशासकीय अधिकृतलाई खर्चको अख्तियारी<br>• प्रमुख प्रशासकीय अधिकृतद्वारा शाखा प्रमुख र वडा सचिवलाई अख्तियारी | |

## ८. प्रमुख वा अध्यक्ष र वडा समितिबीचको सम्बन्ध र समन्वय

नागरिकको नजिकको संरचनाका रूपमा गाउँपालिका र नगरपालिकाअन्तर्गत वडा समिति रहन्छन् । समितिको कार्यालयलाई वडा कार्यालय भनिन्छ । वडा समितिका सबै सदस्य सभाका पनि सदस्य हुन्छन् । त्यस्तै, सभाका २ सदस्य न्यायिक समितिमा रहन्छन् । वडास्तरमा मेलमिलाप केन्द्र गठन गर्न सक्ने भएकाले वडा र गाउँ/नगरपालिकाबीच कार्यपालिकीय, व्यवस्थापकीय र विवाद निरूपणको सम्बन्ध हुन्छ ।

**वडा समितिका काम, कर्तव्य र अधिकार**

वडा कार्यालयहरु गाउँ/नगरपालिका विस्तारित संरचना हुन् । 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४'ले निम्नबमोजिमका विषयमा वडा समितिका काम, कर्तव्य र अधिकार तोकेको छ–

(क) वडाभित्रका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन

(ख) तथ्याङ्क अध्यावधिक तथा संरक्षण

(ग) विकास-निर्माण

(घ) नियमन

(ङ) सिफारिस तथा प्रमाणित

*यसका अतिरिक्त कार्यपालिकाले पनि वडा समितिबाट थप काम सम्पादन गर्न वा सेवा प्रवाह गर्ने/गराउने व्यवस्था गर्न सक्छ ।*

तालिका नं. २२ : प्रमुख/अध्यक्ष र वडा समितिबीचको सम्बन्ध र समन्वय

| क्र.सं. | समन्वय र अन्तरसम्बन्धका क्षेत्र | कानुनी व्यवस्था |
|---|---|---|
| १ | वडाको काममा सहजीकरण | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(४क.१०) |
| २ | अधिकार प्रत्यायोजन: कार्यपालिकाले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार वडा समितिका सदस्यलाई प्रत्यायोजन गर्न सक्छ । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १८ |

| | | |
|---|---|---|
| ३ | वडा समितिले गर्ने (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२-२ङ) बाहेकका सिफारिसहरु अध्यक्ष वा प्रमुखले गर्न सक्नेछन् । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६(४क.८) |
| ४ | वडाले प्राप्त बजेटको सीमाभित्र रही वडा समितिले गाउँ/नगरपालिकाको योजना, आयोजना, कार्यक्रम र अनुमानित बजेट तर्जुमा गरी कार्यपालिकामा पेस गर्नुपर्ने साथै कार्यपालिकाले निर्धारण गरेअनुसार बस्ती/टोलदेखि सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी वार्षिक योजना र कार्यक्रम पेस गर्नुपर्ने । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ (७ र ८)<br>स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ४.७ |

## ९. विकास साझेदारसँगको सम्बन्ध र समन्वय

स्थानीय सरकारसँग विभिन्न विकास साझेदारले सहकार्य गरिरहेका हुन्छन् । त्यस्तो सम्बन्ध र समन्वयसम्बन्धी मुख्य व्यवस्थाहरु यसप्रकार छन्-

क) नेपाल सरकारबाट स्वीकृत भएअनुसार गाउँ/नगरपालिका क्षेत्र वा पालिकाको सरोकारका विषयमा संलग्न विकास साझेदारसँग समन्वयको महत्त्वपूर्ण अभिभारा गाउँ/नगरपालिकाका अध्यक्ष/प्रमुखको हुन्छ । कतिपय विकास साझेदारले आफ्ना कार्यक्रम गैरसरकारी संस्था वा सामुदायिक सङ्घसंस्थामार्फत कार्यान्वयन गरिरहेका हुन्छन् । यस्तो अवस्थामा ती संस्थाले स्थानीय तहको समन्वयमा रही काम गर्नुपर्ने व्यवस्था स्थानीय 'सरकार सञ्चालन ऐन, २०७४' को दफा २५ ले गरेको छ ।

ख) केही विकास साझेदारले नेपाल सरकारसँग छाता सम्झौता (Umbrella Agreement) गरी स्थानीय तहसँग कार्यान्वयन सम्झौतासमेत गरेका हुन्छन् । यस्ता कार्यक्रम सम्झौताअनुसार समयमा, गुणस्तरीय, मितव्ययी र प्रभावकारी रुपमा सम्पादन गर्न पनि समन्वय र सहकार्य आवश्यक हुन्छ ।

## १०. कूटनीतिक भेटघाट र वैदेशिक सहायताका आयोजनासम्बन्धी वार्ता

नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारीले विदेशी सरकार, अन्तर्राष्ट्रिय सरकारी/गैरसरकारी संस्था, विकास साझेदार सङ्घसंस्थाका पदाधिकारीसँग भेटघाट, वार्ता वा सम्पर्क गर्दा परराष्ट्र मन्त्रालयको स्वीकृति लिनुपर्छ ।

**कूटनीतिक भेटघाट तथा सम्झौतासम्बन्धी प्रमुख कानुन**

१. कूटनीतिक आचारसंहिता, २०७७

२. प्रदेश तथा स्थानीय तहले तहले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय सङ्घसंस्थासँग सम्पर्क गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधिसम्बन्धी निर्देशिका, २०७६

३. प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालनसम्बन्धी मापदण्ड, २०७६

यसैगरी वैदेशिक सहायताका आयोजना सम्बन्धमा विदेशी सरकार तथा अन्तर्राष्ट्रिय सरकारी वा गैरसरकारी संस्था, विकास साझेदारलगायतका सङ्घसंस्थासँग छलफलअगावै आफ्नो अधिकारका सूचीभित्रका विषयसम्बन्धी सम्भाव्य आयोजना तयार गरी विस्तृत विवरणसहित मन्त्रालयमा प्रस्तुत गर्नुपर्छ । मन्त्रालयले छलफल गरी आशयपत्र दिएपछि मात्र वार्ता गर्ने र यसमा सम्बन्धित स्थानीय तहसमेत सहभागी हुने व्यवस्था छ । यस प्रक्रियामा प्रदेश तथा स्थानीय तहमा 'अन्तर्राष्ट्रिय विकास सहायता परिचालनसम्बन्धी मापदण्ड, २०७६'ले तोकेका प्रक्रिया पालना गर्नुपर्छ । स्थानीय तहका पदाधिकारीले विदेशी पदाधिकारीसँग गरेका भेटघाटको पूर्ण विवरण सम्मिलित प्रतिवेदन प्रत्येक वर्ष प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र परराष्ट्र मन्त्रालयमा पठाउनुपर्छ ।

## ११. स्थानीय तहका पदाधिकारीको विदेश भ्रमण

स्थानीय तहका पदाधिकारीले नेपालबाहिर कुनै विदेशी मुलुक/सरकार, तिनका निकाय, अन्तर्राष्ट्रिय सङ्गठन, दातृ निकाय, विकास साझेदार, भगिनी सहर वा गैरआवासीय नेपालीका संस्थाले अध्ययन, तालिम, गोष्ठी, कार्यशाला, छलफल वा अवलोकनका लागि आमन्त्रण गरेको

अवस्थामा सम्बन्धित स्थानीय तहले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गर्नुपर्छ । मन्त्रालयको स्वीकृतिपछि भ्रमण गर्न सकिने व्यवस्था 'स्थानीय तहका पदाधिकारीको विदेश भ्रमणसम्बन्धी निर्देशिका, २०७५'ले गरेको छ ।

## १२. भगिनी सम्बन्ध

'स्थानीय सरकार सञ्चालन ऐन, २०७४'को दफा ११ को उपदफा (८)मा स्थानीय तहले प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको स्वीकृति लिई विदेशका कुनै स्थानीय सरकारसँग भगिनी सम्बन्ध कायम गर्न सक्ने व्यवस्था छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले भगिनी सम्बन्धसम्बन्धी सम्झौताको नमुना (मस्यौदा) तर्जुमा गरेको छ । सम्झौतामा हेरफेर गर्नुपरे मन्त्रालयको परामर्श र सम्झौता गर्नुपूर्व नेपाल सरकारको स्वीकृत लिनु अनिवार्य छ ।

# खण्ड ५

# स्थानीय तहको वित्त व्यवस्थापन

## परिच्छेद ६

# स्थानीय तहको आय व्यवस्थापन

### १. परिचय

स्थानीय तहका अधिकार तथा कार्य-जिम्मेवारीको प्रभावकारी सम्पादनका लागि वित्तीय स्रोतको उचित व्यवस्थापन र परिचालन गर्ने/गराउने दायित्व स्थानीय सरकारका प्रमुख तथा उपप्रमुखको हुन्छ । स्थानीय तहको आम्दानी बढाई प्रभावकारी र मितव्ययी खर्चमा दिँदै समयममै विकास योजनाहरु सम्पन्न गर्ने/गराउने जिम्मेवारी पनि

**आन्तरिक आयको महत्त्व**

स्थानीय सरकारका खर्च र आवश्यकता परिपूर्तिमा आन्तरिक आयको भूमिका महत्त्वपूर्ण हुन्छ । त्यसैले, निर्वाचित जनप्रतिनिधिका लागि आन्तरिक आय अभिवृद्धि सफलताको महत्त्वपूर्ण सूचक हो । आन्तरिक आयले आफ्नो पालिकाका लागि आवश्यक स्रोत जुटाउन तथा आवधिक योजना एवम् वार्षिक विकास कार्यक्रम कार्यान्वन्वयन गर्न सहज हुन्छ ।

आन्तरिक आय राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको वित्तीय समानीकरण अनुदान वितरणको कार्यसम्पादन सूचकमा समावेश हुन्छ । यसलाई स्थानीय तह संस्थागत स्व-मूल्याङ्कनको महत्त्वपूर्ण सूचकका रुपमा पनि राखिएको छ ।

प्रमुख र उपप्रमुखको हो । स्थानीय तहको कार्यसम्पादनमा सुधार ल्याउने, वार्षिक खरिद योजना बनाई पालना गर्ने/गराउने, आन्तरिक नियन्त्रण प्रणाली पालनामा कठोर नीति अवलम्बन गर्ने भूमिकामा पनि प्रमुख र उपप्रमुखको जिम्मेवारी उत्तिकै हुन्छ । स्थानीय आय अर्थात् राजस्व अधिकारक्षेत्रअन्तर्गत कर तथा गैरकर स्रोतको बाँडफाँट पर्छन् । कर अधिकारले स्थानीय तहको स्वायत्तता बढाउँछ । आगामी आर्थिक वर्षको स्रोत अनुमान र बजेट सीमा निर्धारण गर्दा आन्तरिक आयको समेत प्रक्षेपण गर्नुपर्ने हुन्छ ।

## २. नेपालको संविधान, २०७२ मा कर अधिकारको बाँडफाँट

नेपालको संविधान, २०७२ का अनुसूची–५, ६, ८ र ९ मा विभिन्न तहबीच कर अधिकारको बाँडफाँट गरिएको छ ।

तालिका नं. २३ : नेपालको संविधान, २०७२ मा कर अधिकारको बाँडफाँट

| सङ्घका अधिकार (अनुसूची-५) | प्रदेशका अधिकार (अनुसूची-६) | स्थानीय तहका अधिकार (अनुसूची-८) | सङ्घ, प्रदेश र स्थानीय तहका अधिकार (अनुसूची-९) |
|---|---|---|---|
| भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर (भ्याट), संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, दण्ड-जरिवाना | घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन र कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड-जरिवाना | स्थानीय कर (सम्पत्ति कर, घरबहाल कर, घरजग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड-जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन | सेवा शुल्क, दस्तुर, दण्ड-जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क |

## ३. स्थानीय तहको कर र गैरकर अधिकार

कानुनबमोजिम मात्र कर लगाउनु र उठाउनुपर्छ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा–३ ले स्थानीय तहलाई स्थानीय सभाबाट कानुन निर्माण गरी सो कानुनबमोजिम देहायबमोजिमका क्षेत्रमा कर तथा गैरकर लगाउन सक्ने र उठाउन सक्ने अधिकार प्रदान गरेको छ । तर घर–जग्गा रजिस्ट्रेसन शुल्क र मनोरञ्जन कर भने स्थानीय तहले प्रदेश कानुनबमोजिम उठाउनुपर्ने व्यवस्था गरिएको छ ।

तालिका नं. २४ : स्थानीय तहको कर र गैरकर अधिकार

| स्थानीय तहको कर र गैरकर अधिकार | |
|---|---|
| **कर अधिकार** | सम्पत्ति कर, घरबहाल कर, भूमि कर (मालपोत), विज्ञापन कर, व्यवसाय कर, घर–जग्गा रजिस्ट्रेसन शुल्क, मनोरञ्जन कर, सवारी साधन कर (टाँगा, रिक्सा, अटो रिक्सा र विद्युतीय रिक्सा) । |
| **गैरकर अधिकार** | सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड–जरिवाना |
| **अन्य** | स्थानीय तहको अधिकारक्षेत्रका विषयमा स्थानीय र अरु प्रचलित कानुनअनुसार लगाइने अन्य कर तथा गैरकर |

## ४. दोहोरो कर अधिकारको एकल कर प्रशासन र आयको बाँडफाँट

'अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४'को दफा ५ मा प्रदेश तथा स्थानीय तहको दोहोरो अधिकारमा परेका करको प्रशासन सम्बन्धमा देहायबमोजिम एकल कर प्रशासनको व्यवस्था गरिएको छ–

तालिका नं. २५ : दोहोरो कर अधिकारको एकल कर प्रशासन र आयको बाँडफाँट

| करको नाम | दर निर्धारणसहित कानुन बनाउने अधिकार | उठाउने जिम्मेवारी | कर रकम बाँडफाँट (%) | |
|---|---|---|---|---|
| | | | प्रदेशको हिस्सा | स्थानीय तहको हिस्सा |
| १. सवारी साधन कर | प्रदेश सरकार | प्रदेश सरकार | ६० | ४० |
| २. साना सवारी साधन कर (टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा) | स्थानीय तह | स्थानीय तह | – | १०० |
| ३. मनोरञ्जन कर | प्रदेश सरकार | स्थानीय तह | ४० | ६० |
| ४. घर-जग्गा रजिस्ट्रेसन शुल्क | प्रदेश सरकार | स्थानीय तह | ४० | ६० |
| ५. विज्ञापन कर | स्थानीय तह | स्थानीय तह | ४० | ६० |

## ५. स्थानीय तहका राजस्व अधिकारको सूची र यससम्बन्धी कानुनी व्यवस्था

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको राजस्व अधिकार सम्बन्धमा देहायको व्यवस्था गरेको छ–*

तालिका नं. २६ : 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४'ले स्थानीय तहको राजस्व अधिकार सम्बन्धमा गरेको व्यवस्था

| राजस्व अधिकारको सूची | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था | ऐनको दफा |
|---|---|---|
| १. सम्पति कर | गाउँ/नगरपालिकाले आफ्नो क्षेत्रभित्रका घरजग्गामा सम्पत्ति कर लगाउनेछन् । यसरी सम्पत्ति कर लगाउँदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनुपर्नेछ ।<br><br>घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म सम्झनुपर्छ । | ५५ |
| २. भूमिकर (मालपोत) | गाउँ/नगरपालिकाले दफा ५५ बमोजिम सम्पत्ति कर लागेको घरजग्गाबाहेकका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनेछन् । | ५६ |

| | | |
|---|---|---|
| **३. घरजग्गा बहालकर** | गाउँ/नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएको भए गाउँपालिका वा नगरपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउनेछन् । | ५७ |
| **४. व्यवसाय कर** | गाउँ/नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी वा आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाउनेछन् । | ५८ |
| **५. बहाल बिटौरी शुल्क** | गाउँ/नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाटबजार वा पसल वा सरकारी जग्गामा बनेको संरचनाको उपयोगबापत बहाल बिटौरी शुल्क लगाउनेछन् । | ५९ |
| **६. पार्किङ शुल्क** | गाउँ/नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराएबापत पार्किङ शुल्क लगाउन सक्नेछन् । | ६० |

<table>
<tr>
<td>७. जडीबुटी, कबाडी र जीवजन्तु कर</td>
<td>गाउँ/नगरपालिकाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, वनकस (खर), कबाडी माल, प्रचलित कानुनबमोजिम निषेधित जीवजन्तुबाहेकका अन्य मृत वा मारिएका जीवजन्तुका हाड, सिङ, प्वाँख, छाला वा यस्तै प्रकृतिका वस्तुको व्यावसायिक उपयोग गरे बापत गाउँपालिका वा नगरपालिकाले जडीबुटी, कबाडी तथा जीवजन्तु कर लगाउनेछन् ।</td>
<td>६१</td>
</tr>
<tr>
<td>८. सेवा शुल्क-<br>(क) आफ्नो क्षेत्रभित्र सञ्चालित</td>
<td>गाउँ/नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका देहायका सेवा वा व्यवसायमा सेवा शुल्क लगाउन सक्नेछन् ।
<table>
<tr><td>केबलकार</td><td>ट्रेकिङ</td><td>प्याराग्लाइडिङ</td></tr>
<tr><td>कायाकिङ</td><td>क्यानोनिङ</td><td>ऱ्याफ्टिङ</td></tr>
<tr><td>बन्जीजम्प</td><td>जिपफ्लायर</td><td></td></tr>
</table>
तर, अर्को गाउँपालिका वा नगरपालिकाको सीमा नदी वा एकभन्दा बढी गाउँपालिका वा नगरपालिकालाई समेटेर सञ्चालन हुने सेवा वा व्यवसायमा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिका वा नगरपालिकासँग समन्वय गर्नुपर्नेछ ।</td>
<td>६२(१)</td>
</tr>
</table>

| | | |
|---|---|---|
| (ख) सेवा शुल्क, दस्तुर आफूले दिएका सेवामा | गाउँ/नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा देहायका कुनै सेवा उपलब्ध गराएबापत सम्बन्धित सेवाप्रदायक वा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्नेछन् । यस्ता सेवा उपलब्ध गराउने वा त्यस्ता सेवा-सुविधा उपयोग गरेबापत लाग्ने शुल्क उठाउने कार्य गाउँ/नगरपालिकाले आफैं वा व्यवस्थापन करार वा निजी क्षेत्रमार्फत गराउन सक्नेछन् ।<br><br>(क) खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा-सुविधा<br><br>(ख) फोहोरमैला व्यवस्थापन, सरसफाइ, ढल निकास, सडक बत्तीजस्ता सेवा-सुविधा<br><br>(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेस्टहाउस, पर्यटकीय स्थल, छात्रावास (होस्टेल), हाट बजार, पशु बधशाला, शवदाह गृह, धोबीघाट र त्यस्तै अन्य-सुविधा<br><br>(घ) सडक, बसपार्क, ढल, पुल, बत्तीजस्ता सेवा<br><br>(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयका मूल्याङ्कनसम्बन्धी सेवा<br><br>(च) सिफारिससम्बन्धी सेवा | ६२(२) |

| | | |
|---|---|---|
| **९. साधारण निर्माणमुखी पदार्थको बिक्री** | गाउँ/नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तु बिक्री गर्न सक्नेछन् । यसरी बिक्रीबापत प्राप्त रकम गाउँ/नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ । | ६२(क) |
| **दहत्तर बहत्तर बिक्री** | गाउँ/नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्नेछन् । यसरी बिक्रीबापत प्राप्त रकम गाउँ/नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ । | ६२(क) |
| **सामुदायिक वनबाट आय प्राप्त गर्ने** | सामुदायिक वन उपभोक्ता समितिले वनपैदावार बिक्री तथा उपयोगसम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँ/नगरपालिकाबाट स्वीकृत गराउनुपर्नेछ । सामुदायिक वन उपभोक्ता समितिले वनपैदावारको बिक्रीबापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित गाउँ/नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ । | ६२(ख) |

## ६. राजस्व परामर्श समितिको प्रतिवेदन

स्थानीय राजस्व परामर्श समितिलाई क्रियाशील तुल्याई देहायको समयसीमाभित्र राजस्वसम्बन्धी नीति र कानुन तर्जुमा गरी संशोधन र परिमार्जनका लागि सुझाव माग्नुपर्छ । त्यससँगै, राजस्व सुधार कार्ययोजना निर्माण, आगामी आर्थिक वर्षमा प्राप्त हुने आन्तरिक आयलगायत राजस्वको अनुमान, कर तथा गैरकर राजस्व आदिको दर सम्बन्धमा परामर्श प्रतिवेदन प्राप्त गरी योजना तथा बजेट तर्जुमा प्रकिया सञ्चालन गर्नुपर्ने हुन्छ ।

तालिका नं. २६ : राजस्व परामर्श समितिको प्रतिवेदनका समयसीमा

| राजस्व परामर्श समितिको प्रतिवेदन | | | |
|---|---|---|---|
| | समय | कानुनी व्यवस्था | औचित्य |
| **प्रतिवेदन** | पुस १५ गतेभित्र | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ | आगामी आर्थिक वर्षको राजस्व (आन्तरिक स्रोत), राजस्व बाँडफाँट, रोयल्टी, अनुदान र ऋणको प्रक्षेपण तयार गरी पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पठाउनुपर्ने । |
| **राजस्व सुधार कार्ययोजना** | | राजस्व सुधार कार्ययोजना तर्जुमासम्बन्धी दिग्दर्शन, २०७६ | पुष १५ गतेभित्र राजस्व परामर्श समितिको प्रतिवेदन तयार गर्न सहज हुने गरी आर्थिक वर्षको पहिलो चौमासिकमै कार्यारम्भ गर्नुपर्ने । |

परिच्छेद ७

# स्थानीय तहमा सार्वजनिक खरिद व्यवस्थापन

## १. परिचय

गाउ/नगरपालिकाले आफ्ना कार्यक्रम तथा नियमित कार्यसम्पादनका लागि विभिन्न प्रकारका वस्तु तथा सेवा खरिद गर्नुपर्ने हुन्छ । गाउँ/नगरपालिकाले विनियोजन गरेको रकमको सीमा र प्रचलित कानुनबमोजिम प्रक्रिया पूरा गरी सार्वजनिक कार्यका लागि आवश्यक मालसामान, यन्त्र, उपकरण, सेवा, परामर्शसँगै सार्वजनिक पूर्वाधार संरचना निर्माण तथा विकास गर्नेलगायतका सार्वजनिक खरिद गर्नुपर्छ । खरिद प्रक्रिया प्रतिस्पर्धी, पारदर्शी, इमानदार, जवाफदेही र विश्वसनीय हुनुपर्छ । मितव्ययी तथा विवेकपूर्ण ढङ्गबाट खर्चको अधिकतम प्रतिफल हासिल गर्ने गरी सार्वजनिक खरिद गर्नुपर्छ ।

## २. स्थानीय खरिदसम्बन्धी मुख्य कानुनी प्रावधान

क) स्थानीय तहको खरिदसम्बन्धी कामका लागि 'सार्वजनिक खरिद ऐन, २०६३' लागू हुन्छ । स्थानीय तहलाई सो ऐनको दफा २ (ख) (४) अन्तर्गत सार्वजनिक निकायका रूपमा परिभाषित गरिएको छ ।

ख) सार्वजनिक खरिदसम्बन्धी काम गर्दा 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४'को दफा ७४ अनुसार स्थानीय तहले 'सार्वजनिक खरिद ऐन', २०६३ र सोअन्तर्गत बनेको नियमावली पालना गर्नुपर्छ ।

ग) स्थानीय तहले 'सार्वजनिक खरिद ऐन, २०६३'को दफा ३ बमोजिमको कार्यविधि पूरा गरी खरिद गर्नुपर्नेछ । स्थानीय तहको बजेटबाट प्रचलित कानुनबमोजिम दर्ता भएको संस्थाले सरकारी कोष प्रयोग गरी खरिद गर्दा सो हदसम्म ऐनबमोजिमको कार्यविधि पूरा गर्नुपर्छ । कार्यविधि पूरा नगरी ऐनको सो दफाविपरीत खरिद भए बदर र अमान्य हुनेछ ।

घ) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको खरिद नियमावलीको नमुना/ढाँचाअनुसार स्थानीय तहले खरिद नियमावली बनाउन सक्छन् । तर, सङ्घीय सार्वजनिक खरिद नियमावलीले ऐनका प्रावधान

**सार्वजनिक खरिदसम्बन्धी मुख्य कानुनी दस्तावेज**

१) सार्वजनिक खरिद ऐन, २०६३

२) सार्वजनिक खरिद नियमावली, २०६४

३) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४

४) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

५) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७

६) गाउँपालिका/नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ (नमुना)

७) आन्तरिक नियन्त्रण प्रणाली (नमुना) निर्देशिका

८) सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरिएका नमुना बोलपत्र, कागजात र खरिदसँग सम्बन्धित अन्य मार्गदर्शनहरू

९) विद्युतीय खरिद प्रणालीसम्बन्धी कार्यविधि/निर्देशिका, २०७४

१०) कार्यक्रमसँग सम्बन्धित कार्यविधि/मार्गदर्शन र मान्यता तथा मापदण्ड (Norms and Standards)

पूरा गर्न समावेश गरेका विषयवस्तुमा पदाधिकारीहरूका अधिकार, तह, अधिकार प्रत्यायोजनलगायत विषयबाहेक सारभूत रूपमा परिवर्तन गर्न नसकिने अवस्था र सीमा कायमै रहन्छन् । (कानुनको मर्म र भावनाअनुसार गर्नुपर्ने) ।

## ३. खरिद प्रक्रिया

*सार्वजनिक खरिद प्रक्रियामा निम्न कार्य चरणबद्ध रूपमा गर्नुपर्ने हुन्छ–*

क) बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नै खरिद क्रियाकलाप खुल्ने गरी बजेट स्वीकृत

ख) खरिद योजना स्वीकृत

ग) खरिद कार्यका लागि आवश्यक विवरण (ड्रइङ, डिजाइन, स्पेसिफिकेसन आदि) तयार गरी स्वीकृत

घ) लागत अनुमान तयार गरी स्वीकृत

ङ) बोलपत्र कागजात र बोलपत्र सूचना तयार गरी स्वीकृत

च) बोलपत्र सूचना प्रकाशन

छ) बोलपत्र प्राप्ति, खोल्ने कार्य (मुचुल्कासहित) र मूल्याङ्कनका लागि समितिमा पठाउने

ज) बोलपत्रको मूल्याङ्कन र स्वीकृत

झ) खरिद सम्झौता

ञ) खरिद कार्यान्वयन

ट) कामको मूल्याङ्कन र प्रमाणीकरण

ठ) भुक्तानी

ड) दायित्व व्यवस्थापन र सञ्चालन व्यवस्थापन ।

## ४. खरिद योजना

'सार्वजनिक खरिद ऐन, २०६३'को दफा ६ र 'सार्वजनिक खरिद नियमावली, २०६४'को नियम ७ र ८ बमोजिम सार्वजनिक निकायले एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाका लागि खरिद गर्दा वा वार्षिक १० करोड रूपैयाँभन्दा बढी रकमको खरिद गर्दा खरिदको गुरूयोजना तयार गर्नुपर्छ । त्यस्तै, वार्षिक १० लाख रूपैयाँभन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा नै वार्षिक खरिद योजना तयार गर्नुपर्छ । गुरूयोजना नै तयार भएको रहेछ भने त्यसको समेत आधार लिनुपर्नेछ ।

### सार्वजनिक खरिदमा प्रमुख वा अध्यक्षले निर्वाह गर्नुपर्ने मुख्य भूमिका

*सार्वजनिक खरिदमा पालिकाका प्रमुख वा अध्यक्षले निर्वाह गर्नुपर्ने मुख्य भूमिका यसप्रकार छन्–*

- आर्थिक वर्ष सुरू भएको पहिलो महिनाभित्र वार्षिक खरिद योजना स्वीकृत गर्ने ।
- खरिद गुरूयोजना कार्यपालिकाबाट स्वीकृत गराउने ।
- खरिद योजनाअनुसार कार्यान्वयनको नियन्त्रण र निगरानी गर्ने ।
- खरिद कार्यको अनुगमन गर्ने/गराउने व्यवस्था मिलाई समयको पालना, गुणस्तर नियन्त्रण आदि विषयमा जवाफदेहिता निर्वाह गर्ने ।
- खरिद कार्यान्वयनमा आइपर्ने समस्या समाधानका लागि निर्देशन दिने, समन्वय गर्ने र आवश्यकताअनुसार समितिसमेत गठन गरी जाँच, परीक्षण वा सुझाव लिई कार्यपालिकाको तर्फबाट आवश्यक निर्णय लिने ।
- खरिद कार्यलाई पारदर्शी बनाउन आवश्यक कार्य गर्ने ।
- खरिदका कार्यमा आवश्यकताअनुसार जनताको सहभागिता गराउने र यस्ता विषय जनतामाझ पुर्‍याई आवश्यक सूचना आदानप्रदानको व्यवस्था गर्ने ।

## ४.१ खरिदको गुरुयोजनामा उल्लेख गर्नुपर्ने विषय

*खरिदको गुरूयोजनामा अन्य कुराका अतिरिक्त देहायका विषय उल्लेख गर्नुपर्छ–*

(क) खरिदको प्रकार, परिमाण र अनुमानित मूल्य

(ख) खरिद विधि

(ग) अधिकतम प्रतिस्पर्धाका लागि खरिदलाई टुक्र्याइने वा प्याकेज बनाइने भए सोसम्बन्धी व्यवस्था

(घ) समग्र खरिद कारबाही पूरा गर्नका लागि गरिने सम्झौताको मोटामोटी सङ्ख्या र त्यस्तो खरिद कारबाहीसँग सम्बन्धित मुख्य-मुख्य काम

(ङ) खरिदका लागि पूर्वयोग्यताको कारबाही गर्नुपर्ने भए सोसम्बन्धी विषय

(च) खरिद कारबाहीको समय तालिका

(छ) सार्वजनिक खरिद अनुगमन कार्यालयले खरिदको गुरूयोजनामा समावेश गर्नुपर्ने भनी समय-समयमा निर्धारण गरेका विषय ।

## ४.२ वार्षिक खरिद योजनामा उल्लेख हुनुपर्ने विषय

(क) खरिदको प्रकारसम्बन्धी विवरण,

(ख) खरिदको सम्भावित प्याकेज,

(ग) खरिद कारबाहीको समय तालिका,

(घ) खरिद विधि,

(ङ) खरिदका लागि गरिने सम्झौताको किसिम, र

च) सार्वजनिक खरिद अनुगमन कार्यालयले वार्षिक खरिद योजनामा समावेश गर्नुपर्ने भनी समय-समयमा निर्धारण गरेका विषय ।

परिच्छेद ८

# स्थानीय तहको वित्तीय सुशासन जोखिम नियन्त्रण

## १. परिचय

नेपालको संविधान, २०७२ को धारा २२८ देखि २३० सम्म स्थानीय आर्थिक कार्यप्रणालीसम्बन्धी प्रावधान समावेश गरिएका छन् । यसमा कानुनबमोजिमबाहेक स्थानीय तहले कुनै कर लगाउन, उठाउन वा ऋण लिन नपाउने व्यवस्था गरिएको छ । स्थानीय तहको वित्तीय कार्यप्रक्रियालाई पारदर्शी, उत्तरदायी, प्रभावकारी र विधिसम्मत् बनाउँदै वित्तीय सुशासनको अवस्था लेखाजोखा गरी सबल र दुर्बल पक्ष पहिचानका साथै कमी–कमजोरीको जानकारी लिन, आवधिक समीक्षाका लागि आधार प्राप्त गर्न र गाउँ/नगरपालिकाहरूको बीचमा तुलनायोग्य सूचक तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराई स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन नेपाल सरकारले 'स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७' कार्यान्वयनमा ल्याएको छ । यसको पालना गर्ने/गराउने

**वित्तीय सुशासन लेखाजोखासम्बन्धी दस्तावेज**

१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन, २०७६
२. सार्वजनिक खरिद ऐन, २०६३
३. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
४. स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७

जिम्मेवारी स्थानीय तहको हो । जिल्ला समन्वय समितिले हरेक वर्ष जिल्लाभित्रका स्थानीय तहको वित्तीय सुशासन लेखाजोखा गरी नतिजा सार्वजनिक गर्छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यसको वेब पोर्टल निर्माण गरेको छ ।

## २. वित्तीय सुशासन जोखिम स्व-मूल्याङ्कनका मुख्य प्रक्रिया तथा सूचक

तालिका नं. २७ : 'स्थानीय तहको वित्तीय सुशासन जोखिम स्व-मूल्याङ्कन कार्यविधि, २०७७'ले निर्धारण गरेका मुख्य प्रक्रिया तथा सूचक

| | |
|---|---|
| **१. नाम** | स्थानीय तह वित्तीय सुशासन जोखिम स्व-मूल्याङ्कन कार्यविधि, २०७७ |
| **२. सूचक सङ्ख्या** | १०० |
| **३. मूल्याङ्कनका क्षेत्र** | (क) योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन<br>(ख) कार्यान्वयन क्षमता तथा व्यवस्थापन<br>(ग) लेखाङ्कन तथा प्रतिवेदन<br>(घ) अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण<br>(ङ) राजस्व व्यवस्थापन |
| **४. जोखिमका प्रकार** | **क) प्रक्रियाको जोखिम:** कानुनी प्रक्रिया उल्लङ्घनको जोखिम दर्साउने सूचकहरु ।<br>**ख) नतिजाको जोखिम :** जनताको जीवनमा परिणाममुखी र सकारात्मक परिवर्तन नहुने गरी सार्वजनिक स्रोत प्रयोग हुने जोखिमका सूचकहरु ।<br>**ग) भ्रष्टाचारको जोखिम:** सार्वजनिक शक्ति र अधिकारलाई निजी फाइदाका लागि उपयोग गर्ने सम्भावनाको जोखिम । |

| | |
|---|---|
| **५. स्थानीय तहको भूमिका** | १. मूल्याङ्कनको उद्देश्य र विधिबारे जानकारी (निर्वाचित जनप्रतिनिधि र कर्मचारीलाई) गराउने ।<br><br>२. विषय-क्षेत्रहरूको मूल्याङ्कनमा सम्बन्धित विभाग, महाशाखा, शाखालाई संलग्न गराउने ।<br><br>३. वित्तीय सुशासन समन्वयका लागि एक सम्पर्क अधिकृत तोक्ने ।<br><br>४. विभाग, महाशाखा, शाखाले आफ्नो विषय-क्षेत्रसँग सम्बन्धित सूचकको लेखाजोखा गर्ने प्रक्रियामा सहयोग गर्ने ।<br><br>५. लेखाजोखाको तयारीका लागि सूचकको स्व-मूल्याङ्कन गरी जिल्ला समन्वय समितिमा पठाउने ।<br><br>६. जिल्ला समन्वय समितिबाट प्राप्त मूल्याङ्कन नतिजाको प्रारम्भिक प्रतिवेदनमा पृष्ठपोषण प्रदान गर्ने ।<br><br>७. मूल्याङ्कनको नतिजा कार्यपालिका र सभामा जानकारी गराउने ।<br><br>८. मूल्याङ्कनको नतिजा वेबसाइट तथा सूचना पाटीमार्फत जानकारी गराउने । |
| **६. जिल्ला समन्वय समितिको भूमिका** | १. वित्तीय सुशासन लेखाजोखाबारे अनुशिक्षण (स्थानीय तहका पदाधिकारी र कर्मचारीलाई) गर्ने ।<br><br>२. कार्यविधिबमोजिम स्थानीय तह (गाउँपालिका र नगरपालिका)को मूल्याङ्कन गर्ने ।<br><br>३. मूल्याङ्कनको प्रारम्भिक प्रतिवेदन पृष्ठपोषणका लागि स्थानीय तहमा पठाउने ।<br><br>४. मूल्याङ्कनको अन्तिम नतिजा प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने ।<br><br>५. मूल्याङ्कनको नतिजा सूचना-प्रविधिमा आधारित ढाँचा (सफ्टवेयर)मा प्रविष्ट गर्ने । |

| | | |
|---|---|---|
| ७. जोखिमको वर्गीकरण | ४० सम्म | उच्च जोखिम |
| | ४१ देखि ८० सम्म | मध्यम जोखिम |
| | ८१ भन्दा माथि | न्यून जोखिम |
| ८. सूचकले समेटेका मुख्य क्षेत्र | मध्यकालीन खर्च संरचना निर्माण, विनियोजन तथा आर्थिक ऐन समयमै पारित, स्थानगत आधारमा एकीकृत विकास योजना निर्माण, आयोजना बैंक निर्माण, गैरसरकारी क्षेत्रका योजना वार्षिक योजनामा समावेश, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको क्रियाशीलता, आय प्रक्षेपण, खर्च प्रक्षेपण, आन्तरिक स्रोत परिचालन, जिन्सी व्यवस्थापन, स्थानीय ऋण व्यवस्थापन, स्थानीय कोष व्यवस्थापन, एकल खाता प्रयोग, ससर्त अनुदान उपयोग, वित्तीय समानीकरण अनुदान उपयोग, राजस्व बाँडफाँट व्यवस्थापन, पुँजीगत खर्च वृद्धि, आर्थिक अनुशासन, सामाजिक उत्तरदायित्वका विधि प्रयोग, खरिद योजना, खरिद व्यवस्थापन, योजना कार्यान्वयन, खरिद एकाइको क्रियाशीलता, उपभोक्ता समिति व्यवस्थापन आदि । | |

## ३. स्थानीय तह वित्तीय सुशासनको कार्यविधिले राखेका केही महत्त्वपूर्ण परिमाणात्मक लक्ष्य

तालिका नं. २८ : 'स्थानीय तहको वित्तीय सुशासन जोखिम स्व-मूल्याङ्कन कार्यविधि, २०७७'का केही महत्वपूर्ण सूचक

| विषय-क्षेत्र | परिमाणात्मक लक्ष्य | सूचक नं. |
|---|---|---|
| १. पुँजीगत खर्च | पुँजीगत बजेटको ८०% भन्दा बढी खर्च गरेको । | ३७ |
| २. ५ लाखभन्दा कम लागतका योजनाले कुल पुँजीगत बजेटमा ओगटेको हिस्सा | ५ लाखभन्दा कम लागतका योजनाले कुल पुँजीगत बजेटमा ओगटेको हिस्सा ३०% भन्दा बढी नरहेको । | ४७ |

| | | |
|---|---|---|
| ३. गैरसरकारी संस्था (गैसस)को नगद लागत साझेदारी | गैससमार्फत योजना कार्यान्वयन गरिएको अवस्थामा गैससको नगद लागत साझेदारी ३०% भन्दा बढी भएको । | ४८ |
| ४. सामाजिक सुरक्षा भत्ता बैङ्क खातामार्फत भुक्तानी | सामाजिक सुरक्षा भत्ता बैङ्क खातामार्फत भुक्तानी ९०% भन्दा बढी रहेको । | ६२ |
| ५. वित्तीय अनुशासन | अन्तिम लेखापरीक्षणले कुल खर्चको २% भन्दा कम बेरूजु औंल्याएको । | ७३ |
| ६. सार्वजनिक सुनवाइ | प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सार्वजनिक सुनुवाइ भएको । | ७७ |
| ७. आर्थिक ऐनअनुसार राजस्व सङ्कलन | आफ्नो अधिकारक्षेत्रभित्र रही सभाबाट पारित आर्थिक ऐनअनुसार मात्र राजस्वका दर निर्धारण र राजस्व व्यवस्थापन गरेको । | ८५ |
| ८. गत वर्षको तुलनामा वार्षिक आन्तरिक आयवृद्धि | वार्षिक आन्तरिक आयवृद्धि गत वर्षको तुलनामा १०% भन्दा बढी रहेको । | ९३ |
| ९. राजस्व सङ्कलन | राजस्व अनुमानको ९०% भन्दा बढी राजस्व सङ्कलन भएको । | ९४(१) |
| १०. कुल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा | कुल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा २० प्रतिशतभन्दा बढी रहेको । | ९४ (२) |

## ४. वित्तीय सुशासनका लागि प्रमुख तथा अध्यक्षको चेकलिस्ट

तालिका नं. २९ : वित्तीय सुशासनका लागि प्रमुख तथा अध्यक्षको चेकलिस्ट

| विवरण | छ | छैन |
|---|---|---|
| १. आन्तरिक आयको हिस्सा बढ्दो प्रवृत्तिमा | | |
| २. चालू खर्चको परिमाण घट्दो प्रवृत्तिमा | | |
| ३. सरकारी बाँकीसरह असुलउपर गर्नुपर्ने बेरूजु शून्य | | |
| ४. राजनीतिक पदाधिकारीले पेश्की लिने गरेको | | |
| ५. उपभोक्ता समितिको लागत सहभागितामा नगद नै योगदान नै हुने गरेको | | |
| ६. उपभोक्ता समितिले निर्माण व्यवसायी वा ठेकेदारमार्फत कार्य गर्ने गरेको | | |
| ७. प्राविधिक र सहयोगी कर्मचारीबाहेक अन्य कर्मचारी करारमा राखिएको | | |
| ८. बेरूजुको दर हरेक वर्ष घट्दो प्रवृत्तिमा | | |
| ९. स्थानीय तहको वित्तीय सुशासन लेखाजोखामा ८० प्रतिशतभन्दा बढी अङ्क प्राप्त भएको | | |
| १०. १० लाख रूपैयाँभन्दा बढीका खरिद कार्य वार्षिक खरिद योजनाअनुसार नै हुने गरेको | | |

परिच्छेद ९

# स्थानीय तहमा आन्तरिक नियन्त्रण प्रणाली

## १. परिचय

> **आन्तरिक नियन्त्रण प्रणालीसम्बन्धी दस्तावेज**
>
> १. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८
>
> २. स्थानीय तह आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका (नमुना)
>
> ३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३१

स्थानीय सरकारको कार्यसम्पादन निर्धारित विधि र प्रक्रियाअनुसार तोकिएको लक्ष्य प्राप्तितर्फ लक्षित हुन आन्तरिक नियन्त्रण प्रणाली अत्यावश्यक हुन्छ । यस प्रणालीले वित्तीय सुशासन सुदृढ बनाउँछ । आन्तरिक नियन्त्रणको प्रमुख उद्देश्य संगठनको कार्यसञ्चालनमा प्रभावकारिता तथा दक्षता ल्याई कानुन/कार्यविधि पालना सुनिश्चित एवम् वित्तीय प्रतिवेदनलाई भरपर्दो बनाउनु हो । आन्तरिक नियन्त्रण प्रणालीले संगठनका कामहरु क्रमबद्ध, नैतिक, मितव्ययी, दक्ष र प्रभावकारी रुपमा सम्पादन गर्न प्रेरित गर्दै जवाफदेहिता र प्रचलित कानुन पालनामा सचेत बनाउँछ । यसले स्रोत-साधनको अपव्यय र हानि-नोक्सानीबाट पनि बचाउँछ । 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६'को दफा ३१ मा स्थानीय तहले आफ्नो र आफूअन्तर्गतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहका लागि उपयोगी आन्तरिक नियन्त्रण प्रणालीका सूचक अनुसूची-३ मा उल्लेख गरिएका छन् ।

## २. आन्तरिक नियन्त्रण प्रणालीका उद्देश्य

१) कार्यसञ्चालनलाई व्यवस्थित, सिलसिलाबद्ध र नियमित बनाउनु

२) स्रोत-साधन तथा सम्पत्ति उपयोगमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता ल्याउनु

३) प्रचलित ऐन, नियमलगायतका कानुनी व्यवस्था तथा कार्यविधि पालना गराउनु

४) स्रोत-साधन तथा सम्पत्तिको अपव्यय, दुरुपयोग र हानि-नोक्सानी हुनबाट रोक्नु

५) वित्तीय प्रतिवेदनको विश्वसनीयता, गुणस्तरीयता र प्रभावकारिता बढाउनु

६) वित्तीय जिम्मेवारी तथा अनुशासन कायम गरी पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्नु ।

## ३. आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनमा प्रमुख/अध्यक्षका जिम्मेवारी

'स्थानीय सरकार सञ्चालन ऐन, २०७४'को दफा ७८ तथा प्रचलित कानुनबमोजिम स्थानीय तहले आ-आफ्ना कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्छ । यसमा कामको प्रकृतिअनुसार जोखिम क्षेत्र पहिचान, नियन्त्रणका उपाय, सूचना आदानप्रदान, अनुगमन तथा मूल्याङ्कन जस्ता विषय समेट्नुपर्छ । आन्तरिक नियन्त्रण प्रणालीमा प्रमुख तथा अध्यक्षका भूमिका देहायबमोजिम हुन्छन्–

१) आन्तरिक नियन्त्रण प्रणालीको अनुगमनका लागि जिम्मेवार अधिकारी तोक्ने ।

२) अनुगमनबाट देखिएका त्रुटि सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउने ।

३) सभा तथा कार्यपालिकाका बैठक नियमित बोलाउने व्यवस्था कार्यान्वयन भए/नभएको तथा अन्य समिति/उपसमितिका बैठक नियमित गरी जिम्मेवारीअनुसार कार्य भए/नभएको अनुगमन गर्ने ।

४) वार्षिक कार्यक्रम तथा बजेट तयार पार्दा सबै चरण र प्रक्रिया अवलम्बन गर्न सहयोग गर्ने/गराउने ।

५) गाउँ/नगरपालिकाका चल-अचल सम्पत्ति हेरचाह तथा मर्मतसम्भार गर्ने/गराउने तथा आम्दानी, खर्च, हिसाब र अन्य कागजपत्र सुरक्षित राख्ने/राख्न लगाउने ।

६) आर्थिक प्रशासनसम्बन्धी जिम्मेवार कर्मचारीलाई निर्देशन गर्ने, आर्थिक कारोबारको विवरण लिने र निगरानी गर्ने ।

७) आचारसंहिता उल्लङ्घनका विषयमा सूचना प्राप्त गर्ने भरपर्दो संयन्त्र एवम् हटलाइन व्यवस्था गर्ने ।

८) सार्वजनिक सम्पत्तिको अनियमितता, दुरुपयोग रोक्ने र यी विषयमा उजुरी वा गुनासा सुनुवाइको व्यवस्था मिलाउने ।

९) कार्यालयका काम–कारबाहीलाई पारदर्शी तथा जवाफदेही बनाउने ।

१०) लेखापरीक्षण समिति स्थापना गरी अनुगमनको व्यवस्था गर्ने ।

११) पदाधिकारी र कर्मचारीका जिम्मेवारी तोक्ने र उनीहरूलाई जवाफदेही गराउने ।

१२) सार्वजनिक उत्तरदायित्वका संयन्त्र बनाई कार्यान्वयन गर्ने ।

१३) खरिद कार्यहरु पारदर्शी तथा प्रतिस्पर्धी माध्यमबाट गराउन सम्बद्ध पदाधिकारी र कर्मचारीलाई आवश्यक निर्देशन गर्ने र सहयोग पुऱ्याउने ।

१४) विकास–निर्माणका कार्यक्रम तर्जुमा र आयोजना कार्यान्वयनमा जनसहभागिता जुटाउने र जनपरिचालन गर्ने ।

१५) खरिद कार्यमा हुन सक्ने मिलेमतोलाई निगरानी गर्ने र अनुगमनको व्यवस्था मिलाउने ।

१६) स्वीकृत कार्यक्रमका आधारमा बजेट खर्चको व्यवस्था मिलाउने ।

१७) आर्थिक कारोबार र बजेट खर्च जिम्मेवार व्यक्तिबाट मात्र गराउने र सोको अनुगमन गर्ने ।

१८) राजस्व परिचालनलाई प्रभावकारी बनाउने र सोको अभिलेख व्यवस्थित भए/नभएको जाँच गरी दुरूस्त राख्न लगाउने ।

१९) राजस्व असुलीको अवस्थालाई नियमित अनुगमन गर्ने र व्यवस्थित अभिलेख राखी समयमै बैङ्क दाखिला भए/नभएको जाँच गरी निगरानी राख्ने ।

२०) व्यवस्थित रूपमा कार्यालयका सबै जिन्सी सामान र सम्पत्तिको अभिलेख राखी कार्यालय प्रयोजनका लागि मात्र उपयोगको व्यवस्था गर्ने ।

परिच्छेद १०

# स्थानीय तहको लेखापरीक्षण

## १. परिचय

वित्तीय व्यवस्थापनका लागि संगठनहरूले वित्तीय सूचना उत्पादनको विधि र अभिलेखनका मापदण्ड निर्धारण गरेका हुन्छन्, जसलाई लेखा प्रणाली (Accounting System) भनिन्छ । वित्तीय सूचना प्रणालीभित्र उत्पादन भएका सूचनाको स्वतन्त्र निकाय वा तेस्रो पक्षबाट गरिने परीक्षणलाई लेखापरीक्षण (Auditing) भनिन्छ ।

**लेखापरीक्षणसम्बन्धी कानुन**

१. नेपालको संविधान, २०७२ को धारा २४१
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
३. लेखापरीक्षण ऐन, २०७५
४. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐन, २०७६
५. गाउँ/नगरपालिकाको सञ्चित कोषको आन्तरिक लेखापरीक्षणसम्बन्धी कार्यविधि, २०७८ (नमुना) ।

आर्थिक कारोबारसँग सम्बन्धित लेखाको स्वतन्त्र, निष्पक्ष एवम् उद्देश्यमूलक रूपमा गरिने परीक्षण, जाँच, मूल्याङ्कन तथा विश्लेषण नै लेखापरीक्षण हो । लेखापरीक्षणले लेखा तथा यससँग सम्बन्धित कामको परीक्षण, त्यसका आधारमा गरिने मूल्याङ्कन तथा विश्लेषण र सम्परीक्षण गर्ने कार्यसमेतलाई जनाउँछ ।

नेपालको संविधान, २०७२ ले सङ्घीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय वा निकायको लेखापरीक्षण महालेखापरीक्षकले गर्ने व्यवस्था गरेको छ । 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४'मा स्थानीय तहले आफ्नो आय तथा व्ययको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट गराउनुपर्ने कानुनी व्यवस्था छ । त्यसैगरी 'लेखापरीक्षण ऐन, २०७५' बमोजिम स्थानीय तह र स्थानीय तहको पूर्ण स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट हुन्छ । लेखापरीक्षणसम्बन्धी प्रक्रियागत व्यवस्था 'लेखापरीक्षण ऐन, २०७५'ले निर्दिष्ट गरेको छ । 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐन, २०७६'को दफा ३४ मा समेत लेखापरीक्षणसम्बन्धी कानुनी व्यवस्था छ ।

**अधिकारप्राप्त अधिकारीको जिम्मेवारी**

नगरपालिका वा गाउँपालिकामा लागू हुने प्रचलित ऐन, नियमावलीबमोजिम कुनै कार्य गर्न अधिकारप्राप्त अधिकारीले आर्थिक कारोबार गर्दा वित्तीय अनुशासन, पारदर्शिता, जिम्मेवारी तथा जवाफदेहिता बहन गरी सोबाट प्राप्त हुने प्रतिफलप्रति उत्तरदायित्व निर्वाह गर्नुपर्छ ।

### तालिका नं. ३० : स्थानीय तहको लेखापरीक्षणसम्बन्धी कानुनी व्यवस्था

| क्र.सं. | विषय | विवरण | कानुनी व्यवस्था |
|---|---|---|---|
| १ | **लेखापरीक्षण** | स्थानीय तह र स्थानीय तहको स्वामित्व भएका सङ्गठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ । | नेपालको संविधान, २०७२ को धारा २४१<br>लेखापरीक्षण ऐन, २०७५ को दफा २(ख)<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ |
| २ | **आन्तरिक लेखापरीक्षण** | स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गरी आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सोमाथि भएको कारबाहीको विवरण स्थानीय तहका अध्यक्ष/प्रमुखसमक्ष पेस गर्नुपर्छ । | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐन, २०७६ को दफा ३४<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ |

| | | | |
|---|---|---|---|
| | **आन्तरिक लेखापरीक्षण** | आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुअगावै सम्परीक्षण गर्नुपर्नेछ । | |
| | | आन्तरिक लेखापरीक्षणको प्रतिवेदन र सम्परीक्षण विवरणको एक प्रति अन्तिम लेखापरीक्षणका लागि खटिने डोर र महालेखापरीक्षकले तोकेका व्यक्ति वा निकायलाई उपलब्ध गराउनुपर्नेछ । | |
| | | आन्तरिक लेखापरीक्षणको प्रतिवेदनमा औंल्याइएका विषयका आधारमा सुधार गर्ने कर्तव्य सम्बन्धित स्थानीय तहको हुनेछ । | |
| | **नमुना कार्यविधि** | नेपाल सरकारले स्थानीय तहका सरकारको आन्तरिक लेखापरीक्षण व्यवस्थित गर्न नमुना कार्यविधि उपलब्ध गराएको छ । | गाउँ/नगरपालिकाको सञ्चित कोषको आन्तरिक लेखापरीक्षणसम्बन्धी कार्यविधि-२०७८ (नमुना) । |
| ३ | **महालेखा परीक्षकको प्रतिवेदनमा छलफल** | स्थानीय तहका लेखापरीक्षकले जारी गरेको प्रतिवेदन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले स्थानीय तहको प्रचलित कानुनबमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्छ । | लेखापरीक्षण ऐन, २०७५ को दफा २(ख) |
| ४ | **लेखापरीक्षण गराउने जिम्मेवारी** | लेखापरीक्षण गराउने तथा बेरूजु फर्छ्योट गर्ने/गराउने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ । | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२- ख) |

## २. बेरूजु

'प्रचलित कानुनबमोजिम रीत नपुऱ्याई कारोबार गरेको वा लेखा नराखेको तथा अनियमित/बेमुनासिब तरिकाले आर्थिक कारोबार गरेको' भनी लेखापरीक्षणमा औंल्याइएको वा ठहऱ्याइएको कारोबारलाई बेरूजु भनिन्छ । बेरूजुलाई देहायबमोजिम वर्गीकरण गरिएको छ–

१) **लगती बेरुजुः** लेखापरीक्षण प्रतिवदेनमा रकमसहित अर्थात् अङ्क किटान भएको बेरूजुलाई लगती बेरूजु भनिन्छ । यसले 'आर्थिक कारोबार (आय, व्यय वा धरौटी)मा त्रुटि र हानि-नोक्सानी हुन गई कुनै निश्चित पक्षबाट घटी आय वा बढी व्यय हुन गएको कारणबाट निश्चित रकम असुलउपर गरेर वा नियमित गरेर वा प्रमाण कागजात पेस गरेर मात्र फछ्र्योट गर्नुपर्ने' बेरूजुलाई जनाउँछ । उक्त शब्दले वित्तीय विवरणमा उल्लिखित रकम कलमलाई असर पार्ने बेरूजुसमेतलाई जनाउँछ ।

२) **असुलउपर गर्नुपर्ने बेरुजुः** प्रचलित कानुनबमोजिम भुक्तानी दिन नहुने रकम भुक्तानी दिएको वा बढी हुने गरी भुक्तानी दिएको वा घटी असुल गरेको कारणबाट असुलउपर गर्नुपर्ने भनी लेखापरीक्षणमा ठहऱ्याइएको बेरूजु यसअन्तर्गत पर्छ । यसले हिनामिना वा मस्यौट गरेको रकम तथा नेपाल सरकारलाई तिर्नु/बुझाउनु पर्ने अन्य कुनै रकमसमेतलाई जनाउँछ ।

३) **सैद्धान्तिक बेरुजुः** लेखापरीक्षण प्रतिवेदनमा रकमरहित अर्थात् रकम समाविष्ट नभएको बेरूजु यसअन्तर्गत पर्छ । यसले नीति, नियम, कार्यप्रणाली, प्रभावकारिता तथा व्यवस्थापनको सक्षमता, आन्तरिक नियन्त्रण प्रणाली आदि विषयमा देखिएका कमी–कमजोरीलाई बेरूजुको लगत महलमा अङ्क समावेश नगरी औंल्याइएको व्यहोरालाई जनाउँछ ।

## ३. लेखापरीक्षणका चरण

१) **आन्तरिक लेखापरीक्षणः** गाउँ/नगरपालिकाका तोकिएका शाखा वा अधिकृतबाट हुने लेखापरीक्षणलाई 'आन्तरिक लेखापरीक्षण' भनिन्छ । आर्थिक कारोबारको विस्तृत जाँच गरी लेखा राख्ने क्रममा भएका र हुन सक्ने मानवीय त्रुटिलाई कम गर्न तथा तत्काल

भएका कमी-कमजोरीलाई आवश्यक सुधार गर्न आन्तरिक लेखापरीक्षण गरिन्छ ।

२) **अन्तिम लेखापरीक्षण:** महालेखापरीक्षकको कार्यालयबाट हुने 'अन्तिम लेखापरीक्षण' हो ।

## ४. स्थानीय तहको लेखापरीक्षणमा प्रमुख/अध्यक्षको भूमिका

१. आर्थिक कारोबारको चौमासिक विवरण कार्यपालिका बैठकमा प्रस्तुत गराई आर्थिक कार्यसम्पादन र आर्थिक अनियमितता समयमै नियन्त्रण गर्ने ।

२. आन्तरिक लेखापरीक्षणका क्रममा देखिएका कमी-कमजोरी समयमै सुधार गर्न निर्देशन र उत्प्रेरणा दिँदै समय-समयमा प्रगतिबारे जानकारी लिने ।

३. आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सोउपर भएको कारवाहीको प्रतिवेदन प्राप्त गरी सुधार गर्ने/गराउने ।

४. गाउँपालिका तथा नगरपालिकाका चल-अचल सम्पत्ति हेरचाह तथा मर्मतसम्भार गर्ने/गराउने र आम्दानी, खर्च, हिसाब र अन्य कागजपत्र सुरक्षित राख्न लगाउने ।

५. अन्तिम लेखापरीक्षणका लागि समयमै आर्थिक कारोबारको स्रेस्ता अद्यावधिक राख्न लगाउने ।

६. लेखापरीक्षणका क्रममा औंल्याइएका बेरूजु सम्परीक्षण गर्न लगाउने ।

७. सभाबाट लेखा समिति गठन गर्ने, अन्तिम लेखापरीक्षणको प्रतिवेदन लेखा समितिमा छलफल गराई सभामा प्रस्तुत गर्ने ।

परिच्छेद ११

# स्थानीय तहका कार्यसम्पादन अनुदानका सूचक

## १. परिचय

स्थानीय तहलाई उपलब्ध गराइने अनुदानको परिमाणलाई ती निकायले हासिल गर्ने उपलब्धिमा आबद्ध गर्ने प्रणालीलाई 'कार्यसम्पादनमा आधारित वित्तीय हस्तान्तरण प्रणाली' भनिन्छ । कार्यसम्पादन मापनमा प्रक्रिया तथा नतिजा दुवैसँग सम्बन्धित उपलब्धिहरु हुन्छन् । प्रक्रियामूलक उपलब्धिले कानुन पालना तथा वित्तीय अनुशासनलाई सुदृढ गर्छ भने नतिजामूलक उपलब्धिले ती निकायलाई उपलब्ध गराइएको वित्तीय साधन-स्रोतबाट नागरिकको जीवनमा सकारात्मक परिवर्तन ल्याउन सहयोग गर्छ । कार्यसम्पादनमा आधारित वित्तीय हस्तान्तरण प्रणालीको मूल उद्देश्य स्थानीय तहको साधन-स्रोतलाई नतिजामूलक क्षेत्रमा उपयोग गर्न प्रोत्साहन गर्नु हो । 'राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४'को दफा ३(२) मा 'आयोगले संविधान र यस ऐनबमोजिम सुझाव वा सिफारिस दिँदा वा ढाँचा तयार गर्दा प्रदेश तथा स्थानीय तहको कार्यसम्पादनलाई समेत आधार लिनेछ' भन्दै कार्यसम्पादनमा आधारित वित्तीय हस्तान्तरण प्रणालीलाई कानुनी वैधता प्रदान गरिएको छ ।

## २. स्थानीय तहका कार्यसम्पादन सूचक

'राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग'ले सङ्घबाट प्रदेश तथा स्थानीय तहमा उपलब्ध हुने वित्तीय समानीकरण अनुदानलाई कार्यसम्पादनमा आबद्ध गरेको छ । यसका लागि आयोगले आर्थिक वर्ष २०७९/८० देखि देहायका कार्यसम्पादन सूचक निर्धारण गरेको छ–

तालिका नं. ३१ : स्थानीय तहको कार्यसम्पादन अनुदान (राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्ष २०७९/८० देखि स्थानीय तहका लागि अवलम्बन गरेका)का सूचक

| सूचक | भार प्रतिशत |
|---|---|
| १) गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँसभा वा नगरसभामा पेस गरेको । | ५ |
| २) गाउँ कार्यपालिका र नगर कार्यपालिकाले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँसभा वा नगरसभामा पेस गरी असार मसान्तभित्र पारित गरेको । | ५ |
| ३) स्थानीय तहले घर-जग्गा रजिस्ट्रेसन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन करबापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गरेको । | ५ |
| ४) स्थानीय तहले आगामी आर्थिक वर्षका लागि गरेको आय-व्यय प्रक्षेपण तथ्याङ्कसहितको विवरण चालू आर्थिक वर्षको पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेस गरेको । | ५ |
| ५) स्थानीय तहले बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कात्तिक मसान्तभित्र सार्वजनिक गरेको । | ५ |
| ६) स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्थाः<br>१. अनुमानित राजस्व प्रक्षेपणअनुसार राजस्व सङ्कलनको अवस्था (७)<br>२. अघिल्लो आर्थिक वर्षको तुलनामा राजस्व सङ्कलनको अवस्था (६) | १३ |

| | |
|---|---|
| ७) स्थानीय तहको गत आर्थिक वर्षको विनियोजित रकमअनुसार खर्चको अवस्थाः<br>१. कुल विनियोजित रकममा कुल खर्चको प्रतिशत<br>२. कुल विनियोजित पुँजीगत रकममा कुल पुँजीगत रकम खर्चको प्रतिशत (७+८) | १५ |
| ८) गत आर्थिक वर्षभन्दा अघिल्लो आर्थिक वर्षको अन्तिम लेखापरीक्षणबाट औंल्याइएको बेरूजुको अवस्था | १५ |
| ९. महालेखानियन्त्रक कार्यालयले प्रयोगमा ल्याएको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (Subnational Treasury Regulating Application, SUTRA) प्रयोग गरी स्थानीय तहहरूले पूर्ण रूपमा विवरण प्रविष्ट गरेको । | ५ |
| १०. स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक योजना तर्जुमा गरेको । | ३ |
| ११. कक्षा १ देखि ८ सम्मको खुद विद्यार्थी भर्ना दर | ३ |
| १२. कक्षा ८ को तुलनामा कक्षा ९ मा विद्यार्थी टिकाउ दर | ३ |
| १३. सामुदायिक विद्यालयबाट कक्षा १० को परीक्षामा सहभागी कुल विद्यार्थी सङ्ख्याको तुलनामा स्तरीकृत अङ्क (GPA) कम्तीमा १.६ वा सोभन्दा उच्च अङ्क प्राप्त गरेका विद्यार्थी प्रतिशत । | ३ |
| १४. चार पटक गर्भ जाँच गर्ने महिलाको अनुपात | ३ |
| १५. कुल गर्भवती महिलाको सङ्ख्यामध्ये स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको अनुपात | ३ |
| १६. पूर्ण खोप (बीसीजी, पोलियो, डीपीटी-हेपाटाइटिस बी-हिब (पेन्टाभ्यालेन्ट, पीसीभी, दादुरा-रूबेला, जापानिज इन्सेफ्लाइटिस, कलेरो सेवा लिएका २४ महिनासम्म उमेर समूहका बालबालिकाको अनुपात | ३ |
| १७. आयोगले कार्यसम्पादन सूचकको सम्बन्धमा तयार गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाइन पोर्टल (Online Portal) मा निर्धारित समयभित्रै विवरण प्रविष्ट (Upload) गरेको । | ६ |
| **जम्मा** | **१००** |

# खण्ड ६

# स्थानीय विकासका प्रारुपहरु


## परिच्छेद १२

# स्थानीय योजना

### १. योजनाको महत्त्व

विकास प्रक्रियालाई मार्गदर्शन गर्ने सोच, लक्ष्य, उद्देश्य, नीति, रणनीति, कार्यक्रम, आयोजना र क्रियाकलापको समष्टिगत स्वरुप योजना हो । यो अपेक्षित परिवर्तनका लागि तयार गरिने मार्गचित्र पनि हो । योजना ठोस, व्यावहारिक र उपलब्धिमूलक हुनुपर्छ । स्थानीय योजनाले स्थानीय विकास, सुशासन र सेवा प्रवाहको माध्यमबाट नागरिकको जीवनलाई सुखी र मर्यादित बनाउँछ । यसका लागि काम/सेवाको प्रकृति, जिम्मेवारी, लागत समय र प्रक्रियाको खाका तयार गरिएको हुन्छ । सीमित साधन र स्रोतलाई नागरिकको अधिकतम हितमा उपयोग गर्न योजनाले सघाउँछ ।

## २. योजना निर्माणका कानुनी आधार




'स्थानीय सरकार सञ्चालन ऐन, २०७४'को दफा २४ मा 'गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीय विकासका लागि रणनीतिगत, आवधिक योजना, विषय-क्षेत्रगत गुरुयोजना र वार्षिक योजना, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने' व्यवस्था गरिएको छ । रणनीतिक योजनाले स्थानीय तहलाई आफ्नो धरातलीय अवस्था, लक्ष्य प्राप्तिका सीमितता र अवरोधबारे अवगत गराउँदै लक्ष्य हासिल गर्ने रणनीति, प्राथमिकता र क्रियाकलापको खाका प्रदान गर्छ । स्थानीय तहको आवधिक योजनामा पूर्वाधार विकास, बस्ती विकास, वातावरण संरक्षण, स्थानीय आर्थिक विकास, सामाजिक विकास, भू-उपयोग योजनालगायतका विषय-क्षेत्र समावेश गरिएको हुनुपर्छ । आवधिक योजनाका आधारमा परियोजना बैङ्क पनि तयार गरिन्छ । कुनै विशेष क्षेत्रको विकासका लागि विषयगत गुरुयोजनासमेत तयार गरिन्छ । उदाहरणका लागि, काठमाडौं महानगरले सम्पदा क्षेत्रका लागि विशेष गुरुयोजना निर्माण गरी कार्यान्वयन गर्नसक्छ । वार्षिक योजनामा मध्यकालीन खर्च संरचनासहित वार्षिक विकास योजना तयार गरिन्छ ।

यसरी योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनुपर्छ । सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणजस्ता अन्तरसम्बन्धित विषयलाई समेत ध्यान दिई योजनाहरु तर्जुमा गर्नुपर्ने व्यवस्था ऐनमा छ ।

## ३. आवधिक विकास योजना

स्थानीय तहले सामान्यतया ५ देखि ७ वर्ष अवधिका लागि आवधिक योजना तयार गर्नुपर्छ । आवधिक योजना स्थानीय तहको विकास प्रयासलाई निश्चित दिशा प्रदान गर्ने व्यवस्थित रुपरेखा

हो । यो योजना स्थानीय विकासका सरोकारवालाको साझा प्रतिबद्धता र दायित्व सिर्जना गर्ने तथा राष्ट्रिय एवम् प्रादेशिक विकास लक्ष्य हासिल गर्ने महत्त्वपूर्ण औजार पनि हो । आवधिक योजना तर्जुमा गर्दा स्थानीय तहको भूगोल, आर्थिक र सामाजिक परिवेश, इतिहास, मूल्य–मान्यता तथा संस्कृतिको पर्याप्त विश्लेषण गर्नुपर्छ । यो योजना दीर्घकालीन सोच हासिल गर्न सहयोग पुग्ने गरी स्थानगत विशेषतामा आधारित रही तर्जुमा गर्नुपर्छ । आवधिक योजना वार्षिक बजेटमार्फत कार्यान्वयन हुन्छ ।

*स्थानीय आवधिक योजनामा स्थानीय परिवेशका आधारमा देहायका विषय-क्षेत्र समावेश गरिनुपर्छ–*

१. भू–उपयोग क्षेत्र निर्धारण
२. वातावरण संरक्षण
३. स्थानीय यातायात
४. स्थानीय सार्वजनिक पूर्वाधार विकास
५. एकीकृत बस्ती विकास, जग्गा एकीकरण तथा आवास
६. स्थानीय आर्थिक विकास
७. सामाजिक विकास
८. संस्थागत विकास
९. विपद् जोखिम न्यूनीकरण तथा उत्थानशील विकास,
१०. पुनरूत्थान तथा पुनर्निर्माण

## ४. मध्यकालीन खर्च संरचना

मध्यमकालीन खर्च संरचनाले आवधिक योजनालाई वार्षिक बजेटसँग र बजेटलाई नतिजासँग जोड्छ । यसको मुख्य उद्देश्य उपलब्ध स्रोत-साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गर्नु हो । मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक अवस्था र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ । पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ । यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेट आकलन गर्नुपर्ने हुन्छ । यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्त्वपूर्ण भूमिका खेल्छ । 'अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४'को दफा १६ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्ने व्यवस्था गरेको छ । दफा १७ मा यस्तो विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने उल्लेख छ ।

यस्तो मध्यमकालीन खर्च संरचनामा देहायका विवरण खुलाउनुपर्ने व्यवस्था छ–

१. प्रस्तावित योजनाका लक्ष्य तथा उद्देश्य,
२. प्रस्तावित योजनाका लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्ट्याउन आवश्यकताको पुष्ट्याइँ,
३. प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि,
४. प्रस्तावित योजना लागू गर्न आवश्यक खर्चको विवरण,
५. खर्च बेहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,
६. प्रस्तावित योजनाको मध्यम अवधिको खर्च रणनीति र वार्षिक खर्चसँग त्यसको तादात्म्यता, र
७. सञ्चालित योजना भए गत आ.व.मा छुट्ट्याइएको खर्चअनुसार लक्ष्य हासिल भए/नभएको यथार्थ विवरण ।

### तालिका नं. ३२ : मध्यकालीन खर्च संरचना तयारीको समयसीमा

| मध्यकालीन खर्च संरचना तयारीको समयसीमा | | |
|---|---|---|
| क्रियाकलाप | समयसीमा | जिम्मेवारी |
| १) कार्यपालिकाका सदस्य र विषयगत महाशाखा/शाखा प्रमुखलाई अभिमुखीकरण | फागुन मसान्तभित्र | कार्यदल |
| २) चालू आवधिक योजना र वार्षिक विकास कार्यक्रमको समीक्षा | चैत्र मसान्तभित्र | कार्यपालिका |
| ३) त्रिवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र स्रोत आकलन | वैशाख ७ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| ४) बजेट सीमा निर्धारण तथा स्रोत बाँडफाँट | वैशाख १० गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| ५) बजेट सीमा र मार्गदर्शन स्वीकृति तथा सम्प्रेषण | वैशाख १५ गतेभित्र | प्रमुख प्रशासकीय अधिकृत |

| मध्यकालीन खर्च संरचना तयारीको समयसीमा | | |
|---|---|---|
| क्रियाकलाप | समयसीमा | जिम्मेवारी |
| ६) विषय-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारी | जेठ १५ गतेभित्र | विषयगत महाशाखा/शाखा र वडा कार्यालय |
| ७) विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना विषयगत समितिमा छलफल | जेठ २५ गतेभित्र | कार्यदल/विषयगत समिति |
| ८) मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ९) मध्यमकालीन खर्च संरचनालाई कार्यपालिकाबाट स्वीकृत गरी सभामा पेस | असार १० गतेभित्र | कार्यपालिका |
| १०) मध्यमकालीन खर्च संरचना र बजेट SUTRA मा प्रविष्टि | असार मसान्तभित्र | आर्थिक विकास/योजना महाशाखा/शाखा |

## ५. वार्षिक योजना

हरेक स्थानीय तहले आवधिक योजना र यसको परियोजना बैङ्कलाई आधार मानी हरेक आर्थिक वर्षको असार १० गतेभित्र सभामा आय-व्ययको अनुमानसहित आगामी आर्थिक वर्षका लागि वार्षिक विकास योजना पेस गर्नुपर्छ । त्यसलाई असार मसान्तभित्र सभाबाट पारित गरेर कार्यान्वयन गर्नुपर्छ । वार्षिक योजना तयार गर्दा देहायका चरण पार गर्नुपर्छ–

### तालिका नं. ३३ : वार्षिक योजना तर्जुमाका चरण तथा कार्य

| चरण | योजना तर्जुमासम्बन्धी कार्य | समयसीमा | प्रमुख जिम्मेवारी |
|---|---|---|---|
| १. बजेटको पूर्वतयारी | १) विषय-क्षेत्रसँग सम्बन्धित सूचना सङ्कलन र विश्लेषण गरी स्थितिपत्र अद्यावधिक गर्ने | मंसिर मसान्तभित्र | विषयगत महाशाखा/शाखा |
| | २) आगामी तीन आ.व.मा हुने खर्चको प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचनासमेत कार्यक्षेत्रभित्रका विषयमा हुने सार्वजनिक खर्चको विवरण तयार गर्ने | पुस १५ भित्र | विषयगत महाशाखा/शाखा, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समिति |
| | ३) आगामी आ.व.को राजस्व (आन्तरिक स्रोत, राजस्व बाँडफाँट, रोयल्टी, अनुदान र ऋण)को प्रक्षेपण र अनुमान तयार गर्ने | पुस १५ भित्र | राजस्व परामर्श र सोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| | ४) आय-व्यय प्रक्षेपण गरिएको तथ्याङ्क विवरण सङ्घ र प्रदेश अर्थ मन्त्रालयमा पेस गर्ने | पुस मसान्तसम्म | राजस्व तथा आर्थिक प्रशासन शाखा |
| | ५) विषयगत क्षेत्र विभाजन गर्ने र सदस्यलाई जिम्मेवारी दिने | माघ मसान्तभित्र | कार्यपालिका |
| २. स्रोत अनुमान र कुल बजेट सीमा निर्धारण | ६) सङ्घ र प्रदेशबाट अनुदान, राजस्व बाँडफाँट र रोयल्टीको सीमा/मार्गदर्शन प्राप्त गर्ने | सङ्घबाट फागुन र प्रदेशबाट चैत मसान्तभित्र | प्रमुख प्रशासकीय अधिकृत |
| | ७) गैसस, उपभोक्ता समिति, सहकारी संस्था आदिसँग योजना तथा बजेट सम्बन्धमा पूर्वबजेट छलफल गर्ने | चैत मसान्तभित्र | अध्यक्ष/प्रमुख |
| | ८) नीति तथा कार्यक्रम तयार गरी अध्यक्ष/प्रमुखद्वारा सभामा पेस गर्ने | वैशाख ७ गतेभित्र | अध्यक्ष/प्रमुख |

| चरण | योजना तर्जुमासम्बन्धी कार्य | समयसीमा | प्रमुख जिम्मेवारी |
|---|---|---|---|
| २. स्रोत अनुमान र कुल बजेट सीमा निर्धारण | ९) बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणका आधार तथा विधि तयार गर्ने | वैशाख ७ गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| | १०) कुल बजेट अनुमान, सीमा निर्धारण र बजेट तर्जुमासम्बन्धी मार्गदर्शन तयार गर्ने | वैशाख १० गतेभित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति |
| | ११) विषयगत महाशाखा/शाखा तथा वडा कार्यालयलाई बजेट सीमा तथा मार्गदर्शन उपलब्ध गराउने | वैशाख १५ गतेभित्र | प्रमुख प्रशासकीय अधिकृत |
| ३. बस्ती/टोल स्तरबाट योजना छनोट | १२) बस्ती/टोल बैठकको कार्यतालिका तयारी र जिम्मेवारी बाँडफाँट गर्ने | वैशाख मसान्तभित्र | वडा समिति |
| | १३) बस्ती/टोलस्तरमा आयोजना छनोट गरी वडा समितिमा पेस गर्ने | वैशाख मसान्तभित्र | वडा समिति र समितिका तोकिएका सदस्य |
| ४. वडास्तरीय योजना प्राथमिकता निर्धारण | १४) बस्ती/टोलस्तरबाट प्राप्त आयोजना तथा कार्यक्रमलाई विषय-क्षेत्रअनुसार छुट्ट्याउने | जेठ १० गतेभित्र | वडा समिति तथा कार्यालय |
| | १५) वडाको बजेट सीमाभित्रका र अन्य महत्त्वपूर्ण आयोजनालाई विषयगत रूपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेस गर्ने | जेठ १० गतेभित्र | वडा समिति तथा कार्यालय |
| ५. एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा | १६) विषयगत महाशाखा/शाखाबाट विषय-क्षेत्रका आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने | जेठ १५ भित्र | विषयगत महाशाखा/शाखा |

| चरण | योजना तर्जुमासम्बन्धी कार्य | समयसीमा | प्रमुख जिम्मेवारी |
|---|---|---|---|
| ५. एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा | १७) विषयगत समितिमा छलफल र प्राथमिकता निर्धारण गर्ने | जेठ २५ भित्र | विषयगत समिति |
| | १८) एकीकृत तर्जुमा समितिमा छलफल | जेठ मसान्तभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| | १९) गैसस तथा विकास साझेदारको कार्यक्रमलाई एकीकृत गरी समावेश गर्ने | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| | २०) आर्थिक विधेयकको मस्यौदा तयार गरी पेस गर्ने | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| | २१) विनियोजन विधेयकको मस्यौदा तयार गरी पेस गर्ने | असार ५ गतेभित्र | बजेट तथा कार्यक्रम तर्जुमा समिति |
| ६. कार्यपालिकाबाट स्वीकृति र सभामा पेस | २२) बजेट (राजस्व, व्यय र वित्तीय व्यवस्थाको अनुमान), वार्षिक विकास कार्यक्रम, मध्यमकालीन खर्च संरचना, आर्थिक एवम् विनियोजन विधेयक कार्यपालिकाबाट स्वीकृत गरी सभामा प्रस्तुत गर्ने | असार १० गतेभित्र | स्थानीय कार्यपालिका |
| ७. सभाबाट स्वीकृति | २३) बजेट (राजस्व, व्यय तथा वित्तीय व्यवस्थाको अनुमान) वार्षिक विकास कार्यक्रम, मध्यमकालीन खर्च संरचना, आर्थिक तथा विनियोजन विधेयक पारित गर्ने र आर्थिक ऐन तथा विनियोजन ऐन राजपत्रमा प्रकाशन गर्ने | असार मसान्तभित्र | स्थानीय सभा |
| | २४) बजेट पुस्तिका तयारी तथा छपाइ गर्ने | साउन १५ गतेभित्र | प्रमुख प्रशासकीय अधिकृत |

परिच्छेद १३

# दिगो विकास लक्ष्यको स्थानीयकरण

## १. परिचय

संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूले सन् २०१६ देखि २०३० सम्मका लागि दिगो विकासका लक्ष्यहरु (Sustainable Development Goals–SDGs) निर्धारण गरेका छन् । दिगो विकास लक्ष्यले विश्वको साझा विकासका विषय समेट्छ । नेपालले दिगो विकास लक्ष्यको मार्गचित्र तयार गरी कार्यान्वयनमा प्रतिबद्धता व्यक्त गरेको छ । सबै तहका सरकारको योगदानबिना दिगो विकास लक्ष्य हासिल सम्भव हुँदैन । स्थानीय सरकारका समग्र विकास योजनाहरु दिगो विकास लक्ष्य हासिल गर्ने दिशातर्फ निर्देशित हुनुपर्छ । त्यससँगै राष्ट्रिय लक्ष्य प्राप्तिमा योगदान गर्नुपर्ने दायित्व पनि स्थानीय तहमा हुन्छ ।

दिगो विकासका १७ वटा लक्ष्य प्राप्त गर्न १६९ वटा परिमाणात्मक लक्ष्य तोकिएका छन् । ती लक्ष्य प्राप्तिको मापन गर्न २३२ वटा सूचक निर्धारण गरिएका छन् । नेपालको सन्दर्भमा वस्तुगत यथार्थलाई समेट्ने गरी ४७९ सूचक निर्धारण गरिएका छन् ।

नेपालले सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै उच्चमध्यम आय भएको मुलुकमा स्तरोन्नति हुने लक्ष्य तय गरेको छ ।

तालिका नं. ३५

| दिगो विकास लक्ष्यहरू | उद्योग प्रवर्तन र पूर्वाधार |
| --- | --- |
| गरिबीविहीन | असमानता घटाउने |
| शून्य भोकमरी | दिगो सहर र बस्तीहरू |
| राम्रो स्वास्थ्य र समृद्ध जीवनस्तर | दिगो उपभोग र उत्पादन |
| गुणस्तरीय शिक्षा | जलवायुसम्बन्धी कार्य |
| लैङ्गिक समानता | जलमुनिको जमिन |
| स्वच्छ पानी र सरसफाइ | भूसतहको जमिन |
| धान्न सकिने स्वच्छ ऊर्जा | शान्ति, न्याय र सुदृढ संस्थाहरू |
| समावेशी आर्थिक वृद्धि र मर्यादित काम | शान्ति, न्याय र सुदृढ संस्थाहरू |

## २. दिगो विकास लक्ष्यको स्थानीयकरण

दिगो विकास लक्ष्य प्राप्ति तीनै तहका सरकारको साझा प्राथमिकता तथा जिम्मेवारीको विषय हो । सरकारका सबै तहको क्रियाशीलताबाट मात्रै दिगो विकास लक्ष्यको सफल कार्यान्वयन हुन सक्छ । संविधानले कतिपय लक्ष्य स्थानीय तहको एकल अधिकारमा राखेको छ भने कतिपय साझा विषयसमेत छन् । त्यसैले, राष्ट्रिय दिगो विकास लक्ष्यलाई आधार मानेर प्रत्येक स्थानीय

तहका सरकारले आफ्ना योजना तथा क्रियाकलाप निर्धारण गर्नुपर्छ । दिगो विकासका राष्ट्रिय लक्ष्यलाई आ–आफ्नो गाउँ/नगरपालिकाका तहमा सान्दर्भिक बनाएर स्थापित गर्ने, प्राथमिकीकरण गर्ने र सोहीअनुरूप नीति, कार्यक्रम तर्जुमा, समन्वय र कार्यान्वयन गरेर दिगो विकास लक्ष्यको स्थानीयकरण गर्नुपर्छ ।

## ३. दिगो विकास लक्ष्य प्राप्तिमा प्रमुख/अध्यक्षको भूमिका

१. गाउँ/नगरपालिका दिगो विकास लक्ष्य कार्यान्वयन समितिको अध्यक्षका रूपमा लक्ष्य प्राप्तिमा भूमिका निर्वाह गर्ने,

२. दिगो विकास लक्ष्यमध्ये स्थानीय तहको जिम्मेवारीमा पर्ने विषयको स्थानीयकरण गरी स्थानीय नीति, कानुन र योजनामा समावेश गर्ने,

३. स्थानीय आवधिक विकास योजना, क्षेत्रगत रणनीतिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा दिगो विकास लक्ष्यहरूलाई समाहित गर्ने,

४. दिगो विकास लक्ष्य प्राप्तिमा सबै स्थानीय साझेदारलाई परिचालन गर्ने,

५. स्थानीय तहमा संलग्न विकास साझेदारका वार्षिक कार्यक्रम तर्जुमा गर्दा स्थानीय आवधिक विकास योजनाअनुसार दिगो विकासमैत्री बनाउन लगाउने,

६. दिगो विकास लक्ष्यको कार्यान्वयन र अनुगमनमा सबै सरोकारवालालाई संलग्न गराउन साझेदारी गर्ने,

७. दिगो विकास लक्ष्यको वार्षिक, आवधिक अनुगमन गर्ने तथ्याङ्कीय आधार र संस्थागत परिपाटी स्थापना गर्दै स्थानीय तहमा दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन अवस्थाको प्रगति अनुगमन गर्ने,

८. गाउँ/नगरपालिकाको समीक्षा कार्यक्रममा दिगो विकास लक्ष्यहरूको प्रगतिमाथि नियमित समीक्षा गर्न लगाउने, र

९. दिगो विकास लक्ष्यअनुसार बजेट तथा कार्यक्रमको साङ्केतीकरण गर्न लगाउने, वार्षिक बजेट वक्तव्यमा दिगो विकास लक्ष्यमा योगदान गर्ने बजेटको आकार र अङ्कसमेत समावेश गरी जानकारी गराउने ।

परिच्छेद १४

# बालमैत्री स्थानीय शासनको कार्यान्वयन

## १. परिचय

नेपालको संविधान, २०७२ को धारा ३९ मा 'बालबालिकाको हक'लाई संवैधानिक हकका रूपमा समावेश गरिएको छ । यो हक कार्यान्वयनमा सहयोग पुऱ्याउन तथा स्थानीय तहको नीति, कार्यक्रम, सेवा प्रवाह र संरचनालाई बालमैत्री बनाई बालअधिकार सुनिश्चित गर्न 'बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८' लागू गरिएको छ । बालमैत्री स्थानीय शासनले गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गीण विकास र अर्थपूर्ण सहभागिताको पक्षपोषण गर्छ । यसको कार्यान्वयनले बाल बचाऊ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बालअधिकारका सवाललाई स्थानीय तहका नीति, योजना, संरचना र कार्य प्रक्रियामा संस्थागत गर्छ ।

### नेपालको संविधान, २०७२ को धारा ३९ मा बालबालिकाको हक

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइनेछैन ।

(५) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानुनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइनेछैन ।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइनेछैन ।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमका यातना दिन पाइनेछैन ।

(८) प्रत्येक बालबालिकालाई बालअनुकूल न्यायको हक हुनेछ ।

(९) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

### तालिका नं. ३५ : बालमैत्री स्थानीय शासन प्रारूपको सङ्क्षिप्त खाका

| | |
|---|---|
| **१. नाम** | बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ |
| **२. सूचकका स्रोत** | १. नेपालको संविधान, २०७२<br>२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४<br>३. बालबालिकासम्बन्धी ऐन, २०७५<br>४. बालबालिकासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९८९<br>५. बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६<br>६. मुलुकी देवानी संहिता, २०७४ |
| **३. निर्देशक सिद्धान्त** | १. गैरविभेदीकरण<br>२. बालबालिकाको सर्वोत्तम हित<br>३. बालबालिकाको सर्वाङ्गीण विकास<br>४. बालबालिकाको सहभागिता र विचारको सम्मान<br>५. समावेशीकरणको सिद्धान्त<br>६. समुदायमा आधारित विकासको सिद्धान्त<br>७. सन्निकटताको सिद्धान्त |
| **४. नेपालको संविधान, २०७२ मा भएको व्यवस्था** | धारा-३९ बालबालिकाको हकः (१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानुनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । |
| **५. बालमैत्री स्थानीय शासन गाउँ/नगर समिति** | १. प्रमुख वा अध्यक्ष- अध्यक्ष<br>२. उपप्रमुख वा उपाध्यक्ष- उपाध्यक्ष<br>३. प्रमुख प्रशासकीय अधिकृत- सदस्य<br>४. वडा अध्यक्ष (सबै)- सदस्य<br>५. गाउँ वा नगर कार्यपालिकाका सदस्य- सदस्य<br>६. महाशाखा वा शाखा प्रमुखहरु (स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाइ, गैरसरकारी संस्था समन्वय)- सदस्य |

| | |
|---|---|
| **५. बालमैत्री स्थानीय शासन गाउँ/नगर समिति** | ७. महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने स्थानीय गैरसरकारी सङ्घसंस्थामध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेका १-१ जना प्रतिनिधि- सदस्य<br>८. गाउँ वा नगरपालिकामा कार्यरत महिला शिक्षिका र महिला स्वास्थ्य स्वयंसेविकामध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेका १-१ जना प्रतिनिधि- सदस्य<br>९. स्थानीय विद्यालय र स्वास्थ्य व्यवस्थापन समितिहरूमध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेका १-१ जना प्रतिनिधि- सदस्य<br>१०. महिला वा बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूहमध्ये अध्यक्ष वा प्रमुखले तोकेका महिला प्रतिनिधि १ जना- सदस्य<br>११. गाउँ वा नगरपालिकास्तरीय बाल सञ्जालका अध्यक्षसहित कम्तीमा १ जना बालबालिकासहित २ जना- सदस्य<br>१२. गाउँ वा नगरपालिकामा क्षेत्रमा रहेका प्रहरी कार्यालयका प्रमुख १ जना- सदस्य<br>१३. सामाजिक विकास महाशाखा वा शाखा प्रमुख- सदस्य सचिव |
| **६. बालमैत्री स्थानीय शासनका सूचकले समेटेका क्षेत्र** | **१. बाल बचाऊ:**<br>- बालबालिका र नवजात शिशुको स्वस्थ्य जाँच भएको<br>- खोप, गर्भवती तथा सुत्केरी आमाहरूले नियमित आइरन चक्की सेवन गरेको, दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी भएको, ६ महिनासम्मका शिशुलाई पूर्ण स्तनपान गराएको<br>- ६ महिनादेखि ५ वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन 'ए' क्याप्सुल खुवाइएको<br>- १ वर्षभित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्ण खोपयुक्त घोषणा भएको<br>- घरपरिवारले आयोडिनयुक्त नुन प्रयोग गरेको<br>- सबै घरधुरीमा आधारभूत तहको खानेपानी सुविधा पुगेको<br>- प्रत्येक घरपरिवारले शौचालय प्रयोग गरेको तथा खुला दिसामुक्त घोषणा भएको आदि । |

| | |
|---|---|
| **६. बालमैत्री स्थानीय शासनका सूचकले समेटेका क्षेत्र** | **२. बाल संरक्षणः**<br>- ५ वर्षमुनिका सबै बालबालिकाको जन्मदर्ता भएको<br>- स्थानीय तह बाल विवाहमुक्त भएको<br>- छाउपडी, कम्लहरी जस्ता सामाजिक कुप्रथा नरहेको<br>- स्थानीय तहमा सडक बालबालिकाको सङ्ख्या शून्य भएको<br>- कुलतमा लागेका बालबालिकाका लागि बाल सुधारगृहमा राख्ने व्यवस्था मिलाएको आदि ।<br><br>**३. बाल विकासः**<br>- ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बाल विकास कक्षामा भर्ना भई टिकाउ दर शतप्रतिशत रहेको<br>- ५ देखि १४ वर्ष उमेर समूहका शतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा लिएको<br>- प्रत्येक विद्यालयमा खानेपानी सुविधासहित छात्रछात्राका लागि अलग–अलग शौचालयको व्यवस्था भएको<br>- प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलापसम्बन्धी कार्यक्रम सञ्चालन भएको आदि ।<br><br>**४. बालसहभागिताः**<br>- स्थानीय तहमा समावेशी आधारमा बाल सञ्जाल गठन भएको<br>- स्थानीय तहका बस्ती वा टोल र विद्यालयमा समावेशी आधारमा बाल क्लब गठन भएको<br>- स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लब/सञ्जालको प्रतिनिधित्व भएको<br>- ५ कक्षाभन्दा माथि अध्ययन/अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बाल क्लबको प्रतिनिधित्व भएको आदि । |

| | |
|---|---|
| **६. बालमैत्री स्थानीय शासनका सूचकले समेटेका क्षेत्र** | **५. संस्थागत विकास:**<br>- वडा/गाउँ/नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरु गठन भएको<br>- स्थानीय तहले आफ्ना लागि बालमैत्री आचारसंहिता र नीति-नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएको<br>- गाउँपालिका/नगरपालिकामा कम्तीमा १ बाल उद्यानसहितको बालमैत्री सिकाइ स्रोतकेन्द्र सञ्चालनमा रहेको<br>- बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल)का आधारमा स्थानीय तहको विकास योजना, प्रारम्भिक बाल विकास केन्द्रहरुले स्थानीय तहले तोकेका न्यूनतम् मापदण्ड पूरा गरेको आदि । |

## २. बालमैत्री स्थानीय शासन स्थापनामा प्रमुख/अध्यक्षको भूमिका:

(१) बालमैत्री स्थानीय शासन गाउँ/नगर समितिको अध्यक्षका रुपमा जिम्मेवारी निर्वाह गर्ने ।

(२) बालमैत्री स्थानीय शासनसम्बन्धी गाउँ/नगरस्तरका नीति, योजना तयार गर्ने/गराउने ।

(३) स्थानीय तहका नीति, प्रणाली र कार्य प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिताबाट उनीहरुका अधिकारसम्बन्धी सवाललाई मूलप्रवाहीकरण गर्ने ।

(४) बालबालिकाहरुको बाँच्न पाउने हक, विकास र जीवनयापनको हक तथा स्थानीय शासन र सेवा प्रवाहसम्बन्धी निर्णय प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

(५) बाल क्लब, बाल सञ्जाल गठन तथा परिचालन गर्ने/गराउने ।

(६) बालमैत्री शासन प्रणाली प्रवर्द्धन गर्ने ।

(७) खोप अभियान सञ्चालन गर्ने ।

परिच्छेद १५

# वातावरणमैत्री स्थानीय शासनको प्रवर्द्धन

## १. परिचय

नेपालको संविधान, २०७२ ले स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको अधिकारलाई मौलिक हकका रूपमा व्यवस्था गरेको छ । यो हकको प्रत्याभूतिका लागि नेपाल सरकारले सबै स्थानीय तहबाट कार्यान्वयन हुने गरी 'वातावरणमैत्री स्थानीय शासनको प्रारूप, २०७८' जारी गरेको छ । घरपरिवार तहदेखि टोल, बस्ती हुँदै सबै स्थानीय तहलाई सफा, स्वच्छ र हराभरा बनाई घरपरिवार, समुदाय र स्थानीय तहलाई सकारात्मक प्रतिस्पर्धाको माध्ययमद्वारा वातावरणमैत्री दिगो विकासका लागि जिम्मेवार बनाउन यो प्रारूपले प्रोत्साहित गरे को छ । यसमा वातावरण संरक्षण, आधारभूत स्वास्थ्य तथा सरसफाइ, फोहोरमैला व्यवस्थापन, जैविक विविधताको संरक्षण, जलवायु परिवर्तन अनुकूलन र विपद् व्यवस्थापनसम्बन्धी विषयका सूचक समावेश गरिएका छन् ।

## २. वातावरणमैत्री स्थानीय शासन प्रारूपको सङ्क्षिप्त खाका

तालिका नं. ३६ : वातावरणमैत्री स्थानीय शासन प्रारूपको सङ्क्षिप्त खाका

| | |
|---|---|
| **१. नाम** | वातावरणमैत्री स्थानीय शासनको प्रारूप, २०७८ |
| **२. सूचकका स्रोत** | १. वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७<br>२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४<br>३. फोहोरमैला व्यवस्थापन ऐन, २०६८ तथा फोहोरमैला व्यवस्थापन नियमावली, २०७०<br>४. दिगो विकास लक्ष्य २०१६-२०३०<br>५. विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचा, सन् २०१५-२०३० |
| **३. कार्यक्षेत्र** | वातावरणमैत्री स्थानीय शासनका सूचकलाई सबै बस्ती, वडा, गाउँपालिका र नगरपालिका तहमा कार्यान्वयन गर्नुपर्छ । मुलुकभित्रका सबै घरपरिवार यस प्रारूपको कार्यक्षेत्रभित्र पर्छन् । |
| **४. सूचकको वर्गीकरण** | **१. आधारभूत सूचक:** घरपरिवारदेखि जिल्लासम्म अनिवार्य रूपमा पूरा गर्नुपर्ने गरी व्यवस्था गरिएका सूचक ।<br>**२. परिस्कृत सूचक:** आधारभूत तहभन्दा माथिल्लो स्तरका सूचकलाई परिस्कृत सूचकका रूपमा राखिएको छ । वातावरणमैत्री घोषणा हुन आधारभूत सूचक पूरा गरी परिस्कृत सूचकमा तोकिएको अङ्कभार प्राप्त गरेको हुनुपर्छ ।<br>**३. विशेष सूचक:** गाउँपालिका, नगरपालिका तथा निश्चित भौगोलिक क्षेत्रमा विशेष सोच (Vision) का साथ कुनै खास वातावरणीय विशेषतायुक्त नमुना गाउँ वा नगर घोषणा गर्ने प्रयोजनका लागि सम्बन्धित स्थानीय तहको अनुरोधमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विशेष सूचक निर्धारण गर्न सक्छ । वातावरणमैत्री घोषणा हुनका लागि विशेष सूचकहरु प्राप्त गर्न अनिवार्य भने हुँदैन । |

| | |
|---|---|
| **५. सूचकहरू** | १. गाउँ/नगरपालिकाका घरपरिवार तहका आधारभूत तथा परिस्कृत सूचकहरु<br>२. नगरपालिकाका टोल तहका आधारभूत तथा परिस्कृत सूचकहरु<br>३. गाउँ/नगरपालिकाका वडा तहका आधारभूत तथा परिस्कृत सूचकहरु<br>४. गाउँ/नगरपालिका तहका आधारभूत तथा परिस्कृत सूचकहरु |
| **६. सूचकको अनुसूची** | १. अनुसूची-५: गाउँपालिकाका वातावरणमैत्री स्थानीय तहका सूचकहरु<br>२. अनुसूची-६: नगरपालिकाका वातावरणमैत्री स्थानीय तहका सूचकहरु |
| **७. सूचकले समेटेका क्षेत्र** | प्राङ्गारिक खेती, सरसफाइ, विपद् व्यवस्थापन, स्वच्छ खानेपानी, भवन संहिता, हरियाली पार्क, भवन संहिताको प्रयोग, फोहोरमैला व्यवस्थापन, ढल प्रशोधन, नवीकरणीय ऊर्जा, सौर्य ऊर्जा, प्लास्टिक झोला निषेध, वन संरक्षण, जैविक विविधता संरक्षण, जोखिम संवेदनशील भू-उपयोग योजना कार्यान्वयन, भवन निर्माण मापदण्डको प्रयोग, प्रदूषण नियन्त्रण आदि । |

## ३. वातावरणमैत्री स्थानीय शासन गाउँ नगर समन्वय समितिको संरचना

### (क) संरचना

| | |
|---|---|
| नगरप्रमुख/गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि | सदस्य |
| जिल्ला समन्वय समितिका अधिकृत प्रतिनिधि | सदस्य |
| नेपाल प्रहरी, स्थानीय एकाइ प्रमुख | सदस्य |
| खानेपानी तथा सरसफाइ शाखा प्रमुख | सदस्य |
| शिक्षा शाखा प्रमुख | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य |

| | |
|---|---|
| सामुदायिक विद्यालयका प्रधानाध्यापकमध्येबाट ३ जना | सदस्य |
| सामुदायिक वन उपभोक्ता समितिका अध्यक्षमध्येबाट २ जना | सदस्य |
| सामुदायिक संस्थाका प्रमुखमध्येबाट ५ जना | सदस्य |
| गाउँ/नगरपालिकास्तरीय उद्योग वाणिज्य सङ्घका प्रमुख | सदस्य |
| गैरसरकारी संस्था स्थानीय समन्वय समितिका प्रमुख | सदस्य |
| वातावरण तथा विपद् व्यवस्थापन महाशाखा/शाखा प्रमुख | सदस्य-सचिव |

### (ख) वातावरणमैत्री स्थानीय शासन गाउँ/नगर समन्वय समितिका काम, कर्तव्य र अधिकार

(१) स्थानीय तहमा सञ्चालन हुने वातावरण संरक्षण, विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन, सहरी विकास तथा भू-उपयोग योजना र फोहोरमैला व्यवस्थापनसम्बन्धी कार्यक्रमको कार्यान्वयन, समन्वय, अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने ।

(२) वडालाई वातावरणमैत्री बनाउन आवश्यक क्षमता विकास तथा सहयोग, समन्वय र सहजीकरण गर्ने ।

(३) वडालाई वातावरणमैत्री घोषणा गर्ने तथा घरपरिवार र टोललाई घोषणाका लागि सहमति प्रदान गर्ने ।

(४) वातावरणमैत्री गाउँपालिका/नगरपालिका घोषणा गर्न सिफारिस गर्ने ।

(५) वातावरणमैत्री घरपरिवार, टोल तथा वडासम्बन्धी विवरण त्रैमासिक रूपमा वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समिति र राष्ट्रिय समन्वय समितिसमक्ष पठाउने ।

(६) वातावरणमैत्री टोल एवम् वडालाई पुरस्कृत र प्रोत्साहन गर्न सिफारिस गर्ने ।

(७) परिस्कृत सूचक हासिल गर्ने वडालाई तारासहितको लोगो प्रदान गर्ने ।

(८) गाउँपालिका तथा नगरपालिकाको विशिष्टताका आधारमा थप सूचक समावेश गर्नुपर्ने भए सहमतिका लागि वातावरणमैत्री स्थानीय शासन जिल्ला समन्वय समितिमार्फत राष्ट्रिय समन्वय समितिसमक्ष अनुरोध गर्ने ।

(९) स्थानीय तहलाई पूर्णरूपमा वातावरणमैत्री बनाउन आवश्यक अन्य कार्य गर्ने ।

## ४. स्थानीय तहको क्षेत्रमा रहेका सार्वजनिक कार्यालयका वातावरणमैत्री सूचक

नेपाल सरकारले सार्वजनिक कार्यालयका लागि निम्नबमोजिम वातावरणमैत्री सूचक निर्धारण गरेको छ–

तालिका नं. ३७: सार्वजनिक कार्यालयका वातावरणमैत्री सूचक

| सार्वजनिक कार्यालयका वातावरणमैत्री सूचक | | |
|---|---|---|
| क्र. सं. | प्रमुख सूचक | सहायक सूचक |
| १. | सरसफाइ | ८ वटा |
| २. | कार्यालय भवनको मर्मतसम्भार | २ वटा |
| ३. | कार्यालयको सौन्दर्य तथा हरियाली | ५ वटा |
| ४. | फोहोरमैला व्यवस्थापन | ८ वटा |
| ५. | ऊर्जाको प्रयोग | २ वटा |
| ६. | सवारी साधनको प्रयोग | २ वटा |
| ७. | सेवाग्राहीका लागि प्रतीक्षालयको व्यवस्था | २ वटा |
| ८. | सेवाग्राहीका लागि शौचालय | ३ वटा |
| ९. | कार्यालय भवनको सुरक्षा तथा भूकम्प प्रविधिको प्रयोग | ५ वटा |
| १०. | चमेनागृहको व्यवस्था | ६ वटा |

## ५. वातावरणमैत्री स्थानीय तह निर्माणमा अध्यक्ष/प्रमुखको भूमिका

(१) स्थानीय तहका योजना तथा कार्यक्रम वातावणमैत्री बनाउने ।

(२) आगामी आर्थिक वर्षको स्रोत अनुमान र बजेट सीमा निर्धारणका बेला वातावरण क्षेत्रमा उपयुक्त बजेट सिलिङ निर्धारण गर्ने ।

(३) स्थानीय पूर्वाधार विकाससम्बन्धी कार्यक्रममा वातावरणीय पक्षलाई आबद्ध गर्ने ।

(४) घरपरिवारसम्म वातावरणीय सचेतना अभिवृद्धि गर्ने ।

(५) वातावरणमैत्री गाउँ, टोल, वडा र पालिका बनाउन सशक्त प्रयास गर्ने ।

परिच्छेद १६

# पोषणमैत्री स्थानीय तह

## १. परिचय

कुपोषण तथा अधिक पोषण हुने तात्कालिक, अन्तरनिहित र आधारभूत कारणहरु सम्बोधन गर्न पोषणविशेष र पोषण-संवेदनशील दुवै किसिमका कार्यक्रमलाई समुदायमा आधारित भएर कार्यान्वयन गर्न नेपाल सरकारले 'पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८' ल्याएको छ । यसको कार्यान्वयनले पुड्कोपना, कम तौल, ख्याउटेपना तथा सूक्ष्म पोषक तत्वको कमीले हुने अवस्था न्यूनीकरण गर्ने अपेक्षा राखिएको छ ।

**पोषण**

यसले शरीरको खाना उपयोगसम्बन्धी विज्ञानलाई बुझाउँछ । खानाको उपयोग भन्नाले खाना चपाउनु, निल्नु, शरीरले सोस्नु भन्ने बुझिन्छ । शरीरलाई आवश्यक पर्ने पोषक तत्वको मात्रा कम वा बढी भएर शरीरमा पर्ने असरको अवस्थालाई कुपोषण भनिन्छ । कुपोषणले न्यून पोषणका अवस्थाका साथै अधिक तौल तथा मोटोपनको अवस्थालाई पनि बुझाउँछ । अत्यधिक चिल्लो, गुलियो, नुनिलो खाना खाँदा र निष्क्रिय जीवनशैली अपनाउँदा हुने बढी तौल र मोटोपनाको अवस्थालाई अधिक पोषण भनिन्छ ।

## २.	पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८ को सङ्क्षिप्त विवरण

तालिका नं. ३८: पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८ को सङ्क्षिप्त विवरण

| | |
|---|---|
| **नाम** | पोषणमैत्री स्थानीय तह कार्यान्वयन निर्देशिका, २०७८ |
| **लक्षित वर्ग** | जीवनको पहिलो १००० दिन (गर्भावस्थाको पहिलो दिनदेखि बच्चा जन्मिएको २ वर्षसम्म) अवधिमा बच्चाको शारीरिक, बौद्धिक तथा संवेगात्मक विकासको सुरुवात द्रुतगतिले हुन्छ । यो अवधिमा हुन नसकेको वृद्धि-विकास त्यसपछि हुन सक्दैन । त्यसैले पोषणसँग सम्बन्धित क्रियाकलापहरु १००० दिन उमेर समूहका बालबालिका तथा महिलालाई लक्षित गरी कार्यान्वयन गर्नुपर्छ । |
| **पोषणसम्बन्धी विश्वव्यापी लक्ष्य** | *सन् २०१२ मा भएको विश्व स्वास्थ्य सभाले सन् २०२५ सम्मका लागि पोषणसम्बन्धी देहायका ६ वटा विश्वव्यापी लक्ष्य अनुमोदन गरेको छ–*<br>१) ५ वर्षमुनिका बालबालिकामा हुने पुड्कोपनको सङ्ख्या ४०% घटाउने ।<br>२) प्रजनन् उमेरका महिलामध्ये रक्तअल्पता हुनेको सङ्ख्या ५०% घटाउने ।<br>३) कम तौलको बच्चा जन्मिने सङ्ख्या ३०% घटाउने ।<br>४) बाल्यावस्थामा हुने मोटोपनको सङ्ख्या बढ्न नदिने ।<br>५) ६ महिना उमेरसम्मका शिशुमध्ये पूर्ण रुपमा स्तनपान गर्ने शिशु कम्तीमा ५०% पुर्‍याउने ।<br>६) ५ वर्षमुनिका बालबालिकामा हुने ख्याउटेपनलाई कम्तीमा ५% मा झार्ने र सो स्थिति कायम गर्ने । |

## ३. पोषणमैत्री स्थानीय शासनका केही सूचक

तालिका नं. ३९ पोषणमैत्री स्थानीय तहका केही सूचक

| स्वास्थ्य क्षेत्र | | | |
|---|---|---|---|
| सूचक | एकाइ | पोषणउन्मुखका लागि न्यूनतम लक्ष्य | घोषणाका लागि लक्ष्य |
| १. गर्भवती महिलाको कम्तीमा ४ पटक (गर्भवती भएको ४, ६, ८ र ९ महिनामा) पूर्वप्रसूति जाँच गराएको | प्रतिशत | >९०% | >९५% |
| २. सुत्केरी भएपछि कम्तीमा ३ पटक (सुत्केरी भएको ठीक २४ घण्टा, ७ घण्टा र ७ दिनमा) सुत्केरी महिला र शिशुको उत्तरप्रसूति जाँच गरिएको | प्रतिशत | >९०% | >९५% |
| ३. गर्भवती महिलाले पूर्ण मात्रामा (पहिलो पटक गर्भवती हुँदा २ पटक र दोस्रो पटक गर्भवती हुँदा १ पटक) टीडी खोप लिएको | प्रतिशत | >९०% | >९५% |
| ४. गर्भवती महिलाले चौथो महिनादेखि १८० दिनसम्म र सुत्केरी भएपश्चात् ४५ दिनसम्म १ चक्कीका दरले आइरन तथा फोलिक एसिड चक्की खाएको | प्रतिशत | >९०% | >९५% |
| ५. स्वास्थ्य संस्थामा सुत्केरी हुनेको सङ्ख्या | प्रतिशत | >९०% | >९५% |
| ६. घरमै सुत्केरी गराउने | प्रतिशत | ०% | ०% |
| ७. तालिमप्राप्त स्वास्थ्यकर्मी (Skill Birth Attendance) बाट सुत्केरी गराएको | प्रतिशत | >९०% | >९५% |
| ८. ६ महिनादेखि ५९ महिनाका बालबालिकाले भिटामिन 'ए' पाएको | प्रतिशत | >९०% | >९५% |

| | | | |
|---|---|---|---|
| ९. १२ महिनादेखि ५९ महिनाका बालबालिकाले जुकाको औषधि पाएको | प्रतिशत | >९०% | >९५% |
| १०. विद्यालयबाहिर रहेका १० देखि १९ वर्षका किशोरीले आइरन चक्की सेवन गरेको | प्रतिशत | >९०% | >९५% |
| ११. २४ महिनासम्मका बालबालिकाले नियमित वृद्धि अनुगमन गरेको (जन्मिएको पहिलो महिनादेखि नै हरेक महिनामा १ पटक गरी २४ पटक) | प्रतिशत | >९०% | >९५% |
| १२. शिशु जन्मेदेखि ६ महिनासम्म पूर्ण स्तनपान गराएको | प्रतिशत | >८०% | >९०% |
| १३. बच्चा ६ महिना भएपछि स्तनपानका साथै थप खाना खुवाउन सुरु गरेको | प्रतिशत | >८०% | >९०% |
| १४. कम तौल भएका २ वर्षमुनिका बालबालिका | प्रतिशत | >५% | >५% |
| १५. मध्यम शीघ्र कुपोषण (MAM Case) पहिचान भएका मध्ये परामर्श दिइएको | प्रतिशत | १००% | १००% |
| १६. कडा शीघ्र कुपोषण (SAM Case) पहिचान भएका मध्ये उपचार पाउने | प्रतिशत | १००% | १००% |
| १७. जन्मिँदा कम तौलका शिशु | प्रतिशत | <५% | <५% |
| १८. आयोडिनयुक्त नुन खाने घरधुरी | प्रतिशत | १००% | १००% |
| १९. पूर्ण खोपयुक्त स्थानीय तह (१२ देखि २३ महिनाका बालबालिकाले पूर्ण खोप पाएको) घोषणा भइसकेको | भए वा नभएको | भएको | भएको |
| २०. बालबालिकालाई झाडापखाला लागेका बेला तोकिएको मात्रामा जिङ्क चक्की वा पुनर्जलीय झोल खुवाउने गरेको | प्रतिशत | १००% | १००% |
| २१. हरेक स्वास्थ्य संस्था पोषणमैत्री घोषणा भएको | भए वा नभएको | भएको | भएको |
| २२. हरेक स्थानीय तहमा कम्तीमा ओटीसी वा आईटीसी वा एनआरएच भएका | वटा | १ वटा | १ वटा |

## ४. पोषणमैत्री स्थानीय तह निर्माणमा प्रमुख/अध्यक्षको भूमिका

१) पोषणसम्बन्धी स्थानीय तहको नीति, योजना र कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने/गराउने,

२) विकास योजनामा पोषणसम्बन्धी विषय अन्तरआबद्ध गर्ने,

३) पोषणसम्बन्धी चेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने/गराउने,

४) पोषणमैत्री स्थानीय तह निर्माण गर्न वडा तहदेखि नै एकीकृत प्रयास गर्ने/गराउने, र

५) पोषणसम्बन्धी अभियान सञ्चालन गर्ने ।

परिच्छेद १८

# स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन

## १. परिचय

स्थानीय तहबाट भएका समग्र कार्यको लेखाजोखा गरी उनीहरूबीच सेवा, विकास, संस्थागत सुशासनका क्षेत्रमा सकारात्मक प्रतिस्पर्धामार्फत् सुशासन हासिल गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले 'स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कन कार्यविधि, २०७७' कार्यान्वयनमा ल्याएको छ । यस कार्यविधिले स्थानीय तहका नीतिगत, प्रशासनिक, वित्तीय, भौतिक पूर्वाधार र सेवा प्रवाहलगायत १० वटा क्षेत्रमा संस्थागत लेखाजोखा गर्छ । स्व-मूल्याङ्कनले स्थानीय तहको कार्यप्रक्रिया र उपलब्धिको बारेमा लेखाजोखा गरी सबल र दुर्बल पक्ष पहिचान गर्न सघाउँछ । विकास तथा सुशासनमा रहेका कमी-कमजोरीको जानकारी लिन र आवधिक समीक्षाका लागि आधार प्राप्त गर्न पनि यो सहयोगी हुन्छ । त्यस्तै, गाउँ/नगरपालिकाहरूको बीचमा तुलनायोग्य सूचक तर्जुमा गरी प्रतिस्पर्धात्मक सुधारमा अग्रसर गराउँदै स्थानीय तहलाई सक्षम र प्रभावकारी बनाउन पनि यसले सहयोग गर्छ ।

## २. स्थानीय तह संस्थागत स्व-मूल्याङ्कनको सङ्क्षिप्त खाका

तालिका नं. ४०: स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कनको सङ्क्षिप्त खाका

| **१. नाम** | **स्थानीय तह संस्थागत स्व-मूल्याङ्कन कार्यविधि, २०७७** |
|---|---|
| **२. सूचकका क्षेत्र** | १. सूचक क्षेत्र १ : संगठन तथा प्रशासन<br>२. सूचक क्षेत्र २ : शासकीय प्रबन्ध<br>३. सूचक क्षेत्र ३ : वार्षिक बजेट तथा योजना<br>४. सूचक क्षेत्र ४ : वित्तीय एवम् आर्थिक व्यवस्थापन<br>५. सूचक क्षेत्र ५ : सेवा प्रवाह<br>६. सूचक क्षेत्र ६ : न्यायिक कार्यसम्पादन<br>७. सूचक क्षेत्र ७ : भौतिक पूर्वाधार<br>८. सूचक क्षेत्र ८ : सामाजिक समावेशीकरण<br>९. सूचक क्षेत्र ९ : वातावरण संरक्षण तथा विपद् व्यवस्थापन<br>१०. सूचक १० : क्षेत्र सहकार्य र समन्वय |
| **३. सूचक मूल्याङ्कनको जिम्मेवारी** | गाउँपालिका/नगरपालिका |
| **४. स्व-मूल्याङ्कनका मुख्य क्षेत्र** | फोहोरमैला व्यवस्थापन, भवन संहिता, सार्वजनिक वित्त व्यवस्थापन, भवन निर्माण मापदण्ड, स्थानीय पूर्वाधार, घुम्ती सेवा, बाल र वातावरणमैत्री स्थानीय शासन, आन्तरिक आय, सामाजिक समावेशीकरण, न्यायिक समिति, सामाजिक सुरक्षा, टोल विकास संस्थाको प्रवर्द्धन आदि । |
| **५. सूचक सङ्ख्या** | १० विषय-क्षेत्रमा १०० |

| | |
|---|---|
| **६. स्व-मूल्याङ्कनमा अङ्क प्राप्त गर्न आवश्यक केही दस्तावेज** | - स्थानीय क्षमता विकास योजना<br>- जोखिम संवेदनशील भू-उपयोग योजना<br>- वार्षिक खरिद योजना<br>- आर्थिक ऐन तथा विनियोजन ऐन<br>- Spatial Based एकीकृत आवधिक विकास योजना<br>- मध्यकालीन खर्च योजना<br>- आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका<br>- सभा तथा कार्यपालिकाको बैठक सञ्चालन विधि<br>- वार्षिक समीक्षा प्रतिवेदन<br>- स्थानीय तहको संगठन तथा व्यवस्थापन प्रतिवेदन<br>- कार्यसम्पादन करार सम्झौता<br>- स्थानीय तहको परियोजना बैङ्क<br>- वातावरण व्यवस्थापन योजना<br>- सामाजिक समावेशीकरणसम्बन्धी स्थानीय कानुन र यसको कार्यान्वयन कार्ययोजना<br>- राजस्व तथा खर्च प्रक्षेपण प्रतिवेदन<br>- आन्तरिक लेखापरीक्षण प्रतिवेदन<br>- उपभोक्ता सन्तुष्टि सर्वेक्षण<br>- स्थानीय तहको सेवा प्रवाह मापदण्ड<br>- न्याय सम्पादन कार्यविधि<br>- स्थानीय आर्थिक विकास योजना<br>- सडक यातायात गुरूयोजना<br>- सार्वजनिक-निजी साझेदारी कानुन<br>- वार्षिक अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन<br>- टोल विकास संस्थासम्बन्धी कानुन<br>- स्थानीय तहको वस्तुगत विवरण<br>- स्थानीय कानुनका राजपत्र<br>- वार्षिक जिन्सी निरीक्षण प्रतिवेदन<br>- औद्योगिक ग्रामको सञ्चालन कार्यविधि<br>- दिगो विकासका लक्ष्यको स्थानीयकरणसम्बन्धी कार्ययोजना<br>- फोहोरमैलासम्बन्धी स्थानीय कानुन<br>- स्थानीय प्रारम्भिक वातावरण परीक्षणसम्बन्धी कानुन |
| **७. सूचक** | - यससम्बन्धी सूचक अनुसूची-७ मा समावेश गरिएको छ । |

## ३.  स्थानीय तह संस्थागत स्व-मूल्याङ्कनले वित्तीय सुशासनका लागि निर्धारण गरेका केही परिमाणात्मक लक्ष्य

तालिका नं. ४१: स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कनले वित्तीय सुशासनका लागि निर्धारण गरेका केही परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक नं. | सूचक | परिमाणात्मक लक्ष्य |
|---|---|---|---|
| १ | ३.३.१ | **कुल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा** | कुल वार्षिक बजेटमा आन्तरिक आयको हिस्सा २० प्रतिशत रहेको |
| २ | ३.३.२ | **५ लाखभन्दा कम लागतका योजनाले कुल पुँजीगत बजेटमा ओगटेको हिस्सा** | ५ लाखभन्दा कम लागतका योजनाले कुल पुँजीगत बजेटमा ओगटेको हिस्सा ३०% भन्दा कम रहेको । |
| ३ | ३.३.३ | **वार्षिक आन्तरिक आयवृद्धि गत वर्षको तुलनामा** | वार्षिक आन्तरिक आयवृद्धि गत वर्षको तुलनामा १०% भन्दा बढी रहेको । |
| ४ | ३.३.४ | **गैरसरकारी संस्था (गैसस)को नगद लागत साझेदारी** | गैससमार्फत योजना कार्यान्वयन गरेको अवस्थामा गैससको नगद लागत साझेदारी ३०% भन्दा बढी भएको । |
| ५ | ३.३.५ | **समपूरक अनुदानमा लागत साझेदारीका लागि विनियोजित बजेट** | समपूरक अनुदानबाट सञ्चालन हुने आयोजनाहरूमा विनियोजित बजेट कार्यविधिले तोकेभन्दा बढी लागत साझेदारी गर्ने । |
| ६ | ४.१.२ | **वित्तीय अनुशासन** | अन्तिम लेखापरीक्षणले कुल खर्चको १% भन्दा कम बेरूजु औंल्याएको । |
| ७ | ४.३.२ | **पुँजीगत खर्च** | पुँजीगत बजेटको ८०% भन्दा बढी खर्च गरेको । |

| | | | |
|---|---|---|---|
| ८ | ४.३.४ | **राजस्व सङ्कलन** | राजस्व अनुमानको ९०% भन्दा बढी सङ्कलन भएको । |
| ९ | ५.३.२ | **सामाजिक सुरक्षा भत्ता बैङ्क खातामार्फत भुक्तानी** | सामाजिक सुरक्षा भत्ता बैङ्क खातामार्फत भुक्तानी ९०% भन्दा बढी रहेको । |
| १० | ५.३.४ | **सार्वजनिक सुनुवाइ** | प्रत्येक चौमासिकमा कम्तीमा १ पटक सार्वजनिक सुनुवाइ भएको । |
| ११ | ५.३.६ | **शिक्षामा सबै बालबालिकाको पहुँच** | मूल्याङ्कन अवधिमा विद्यार्थी भर्ना दर ९०% भन्दा बढी भई गत वर्षको तुलनामा विद्यालय छोड्ने दर ५०% भन्दा बढीले घटेको । |
| १२ | ७.३.१ | **सडकको विस्तार** | गत वर्षको तुलनामा मूल्याङ्कन अवधिमा २५% भन्दा बढी सडक थप भएको । |
| १३ | ७.३.२ | **सडकको स्तरोन्नति** | गत वर्षको तुलनामा मूल्याङ्कन अवधिमा १५% भन्दा बढी सडक स्तरोन्नति भएको । |
| १४ | ७.३.३ | **खानेपानी सेवा विस्तार** | गत वर्षको तुलनामा मूल्याङ्कन अवधिमा २५% भन्दा बढी घरधुरीमा खानेपानी सेवा विस्तार भएको । |
| १५ | ८.३.१ | **महिलाविरुद्ध हुने घरेलु हिंसाका घटनामा कमी** | अघिल्लो आवको तुलनामा महिलाविरूद्ध हुने घरेलु हिंसाका घटनामा २०% भन्दा बढीले कमी आएको । |
| १६ | ८.३.२ | **सामाजिक हानिकारक परम्परागत अभ्यास नियन्त्रणमा लगानी** | बालश्रम, बालविवाह, बहुविवाह, दाइजो/दहेज, बोक्सी, छाउपडी जस्ता सामाजिक विकृति रोकथामका लागि तर्जुमा गरिएका कार्यक्रममा लगानी ०.५% भन्दा माथि रहेको ।<br><br>(ससर्त अनुदानबाहेक बाँकी बजेटको) |

| | | | |
|---|---|---|---|
| **१७** | **८.३.४** | **आर्थिक तथा सामाजिक रूपमा पछि परेका वर्गका लागि लगानी** | आर्थिक तथा सामाजिक रूपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको सामाजिक र आर्थिक उत्थानमा गरिने लगानी १०% भन्दा बढी रहेको ।<br>(ससर्त अनुदानबाहेक बाँकी बजेटको) |
| **१८** | **७.३.४** | **वार्षिक योजनाको कार्यान्वयन स्थिति** | मूल्याङ्कन अवधिमा सम्पन्न गर्नुपर्ने स्वीकृत वार्षिक योजनाको ८०% भन्दा बढी भौतिक पूर्वाधार योजना सम्पन्न भएको । |
| **१९** | **९.३.१** | **वातावरणीय क्षेत्र प्रवर्द्धनमा बजेट विनियोजन** | वार्षिक रूपमा बाल उद्यान/खुला क्षेत्र/हरियाली क्षेत्र विस्तारका लागि समानीकरण अनुदानको ३% भन्दा बढी बजेट विनियोजन भई चौतारी वा पोखरी वा सडक हरियाली भएको । |
| **२०** | **९.३.२** | **वातावरण संरक्षणमा टोल विकास संस्था, नागरिक तथा निजी क्षेत्र र गैससको सहभागिता** | वातावरण संरक्षणका ५०% भन्दा बढी कार्यक्रममा टोल विकास संस्था, नागरिक तथा निजी क्षेत्र र गैससको सहभागिता रही वातावरण संरक्षणसम्बन्धी योजना कार्यान्वयन भएको । |
| **२१** | **९.३.४** | **टोल विकास संस्था गठन तथा सञ्चालन** | टोल विकास संस्था गठन र सञ्चालनसम्बन्धी कानुन तर्जुमा भई सो कानुनका आधारमा ८०% भन्दा बढी घरधुरी टोल विकास संस्थामा आबद्ध भएको । |
| **२२** | **९.३.५** | **एम्बुलेन्स, अग्नि नियन्त्रण जस्ता आकस्मिक सेवाको उपलब्धता** | एम्बुलेन्स, अग्नि नियन्त्रणजस्ता आकस्मिक सेवामा ५०% भन्दा बढी जनसङ्ख्याको पहुँच भएको । |

## ४. स्थानीय तह संस्थागत स्व-मूल्याङ्कनमा प्रमुख/अध्यक्षको भूमिका

१. स्व–मूल्याङ्कन प्रणालीको आवश्यकता र महत्त्वबारे कार्यपालिकालाई जानकारी गराउने ।

२. संस्थागत स्व–मूल्याङ्कनको प्रारम्भिक एकीकृत नतिजा कार्यपालिकाको बैठकमा छलफल गर्ने ।

३. स्व–मूल्याङ्कनको अन्तिम नतिजा कार्यपालिकाबाट अनुमोदन गर्ने ।

४. स्व–मूल्याङ्कनको अन्तिम नतिजा छलफलका लागि सभामा पेस गर्ने ।

५. स्व–मूल्याङ्कन लेखाजोखाको नतिजाअनुसार कमी–कमजोरी पहिचान गरी सुधारका लागि आवश्यक कार्य गर्ने/गराउने ।

६. नतिजा क्षेत्रको कार्यान्वयन ।

७. आन्तरिक कार्यसम्पादनमा नतिजालाई आबद्ध गर्ने ।

परिच्छेद १८

# स्थानीय आर्थिक विकास

## १. स्थानीय आर्थिक विकासको परिचय

आर्थिक सशक्तीकरण, सीप विकास, उद्योग विकास र पूर्वाधार विकासमार्फत् स्थानीय समृद्धिका लागि नेपाल सरकारले 'स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९' कार्यान्वयनमा ल्याएको छ । यसले नागरिकको आयवृद्धि गर्ने; स्थानीय क्षेत्रमा उत्पादन र उत्पादकत्व बढाउने; श्रमका लागि बिदेसिनुपर्ने अवस्था घटाउने; आर्थिक विकासका क्षेत्रमा नवप्रवर्तन (Innovation) प्रवर्द्धन गर्ने; स्रोत-साधनलाई आर्थिक विकासमा परिचालन गर्ने; स्थानीय आर्थिक विकासमा सामुदायिक, सहकारी तथा निजी क्षेत्र परिचालन गर्ने उद्देश्य राखेको छ ।

**स्थानीय आर्थिक विकास**

स्थानीय तहमा आर्थिक सशक्तीकरण, सीप विकास, उद्यमशीलता विकास तथा औद्योगिक प्रवर्द्धन, विशिष्टीकृत वस्तु उत्पादन र आर्थिक विकास पूर्वाधार निर्माणको माध्यमबाट उत्पादन र रोजगारी वृद्धि गरी स्थानीय बासिन्दाको आर्थिकस्तर बढाउने कार्यलाई स्थानीय आर्थिक विकास भनिन्छ ।

## २. स्थानीय आर्थिक विकासका कार्य/चरणहरू

स्थानीय तहलाई आर्थिक विकास र सहजीकरणका सारथि पनि भनिन्छ । स्थानीय आर्थिक विकासको मुख्य ध्येय स्थानीय नागरिकको आर्थिक समृद्धि हो । त्यसैले उत्पादन, रोजगारी र आर्थिक वृद्धिको कार्य योजनाबद्ध तवरले सम्पादन गर्नुपर्ने हुन्छ । सामान्यतया स्थानीय तहले आर्थिक विकासका लागि देहायका चरण पालना गर्दा उपयुक्त नै मानिन्छ । स्थानीय आर्थिक विकास मूल्याङ्कनका सूचक अनुसूची-८ मा उल्लेख गरिएका छन् ।

तालिका नं. ४२: स्थानीय आर्थिक विकासका चरणगत कार्य

| कार्यक्षेत्र | प्रमुख कार्य |
|---|---|
| **स्थानीय आर्थिक विकासको संस्थागत आधारशिला निर्माण** | १. उद्योग विकास शाखा स्थापना<br>२. उद्यम विकास सहजकर्ताको व्यवस्था<br>३. सार्वजनिक-निजी संवाद समिति गठन<br>४. स्थानीय आर्थिक विकासको वस्तुस्थिति विवरण तयार<br>५. स्थानीय आर्थिक विकासको आवधिक योजना निर्माण<br>६. स्थानीय आर्थिक विकास वार्षिक सर्वेक्षण<br>७. स्थानीय आर्थिक विकास सूचकको लेखाजोखा<br>८. स्थानीय आर्थिक विकासको वार्षिक कार्यक्रम तयार |
| **आर्थिक विकासका आधारभूत पूर्वाधार निर्माण** | १. आर्थिक विकासका पूर्वाधारको आवश्यकता पहिचान<br>२. आर्थिक विकासका पूर्वाधारको परियोजना छनोट<br>३. आर्थिक विकास पूर्वाधारको परियोजना कार्यान्वयन |
| **आर्थिक सशक्तीकरण योजनाको कार्यान्वयन** | १. आर्थिक सचेतना कक्षा सञ्चालन<br>२. प्रतिस्पर्धात्मक लाभका क्षेत्र पहिचान<br>३. उद्यम विकास समूह गठन<br>४. आर्थिक सशक्तीकरण कार्यक्रम सञ्चालन |

| | |
|---|---|
| **व्यवसाय विकास र प्रवर्द्धन** | १. व्यवसाय र व्यवसायीको विवरण सङ्कलन<br>२. तुलनात्मक लाभका व्यावसायिक क्षेत्र पहिचान<br>३. सम्भावित व्यवसायीको सूची तयार<br>४. नवप्रवर्तनमा आधारित व्यवसायी सम्मेलन<br>५. नयाँ व्यवसायको प्रस्ताव आह्वान र छनोट<br>६. व्यावसायिक योजना अभिमुखीकरण<br>७. बीउपुँजीको वितरण र व्यवसाय स्थापना |
| **सीप विकास कार्यक्रम सञ्चालन** | १. सीपको नक्साङ्कन<br>२. सीप आवश्यकताको पहिचान<br>३. सीप विकासका लागि प्रस्ताव आह्वान र सहभागी छनोट<br>४. सेवाप्रदायक छनोट<br>५. सीप विकास कार्यक्रम सञ्चालन |
| **उद्योग विकासका कार्यक्रम सञ्चालन** | १. औद्योगिक विवरण (उद्यमी र उद्योग) सङ्कलन<br>२. प्रतिस्पर्धात्मक लाभका क्षेत्र पहिचान<br>३. बजार पहिचान<br>४. नयाँ उद्योगका लागि प्रस्ताव आह्वान<br>५. सहभागी छनोट<br>६. उद्योग विकास परियोजना निर्माणमा अभिमुखीकरण<br>७. उद्योग विकास कार्यक्रम सञ्चालन |
| **विशिष्टीकृत वस्तुको छनोट र उत्पादन** | १. विशिष्टीकृत वस्तु छनोट<br>२. विशिष्टीकृत वस्तुका उद्यमी छनोट<br>३. विशिष्टीकृत वस्तु उत्पादनका लागि तालिम<br>४. विशिष्टीकृत वस्तु उत्पादन<br>५. उत्पादित विशिष्टीकृत वस्तुको प्रवर्द्धन, बजारीकरण तथा गुणस्तर प्रमाणीकरण |

## ३. स्थानीय आर्थिक विकास संवाद समितिको संरचना

'स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९'मा स्थानीय आर्थिक विकासको प्रवर्द्धनका लागि देहायबमोजिम एक 'स्थानीय आर्थिक विकास संवाद समिति' गठन गर्नुपर्ने व्यवस्था छ ।

तालिका नं. ४३ : स्थानीय आर्थिक विकास संवाद समितिको संरचना

| | |
|---|---|
| १. स्थानीय तहका प्रमुख वा अध्यक्ष | संयोजक |
| २. स्थानीय तहका उपप्रमुख वा उपाध्यक्ष | सदस्य |
| ३. स्थानीय तहका आर्थिक विकास समिति संयोजक | सदस्य |
| ४. घरेलु तथा साना उद्योगसम्बन्धी मान्यताप्राप्त संस्थाका गाउँ वा नगर तहका अध्यक्ष | सदस्य |
| ५. उद्योग वाणिज्यसम्बन्धी मान्यताप्राप्त सङ्घसंस्थाका गाउँ वा नगर तहका अध्यक्ष | सदस्य |
| ६. स्थानीय तहमा रहेका उत्पादनमा आधारित सहकारीमध्येबाट संयोजकले तोकेका १ जना प्रतिनिधि | सदस्य |
| ७. स्थानीय तहमा रहेका बैंकमध्येबाट संयोजकले तोकेका १ जना प्रतिनिधि | सदस्य |
| ८. स्थानीय तहमा सबैभन्दा बढी रोजगारी प्रदान गर्ने १ उद्यमी | सदस्य |
| ९. प्रमुख प्रशासकीय अधिकृत | सदस्य-सचिव |

## ४. स्थानीय आर्थिक विकास संवाद समितिका मुख्य जिम्मेवारी

(क) स्थानीय आर्थिक विकासको अनुगमन तथा मूल्याङ्कनमा सहजीकरण गर्ने,

(ख) स्थानीय आर्थिक विकासका सूचकको प्रगति समीक्षा गर्ने,

(ग) स्थानीय आर्थिक विकासको प्रवर्द्धनमा सहजीकरण गर्ने,

(घ) स्थानीय सीप विकासको प्रवर्द्धन गर्ने,

(ङ) लघु, घरेलु तथा साना उद्योग र उद्यमशीलता विकासका लागि सहजीकरण गर्ने,

(च) '१ स्थानीय तह, १ उत्पादन'सम्बन्धी कार्यमा सहजीकरण गर्ने,

(छ) औद्योगिक ग्राम स्थापनाका लागि सहजीकरण गर्ने,

(ज) सार्वजनिक-निजी संवादसम्बन्धी कार्य गर्ने,

(झ) स्थानीय आर्थिक विकास योजना निर्माण तथा कार्यक्रम कार्यान्वयन सहजीकरण गर्ने,

(ञ) स्थानीय उत्पादनको प्रवर्द्धनमा सहजीकरण गर्ने,

(ट) निजी लगानी आकर्षणका लागि समन्वय गर्ने,

(ठ) आर्थिक सशक्तीकरणसम्बन्धी कार्यमा सहजीकरण गर्ने, र

(ड) आर्थिक सचेतना कक्षा सञ्चालनमा सहजीकरण गर्ने ।

## ५. 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४'ले स्थानीय सरकारलाई प्रदान गरेको भूमिका

नेपालको संविधानले स्थानीय आर्थिक विकाससँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरोकार राख्ने सहकारी, कृषि, स्थानीयस्तरका विकास परियोजना, स्थानीय बजार व्यवस्थापन, कृषि उत्पादन व्यवस्थापन जस्ता विषयको कार्य-जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४'ले स्थानीय आर्थिक विकासका सम्बन्धमा स्थानीय तहलाई देहायका जिम्मेवारी प्रदान गरेको छ–

१. लघु घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन,

२. उद्यमशीलताको विकास र प्रवर्द्धन,

३. लक्षित समूहसम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन,

४. सामुदायिक भू-संरक्षण र त्यसमा आधारित आयआर्जन कार्यक्रम,

५. वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग,

६. बजार तथा हाटबजार व्यवस्थापन,

७. निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य,

८. स्थानीय व्यापार र वाणिज्यसम्बन्धी पूर्वाधार निर्माण,

९. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,

१०. स्थानीय वस्तुको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,

११. स्थानीय व्यापार र वाणिज्यसम्बन्धी पूर्वाधार निर्माण,
१२. स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तर अनुगमन र नियमन,
१३. स्थानीयस्तरका व्यापारिक फर्म दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन,
१४. स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन/अनुसन्धान,
१५. स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन,
१६. स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन,
१७. आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,
१८. पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनसम्बन्धी आयोजना पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,
१९. नवीन पर्यटकीय सेवा तथा कार्यसम्बन्धी आयोजनाको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन, र
२०. विकास आयोजना तथा परियोजनासम्बन्धी अन्य कार्य ।

## ६. स्थानीय आर्थिक विकासमा प्रमुख/अध्यक्षको भूमिका:

(१) स्थानीय आर्थिक विकास संवाद समितिको संयोजकका रूपमा गाउँ/नगरपालिकाका आर्थिक क्षेत्रबीच समन्वय र सहकार्य विकास गर्ने ।
(२) आफ्नो गाउँ/नगरपालिकामा सम्भाव्य र तुलनात्मक लाभका क्षेत्र पहिचान गर्ने ।
(३) स्थानीय आर्थिक विकासका क्रियाकलापलाई वार्षिक योजना तथा कार्यक्रममा समावेश गर्ने/गराउने ।
(४) स्थानीय आर्थिक विकासका लागि निजी क्षेत्रसँग सहकार्य तथा समन्वय गर्ने ।
(५) लघु, घरेलु तथा साना उद्योग र उद्यमशीलता विकासका लागि सहजीकरण गर्ने/गराउने ।
(६) '१ स्थानीय तह, १ उत्पादन'सम्बन्धी कार्यमा सहजीकरण गर्ने ।
(७) औद्योगिक ग्राम स्थापना गर्ने/गराउने र त्यहाँ उद्योग स्थापनामा सहजीकरण गर्ने ।
(८) स्थानीय सीप विकासको प्रवर्द्धन गर्ने ।
(९) स्थानीय आर्थिक विकास सूचकाङ्कका उद्देश्य र विधिबारे कार्यपालिकामा छलफल र जानकारी गराउने ।
(१०) आफ्नो गाउँ/नगरपालिकाको स्थानीय आर्थिक विकास मूल्याङ्कनको नतिजा छलफलका लागि कार्यपालिका बैठकमा पेस गर्ने, सूचकको प्रगति समीक्षा गर्ने, नतिजामा देखिएका कमी-कमजोरी सुधार गर्ने/गराउने ।

परिच्छेद १९

# स्थानीय तहमा सामाजिक उत्तरदायित्वका विधिको अभ्यास

## १. परिचय

सार्वजनिक र सामाजिक परीक्षण, नागरिक बडापत्र, सार्वजनिक सुनुवाइ, सार्वजनिक गुनासो सम्बोधन जस्ता सामाजिक विधिले स्थानीय तहलाई आफूले गरेका कामको प्रक्रिया, औचित्य र त्यसबाट उत्पन्न सार्वजनिक लाभका बारेमा नागरिकलाई अवगत गराई स्थानीय तहलाई जनउत्तरदायी र जवाफदेही बनाउँछ । यसले स्थानीय तहको सामाजिक जवाफदेहिता संस्थागत गरी सार्वजनिक स्रोत तथा अधिकारलाई नागरिकमैत्री र नतिजामुखी बनाउँछ ।

विकास, सार्वजनिक सेवा प्रवाह र स्थानीय शासनमा नागरिक सहभागिता सुनिश्चित गर्दै सुखी नागरिक र समृद्ध पालिका निर्माण गर्ने

**सामाजिक उत्तरदायित्वसम्बन्धी प्रमुख कानुन**

१. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली २०६५

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

३. गाउँपालिका/नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ (नमुना)

४. सार्वजनिक जवाफदेहिता प्रवर्द्धनसम्बन्धी कार्यविधि, २०७७

सामाजिक जिम्मेवारी स्थानीय तहको हुन्छ । यी जिम्मेवारी पूरा भए/नभएको सुनिश्चित गर्न सामाजिक उत्तरदायित्वका विधि प्रयोग गरिन्छ । स्थानीय तहले प्रचलित कानुनबमोजिम समावेशी र समतामूलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयनका साथै लक्षित समुदायलक्षित सेवा प्रवाहको दायित्वलाई सामाजिक जिम्मेवारी भनिन्छ । स्थानीय तहमा सामाजिक उत्तरदायित्वका निम्न विधि प्रयोगमा ल्याउन सकिन्छ–

१) सार्वजनिक परीक्षण (Public Audit)

२) सामाजिक परीक्षण (Social Audit)

३) सार्वजनिक सुनुवाइ (Publlic Hearing)

४) नागरिक बडापत्र (Citizen Charter)

५) गुनासो पेटिका (Complain Box)

६) बहिर्गमन अभिमत (Exit Poll)

७) नागरिक प्रतिवेदन पत्र (Citizen Report Card)

## २. सार्वजनिक परीक्षण

१) 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४'को दफा ७८ को उपदफा (५)ले सार्वजनिक परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । गाउँ/नगरपालिकाबाट सञ्चालित सबै किसिमका

**सार्वजनिक परीक्षण**

स्थानीय तहको लगानीमा कार्यक्रम सञ्चालन गर्ने निकाय, संस्था, निर्माण व्यवसायी, उपभोक्ता समिति, सामुदायिक संस्थाले कार्यक्रम सञ्चालन हुने स्थानमा लाभग्राही र सरोकारवाला नागरिकको उपस्थितिमा कार्यक्रमको उद्देश्य, बजेट, खर्च, प्रक्रिया र नतिजाबारे सार्वजनिक रूपमा जानकारी गराउने कार्यलाई सार्वजनिक परीक्षण भनिन्छ ।

कार्यक्रम तथा आयोजना सम्झौताबमोजिम सम्पन्न भएपछि अन्तिम किस्ता भुक्तानीपूर्व कम्तीमा एक पटक अनिवार्य रूपमा सार्वजनिक परीक्षण गर्नुपर्छ । कुनै कार्यालयले प्रकृति हेरी कुनै कार्यक्रम वा आयोजनाको सम्झौता गर्दा नै एक पटकभन्दा बढी सार्वजनिक परीक्षणको व्यवस्था पनि गर्न सक्छन् ।

२) सामान्यतः स्थानीयस्तरमा हुने कार्यक्रम सञ्चालनपूर्व पेश्की उपलब्ध गराउनु पर्दा प्रारम्भिक चरण र कार्यक्रम सम्पन्न भएपछि अन्तिम किस्ता भुक्तानी गर्नुपूर्व समापन चरण गरी दुई चरणमा सार्वजनिक परीक्षण हुन्छ । सार्वजनिक परीक्षण नगरिएका योजनालाई फरफारक गर्नु हुँदैन । सार्वजनिक परीक्षणमा देहायबमोजिमका सहभागी हुन्छन्–

१. कार्यक्रम वा आयोजनाबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने समुदायका सदस्य

२. वडा समितिका सदस्यमध्ये कम्तीमा १ जना सदस्य

३. कार्यक्रम कार्यान्वयनको जिम्मेवारी पाएको उपभोक्ता समितिका पदाधिकारी, निर्माण व्यवसायी, संस्थाका प्रमुख जिम्मेवार व्यक्ति

४. सम्बन्धित कार्यक्रम सञ्चालनका लागि कार्यालयले तोकेका प्राविधिक कर्मचारी

५. अन्य सरोकारवाला व्यक्ति

### ३) सार्वजनिक परीक्षणमा सार्वजनिक गर्नुपर्ने विषय

१. कार्यक्रमको कुल बजेट तथा उद्देश्य

२. कार्यक्रम कार्यान्वयन प्रक्रिया र कार्ययोजना

३. कार्यक्रम सञ्चालनमा संलग्न जनशक्ति

४. कार्यक्रम कार्यान्वयनमा भएका खर्च

५. कार्यक्रमको गुणस्तर

६.	(उपभोक्ताबाट भएको भए) उपभोक्ताको सहभागिता र योगदानको फेहरिस्त

७.	कार्यक्रम कार्यान्वयनमा आएका समस्या तथा गुनासो सम्बोधन

८.	कार्यक्रमको अवधि

९.	कार्यक्रमको नतिजा

१०.	सम्पादन गर्नुपर्ने कामको विवरण

११.	कार्यक्रमका प्राविधिक कर्मचारीको विवरण

१२.	कार्यक्रमका मुख्य उपलब्धि

१३.	अन्य आवश्यक विवरण

## ३. सामाजिक परीक्षण

१)	'स्थानीय सरकार सञ्चालन ऐन, २०७४'को दफा ७८ को उपदफा (५) ले सामाजिक परीक्षणको व्यवस्था गरेको छ । गाउँपालिका/नगरपालिकाले हरेक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम तथा कार्यसम्पादनको लेखाजोखा र त्यसको सामाजिक उपलब्धि मापन गर्न सामाजिक परीक्षण गर्नुपर्नेछ ।

२)	'सावर्जनिक जवाफदेहिता प्रवर्द्धनसम्बन्धी कार्यविधि (नमुना), २०७७'ले योजना, नीति, कार्यक्रम, आयोजना, कार्यान्वयन र सेवा प्रवाहले आर्थिक-सामाजिक क्षेत्रमा पारेका प्रभाव लेखाजोखा, मूल्याङ्कन र विश्लेषण गर्न सामाजिक परीक्षणको कार्यसम्पादन विधि निर्धारण गरेको छ ।

३)	स्थानीय तहले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ४ महिनाभित्र तेस्रो पक्ष (स्वतन्त्र विज्ञ संस्था)बाट आफ्नो संस्थाले सामाजिक जिम्मेवारी पूरा गरे/नगरेको; सो जिम्मेवारी पूरा गर्न संस्थागत क्षमता भए/नभएको; आफ्नो संस्थाले सामाजिक लाभ प्रवाह गरे/नगरेको; स्थानीय तहमा नागरिकको विश्वास बढे/नबढेको; आफ्ना योजना, नीति, कार्यक्रमको आर्थिक-सामाजिक क्षेत्रमा प्रभाव पारे/नपारेको सम्बन्धमा सामाजिक परीक्षण गराउनुपर्छ ।

## ४) सामाजिक परीक्षण देहायका विषयमा आधारित रही गर्नुपर्नेछ–

(क) नेपालको संविधान, २०७२ को अनुसूची-८ मा उल्लिखित विषय

(ख) 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४'को दफा ११ बमोजिम तोकिएका विषय

(ग) गाउँपालिका/नगरपालिकाबाट स्वीकृत कानुनबमोजिम सम्पादन गरिएका कार्य

(घ) नेपाल सरकार तथा प्रदेश सरकारबाट समय-समयमा भएका निर्देशनबमोजिम सम्पादन गर्नुपर्ने कार्य

(ङ) कार्यपालिकाबाट समय-समयमा गरिएका प्रतिबद्धता ।

कार्यपालिकाको निर्णयले कुनै एक कार्यक्रम वा आयोजनाको समेत सामाजिक परीक्षण गर्न सकिनेछ ।

## ५) सामाजिक परीक्षणको अन्तिम प्रतिवेदनमा समावेश हुनुपर्ने विषय

१. स्थानीय तहका लक्ष्य तथा प्राथमिकता

२. गत आर्थिक वर्षका मुख्य उपलब्धि

३. सामाजिक जिम्मेवारी वहन गर्ने क्षमता

४. स्थानीय तहप्रति जनविश्वासको अवस्था

५. सामाजिक जिम्मेवारी पूरा गर्ने संस्थागत क्षमताको अवस्था

६. सामाजिक उत्तरदायित्वका विधि प्रयोगको अवस्था

७. सामाजिक जिम्मेवारी वहन गर्ने सन्दर्भमा देखिएका चुनौती

८. सुधारका लागि चाल्नुपर्ने कदम

## ४. सार्वजनिक सुनुवाइ

१) गाउँ/नगरपालिका कार्यपालिका र वडा कार्यालयहरूले प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र वडाको सरोकार राख्ने नागरिकलाई सहभागी गराई आर्थिक वर्षको प्रत्येक चौमासिकमा कार्यालयबाट सञ्चालित सम्पूर्ण योजना, कार्यक्रम तथा सेवा प्रवाहको सार्वजनिक सुनुवाइ गर्नुपर्छ । सार्वजनिक रूपमा गरिने छलफल, बहस र प्रश्नोत्तरले स्थानीय सरकारलाई थप जिम्मेवार बनाउँछन् नै, कार्यसम्पादनलाई पारदर्शी पनि बनाउँछन् ।

> ### सार्वजनिक सुनुवाइ
>
> स्थानीय तहका सरकार र नागरिकबीच दोहोरो संवाद स्थापित गरी नागरिकलाई देश विकासको प्रक्रियामा रचनात्मक प्रतिनिधित्व गराउन सार्वजनिक सुनुवाइको भूमिका महत्त्वपूर्ण हुन्छ । स्थानीय सरकार पारदर्शी हुँदा विकास-निर्माण र सेवाप्रवाह गुणस्तरीय एवम् प्रभावकारी हुन्छ । स्थानीय सरकार र नागरिकमा जिम्मेवारीको संस्कार बसाउन सार्वजनिक सुनुवाइ महत्त्वपूर्ण औजार हो ।

२) सार्वजनिक सुनुवाइको प्रतिवेदनसमेत तयार गर्नुपर्छ । प्रतिवेदनमा हुनुपर्ने मुख्य विषय–

१. सार्वजनिक सुनुवाइका विषयवस्तु

२. अघिल्लो पटकको सार्वजनिक सुनुवाइको प्रतिवेदन

३. सार्वजनिक परीक्षण प्रतिवेदनका मुख्य-मुख्य अंश

४. सामाजिक परीक्षण प्रतिवेदनका विषष

५. स्थानीय तहका नीति, योजना, कार्यक्रम तथा बजेट

३) सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्ने सहजकर्ता वा सञ्चालकका जिम्मेवारी–

१. शिष्ट एवम् विनयशील भाषा प्रयोग गर्ने
२. निष्पक्ष रूपले मध्यस्थता गर्ने
३. सहभागीले व्यक्त गरेका विषयमा प्रतिवाद नगर्ने
४. सहभागीका कुरा काटी आफ्नो भनाइ नराख्ने
५. विषयवस्तुमा केन्द्रित रही छलफल चलाउने
६. व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचार पालना गर्ने
७. प्राप्त सुझाव, टिप्पणी र प्रतिक्रियालाई सकारात्मक रूपमा लिने
८. वृद्ध, महिला, बालबालिका र आर्थिक-सामाजिक रूपमा पछि परेका वर्गलाई आवाज राख्न प्रोत्साहन गर्ने ।

## ५. नागरिक बडापत्र

१) 'सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४'को नियम २५ मा नागरिकलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले सबैले देख्ने ठाउँमा नागरिक बडापत्र राख्नुपर्ने र यस्तो बडापत्रमा देहायका विषय उल्लेख गर्नुपर्ने प्रावधान छ–

(क) सम्बन्धित कार्यालयले दिने सेवा र तिनका प्रकृति
(ख) सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि
(ग) सेवा प्रदान गर्न लाग्ने समयावधि
(घ) सेवा प्रदान गर्ने पदाधिकारी र उनीहरूका कार्यकक्षको विवरण
(ङ) सेवा प्राप्त गर्न कुनै दस्तुर तथा रकम लाग्ने भए सोको विवरण

२) 'सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४'को नियम ३० मा नागरिकलाई सेवा प्रदान गर्ने प्रदेश, जिल्ला वा स्थानीयस्तरमा कार्यसम्पादन गर्ने कार्यालय प्रमुखले आफू बहाल रहेको कार्यालयका काम-कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन तथा नागरिक/सरोकारवालाका कानुनसम्मत् सरोकार सम्बोधन गर्न सार्वजनिक

सुनुवाइ गराउनुपर्ने प्रावधान छ । यसरी सार्वजनिक सुनुवाइ गर्दा सम्बन्धित विशेषज्ञ, सरोकारवाला, नागरिक समाजका प्रतिनिधि तथा स्थानीय निकायका पदाधिकारीसमेतलाई आमन्त्रण गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा ३१ मा प्रत्येक मन्त्रालय, विभाग तथा सरकारी निकाय एवम् कार्यालयमा काम-कारबाहीको गुणस्तर, प्रभावकारिता तथा तिनमा हुन सक्ने अनियमितताबारे गुनासो गर्न सबैले देख्ने ठाउँमा पेटिका राख्नुपर्ने अनिवार्य व्यवस्था गरिएको छ ।

३) 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४'को दफा ७८ मा गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन अनिवार्य सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइजस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने प्रावधान छ । यो व्यवस्थाका आधारमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहलाई 'सार्वजनिक जवाफदेहिता प्रवर्द्धनसम्बन्धी कार्यविधि, २०७७' नामको नमुना कानुन उपलब्ध गराएको छ ।

## ६. गुनासो व्यवस्थापन

१) कार्यालय वा अन्तर्गतका निकायका काम, सेवा प्रवाह, विकास-निर्माण तथा गाउँपालिका/नगरपालिकाका काम र अधिकारसम्बन्धी विषयमा जुनसुकै माध्यमबाट सरोकारवाला व्यक्ति वा निकायले लिखित वा अलिखित रूपमा गुनासो गर्न सक्छन् । कार्यालयले यसरी विभिन्न माध्यमबाट प्राप्त गुनासोको विषयगत वर्गीकरण गरी अभिलेख राखेर गुनासो सुन्ने अधिकारीसमक्ष प्रस्तुत गर्नुपर्छ ।

२) गुनासो सुन्ने अधिकारीले प्रमुख प्रशासकीय अधिकृतसँगको समन्वयमा प्राप्त गुनासोमाथि ७ दिनभित्र प्रथम सम्बोधन गरी अभिलेखमा राखेर जानकारी दिनुपर्छ । कुनै कारणवश सम्बन्धित पदाधिकारीले सम्बोधन गर्न नसक्ने अवस्था भए उपप्रमुख/उपाध्यक्ष संयोजकत्वको गुनासो समन्वय समितिमा प्रस्तुत गर्नुपर्छ । समितिले गुनासोसँग सम्बन्धित कानुनी व्यवस्था र गुनासा समाधानका लागि गर्नुपर्ने निर्णयको प्रस्ताव कार्यपालिकामा प्रस्तुत गर्छ । कार्यपालिकाले त्यसमा आवश्यक निर्णय वा आदेश दिन्छ ।

३)	गुनासो व्यवस्थापनसम्बन्धी कार्यपालिकाको निर्णय प्रमुख प्रशासकीय अधिकृतले कार्यान्वयन गरी गुनासो सुन्ने अधिकारीमार्फत गुनासोकर्तालाई जानकारी दिनुपर्नेछ ।

## ७.	बहिर्गमन अभिमत

१)	गाउँ/नगरपालिकाबाट प्रवाह गरिएका सेवाको प्रभावकारिता र सेवाग्राहीको सन्तुष्टि/असन्तुष्टिको स्तरबारे सेवाप्रदायक अवगत हुनुपर्छ । सेवाग्राहीको सन्तुष्टि स्तरले सेवाप्रवाहको प्रभावकारिता इङ्गित गर्छ । कार्यालयबाट बाहिर निस्किने बेला सेवाग्राहीले कार्यालयको सेवा प्रवाहबारे लेखेको अभिमत/सुझाव नै 'बहिर्गमन अभिमत' (Exit Poll) हो ।

### नागरिक प्रतिवेदन पत्र

सरल, सुलभ र सुपथ तरिकाले सेवा पाउनु नागरिकको अधिकार हो । सेवाग्राहीले कार्यालयबाट सेवा लिँदा प्रत्यक्ष अनुभव गरेका, भोगेका र देखेका विषय उल्लेख गरी भौतिक वा अभौतिक माध्यमबाट कार्यालयलाई प्रतिक्रिया दिने प्रणाली नै नागरिक प्रतिवेदन हो । कार्यालयले सार्वजनिक सेवा प्रवाह गर्दा सेवाग्राहीले सेवा प्राप्त गर्ने प्रक्रियाको अनुभवलाई समेट्ने गरी उनीहरूलाई पनि मूल्याङ्कन प्रक्रियामा सहभागी गराउने विधि 'नागरिक प्रतिवेदन पत्र' हो ।

२)	'सार्वजनिक जवाफदेहिता प्रवर्द्धनसम्बन्धी कार्यविधि, २०७७'मा कार्यालयले सार्वजनिक सुनुवाइ गर्नुअगावै कम्तीमा ७ दिनको कार्यालय समयमा आएका सेवाग्राहीबाट निर्धारित ढाँचामा बहिर्गमन अभिमत लिनुपर्ने व्यवस्था गरेको छ ।

३)	यसरी अभिमत दिने सेवाग्राहीलाई सार्वजनिक सुनुवाइ कार्यक्रममा उपस्थितिका लागि आमन्त्रण गर्नुपर्छ ।

## ८. नागरिक प्रतिवेदन पत्र (Citizen Report Card)

१) 'सार्वजनिक जवाफदेहिता प्रवर्द्धनसम्बन्धी कार्यविधि, २०७७'ले कार्यालयले सार्वजनिक सुनुवाइ गर्नुअगावै कम्तीमा ७ दिनको कार्यालय समयमा सेवा लिन आएका सेवाग्राहीबाट निर्धारित ढाँचामा नागरिक प्रतिवेदन पत्र लिनुपर्ने व्यवस्था गरेको छ ।

२) यसरी भौतिक वा अभौतिक तवरले नागरिक प्रतिवेदन पत्र दिने सेवाग्राहीलाई सार्वजनिक सुनुवाइ कार्यक्रममा उपस्थितिका लागि आमन्त्रण गर्नुपर्छ ।

## ९. स्थानीय तहको सार्वजनिक उत्तरदायित्व अभिवृद्धिमा प्रमुख/अध्यक्षको भूमिका

(१) कार्यालयका काम-कारबाहीलाई पारदर्शी तथा जवाफदेही बनाउने ।

(२) कर्मचारी तथा पदाधिकारीको आचारसंहिता निर्माण र कार्यान्वयन गर्ने; आचारसंहिता उल्लङ्घन भएको विषयमा सूचना प्राप्त गर्ने र नियमन गर्ने; सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाइ जस्ता सार्वजनिक उत्तरदायित्वका संयन्त्र बनाई कार्यान्वयनमा ल्याउने ।

(३) सार्वजनिक सेवा प्रवाहका सम्बन्धमा नागरिकसँग संवाद गरी प्रतिक्रिया लिने र गुनासो व्यवस्थापन गर्ने/गराउने ।

(४) सभाका सुशासन समिति, लेखा समितिलगायतलाई क्रियाशील गराई उनीहरूका सुझावमा गहन छलफल गर्दै सुधारका प्रक्रिया अवलम्बन गर्ने ।

(५) सार्वजनिक सम्पत्तिको अनियमितता, दुरूपयोग रोक्ने र ती विषयमा उजुरी/गुनासा सुनुवाइको व्यवस्था मिलाउने ।

(६) खरिद तथा सार्वजनिक निर्माण कार्यमा हुन सक्ने मिलेमतो रोक्न निगरानी गर्ने, महत्त्वपूर्ण र मुख्य खरिद कार्यको सूक्ष्म निगरानीका साथै अनुगमन समितिलाई क्रियाशील गराउने ।

परिच्छेद १0

# सहरी योजना तथा भवन निर्माण

## १. भवन निर्माणसम्बन्धी सङ्क्षिप्त मापदण्ड

नेपाल भूकम्पीय जोखिमयुक्त मुलुकमा पर्छ । २०७२ वैशाख १२ गते गोरखा केन्द्रबिन्दु भई आएको भूकम्पले मध्यनेपालको ठूलो भागमा तहसनहस बनाएको थियो । यसैले भवन निर्माण तथा बस्ती विकास कार्यलाई सुरक्षित र व्यवस्थित बनाउन नेपाल सरकारले 'राष्ट्रिय भवन संहिता' र 'बस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत मापदण्ड, २०७२' कार्यान्वयनमा ल्याएको छ । यसैमा आधारित रहेर गाउँ/नगरपालिकाहरूले आ–आफ्ना मापदण्ड बनाई कार्यान्वयन गर्ने गरेका छन् । भवन निर्माण मापदण्डका मुख्य व्यवस्था निम्नबमोजिम छन्–

**सहरी योजना तथा भवन निर्माणसम्बन्धी प्रमुख दस्तावेज**

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

२. बस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२

३. सहरी योजना तथा भवन निर्माण मापदण्ड, स्रोत पुस्तिका २०७५

तालिका नं. ४४: भवन निर्माणसम्बन्धी सङ्क्षिप्त मापदण्ड

| विवरण | | मापदण्ड |
|---|---|---|
| १. | २०७२ चैत २६ देखि कित्ताकाट भएका स्थानीय सडकको न्यूनतम क्षेत्राधिकार | ६ मिटर |
| २. | २०७२ चैत २६ गते अगाडि कायम भएका स्थानीय सडकको न्यूनतम क्षेत्राधिकार | ४ मिटर |
| ३. | राष्ट्रिय राजमार्गका सडकको न्यूनतम संस्थागत अधिकारक्षेत्र | ५० मिटर |
| ४. | काठमाडौं चक्रपथको संस्थागत न्यूनतम क्षेत्राधिकार | ६२ मिटर |
| ५. | फिडर रोडको संस्थागत न्यूनतम क्षेत्राधिकार | ४० मिटर |
| ६. | जिल्लास्तरीय सडकको न्यूनतम क्षेत्राधिकार | २० मिटर |
| ७. | राष्ट्रिय राजमार्गका सडकको न्यूनतम संस्थागत सेटब्याक | ६ मिटर |
| ८. | फिडर रोडको संस्थागत न्यूनतम सेटब्याक | ६ मिटर |
| ९. | जिल्लास्तरीय सडकको न्यूनतम सेटब्याक | ६ मिटर |
| १०. | स्थानीय सडकको न्यूनतम सेटब्याक | १.५ मिटर |
| ११. | स्थानीय सडकसामु बनेका सार्वजनिक भवनले वरिपरि छाड्नुपर्ने न्यूनतम सेटब्याक | ३ मिटर |
| १२. | स्थानीय सडकसामु बनेका व्यापारिक भवनको सडकतर्फ न्यूनतम सेटब्याक | २ मिटर |
| १३. | १० मिटरसम्म अग्ला आवासीय भवनले छिमेकीतर्फ छाड्नुपर्ने न्यूनतम सेटब्याक | १.५ मिटर |
| १४. | १० मिटरभन्दा बढी १७ मिटरसम्मका सार्वजनिक भवनको सँधियारतर्फको न्यूनतम सेटब्याक | ३ मिटर |
| १५. | १० मिटरभन्दा बढी १७ मिटरसम्मका आवासीय तथा मिश्रित आवासीय भवनको सँधियारतर्फको न्यूनतम सेटब्याक | २ मिटर |
| १६. | स्वास्थ्य संस्थाको भवनको अधिकतम जग्गा उपयोग प्रतिशत | ४०% |
| १७. | २०७२ चैत २६ गतेअगावै निर्माण भएका ५० मिटरभन्दा छोटा बाटा (Cul–de–Sac) को न्यूनतम क्षेत्राधिकार | ३ मिटर |
| १८. | स्थानीय सडकको घुम्ती वा मोडको न्यूनतम अर्धव्यास | ३.५ मिटर |
| १९. | प्लटिङ गरिने जग्गामा पहुँचमार्गको न्यूनतम चौडाइ | ८ मिटर |
| २०. | इनार निर्माण गर्दा छिमेकीको सीमाबाट छाड्नुपर्ने न्यूनतम दूरी | १ मिटर |

| | | |
|---|---|---|
| २१. | २०७२ चैत २६ गतेअगावै कित्ताकाट भएका ८० वर्गमिटरसम्मका घडेरीमा आवासीय तथा मिश्रित आवासीय भवन निर्माण गर्न अधिकतम जग्गा उपयोग प्रतिशत | ९०% |
| २२. | २०७२ चैत २६ गतेअगावै कित्ताकाट भएका २५० वर्गमिटर क्षेत्रफलसम्मका घडेरीमा आवासीय तथा मिश्रित आवासीय भवन निर्माण गर्न अधिकतम जग्गा उपयोग प्रतिशत | ७०% |
| २३. | २०७२ चैत २६ गतेअगावै कित्ताकाट भएका २५० वर्गमिटरभन्दा बढी क्षेत्रफलका घडेरीमा आवासीय तथा मिश्रित आवासीय भवन निर्माण गर्न अधिकतम जग्गा उपयोग प्रतिशत | ६०% |
| २४. | २०७२ चैत २६ गतेदेखि कित्ताकाट भएका २५० वर्गमिटर क्षेत्रफलसम्मका घडेरीमा आवासीय तथा मिश्रित आवासीय भवन निर्माण गर्न अधिकतम जग्गा उपयोग प्रतिशत | ७०% |
| २५. | २०७२ चैत २६ गतेदेखि कित्ताकाट भएका २५० वर्गमिटरभन्दा बढी क्षेत्रफलका घडेरीमा आवासीय तथा मिश्रित आवासीय भवन निर्माण गर्न अधिकतम जग्गा उपयोग प्रतिशत | ६०% |
| २६. | सरकारी, संस्थागतलगायत सार्वजनिक भवनको अधिकतम जग्गा उपयोग प्रतिशत | ५०% |
| २७. | भवन निर्माणको अवधि | २ वर्ष |
| २८. | भवन निर्माणको म्याद थपका लागि पहिले लागेको दस्तुरमा थप दस्तुर | ५% |
| २९. | भवन निर्माणको थप गर्न सकिने म्याद | २ |
| ३०. | भवन निर्माण स्थान छनोट गर्दा बाह्रमासे नदीको ऐतिहासिक बाढीको सतहबाट छाड्नुपर्ने दूरी | ३० मिटर |
| ३१. | भवन निर्माण गर्दा साना नालाबाट छाड्नुपर्ने न्यूनतम दूरी | १० मिटर |
| ३२. | भवन निर्माण स्थान छनोट गर्दा भिरालो जमिनको फेदबाट छाड्नुपर्ने न्यूनतम दूरी | ३ मिटर |
| ३३. | भवन निर्माण स्थान छनोट गर्दा गहिरो चिरा परेको भू-भाग, सिमसार क्षेत्र, ताल, तलैया वा त्यस्ता प्राकृतिक स्थानमाथि माटो भरिएको क्षेत्रबाट छाड्नुपर्ने न्यूनतम दूरी | ५० मिटर |

## २. आवासीय भवन निर्माण गर्दा भवन निर्माणकर्ताको चेकलिस्ट

तालिका नं. ४५: भवन निर्माणकर्ताको चेकलिस्ट

| विवरण | छ | छैन |
|---|---|---|
| १) तोकिएको योग्यता पुगेको प्राविधिकबाट नक्सा निर्माण भएको छ | | |
| २) तोकिएको योग्यता पुगेको प्राविधिकबाट तयार डिजाइन भवन संहिताअनुसार भएको प्रमाणित भएको छ | | |
| ३) भवन सडकको अधिकारक्षेत्रबाहिर बनेको छ | | |
| ४) भवनले सेटब्याक मापदण्ड पालना गरेको छ | | |
| ५) भवनले तोकिएको Floor Area Ratio को मापदण्ड पालना गरेको छ | | |
| ६) भवनको उचाइ Light Plane को मापदण्डअनुरूप छ | | |
| ७) भवनको पर्खाल तोकिएको मापदण्डअनुरूप छ | | |
| ८) जग्गा उपयोग प्रतिशतको अधिकतम सीमाभित्रै भवन निर्माण भएको छ | | |
| ९) भवन स्थानीय तहले आवासीय क्षेत्र भनी निर्धारण गरेको स्थानमा बन्दै छ | | |
| १०) निर्माणमा भूकम्पप्रतिरोधी भवन निर्माणसम्बन्धी तालिमप्राप्त कालिगढ संलग्न छन् | | |
| ११) निर्माणमा भूकम्पप्रतिरोधी भवन निर्माणसम्बन्धी तालिम लिएका ठेकेदार संलग्न छन् | | |
| १२) भवन बन्ने जग्गा भवन बनाउने व्यक्तिको स्वामित्वमा छ | | |
| १३) भवन संहिताअनुसार नै बन्दै छ | | |
| १४) इनार बनाउन लागेको भए सँधियारको सीमाबाट १ मिटर दूरी कायम राखेर बन्दै छ | | |
| १५) भवनसँगै सेप्टिक ट्याङ्क पनि निर्माण हुँदै छ | | |
| १६) त्यस्तो भवन निर्माण गर्न 'बस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२' लगायत नेपाल सरकारबाट स्वीकृत मापदण्डबमोजिम अनुमति लिइएको छ | | |
| १७) त्यस्तो भवन 'बस्ती विकास, सहरी योजना तथा भवन निर्माणसम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२' लगायत नेपाल सरकारबाट स्वीकृत मापदण्डबमोजिम पास हुनुपर्ने नक्साअनुसार निर्माण हुनुपर्ने वा भइरहेको छ | | |
| १८) त्यस्तो भवनले सार्वजनिक जग्गा, बाटो, मन्दिर, चोक, ढल, नाला, पोखरी आदि मिचेको छ/छैन | | |

## ३. जानकारीमूलक केही मापन विधि

तालिका नं. ४६ : भवन निर्माणका केही मापन विधि

| | |
|---|---|
| १ मिटर | १०० सेन्टिमिटर |
| १ किलोमिटर | १००० मिटर |
| १ मिटर | १००० मिलिमिटर |
| १ मिटर | ३.२८ फिट |
| १ मिटर | ३ यार्ड |
| १ मिटर | ३९.३७ इन्च वा १० सेन्टिमिटर वा १००० मिलिमिटर |
| १ फिट | १२ इन्च वा ३०.४८ सेन्टिमिटर |
| १ इन्च | २.५४ सेन्टिमिटर |
| १ माइल | १.६०९३ किलोमिटर |
| १ किलोमिटर | ०.६२१४ माइल |
| १ नटिकल माइल | १.१५ माइल वा १.८५३ किलोमिटर |
| १ रोपनी | ५४७६ वर्गफिट |
| १ रोपनी | १६ आना |
| १ रोपनी | ५०८.७४ वर्गमिटर |
| १ आना | ३४२.२५ वर्गफिट |
| १ आना | ४ पैसा वा ३१.७९ वर्गमिटर |
| १ पैसा | ८५.५६ वर्गफिट वा ७.९४ वर्गमिटर |
| १ दाम | २१.३९ वर्गफिट |
| १ पैसा | ४ दाम |
| १ बिघा | २० कट्ठा वा ६७७२ वर्गमिटर वा ७२९०० वर्गफिट |
| १ कट्ठा | २० धुर वा ३६४५ वर्ग फिट वा ३३८.६२ वर्गमिटर |
| १ धुर | १८२.२५ वर्गफिट |
| १ टन | १००० किलोग्राम |
| १ किलोग्राम | २.२०४६ पाउन्ड |
| १ टन | २२०४ पाउन्ड |
| १ किलोग्राम | १००० ग्राम |
| १ हेक्टर | १००० वर्गमिटर वा २.४७११ एकड |

## ४. स्थानीय तहको बस्ती विकास तथा भवन निर्माण र भवन संहिता कार्यान्वयनमा नगरपालिकाका प्रमुख तथा गाउँपालिकाका अध्यक्षको भूमिका

(१) स्थानीय भवन निर्माण र भवन संहिता निर्माण गरी कार्यान्वयन गर्ने/गराउने ।

(२) एकीकृत बस्ती विकासका कार्यक्रम सञ्चालन गर्ने/गराउने ।

(३) भवन तथा संरचना निर्माणमा नक्सा पासको व्यवस्था गराउने ।

(४) जग्गा एकीकरण तथा जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने/गराउने ।

(५) भवन संहिता र भवन निर्माण मापदण्ड कार्यान्वयनको अनुगमन गर्ने ।

(६) भवन संहिता तथा भवन मापदण्डविपरीत भवन निर्माण गर्न नदिने ।

(७) गाउँ/नगरपालिकाको स्वीकृति नलिई भवनका लागि जग्गा खण्डीकरण वा प्लटिङ गर्न बन्देज लगाउने ।

(८) 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४'को दफा २७(२) मा उल्लिखित 'गाउँपालिका तथा नगरपालिकाले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोगसम्बन्धी मापदण्ड तोक्नुपर्नेछ र त्यस्तो मापदण्डको अधीनमा रही तोकिएको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्नेछ' भन्ने प्रावधान कार्यान्वयनमा ल्याउने ।

(९) 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४'को दफा ३९(५) को प्रावधानअनुसार कसैले नक्सा पास नगरी भवन बनाएको भए ५ लाख रूपैयाँसम्म र पास भएको नक्सामा स्वीकृतिबेगर हेरफेर गरी भवन बनाएको भए २ लाख रूपैयाँसम्म जरिवाना गरी सो भवन वा सो भवनको कुनै भाग भत्काउन आदेश दिने ।

(१०) गाउँपालिका वा नगरपालिकाबाट नेपाल सरकारले तोकेको मापदण्डभन्दा कमजोर नहुने गरी आफ्नो क्षेत्रभित्र स्थानीय सडकको दायाँ-बायाँ अधिकारक्षेत्रको सीमा तोक्ने व्यवस्था कार्यान्वयन गर्ने/गराउने ।

परिच्छेद २१

# टोल विकास संस्थामार्फत समग्र विकास अभियान

## १. परिचय

स्थानीयस्तरका विकास-निर्माण, सेवा प्रवाह र सामाजिक परिचालनको क्षेत्रमा काम गर्नका लागि टोल तथा बस्तीस्तरबाटै नागरिक सहभागिता सुनिश्चित गर्न 'टोल विकास संस्था' परिकल्पना गरिएको हो । आर्थिक, सामाजिक, सांस्कृतिकलगायत विकासका सबै पक्षलाई दिगो बनाउँदै अपनत्व सिर्जना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने नागरिकले टोल विकास संस्था स्थापना गरेका हुन्छन् । यस्ता संस्थाहरु वडा कार्यालयमा सूचीकृत हुने व्यवस्था छ । टोल विकास संस्थाले वडा कार्यालयको सहयोगीका रुपमा समेत काम गर्छन् ।

## २. टोल विकास संस्थाको गठन प्रक्रिया

१) गाउँपालिका वा नगरपालिकाका क्षेत्रमा भौगोलिक तथा सामाजिक सामीप्यताका आधारमा आमभेलाबाट टोल विकास संस्था गठन गरिन्छ, जसमा टोल तथा बस्तीभित्रका घरधुरी समावेश हुन्छन् ।

२)	टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई '१ घर १ सदस्य'को रूपमा समेट्नुपर्छ । सबै घरधुरी समावेश हुन सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराउनुपर्छ ।

३)	टोल विकास संस्थाको कार्यसमितिमा कम्तीमा ५० प्रतिशत महिला सदस्य हुनुपर्छ ।

४)	टोल विकास संस्थाको कार्यक्षेत्र साधारणसभाले तोकेको चार किल्लाभित्र हुन्छ । साधारणसभाले टोल तथा बस्तीभित्रका कुनै घरधुरीलाई संस्थामा समावेश नगरेको पाइएमा वा कुनै घरधुरी/बस्ती संस्थामा समावेश गर्नुपर्ने भन्ने लागेमा वडा कार्यालयले छुटेका घरधुरी वा बस्तीलाई सम्बन्धित संस्थामा समावेश गराउन सक्छ ।

५)	वडा कार्यालयले तोकेको भौगोलिक क्षेत्रभित्र रहेका बढीमा १०० घरधुरी समेट्ने गरी टोल विकास संस्था गठन गर्न सकिन्छ । एउटा घरधुरी एकभन्दा बढी टोल विकास संस्थाको सदस्य बन्न पाउनेछैन ।

## ३. टोल विकास संस्थाको कार्यसमिति गठन

१)	टोल विकास संस्थाको कार्यसमितिमा देहायबमोजिमका पदाधिकारी तथा सदस्य रहनेछन्–

(क) अध्यक्ष : १ जना
(ख) उपाध्यक्ष : १ जना
(ग) कोषाध्यक्ष : १ जना
(घ) सचिव : १ जना
(ङ) सदस्यहरु : ३ देखि ७ जनासम्म

२)	**कार्यसमिति गठन:** टोल तथा बस्तीभित्रका १ घरधुरीबाट १ जनाभन्दा बढी नपर्ने गरी भौगोलिक सन्तुलन तथा सामाजिक समावेशीकरणका आधारमा कार्यसमिति गठन हुनेछ । सभा वा वडा कार्यालयले तोकेको चार किल्लाभित्रका नागरिकको आमभेलाबाट सर्वसम्मत् रूपमा कार्यसमिति गठन हुनुपर्छ । तर, आमभेलामा सर्वसम्मत् हुन नसकेमा

उपस्थित सदस्यको बहुमतबाट कार्यसमिति गठन गर्न बाधा पर्नेछैन ।

३) कार्यसमितिको कार्यकाल समाप्त भएपछि साधारणसभाको सर्वसम्मत् वा सो नभएमा बहुमतबाट कार्यसमिति पुनर्गठन हुनेछ ।

४) कार्यसमितिको कार्यावधि गठन भएको मितिले २ वर्षको हुनेछ ।

५) अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव पदमा लगातार २ कार्यकालभन्दा बढी सोही पदमा काम गर्न सकिनेछैन ।

६) कार्यसमितिमा अध्यक्ष, सचिव वा कोषाध्यक्षमध्ये कुनै १ पदमा अनिवार्य रूपमा महिला हुनुपर्नेछ ।

७) टोल विकास संस्थाको कार्यसमितिमा कम्तीमा ५० प्रतिशत महिला सदस्य हुनुपर्नेछ ।

## ४. टोल विकास संस्थाका काम

१) समुदायमा शान्ति, सुरक्षा र अमनचयन कायम गर्न सहयोग गर्ने ।

२) सामुदायिक सद्भाव, सहिष्णुता र भाइचारा विकास गर्ने ।

३) टोलमा सञ्चालन हुने विकास-निर्माणका योजनाको तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण तथा अनुगमनमा सहयोग गर्ने ।

४) टोलमा हुने परम्परागत जात्रा, मेला, पर्व तथा समारोह व्यवस्थापनमा सहयोग गर्ने ।

५) टोलमा रहेका सार्वजनिक तथा ऐलानी जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण गर्न तथा अतिक्रमण हुन नदिन सहयोग गर्ने ।

६) टोलमा विपद् व्यवस्थापनसम्बन्धी खोज, उद्धार, राहत वितरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने ।

७) टोलको सरसफाइ व्यवस्थापनका लागि सहयोग र समन्वय गर्ने/गराउने ।

८) छाडा पशु, चौपाया व्यवस्थापनमा सहयोग गर्ने/गराउने ।

९) सडक बत्ती, सामुदायिक पार्क, सार्वजनिक शौचालयजस्ता सार्वजनिक सम्पत्तिको

सञ्चालन र व्यवस्थापनमा सहयोग पुऱ्याउने ।

१०) कानुनबमोजिम तिर्नुपर्ने कर, दस्तुर, सेवा शुल्क बुझाउने कार्यमा सहजीकरण गर्ने ।

११) टोलमा बसोबास गर्ने गरिब, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा बेरोजगार व्यक्तिको तथ्याङ्क सङ्कलनमा सहयोग गर्ने ।

१२) टोलका शैक्षिक तथा स्वास्थ्य संस्थाहरूको व्यवस्थापन र गुणस्तर सुधारका लागि सहयोग गर्ने ।

१३) जन्म, विवाह, बसाइसराइ, सम्बन्धविच्छेद, मृत्युजस्ता व्यक्तिगत घटना दर्ताका लागि टोलवासीलाई सहजीकरण गर्ने ।

१४) सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आवश्यक सहजीकरण गर्ने ।

१५) विद्युत् चुहावट तथा चोरी नियन्त्रणमा सहयोग गर्ने ।

१६) टोलमा खाद्यान्न, माछामासु, तरकारी, फलफूल, पेय पदार्थलगायत दैनिक उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूचीको बारेमा जानकारी राखी बजार अनुगमनमा सहयोग गर्ने ।

१७) उपभोक्ता हक-हित संरक्षणका लागि पैरवी तथा जनचेतना अभिवृद्धि गर्ने ।

१८) टोलमा हरियाली क्षेत्र विस्तार गरी वातावरण संरक्षणमा सहयोग गर्ने ।

१९) स्थानीय आर्थिक विकासका सम्भावनाबारे छलफल गरी स्थानीय तह, गैरसरकारी तथा निजी क्षेत्रसँग समन्वय, सहजीकरण र पैरवी गर्ने ।

२०) भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिता पालनाका लागि टोलवासीलाई प्रोत्साहित गर्ने ।

२१) विद्यालय भर्ना, खोप अभियान, साक्षरता अभियान, सरसफाइ, लैङ्गिक हिंसा उन्मूलनजस्ता राष्ट्रिय अभियानमा सहयोग र समन्वय गर्ने ।

२२) टोलमा धनी, गरिबको भावना हटाई सबै सदस्यलाई निर्णय प्रक्रिया र स्रोतमा परिचालनमा समान अधिकार स्थापित गर्न सहजीकरण गर्ने ।

२३) घरेलु हिंसा, यौनजन्य हिंसा, मानव तस्करी, बालश्रम तथा बाध्यात्मक श्रम,

छाउपडीलगायतका सामाजिक अपराध तथा खराबी अन्त्यका लागि जनचेतना अभिवृद्धि गर्ने ।

२४) टोलमा उद्यम विकाससँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न आवश्यक सहजीकरण गर्ने ।

२५) टोलको विकासका लागि विभिन्न स्रोतबाट प्राप्त स्रोतको उच्चतम सदुपयोग गर्ने ।

२६) टोलमा सरकारी निकाय तथा गैरसरकारी संस्थामार्फत सञ्चालन हुने कार्यक्रम कार्यान्वयनमा सघाउने ।

२७) आफ्नो टोललाई वातावरणमैत्री, बालमैत्री, पोषणमैत्री तथा पूर्ण सरसफाइयुक्त बनाउन कार्यक्रमहरू सञ्चालन गर्ने ।

२८) नगरपालिकाका कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने ।

२९) वडा कार्यालय, गाउँपालिका, नगरपालिका तथा अन्य सरकारी निकाय र गैरसरकारी सङ्घसंस्थासँग गरिएका सम्झौता तथा समझदारीअनुसारका अन्य काम गर्ने ।

## ५. टोल विकास संस्थाको सुदृढीकरण र परिचालनमा नगरपालिका प्रमुख तथा गाउँपालिका अध्यक्षको भूमिका

१) टोल विकास संस्था गठन तथा परिचालन गर्ने/गराउने ।

२) स्थानीय सहभागितामूलक योजना तर्जुमा प्रणालीमा टोल विकास संस्थालाई आबद्ध गर्ने ।

३) नागरिक उत्तरदायित्वमूलक कार्यक्रमहरूमा टोल विकास संस्थालाई सहभागी गराउने ।

४) टोल विकास संस्थाहरूको सूचीकरण गराउने ।

५) टोल विकास संस्थालाई स्थानीय सेवा प्रवाहमा साझेदार हुन प्रोत्साहित गर्ने ।

६) टोल विकास संस्थालाई योजना अनुगमनमा क्रियाशील गराउने ।

७) खोप अभियान, सरसफाइ अभियान, पोषण अभियान, वातावरण संरक्षण आदि कार्यमा टोल विकास संस्थालाई क्रियाशील बनाउने ।

परिच्छेद ३२

# नवीनतम साझेदारी कोषमा पहुँच

## १. नवप्रवर्तन कोषको परिचय

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नवप्रवर्तनमा आधारित स्थानीय तहका योजनालाई प्रदेश सरकारमार्फत प्रतिस्पर्धात्मक तवरले 'नवप्रवर्तन कोष'अन्तर्गत परियोजना अनुदान प्रदान गर्ने गरेको छ । 'प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम'मार्फत स्थानीय सेवा प्रवाह, सुशासन र आर्थिक विकासको क्षेत्रमा नवप्रवर्तनलाई प्रवर्द्धन गर्न यस्तो अनुदान दिइन्छ । नवीनतम सोच र सिर्जनशीलता प्रवर्द्धन गर्न स्थानीय सरकारको सहलगानीमा नवीनतम परियोजना सञ्चालन गरी नवप्रवर्तनलाई संस्थागत गर्ने यो कोषको उद्देश्य हो ।

**स्थानीय नवप्रवर्तन**

नवीनतम सोच, अवधारणा र प्रविधिको माध्यमबाट भिन्न तवरले गरिने कार्यलाई नवप्रवर्तन सम्झनुपर्छ । स्थानीय तहमा सार्वजनिक सुशासन, स्थानीय आर्थिक विकास र सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, दक्ष र प्रभावकारी बनाउन उपयोगमा ल्याइने नयाँ प्रविधि, नयाँ ज्ञान, विधि, तौरतरिका, सीप, अवधारणा, सिर्जनशील क्रियाकलापलाई नवप्रवर्तनले समेट्छ ।

## २. नवप्रवर्तन कोष अनुदानको सीमा

१) कोषबाट उपलब्ध हुने अनुदान रकमको अधिकतम सीमा एकल आवेदकको हकमा प्रतिपरियोजना १ करोड ५० लाख रूपैयाँ र दुई वा दुईभन्दा बढी स्थानीय तह मिली प्रस्ताव गरेको संयुक्त आवेदनको हकमा ४ करोड रूपैयाँ हुनेछ । तर, एकल तथा संयुक्त दुवै आवेदकका परियोजनाको कुल लागत २ करोड रूपैयाँभन्दा कम हुनेछैन ।

२) कोषबाट सञ्चालन हुने परियोजनाको अधिकतम अवधि २ आर्थिक वर्षको हुनेछ । तर, कोषको अनुदानबाट सञ्चालन हुने परियोजना प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको अवधिभित्र सम्पन्न गरिसक्नुपर्नेछ ।

## ३. नवप्रवर्तन कोषमा स्थानीय तहको लागत सहभागिता

१) वार्षिक रू. २५ लाखभन्दा कम आन्तरिक आय भएका स्थानीय तहले परियोजनाको कुल लागतको कम्तीमा २५ प्रतिशत रकम ।

२) वार्षिक रू. २५ लाखभन्दा माथि आन्तरिक आय भएका स्थानीय तहले परियोजनाको कुल लागतको कम्तीमा ३० प्रतिशत रकम ।

३) महानगर तथा उपमहानगरपालिकाले परियोजनाको कुल लागतको कम्तीमा ३५ प्रतिशत रकम ।

४) वार्षिक २५ लाख रूपैयाँभन्दा कम आय भएका स्थानीय तहले वार्षिक २५ लाख रूपैयाँ वा सोभन्दा बढी आय भएका स्थानीय तहसँग लागत साझेदारीमा परियोजना प्रस्ताव पेस गर्दा परियोजनाको कुल लागतको कम्तीमा ३५ प्रतिशत रकम ।

५) कुनै स्थानीय तहले प्रदेशसँगको लागत साझेदारीमा आफू मुख्य प्रस्तावक बनी परियोजना प्रस्ताव पेस गरेमा परियोजना लागतको कम्तीमा ३५ प्रतिशत रकम ।

६) कार्यक्रममा सामुदायिक संस्था, गैरसरकारी संस्था, सहकारी तथा निजी क्षेत्रसँगको लागत साझेदारीमा परियोजना प्रस्ताव गर्दा यी संस्थाले प्रस्तावक स्थानीय तहले बेहोर्नुपर्ने हिस्साको कम्तीमा ३० प्रतिशत रकम लागत साझेदारी गर्नुपर्छ ।

७) दुई वा दुईभन्दा बढी स्थानीय तहको लागत साझेदारीमा प्रस्ताव पेस गरिएमा प्रमुख प्रस्तावक र साझेदार स्थानीय तहको हिस्सा आपसी समझदारीमा कायम गर्न सकिनेछ ।

## ४. नवप्रवर्तन कोषको लगानीका क्षेत्र

*नवप्रवर्तन कोषले अनुदान उपलब्ध गराउने क्षेत्र–*

- स्थानीय आर्थिक विकास
- प्रादेशिक तथा स्थानीय वित्तीय व्यवस्थापनका क्षेत्र
- बालमैत्री स्थानीय शासन प्रारूपको विशेष क्षेत्र
- वातावरणमैत्री स्थानीय शासन प्रारूपको विशेष क्षेत्र
- स्थानीय तहको संस्थागत स्व–मूल्याङ्कन सूचकका विशेष क्षेत्र
- विद्युतीय सुशासन
- स्थानीय तहको वित्तीय सुशासनका सम्भागहरू
- एकीकृत स्थानीय विकास योजना
- फोहोरमैला व्यवस्थापन
- स्थानीय सेवा प्रवाह
- सामाजिक परिचालन तथा नागरिक सहभागिता
- एकीकृत बस्ती विकास
- जग्गा एकीकरण तथा सहरी पुनर्उत्थान योजना
- सामाजिक उत्तरदायित्व विधिको पालना
- नमुना नगर, गाउँ, वडा
- प्रमाणमा आधारित निर्णय प्रक्रिया
- उत्थानशील विकास तथा विपद् व्यवस्थापन
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सम्भागहरू
- शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाइमा नवीनतम सोच
- जीविकोपार्जन सुधारका क्षेत्र

- सार्वजनिक सेवामा एकद्वार प्रणाली
- सूचना-प्रविधि र सार्वजनिक सूचनामा जनताको पहुँच
- जोखिम संवेदनशील भू-उपयोग योजना
- आर्थिक-सामाजिक रूपमा पछाडि परेका वर्गको आर्थिक-सामाजिक रूपान्तरण, आदि ।

## ५. नवप्रवर्तन कोष प्रभावकारी बनाउन नगरपालिका प्रमुख तथा गाउँपालिका अध्यक्षको भूमिका

१) कोषमा स्थानीय तहको लागत सहभागितासम्बन्धी निर्णय गर्ने/गराउने ।

२) नवीनतम साझेदारी कोषमा प्रस्तावका लागि सम्भाव्य आयोजना पहिचान गरी गाउँ/नगरपालिकाको आयोजना बैङ्कमा सूचीकरण गर्न लगाउने ।

३) नवीनतम साझेदारी कोषमा प्रस्तावित आयोजनाको अवधारणापत्र तयार गरी/गराई पेस गर्न लगाउने ।

४) एकभन्दा बढी गाउँ/नगरपालिकाबाट पेस गर्नुपर्ने प्रस्तावका लागि अन्तरस्थानीय तह संयुक्त समिति गठन गरी प्रक्रिया अघि बढाउने ।

५) आफ्नो पालिकाको प्रस्ताव (संयुक्तसमेत) ग्राह्य भएको अवस्थामा पूर्ण प्रस्ताव पेस गर्ने/गराउने ।

६) स्वीकृत प्रस्तावअनुसार बजेटमा गाउँ/नगरपालिकाको साझेदारी हिस्साको बजेट व्यवस्था मिलाउने ।

७) आयोजना पूर्वनिर्धारित समय, लागत र गुणस्तर आयोजना सम्पन्न गर्ने/गराउने ।

परिच्छेद ३३

# विपद् व्यवस्थापन

## १. विपद्को अवधारणा

कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन-धन क्षतिका साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक/गैरप्राकृतिक घटनालाई विपद् भनिन्छ । विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम, क्षतिको न्यूनीकरण वा विकास कार्यमा विपद् जोखिम कम गर्नेसम्बन्धी कार्यलाई 'विपद् जोखिम न्यूनीकरण' भनिन्छ । विपद्का घटनापछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापनासम्बन्धी कार्यलाई 'विपद् पुनर्लाभ' भनिन्छ । विपद्का घटना हुनासाथ तत्काल गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्यलाई विपद् प्रतिकार्य भनिन्छ । नेपालमा हिमपात, हिमताल विस्फोटन, असिना, हिमपहिरो, अनावृष्टि, अतिवृष्टि, बाढी–पहिरो, भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी, बतास, शीतलहर, लू, चट्याङ, भूकम्प, डढेलो आदि प्राकृतिक प्रकोपले विपद् निम्त्याउने गरेका छन् ।

## २. विपद् जोखिम व्यवस्थापनमा स्थानीय तहको भूमिका

नेपालको संविधान, २०७२ ले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत र पुनर्स्थापनालाई राज्यको नीतिमा समावेश गरेको छ । 'स्थानीय सरकार

सञ्चालन ऐन, २०७४'ले विपद् व्यवस्थापनमा स्थानीय तहलाई देहायका जिम्मेवारी प्रदान गरेको छ–

१) विपद् व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड र योजना कार्यान्वयन, अनुगमन तथा नियमन ।

२) स्थानीयस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, पूर्वसूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्वभण्डारण, वितरण र समन्वय ।

३) तटबन्ध, नदी र पहिरो नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन ।

४) विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण ।

५) विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घसंस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य ।

६) विपद् व्यवस्थापन कोष स्थापना तथा सञ्चालन र स्रोत-साधन परिचालन ।

७) विपद् जोखिम न्यूनीकरणसम्बन्धी स्थानीयस्तरका आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन ।

८) विपद्पश्चात् स्थानीयस्तरको पुनःस्थापना र पुनर्निर्माण ।

९) विपद्सम्बन्धी स्थानीयस्तरको तथ्याङ्क व्यवस्थापन र अध्ययन/अनुसन्धान ।

१०) स्थानीय आपत्कालीन कार्यसञ्चालन प्रणाली ।

११) समुदायमा आधारित विपद् व्यवस्थापनसम्बन्धी कार्यक्रम सञ्चालन ।

१२) विपद् व्यवस्थापनसम्बन्धी अन्य कार्य ।

## ३. स्थानीय विपद् व्यवस्थापन समिति

'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४'को दफा १७ मा नगर कार्यपालिका

प्रमुख वा गाउँ कार्यपालिका अध्यक्षको अध्यक्षतामा प्रत्येक गाउँ/नगरपालिकामा स्थानीय विपद् व्यवस्थापन समिति रहने प्रावधान छ । बढीमा १५ सदस्य रहने गरी यो समिति स्थानीय तहले गठन गर्नुपर्छ । समितिका कार्य देहायबमोजिम छन्–

१) स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

२) स्थानीय तहलाई विपद् व्यवस्थापनका लागि बजेट विनियोजन गर्न लगाउने ।

३) विपद् व्यवस्थापनमा संलग्न अन्य सरोकारवालासँगको समन्वयमा विपद् व्यवस्थापनसम्बन्धी कार्य गर्ने/गराउने ।

४) विपद् व्यवस्थापनसम्बन्धी प्रशिक्षणको व्यवस्था गर्ने ।

५) भौतिक संरचना निर्माण गर्दा भवन संहितालगायतका अन्य स्वीकृत निर्देशिका वा मापदण्ड पालना गर्ने/गराउने ।

६) विपद् प्रतिकार्यका लागि परिचालित हुन वडा वा समुदायस्तरमा विपद् पूर्वतयारी वा प्रतिकार्यसमिति गठन गर्ने ।

७) विपद् प्रतिकार्यका लागि आपत्कालीन नमुना अभ्यास गर्ने/गराउने ।

८) विपद् प्रभावित क्षेत्रमा उद्धार तथा राहत व्यवस्था गर्ने/गराउने ।

९) स्थानीय तहमा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणाली विकास र सञ्चालन गर्ने/गराउने ।

१०) स्थानीयस्तरमा आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापन र सञ्चालन गर्ने ।

११) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्ने ।

१२) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचय वितरण गर्ने/गराउने ।

१३) विपद्का बेला प्रयोग गर्न सकिने गरी वारूणयन्त्रलगायत अन्य उपकरण तयारी

अवस्थामा राख्न लगाउने ।

१४) विपद् व्यवस्थापनका लागि विषयगत समितिहरु गठन गरी परिचालन गर्ने ।

१५) बिमा तथा सामाजिक सुरक्षालगायतका विपद्जन्य जोखिम हस्तान्तरणका विधि र प्रक्रिया तयार गरी कार्यान्वयन गर्ने/गराउने ।

## ४. विपद् व्यवस्थापनमा नगरपालिका प्रमुख तथा गाउँपालिका अध्यक्षको भूमिका

(१) स्थानीय विपद् व्यवस्थापन समिति अध्यक्षको जिम्मेवारी निर्वाह गर्ने ।

(२) स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।

(३) स्थानीय तहमा विपद् व्यवस्थापनका लागि बजेट विनियोजन गर्न लगाउने ।

(४) स्थानीय तहका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापनसम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउने ।

(५) भौतिक संरचना निर्माण गर्दा भवन संहितालगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्ड पालना गराउने ।

(६) आफ्नो गाउँ/नगरपालिकामा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणाली विकास र सञ्चालन गर्ने ।

(७) विपद्प्रति जागरूकता बढाउने र विपद्का घटना हुनासाथ प्रतिकार्यका लागि परिचालन हुने गरी समुदायस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने ।

(८) विपद् प्रभावित क्षेत्रमा उद्धार तथा राहत व्यवस्था गर्ने ।

(९) स्थानीयस्तरमा आपत्कालीन कार्य सञ्चालन केन्द्र स्थापना र सञ्चालन गर्ने ।

(१०) विपद्का बेला प्रयोग गर्न सकिने गरी वारूणयन्त्रलगायत अन्य उपकरण तयारी अवस्थामा राख्ने/राख्न लगाउने ।

# खण्ड ७

# लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा लैङ्गिक-उत्तरदायी बजेट

## परिच्छेद ३४

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

### १. परिचय

नेपालको संविधान, २०७२ ले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तमा आधारित समतामूलक समाजको परिकल्पना गरेको छ । संविधानको 'समानताको हक'मा राज्यका नगरिकबीच कुनै पनि आधारमा भेदभाव नगर्ने, कानुन प्रयोगमा समानता र संरक्षणबाट वञ्चित नगर्ने विषयलाई नगारिक हकका रूपमा स्थापित गरिएको छ । नेपालको संविधान, २०७२, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धि तथा अनुबन्धहरूको प्रभावकारी कार्यान्वयन गर्न नेपालले लैङ्गिक समावेशीतायुक्त राष्ट्र निर्माण गर्ने दीर्घकालीन सोचमा आधारित 'राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७' अवलम्बन गरेको छ ।

### लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

समाजमा पछाडि परेका लिङ्ग, वर्ण, समुदायलाई राज्यप्रणालीमा सहभागी हुने अवसरका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण आवश्यक हुन्छ । यो खास पहिचान र अवस्थाका आधारमा वञ्चितिमा परेकालाई राज्यप्रणाली र सामाजिक सहभागिताका लागि उनीहरूको क्षमता (Ability), अवसर (Opportunity) र मर्यादा (Dignity) अभिवृद्धि गर्ने प्रक्रिया हो ।

## २. संवैधानिक तथा कानुनी व्यवस्था

(१) **नेपालको संविधान:** नेपालको संविधान, २०७२ ले लैङ्गिक समानता तथा समावेशीकरणलाई प्रस्तावना, राष्ट्रको परिभाषा, राज्यको परिभाषा, मौलिक हक र अन्य विभिन्न प्रावधानमा समावेश गरेको छ । नेपालको संविधान, २०७२ मा रहेका प्रावधान अनुसूचीमा-९ उल्लेख गरिएका छन् ।

(२) **स्थानीय सरकार सञ्चालन ऐन, २०७४:** यस ऐनले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धमा गाउँ/नगरपालिकाका काम, कर्तव्य र अधिकार निर्धारण गरेको छ । विभिन्न समुदायबीच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज/दाइजो, हलिया प्रथा, छाउपडी, कम्लहरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वास अन्त्य गर्ने/गराउने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरिएको छ । स्थानीय तहका योजना तर्जुमा र कार्यान्वयन गर्दा महिला, पिछडिएका एवम् लक्षित वर्गको सहभागिता सुनिश्चित गरिएको छ । योजना छनोटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रममा जोड दिँदै लैससास प्रवर्द्धन गर्नेलगायतका व्यवस्था ऐनमा छन् ।

(३) **निजामती सेवा ऐन:** वि.सं. २०६४ मा भएको 'निजामती सेवा ऐन, २०४९'को दोस्रो संशोधनले बढुवामा १ वर्ष कम अवधिलाई मान्यता दिँदै परीक्षणकाल ६ महिना र भर्नाका लागि उमेर हद ४० वर्ष कायम गरेको छ । त्यस्तै, आरक्षणअन्तर्गत खुल्ला

पदलाई ४५% छुट्ट्याई त्यसलाई १०० मानेर ३३% महिला, २७% आदिवासी–जनजाति, २२% मधेसी, ९% दलित, ५% अपाङ्गता भएका व्यक्ति र ४% पिछडिएको क्षेत्रलाई छुट्ट्याइएको छ । खास प्रकृतिका पद महिलाका लागि मात्र छुट्ट्याउने प्रावधानसमेत गरिएको छ ।

(४) **मुलुकी अपराध संहिता, २०७४:** 'मुलुकी अपराध संहिता, २०७४'को परिच्छेद १० मा भेदभाव तथा अन्य अपमानजन्य व्यवहारसम्बन्धी कसुरको व्यवस्था गरिएको छ । दफा १६० मा 'कानुनमा अन्यथा व्यवस्था भएको बाहेक कानुनबमोजिम अधिकार प्रयोग गर्ने अधिकारीले त्यस्तो अधिकार वा सामान्य कानुन प्रयोग गर्दा उत्पत्ति, धर्म, वर्ण, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा कुनै पनि नागरिकमाथि जानीजानी भेदभावपूर्ण व्यवहार गर्न नहुने' उल्लेख गरिएको छ । यस्तो कसुर गरेमा ३ वर्षसम्म कैद र ३० हजार रूपैयाँसम्म जरिवाना हुने व्यवस्था छ । दफा १६३ मा दास बनाउन नहुने, दफा १६४ मा बन्धक बनाउन वा बाँधा राख्न नहुने, दफा १६५ मा सामाजिक रीतिस्थितिमा खलल पार्न नहुने, दफा १६६ मा जातिपातीको आधारमा छुवाछुत वा अन्य भेदभावपूर्ण व्यवहार गर्न नहुने व्यवस्था छ । दफा १६८ मा कसैले कसैलाई अपमानजनक वा अमानवीय व्यवहार गर्न वा गराउन नहुने व्यवस्था गर्दै यस्तो कसुर गर्ने व्यक्तिलाई ५ वर्षसम्म कैद र ५ हजार रूपैयाँसम्म जरिवाना हुने प्रावधान छ । महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा त्यस्तै अन्य कुनै किसिमका भेदभाव, छुवाछुत वा अमानवीय व्यवहार गर्नु/गराउनु हुँदैन । यस्तो कसुर गर्ने व्यक्तिलाई ३ महिनासम्म कैद र ३ हजार रूपैयाँसम्म जरिवाना हुने व्यवस्था छ ।

## ३. पन्ध्रौं योजना (२०७६/७७ – २०८०/८१) मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

चालू पन्ध्रौं योजनाले राज्यका सबै नागरिकको उपस्थिति र अर्थपूर्ण सहभागितामा लैङ्गिक समतामूलक तथा समावेशी राष्ट्र विकास गर्ने लक्ष्यका साथ देहायका उद्देश्य र रणनीति लिएको छ–

१)	लैङ्गिक-उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिलाको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्नु ।

२)	महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, हिंसा र शोषण अन्त्य गर्नु ।

३)	आर्थिक समृद्धि र दिगो विकासका लागि महिलाको समान अग्रसरता र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, अवसर तथा लाभमा महिलाको समान पहुँच सुनिश्चित गर्नु ।

४)	आर्थिक, सामाजिक तथा राजनीतिक अवसरबाट वञ्चितिमा परेका लक्षित वर्गका लागि मुलुकमा उपलब्ध साधन-स्रोत तथा सुविधामा समानुपातिक समावेशी पहुँच सुनिश्चित गर्नु ।

*चालू योजनाले उल्लिखित उद्देश्य पूर्तिका लागि निम्नानुसारका रणनीति लिएको छ–*

१)	राज्यका सबै तह र क्षेत्रले लैङ्गिक समानतासम्बन्धी क्षेत्रगत नीति, कानुन तथा कार्यक्रम तर्जुमा गर्ने ।

२)	सबै तहका सरकार, क्षेत्र तथा निकायमा लैङ्गिक-उत्तरदायी शासन पद्धति संस्थागत गर्ने ।

३)	सबै तहका सरकारमा लैङ्गिक-उत्तरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्ने ।

४)	लैङ्गिक समानता तथा सशक्तीकरण मापन गर्ने तथ्यांक प्रणाली विकास गर्ने ।

५)	आर्थिक रूपले विपन्न र सामाजिक रूपले पछाडि परेका महिलालाई विशेष प्राथमिकता दिँदै आर्थिक सशक्तीकरण र सामाजिक रूपान्तरण गर्ने ।

६)	महिलाविरूद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक, संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गर्ने ।

७)	मुलुकमा उपलब्ध स्रोत-साधनमा लक्षित वर्गको समानुपातिक पहुँच बढाउने ।

८)	राज्यका तीन तहमा हुने निर्णय प्रक्रिया तथा यसका प्रशासनिक संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने ।

९)	सीप विकास तालिम प्रदान गरी मुलुकमा उपलब्ध रोजगारीका अवसर उपयोग गर्न सक्षम बनाउने ।

१०)	आदिवासी, जनजाति, दलित, मधेसी, मुस्लिम समुदाय तथा पिछडा वर्गका भाषा तथा संस्कृतिको संरक्षण एवम् संवर्द्धन गर्ने ।

## ४. दिगो विकासका लक्ष्यमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण

*दिगो विकास लक्ष्यमा समानता र सामाजिक समावेशीकरणसम्बन्धी देहायका प्रावधान समावेश गरिएका छन्–*

१)	सबै ठाउँमा महिला, बालिका र किशोरीविरूद्ध हुने सबै प्रकारका भेदभाव अन्त्य गर्ने ।

२)	सार्वजनिक तथा निजी क्षेत्रमा महिला, बालिका र किशोरीमाथि हुने सबै किसिमका हिंसा अन्त्य गर्ने ।

३)	बाल विवाह, कम उमरेमा र जबर्जस्ती विवाह, मानव बेचबिखन तथा अन्य हानिकारक प्रथा अन्त्य गर्ने ।

४)	सार्वजनिक सेवाका प्रावधान, पूर्वाधार र सामाजिक सुरक्षा नीति प्रवर्द्धन गर्ने, पारिश्रमिकबिना गरिने हेरचाह र घरायसी कामलाई मान्यता दिने तथा राष्ट्रिय प्रवधानअनुसार घरेलु एवम् पारिवारिक काम बाँडफाँट गर्ने ।

५)	राजनीतिक, आर्थिक र सार्वजनिक जीवनका सबै निर्णायक तहमा महिलाको पूर्ण तथा प्रभावकारी नेतृत्व, सहभागिता र समान अवसर सुनिश्चित गर्ने ।

६)	जनसङ्ख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन, बेइजिङ कार्ययोजना तथा तिनका समीक्षा भेलामा सहमति भएअनुसार यौन तथा प्रजनन स्वास्थ्य अधिकारमा विश्वव्यापी

पहुँच सुनिश्चित गर्ने ।

७) महिलालाई आर्थिक साधन-स्रोतमा समान अधिकार दिनुका साथै भूमि तथा सम्पत्तिका अन्य स्वरूप, वित्तीय सेवा, उत्तराधिकार र राष्ट्रिय स्रोतहरूमा समान अधिकार दिने गरी सबैमा सुधार कार्य सञ्चालन गर्ने ।

८) महिला सशक्तीकरण प्रवर्द्धनका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिने ।

**दिगो विकास लक्ष्यमा लैङ्गिक समानता**

*दिगो विकास लक्ष्य (लैङ्गिक समानता)का ६ मुख्य परिमाणात्मक लक्ष्य र १८ तोकिएका सूचक छन् । तीमध्ये केही महत्त्वपूर्ण सूचक–*

- लैङ्गिक असमानता सूचकाङ्क ०.४९ बाट ०.०५ मा झार्ने
- समान कामका लागि ज्यालामा महिला-पुरूष अनुपात ०.६२ बाट ०.९२ मा पुऱ्याउने
- लैङ्गिक सशक्तीकरण मापन ०.५७ बाट ०.६९ पुऱ्याउने
- १५-४९ वर्षका महिलामा यौन हिंसाको अनुभव २६ बाट ६.५ मा झार्ने
- श्रममा महिला र पुरूष सहभागिताको अनुपात ०.९३ बाट १ पुऱ्याउने
- राष्ट्रिय र प्रदेश संसद्मा महिलाको प्रतिनिधित्व ४० पुऱ्याउने ।

९) लैङ्गिक समानताको प्रवर्द्धन तथा सबै तहमा महिला, किशोरी र बालिकाको सशक्तीकरणका लागि प्रभावकारी नीति तथा कानुन तर्जुमा गर्ने ।

१०) उमेर, लिङ्ग, अपाङ्गता, जात-जाति, उद्गम, धर्म, आर्थिक वा अन्य अवस्था/हैसियत जे भए पनि सबै नागरिकको सामाजिक, आर्थिक र राजनीतिक समावेशितालाई सशक्त बनाउने र प्रवर्द्धन गर्ने ।

११) समान अवसर सुनिश्चित गर्न विभेदकारी कानुन, नीति र व्यवहार हटाउने ।

१२) वित्तीय, ज्याला र सामाजिक सुरक्षा नीति अङ्गीकार गर्ने ।

१३) दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्था स्थापना गर्ने ।

१४) दुरूपयोग, शोषण, तस्करी र बालबालिकामाथिका यातना तथा सबै प्रकारका हिंसा समाप्त गर्ने ।

१५) सन् २०३० सम्ममा सबैलाई जन्मदर्तालगायत अन्य कानुनी पहिचान प्रदान गर्ने ।

## ५. स्थानीय तहका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण

(१) **लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण:** लैससास अवधारणाअनुसार यसको प्रयोगलाई सरलीकृत रूपमा स्थानीयकरण गरी स्थानीय तहले गर्ने विकास योजना तथा कार्यक्रमलाई लैससास-उत्तरदायी र दिगो बनाउन आर्थिक स्रोतको सुनिश्चितता, उपलब्धिको समतामूलक वितरण र उपयोगी बनाउने स्थानीय तहले लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण गर्नुपर्छ ।

### स्थानीय तहका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरणसम्बन्धी दस्तावेज

१. स्थानीय तहका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८

२. गाउँपालिका तथा नगरपालिकाको सामाजिक समावेशीकरण (नमुना) नीति, २०७८

website: www.plgsp.gov.np

(२) परीक्षण दिग्दर्शन: यस परीक्षणले स्थानीय तहमा लैससासको वर्तमान अवस्था पहिचान गर्दै समसामयिक समस्या तथा चुनौतीलाई सम्बोधन गर्न सहयोग गर्नेछ । यसका लागि 'लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन' जारी भएको छ । दिग्दर्शनमा उल्लिखित सूचक प्रयोग गरी स्थानीय तहले लैससास परीक्षण गर्नुपर्छ ।

(३) अपेक्षित प्रतिफल:

- स्थानीय तहले गर्ने विकास योजना, कार्यक्रमसहित सबै क्रियाकलापलाई लैससास–उत्तरदायी र दिगो बनाउन सहयोग पुग्ने ।

- स्थानीयस्तरमा महिलालगायत लक्षित वर्ग तथा समुदायको सशक्तीकरण एवम् पहुँचमा वृद्धि भई सामाजिक–आर्थिक समृद्धि हासिल गर्न योगदान पुग्ने ।

- स्थानीय तहमा सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवम् प्रवर्द्धन गर्दै वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुत अन्त्य गरी आर्थिक समानता र सामाजिक न्याय सुनिश्चित गर्न सहयोग पुग्ने ।

(४) परीक्षण अवधि: स्थानीय तहले हरेक आर्थिक वर्षमा लैससास परीक्षण गर्नुपर्छ । लैससास परीक्षण गर्दा गत आर्थिक वर्षमा सम्पन्न कार्यक्रमको परीक्षण चालू आर्थिक वर्षको पुस मसान्तभित्रमा सम्पन्न गरी प्रतिवेदन तयार गर्नुपर्छ । लैससास परीक्षण प्रतिवेदनले औंल्याएका विषयवस्तुउपर सम्बन्धित स्थानीय तहमा सरोकारवालाबीच छलफल गरी प्राप्त सुझावलाई आगामी योजना तथा कार्यक्रममार्फत सुधार गर्न पृष्ठपोषणको रूपमा ग्रहण गर्नुपर्छ ।

## ६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा प्रमुख/अध्यक्षको भूमिका

१) गाउँ/नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्थासम्बन्धी खण्डीकृत तथ्याङ्कसहितको वस्तुस्थिति विवरण तयार गर्ने ।

२) गाउँ/नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमा गरी कार्यान्वयन गर्ने/गराउने ।

३) गाउँ/नगरपालिकाका नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिसँग सामाञ्जस्यता कायम गरी लैससास नीतिलाई मूलप्रवाहीकरण गर्ने ।

४) स्रोत अनुमान तथा बजेट सीमा निर्धारणका बेला यस क्षेत्रमा उपयुक्त सिलिङ निर्धारण ।

५) वार्षिक कार्यक्रम तथा बजेटमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक) सम्बन्धी कार्यक्रम समावेश/समाहित गर्ने ।

६) आवधिक विकास योजना तर्जुमा गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका पक्षहरु समावेश गरी दिगो विकास लक्ष्यको 'कसैलाई पनि पछि नछाड्ने' आकांक्षा कार्यान्वयन गर्न अगुवाइ गर्ने ।

७) विकास समीक्षामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा पुऱ्याएको योगदान समीक्षा गर्ने/गराउने ।

८) विभेदजन्य नीति, मानसिकता तथा अभ्यास परिवर्तन गर्दै सामाजिक विभेद न्यूनीकरण गरी महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकको सहभागिता सुनिश्चित गर्न कार्यक्रम तथा अभियान सञ्चालन गर्ने ।

परिच्छेद ३६

# लैङ्गिक-उत्तरदायी बजेट तर्जुमा

## १. परिचय

महिला र पुरूषका आवश्यकताअनुरूप कार्यक्रम र बजेट विनियोजन गर्न लैङ्गिक-उत्तरदायी बजेटलाई माध्यमको रूपमा लिइएको छ । सार्वजनिक स्रोत र साधनको अनुमान, वितरण र उपयोगलाई प्रभावकारी तुल्याउन आर्थिक वर्ष २०६४/६५ देखि नेपाल सरकारले लैङ्गिक-उत्तरदायी बजेट प्रणाली कार्यान्वयनमा ल्याएको छ । खासगरी निर्णयमा महिलाको अर्थपूर्ण सहभागिता बढाउन, प्राप्त लाभको समानुपातिक वितरण गर्न, रोजगारी बढाउन, समयको प्रयोगमा गुणात्मक सुधार गर्न लैङ्गिक-उत्तरदायी बजेट प्रणालीले प्रत्यक्ष सहयोग पुऱ्याउने उद्देश्य लिइएको छ ।

**लैङ्गिक-उत्तरदायी बजेटसम्बन्धी दस्तावेज**

१. प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक-उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७

website: www.mof.gov.np

## २. लैङ्गिक-उत्तरदायी बजेटका मान्यता

*लैङ्गिक-उत्तरदायी बजेट देहायअनुसारका मान्यतामा आधारित छ–*

- बजेटका सबै प्रक्रिया र यसले पार्ने प्रभाव लैङ्गिक रूपमा तटस्थ हुँदैनन् । बजेट तर्जुमासम्बन्धी नीति, राजस्व सङ्कलन र खर्च सबै पक्षमा यो तथ्य लागू हुन्छ ।

- लैङ्गिक-उत्तरदायी बजेटले लैङ्गिक समानताको नीति एवम् समष्टिगत आर्थिक नीतिका बीच सम्बन्ध स्थापित गर्छ ।
- लैङ्गिक-उत्तरदायी बजेट प्रक्रियाको प्रारम्भ नै कार्यक्रम तथा बजेटले महिला र पुरूषमा पार्न सक्ने प्रभावको विश्लेषणबाट हुन्छ । त्यसपछि कार्यक्रम तर्जुमा गर्दा लैङ्गिक पक्षको समायोजन गर्नुपर्छ ।
- लैङ्गिक-उत्तरदायी बजेटले लैङ्गिक मूलप्रवाहीकरणलाई कार्यान्वयमा लैजान योगदान पुर्‍याउँछ ।
- लैङ्गिक-उत्तरदायी बजेट भन्नाले महिलाका लागि छुट्टै बजेट होइन । बजेट र कार्यक्रमका सबै पक्षमा महिला र पुरूषको सन्तुलित लाभ सुनिश्चित गर्ने प्रक्रिया हो ।

## ३. लैङ्गिक-उत्तरदायी बजेट तर्जुमा गर्दा ध्यान दिनुपर्ने कुराहरू

*लैङ्गिक-उत्तरदायी बजेट तर्जुमा गर्दा निम्नलिखित ५ चरणमा ध्यान दिनुपर्छ–*

तालिका नं. ४७ : लैङ्गिक-उत्तरदायी बजेट तर्जुमा गर्दा ध्यान दिनुपर्ने कुरा

| | |
|---|---|
| **पहिलो** | जुन क्षेत्रका लागि कार्यक्रम तथा आयोजना तर्जुमा गर्न लागिएको हो, सो क्षेत्रको वस्तुस्थिति, महिला तथा पुरूषको अवस्था देखाउने खण्डीकृत सूचना तथा तथ्याङ्क आवश्यक पर्छ । |
| **दोस्रो** | कार्यक्रम तथा आयोजना तर्जुमा गर्दा, प्राथमिकता निर्धारण गर्दा र छनोट गर्दा ती कार्यक्रमले लैङ्गिक पक्षलाई यथेष्ट ध्यान पुर्‍याएका छन्/छैनन्, पहिलो चरणमा उल्लिखित अवस्थालाई सम्बोधन गर्ने खालका कार्यक्रम छनोट गरेका छन्/छैनन् – सोको विश्लेषण गर्नुपर्छ । |
| **तेस्रो** | छनोट भएका कार्यक्रमका लैङ्गिक-संवेदनशील पक्ष कार्यान्वयनमा लाग्ने लागतको मूल्याङ्कन गरी पर्याप्त बजेट विनियोजन गरिएको छ/छैन भनी जाँच गर्नुपर्छ । |
| **चौथो** | यसरी निर्क्योल गरिएका कार्यक्रमका लागि आवश्यक बजेट उपयुक्त खर्च शीर्षकमा राखिएको छ कि छैन, जाँच गर्नुपर्छ । साथै, ती कार्यक्रमको कार्यान्वयनबाट हुने उपलब्धि सुनिश्चित गर्नु जरूरी हुन्छ । |
| **पाँचौं** | छनोट भएका कार्यक्रमको कार्यान्वयनबाट महिलामा सकारात्मक परिवर्तन आउन सक्छ भन्ने कुराको सुनिश्चितता गर्नुपर्छ । |

## ४. लैङ्गिक-उत्तरदायी बजेटको वर्गीकरण र सङ्केत

सरकारी व्यवस्था, योजना, कार्यक्रम र सेवालाई २ तहमा वर्गीकरण गरी लैङ्गिक-उत्तरदायी बजेट सङ्केत प्रदान गरिन्छ ।

तालिका नं. ४८: लैङ्गिक-उत्तरदायी बजेट वर्गीकरण र सङ्केत

| | | |
|---|---|---|
| **पहिलो तह** | **निर्दिष्ट** | - महिला तथा बालबालिकाप्रति निर्दिष्ट रूपले लक्षित क्रियाकलाप– <br> *उदाहरणका लागि:* महिलालाई सीप विकास तालिम, बालिकाका लागि छात्रवृत्ति आदि । |
| | **सहयोगी** | - महिला सशक्तीकरण र लैङ्गिक समानताप्रति उत्तरदायी तथा त्यसका लागि सहज वातावरण बनाउने क्रियाकलाप– <br> *उदाहरणका लागि:* खण्डीकृत तथ्याङ्क सङ्कलन, लैङ्गिक समानताका लागि अध्ययन र सेवाप्रदायकका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम, विभेदजन्य पितृसत्तात्मक मूल्य-मान्यतामा परिवर्तनका लागि पुरूष र बालकहरूसँग सहकार्य गर्ने । |
| | **तटस्थ** | - महिला सशक्तीकरण तथा लैङ्गिक समानताका अवरोध पहिचान गर्ने वा सम्बोधन नगर्ने क्रियाकलाप । |
| **दोस्रो तह** | **लैङ्गिक-उत्तरदायी बजेट सङ्केत (कोडिङ) गर्ने** | - निर्दिष्ट, सहयोगी तथा तटस्थमा वर्गीकरण गरिएका क्रियाकलापका लागि विनियोजित बजेटको जम्मा निकाल्ने । <br> - यसअनुसार बजेट पुस्तिकामा लैङ्गिक-उत्तरदायी बजेट अनुसूची समावेश गर्ने । |

## ५. लैङ्गिक सङ्केत निर्धारण प्रक्रिया

*पालिकाको कार्यक्रम एकाइ तथा लेखाले निर्धारण गरेका संकेत–*

तालिका नं. ४९ : लैङ्गिक सङ्केत निर्धारण प्रक्रिया

| लैङ्गिक वर्गीकरणका आधार | लैङ्गिक वर्गीकरण | लैङ्गिक बजेट कोड |
|---|---|---|
| यदि निर्दिष्ट, सहयोगी र तटस्थमा वर्गीकरण गरिएका क्रियाकलापको बजेटको जम्मा आयोजना तथा कार्यक्रमको कुल बजेटको ६० प्रतिशत सा सोभन्दा माथि भए | निर्दिष्ट | १ |
| यदि निर्दिष्ट, सहयोगी र तटस्थमा वर्गीकरण गरिएका क्रियाकलापको बजेटको जम्मा आयोजना तथा कार्यक्रमको कुल बजेटको १० देखि ५९ प्रतिशत भए | सहयोगी | २ |
| यदि निर्दिष्ट क्रियाकलापको बजेटको जम्मा आयोजना तथा कार्यक्रमको कुल बजेटको ९ प्रतिशत वा सोभन्दा कम भए | तटस्थ | ३ |

### लैङ्गिक बजेट कार्यान्वयनमा प्रमुख/अध्यक्षको भूमिका

(क) बजेट तर्जुमा प्रक्रियाको तयारी चरणमा लैङ्गिक बजेटसम्बन्धी जानकारी प्रवाहको व्यवस्था मिलाउने ।
(ख) आगामी आर्थिक वर्षको स्रोत अनुमान र बजेट सीमा निर्धारणका बेला लैङ्गिक मूल्याङ्कनमा आधारित भई विषयगत क्षेत्रमा उपयुक्त बजेट सिलिङ निर्धारण गर्ने ।
(ग) बजेट तथा कार्यक्रमको प्राथमिकता निर्धारणका सर्तमा लैङ्गिक अवरोधको न्यूनीकरण र लैङ्गिक समानता तथा महिला सशक्तीकरण प्रवर्द्धनका लागि क्षमता अभिवृद्धि समावेश गर्ने ।
(घ) सूत्र प्रणालीमा लैङ्गिक बजेट साङ्केतीकरणको व्यवस्था मिलाउने ।
(ङ) कार्यपालिकाबाट बजेटलाई अन्तिमरूप दिनुअघि लैङ्गिक बजेटको अवस्थाबारे जानकारी प्राप्त गरी गाउँ/नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा लैङ्गिक बजेट सन्तुलन मिलाउने ।
(च) वार्षिक बजेट वक्तव्यमा लैङ्गिक बजेट विनियोजनको अवस्था समावेश गर्ने ।
(छ) बजेटको लैङ्गिक लेखापरीक्षण (Gender audit) गर्ने, प्राप्त पृष्ठपोषणलाई आगामी योजना, मध्यमकालीन खर्च संरचना र बजेटमा सुधार गर्दै जाने ।

# अनुसूचीहरु

अनुसूची-१

# गाउँ/नगरपालिकाका काम, कर्तव्य र अधिकार

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, उपदफा (१) सँग सम्बन्धित*

## (क) गाउँ/नगरपालिकाका एकल अधिकारअन्तर्गतका काम, कर्तव्य र अधिकार

| विषय-क्षेत्र | अधिकार |
|---|---|
| १. नगर प्रहरीको गठन र सञ्चालन | १) नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरीसम्बन्धी नीति, कानुन र मापदण्डको निर्माण तथा कार्यान्वयन<br>२) देहायका कार्यमा सहयोग पुर्‍याउन नगर प्रहरी परिचालन गर्न सक्ने–<br>क) गाउँपालिका वा नगरपालिकाका नीति, कानुन, मापदण्ड तथा निर्णय कार्यान्वयन<br>ख) गाउँपालिका वा नगरपालिकाका सम्पत्तिको सुरक्षा र संरक्षण,<br>ग) स्थानीयस्तरमा हुने सभा, समारोह, परम्परा, जात्रा, चाडपर्वको सुरक्षा व्यवस्थापन<br>घ) स्थानीय बजार तथा पार्किङस्थलको रेखदेख र व्यवस्थापन<br>ङ) गाउँ वा नगर सरसफाइसम्बन्धी मापदण्ड कार्यान्वयन<br>च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णय कार्यान्वयन<br>छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा<br>ज) विपद् व्यवस्थापनसम्बन्धी खोजी, उद्धार, राहत तथा पुनःस्थापना<br>झ) अनधिकृत विज्ञापन तथा होर्डिङ बोर्ड नियन्त्रण<br>ञ) छाडा पशु, चौपाया नियन्त्रण<br>ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण<br>ठ) कार्यपालिकाले तोकेका अन्य कार्य । |
| २. सहकारी सम्बन्धी | १) सहकारी संस्थासम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड निर्माण, कार्यान्वयन र नियमन<br>२) सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन<br>३) सहकारी बचत तथा ऋण परिचालनसम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन<br>४) सहकारीसम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घसंस्थासँग समन्वय र सहकार्य<br>५) सहकारीसम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन/अनुसन्धान<br>६) स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि<br>७) स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास । |

| | |
|---|---|
| ३. एफएम सञ्चालन | १) १०० वाटसम्मको एफएम रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजी<br>२) प्रदेश कानुनको अधीनमा रही एफएम सञ्चालनसम्बन्धी अन्य कार्य । |
| ४. स्थानीय कर, सेवा शुल्क तथा दस्तुर | १) सङ्घीय तथा प्रदेश कानुनको अधीनमा रही सम्पत्ति कर, घरबहाल कर, घर-जग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन करसम्बन्धी नीति, कानुन, मापदण्ड कार्यान्वयन र नियमन<br>२) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन<br>३) ट्रेकिङ, कायाकिङ, क्यानोनिङ, बन्जीजम्प, जिपफ्लायर, र्‍याफ्टिङ, मोटरबोट, केबलकार सेवालगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क<br>४) जडीबुटी, कबाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन<br>५) स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन<br>६) ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक वस्तुको बिक्री तथा निकासी शुल्क, दस्तुर सङ्कलन<br>७) प्रचलित कानुनबमोजिम सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र सङ्कलन<br>८) स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन<br>९) राजस्व सूचना तथा तथ्याङ्कको आदानप्रदान<br>१०) सङ्घीय तथा प्रदेश कानुनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रणसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन<br>११) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क, दस्तुरसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन<br>१२) मालपोत सङ्कलन<br>१३) कर तथा सेवा शुल्कसम्बन्धी अन्य कार्य । |
| ५. स्थानीय सेवाको व्यवस्थापन | १) स्थानीय सेवाको व्यवस्थापनसम्बन्धी नीति, मापदण्ड, सेवा सर्त, योजना, कार्यान्वयन र नियमन<br>२) नेपालको संविधान, २०७२ को धारा ३०२ को उपधारा (२) बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय<br>३) संगठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास<br>४) स्थानीय कानुनबमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी निर्धारण<br>५) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन<br>६) जनशक्ति व्यवस्थापन तथा वृत्ति विकास<br>७) स्थानीय सेवाको व्यवस्थापनसम्बन्धी अन्य कार्य । |

| | |
|---|---|
| **६. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन** | १) स्थानीय तथ्याङ्कसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन<br>२) आधारभूत तथ्याङ्क सङ्कलन र व्यवस्थापन<br>३) जन्म, मृत्यु, विवाह, सम्बन्धबिच्छेद, बसाइसराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन<br>४) सूचना तथा सञ्चार, प्रविधियुक्त आधारभूत तथ्याङ्क सङ्कलन र व्यवस्थापन<br>५) स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलनसम्बन्धी अन्य कार्य । |
| **७. स्थानीय स्तरका विकास आयोजना तथा परियोजना** | १) विकास आयोजना तथा परियोजनासम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन<br>२) आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन<br>३) आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन<br>४) सम्भाव्य प्राकृतिक स्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन<br>५) सङ्घीय तथा प्रदेश कानुनको अधीनमा रही सहरी विकास, बस्ती विकास र भवनसम्बन्धी नीति, कानुन, मापदण्ड तथा सोसम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन<br>६) राष्ट्रिय भवन संहिता तथा मापदण्डबमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन<br>७) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण, मर्मतसम्भार तथा सञ्चालन र व्यवस्थापन<br>८) सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग<br>९) सुरक्षित बस्ती विकाससम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन<br>१०) सार्वजनिक निर्माण कार्यका लागि प्रचलित कानुनबमोजिम 'घ' वर्गको इजाजतपत्र जारी, नवीकरण तथा खारेजी<br>११) पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धनसम्बन्धी आयोजनाको पहिचान, कार्यान्वयन, व्यवस्थापन तथा अनुगमन र नियमन<br>१२) नवीन पर्यटकीय सेवा तथा कार्यसम्बन्धी आयोजनाको पहिचान, कार्यान्वयन, व्यवस्थापन तथा अनुगमन र नियमन<br>१३) विकास आयोजना तथा परियोजनासम्बन्धी अन्य कार्य । |

| | |
|---|---|
| ८. आधारभूत र माध्यमिक शिक्षा | १) प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन<br>२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन<br>३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन<br>४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन<br>५) गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति व्यवस्थापन<br>६) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन<br>७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन<br>८) विद्यालयको नामकरण<br>९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन<br>१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्री वितरण<br>११) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान<br>१२) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन<br>१३) सामुदायिक विद्यालयका शैक्षिक पूर्वाधार निर्माण, मर्मतसम्भार, सञ्चालन र व्यवस्थापन<br>१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन<br>१५) विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन<br>१६) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन<br>१७) ट्युसन, कोचिङजस्ता विद्यालयबाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन<br>१८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण<br>१९) स्थानीय पुस्तकालय र वाचनालय सञ्चालन तथा व्यवस्थापन<br>२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन<br>२१) सामुदायिक विद्यालयलाई दिइने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय–व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन<br>२२) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास<br>२३) अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन । |

| | |
|---|---|
| ९. आधारभूत स्वास्थ्य र सरसफाइ | १) आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषणसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा नियमन<br>२) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवा सञ्चालन र प्रवर्द्धन<br>३) अस्पताल र अन्य स्वास्थ्य संस्था स्थापना तथा सञ्चालन<br>४) स्वास्थ्य सेवासम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन<br>५) स्वच्छ खानेपानी, खाद्य पदार्थको गुणस्तर, वायु तथा ध्वनि प्रदूषण नियन्त्रण र नियमन<br>६) सरसफाइ सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन<br>७) स्वास्थ्यजन्य फोहोरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन<br>८) रक्तसञ्चार सेवा तथा स्थानीय र सहरी स्वास्थ्य सेवा सञ्चालन<br>९) औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन<br>१०) सरसफाइ तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी<br>११) परिवार नियोजन तथा मातृशिशु कल्याणसम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन<br>१२) महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन । |
| १०. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता | १) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हितसम्बन्धी नीति, कानुन, मापदण्ड कार्यान्वयन र नियमन<br>२) बजार तथा हाटबजार व्यवस्थापन<br>३) स्थानीय वस्तुको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन<br>४) स्थानीय व्यापार र वाणिज्यसम्बन्धी पूर्वाधार निर्माण<br>५) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तर अनुगमन र नियमन<br>६) स्थानीयस्तरका व्यापारिक फर्म दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन<br>७) स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन/अनुसन्धान<br>८) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य<br>९) स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन<br>१०) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन<br>११) उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण<br>१२) वातावरण संरक्षण र जैविक विविधतासम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन<br>१३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण<br>१४) जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने उपभोग्य वस्तुको बेचबिखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थको नियन्त्रण, अनुगमन तथा नियमन<br>१५) स्थानीयस्तरमा सरसफाइ तथा फोहोरमैला व्यवस्थापन<br>१६) स्थानीयस्तरमा न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन<br>१७) स्थानीयस्तरमा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन<br>१८) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन<br>१९) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधतासम्बन्धी अन्य कार्य । |

| | |
|---|---|
| ११. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइ | १) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइसम्बन्धी नीति, कानुन, मापदण्ड तथा सोसम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन<br>२) स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पुल, पुलेसा, सिँचाइ र तटबन्धसम्बन्धी गुरूयोजना तर्जुमा, कार्यान्वयन, मर्मतसम्भार र नियमन<br>३) स्थानीयस्तरको सिँचाइ प्रणाली निर्माण, सञ्चालन, रेखदेख, मर्मतसम्भार, स्तरोन्नति, अनुगमन र नियमन<br>४) यातायात सुरक्षाको व्यवस्थापन र नियमन<br>५) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडकसम्बन्धी अन्य कार्य । |
| १२. गाउँसभा, नगरसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन | १) स्थानीयस्तरका विषय-क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति<br>२) सभाका समिति गठन र सञ्चालन<br>३) स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन<br>४) कार्यपालिका तथा न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा सो सम्बन्धमा आवश्यक निर्देशन<br>५) विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासनका लागि कार्यपालिकालाई निर्देशन<br>६) गाउँपालिका तथा नगरपालिकालाई आर्थिक व्ययभार पर्ने विषयको नियमन<br>७) स्थानीय मेलपिलाप र मध्यस्थता<br>८) गाउँसभा, नगरसभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापनसम्बन्धी अन्य कार्य । |
| १३. स्थानीय अभिलेख व्यवस्थापन | १) स्थानीय अभिलेख व्यवस्थापनसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, अनुगमन र नियमन<br>२) जनसाङ्खिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कुल गार्हस्थ्य उत्पादन (जीडीपी), प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तीकरण सूचकाङ्क, राजस्व तथा आयव्ययको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी नवीनतम प्रविधि एवम् राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आबद्धता र पार्श्वचित्र तथा स्रोत नक्साको अद्यावधिक अभिलेखन<br>३) सूचना तथा अभिलेख केन्द्र स्थापना, सञ्चालन<br>४) सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरणसहित अद्यावधिक अभिलेखन<br>५) आफ्नो क्षेत्रभित्र सम्पन्न भएका तथा चालू योजनाको विवरण र त्यस्ता योजनाको सम्पत्ति अद्यावधिक अभिलेखन<br>६) स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना-प्रविधि उपयोग<br>७) स्थानीय अभिलेख व्यवस्थापनसम्बन्धी अन्य कार्य । |

| | |
|---|---|
| १४. जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण | १) स्थानीय जग्गाको नापनक्सा, कित्ताकाट, हालसाविक, रजिस्ट्रेसन नामसारी तथा दाखिल खारेज<br>२) जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन<br>३) भूमि वर्गीकरणअनुसारको लगत<br>४) सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण<br>५) नापी, नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण<br>६) जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरणसम्बन्धी अन्य कार्य । |
| १५. कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी | १) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्यसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन र नियमन<br>२) कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजारका पूर्वाधार निर्माण, साना सिँचाइ निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रम सञ्चालन, अनुगमन र नियमन<br>३) कृषि तथा पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी नियन्त्रण<br>४) पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन<br>५) कृषि, वातावरण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन<br>६) पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन<br>७) उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण<br>८) स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन<br>९) पशु आहारको गुणस्तर नियमन<br>१०) स्थानीयस्तरमा पशुपन्छीसम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली<br>११) पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन<br>१२) पशुपन्छीसम्बन्धी बिमा र कर्जा सहजीकरण<br>१३) पशुपालन तथा पशु स्वास्थ्यसम्बन्धी अन्य कार्य । |
| १६. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तको व्यवस्थापन | १) सङ्घ र प्रदेश कानुनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन<br>२) ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण<br>३) ज्येष्ठ नागरिक क्लब, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्र सञ्चालन तथा व्यवस्थापन<br>४) सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनःस्थापना केन्द्र, ज्येष्ठ नागरिक केन्द्र तथा अशक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन<br>५) सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिको पुनःस्थापना केन्द्र सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन<br>६) ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तको व्यवस्थापनसम्बन्धी अन्य कार्य । |

| | |
|---|---|
| १७. बेरोजगारको तथ्याङ्क सङ्कलन | १) रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणाली स्थापना<br>२) स्थानीयस्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन<br>३) विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन<br>४) सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेका श्रमशक्तिको सूचना तथा तथ्याङ्क सङ्कलन र व्यवस्थापन<br>५) रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन<br>६) वैदेशिक रोजगारीमा जाने श्रमशक्तिका लागि वित्तीय साक्षरता र सीपमूलक तालिम सञ्चालन<br>७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको सामाजिक पुनः एकीकरण<br>८) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग<br>९) बेरोजगारको तथ्याङ्क सङ्कलनसम्बन्धी अन्य कार्य । |
| १८. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण | १) कृषि प्रसारसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन<br>२) कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन<br>३) कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण<br>४) कृषि बीउबिजन, नश्ल, मलखाद, रसायन तथा औषधिको आपूर्ति, उपयोग र नियमन<br>५) कृषक समूह, कृषि सहकारी र कृषिसम्बन्धी स्थानीय सङ्घसंस्थाको समन्वय, व्यवस्थापन र नियमन<br>६) स्थानीयस्तरमा कृषिसम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण<br>७) कृषिसम्बन्धी सूचनाको प्रचारप्रसार<br>८) स्थानीयस्तरका स्रोतकेन्द्रको विकास र व्यवस्थापन<br>९) प्राङ्गारिक खेती तथा मलको प्रवर्द्धन र प्रचारप्रसार<br>१०) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रणसम्बन्धी अन्य कार्य । |
| १९. खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा | १) स्थानीय खानेपानीसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन<br>२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन<br>३) १ मेगावाटसम्मका जलविद्युत् आयोजनासम्बन्धी स्थानीयस्तरका नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन[1]<br>४) स्थानीय तहमा वैकल्पिक ऊर्जासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन<br>५) स्थानीय विद्युत् वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन, अनुगमन र नियमन<br>६) स्थानीय तहमा वैकल्पिक ऊर्जासम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन<br>७) खानेपानी, साना जलविद्युत् आयोजना तथा वैकल्पिक ऊर्जासम्बन्धी अन्य कार्य । |

[1] 'सङ्घ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजना वर्गीकरण तथा बाँडफाँटसम्बन्धी मापदण्ड, २०७६'ले स्थानीय तहले ३ मेगावाटसम्म जलविद्युत् वा सौर्य ऊर्जा आयोजना निर्माण र सञ्चालन गर्ने अधिकार प्रदान गरेको ।

| | |
|---|---|
| २०. विपद् व्यवस्थापन | १) विपद् व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन र नियमन<br>२) स्थानीयस्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, पूर्वसूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्वभण्डारण, वितरण र समन्वय<br>३) स्थानीय तटबन्ध, नदी र पहिरो नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन<br>४) विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण<br>५) विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घसंस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य<br>६) विपद् व्यवस्थापन कोष स्थापना तथा सञ्चालन र स्रोत-साधनको परिचालन<br>७) विपद् जोखिम न्यूनीकरणसम्बन्धी स्थानीयस्तरका आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन<br>८) विपद्पश्चात् पुनःस्थापना र पुनर्निर्माण<br>९) विपद्सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन/अनुसन्धान<br>१०) स्थानीय आपत्कालीन कार्यसञ्चालन प्रणाली<br>११) समुदायमा आधारित विपद् व्यवस्थापनसम्बन्धी कार्यक्रम सञ्चालन<br>१२) विपद् व्यवस्थापनसम्बन्धी अन्य कार्य । |
| २१. जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण | १) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षणसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड तथा योजना कार्यान्वयन र नियमन<br>२) पानी मुहानको संरक्षण<br>३) सामुदायिक भू-संरक्षण र सोमा आधारित आयआर्जन कार्यक्रम<br>४) भू-संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन<br>५) खानी तथा खनिज पदार्थसम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन<br>६) बहुमूल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षण र संवर्धनमा सहयोग<br>७) ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन<br>८) भौगर्भिक नक्सा प्रकाशन । |
| २२. भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास | १) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकाससम्बन्धी स्थानीयस्तरका नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन र नियमन<br>२) पुरातत्व, प्राचीन स्मारक तथा संग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास<br>३) परम्परागत जात्रा तथा पर्व सञ्चालन र व्यवस्थापन<br>४) प्रचलित कानुनविरूद्धका कुरीति तथा कुसंस्कारविरूद्ध सामाजिक परिचालनसम्बन्धी कार्य<br>५) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकाससम्बन्धी अन्य कार्य । |

## (ख) नेपालको संविधान, २०७२ को अनुसूची-९, सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा रहेका अधिकारमध्ये गाउँ/नगरपालिकाका काम, कर्तव्य, अधिकार र जिम्मेवारी–

'स्थानीय सरकार सञ्चालन ऐन, २०७४'को दफा ११को उपदफा (४) र (५) बमोजिम स्थानीय तहका कार्य–जिम्मेवारी–

| | |
|---|---|
| १. खेलकुद र पत्रपत्रिका | १) स्थानीयस्तरका खेलकुद संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास<br>२) स्थानीयस्तरका खेलकुद प्रशासन तथा सङ्घसंस्थाको नियमन र समन्वय<br>३) खेलकुदको विकास र प्रवर्द्धन<br>४) खेलकुद प्रतियोगिता आयोजना र सहभागिता<br>५) खेलकुदसम्बन्धी पूर्वाधार विकास<br>६) स्थानीय तहका पत्रपत्रिकाको दर्ता, अभिलेख तथा नियमन । |
| २. स्वास्थ्य | १) सङ्घीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्डबमोजिम स्थानीयस्तरका स्वास्थ्यसम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण<br>२) जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था र क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन<br>३) स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण<br>४) स्वास्थ्य बिमालगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन<br>५) स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनको न्यूनतम मूल्य निर्धारण र नियमन<br>६) स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव-निरोधक प्रतिरोध न्यूनीकरण<br>७) स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरण खरिद, भण्डारण र वितरण<br>८) स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन<br>९) स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स)<br>१०) स्थानीयस्तरको प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनःस्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवा सञ्चालन<br>११) स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योगाभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्मलगायत जनस्वास्थ्य सेवाको प्रवर्द्धन<br>१२) जुनोटिक र कीटजन्य रोग नियन्त्रण तथा व्यवस्थापन<br>१३) सुर्ती, मदिरा र लागूपदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि<br>१४) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सालगायत परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन<br>१५) जनस्वास्थ्य, आपत्कालीन स्वास्थ्य तथा महामारी नियन्त्रणका योजना र कार्यान्वयन<br>१६) रोगको नियन्त्रण तथा रोकथाम<br>१७) आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन । |
| ३. विद्युत्, खानेपानी तथा सिँचाइजस्ता सेवाहरु | १) विद्युत् वितरण प्रणाली र सेवाको व्यवस्थापन<br>२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन<br>३) स्थानीय साना सतह तथा भूमिगत सिँचाइ प्रणालीको सञ्चालन तथा मर्मतसम्भार, सेवा शुल्क निर्धारण र सङ्कलनसम्बन्धी व्यवस्थापन । |

| | |
|---|---|
| ४. सेवा शुल्क, दस्तुर, दण्ड-जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क | १) स्थानीय सेवा शुल्क, दस्तुर, दण्ड-जरिवानासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन<br>२) प्राकृतिक स्रोत-साधन र सेवा शुल्क, रोयल्टी सङ्कलन तथा समन्वय र नियमन<br>३) खनिज पदार्थको उत्खनन् र सोसम्बन्धी रोयल्टी सङ्कलन<br>४) सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन<br>५) पानीघट्ट, कुलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन । |
| ५. वन, जङ्गल, वन्यजन्तु, चराचुरूङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता | १) वन, जङ्गल, वन्यजन्तु, चराचुरूङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधतासम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन र नियमन<br>२) स्थानीयस्तरमा सामुदायिक, ग्रामीण तथा सहरी, धार्मिक, कबुलियती र साझेदारी वनको संरक्षण, संवर्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन<br>३) मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वन व्यवस्थापन<br>४) स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षरोपण व्यवस्थापन<br>५) स्थानीयस्तरमा निजी वनको प्रवर्द्धन, अनुगमन र नियमन<br>६) स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षरोपण, सम्भार, उपयोग र व्यवस्थापन<br>७) स्थानीयस्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वनपैदावारसम्बन्धी सर्वेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन<br>८) वनबीउ बगैंचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन<br>९) नर्सरी स्थापना, बिरूवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन<br>१०) वन्यजन्तु र चराचुरूङ्गीको संरक्षण, व्यावसायिक पालन, उपयोग र अनुगमन<br>११) मानव तथा वन्यजन्तुबीचको द्वन्द्व व्यवस्थापन<br>१२) स्थानीय प्राणी उद्यान (चिडियाखाना) स्थापना र सञ्चालन<br>१३) स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन<br>१४) स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन<br>१५) स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचुरूङ्गीको अभिलेखाङ्कन र अध्ययन/अनुसन्धान<br>१६) विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्त्वका वन, सिमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गासम्बन्धी लगत<br>१७) मिचाहा प्रजातिको नियन्त्रण<br>१८) स्थानीयस्तरको जोखिम न्यूनीकरण<br>१९) जैविक विविधताको अभिलेखाङ्कन<br>२०) स्थानीयस्तरमा हरियाली प्रवर्द्धन<br>२१) स्थानीय साना जल उपयोगसम्बन्धी क्षेत्रगत आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन<br>२२) रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन<br>२३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण<br>२४) स्थानीयस्तरमा प्रदूषण नियन्त्रण र हानिकारक पदार्थको नियमन तथा व्यवस्थापन<br>२५) स्थानीयस्तरमा न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन<br>२६) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन । |

| | |
|---|---|
| ६. सामाजिक सुरक्षा र गरिबी निवारण | १) सामाजिक सुरक्षा तथा गरिबी निवारणसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड कार्यान्वयन, नियमन र अध्ययन/अनुसन्धान<br>२) लक्षित समूहसम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन<br>३) सामाजिक सुरक्षा कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घसंस्थासँग सम्पर्क, समन्वय र सहकार्य<br>४) सामाजिक सुरक्षासम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन<br>५) गरिब घरपरिवार पहिचानसम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन<br>६) स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन । |
| ७. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क | १) व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाइँसराइ, सम्बन्धबिच्छेद र धर्मपुत्र र धर्मपुत्री)को दर्ता<br>२) व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्कसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन<br>३) व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन । |
| ८. सम्पदा संरक्षण | १) स्थानीयस्तरमा पुरातत्व, प्राचीन स्मारक र संग्रहालय संरक्षण, संवर्द्धन र पुनर्निर्माण । |
| ९. सुकुम्वासी व्यवस्थापन | १) सुकुम्वासीको पहिचान र अभिलेख व्यवस्थापन<br>२) सुकुम्वासीसम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन |
| १०. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी | १) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीसम्बन्धी नीति, कानुन, मापदण्ड कार्यान्वयन तथा नियमन<br>२) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सङ्कलन तथा बाँडफाँट । |
| ११. सवारी साधन अनुमति | १) यातायात व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन<br>२) स्थानीय सार्वजनिक यातायातको रूट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडादर निर्धारण र नियमन<br>३) स्थानीय तहमा वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम संवेद्य, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन । |
| १२. सङ्घसंस्था दर्ता तथा नवीकरण | १) सङ्घसंस्था परिचालनसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन<br>२) स्थानीयस्तरका सङ्घसंस्थाको दर्ता तथा नवीकरण |
| १३. भूमि व्यवस्थापन | १) सङ्घीय तथा प्रदेश कानुनको अधीनमा रही स्थानीयस्तरको भू-उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन<br>२) सङ्घीय तथा प्रदेश मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासका कार्यक्रम तर्जुमा र कार्यान्वयन, एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन<br>३) स्थानीयस्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन । |

| | |
|---|---|
| १४. सञ्चार सेवा | १) सङ्घीय तथा प्रदेश कानुनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन<br>२) स्थानीय क्षेत्रमा सूचना-प्रविधिको विकास र प्रवर्द्धन । |
| १५. यातायात सेवा | १) स्थानीय बस, ट्रली बस, ट्रामजस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन र नियमन<br>२) राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा महानगरीय क्षेत्रभित्र सहरी रेल सेवा सञ्चालन, व्यवस्थापन, मर्मतसम्भार, समन्वय, साझेदारी र सहकार्य । |
| १६. लघु, घरेलु, तथा साना उद्योग | १) लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन<br>२) उद्यमशीलताको विकास र प्रवर्द्धन । |
| १७. भगिनी सम्बन्ध | १) प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको पूर्वस्वीकृति लिई विदेशका कुनै स्थानीय सरकारसँग भगिनी सम्बन्ध कायम । |

अनुसूची-२

## स्थानीय तहका लागि हालसम्म जारी नमुना कानुनको सूची

| क्र.सं. | विवरण | मन्त्रालय/आयोग/निकाय |
|---|---|---|
| (क) | नीति | |
| १ | स्थानीय तहको नमुना सामाजिक समावेशीकरण नीति, २०७८ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| (ख) | ऐन | |
| १ | स्थानीय तहको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ (नमुना) | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| २ | न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि ऐन, २०७४ (नमुना कानुन) । | ,, |
| ३ | गाउँ/नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन (नमुना) | ,, |
| ४ | स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७६ (नमुना) | ,, |
| ५ | स्थानीय तह सहकारी ऐन, २०७४ | ,, |
| ६ | स्थानीय तहको आर्थिक ऐन, २०७४ (नमुना) | ,, |
| ७ | स्थानीय तहको विनियोजन ऐन, २०७४ (नमुना) | ,, |
| ८ | कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ (नमुना) | ,, |
| ९ | गाउँ/नगरपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानुन, २०७४ | ,, |
| १० | गाउँपालिकाको खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी ऐन, २०७८ (नमुना) | गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल (नर्मिन) |
| ११ | नगर/गाउँपालिकाको भूमि ऐन, २०७८ (नमुना) | ,, |
| १२ | गाउँ/नगरपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०७८ (नमुना) | ,, |

| | | |
|---|---|---|
| १३ | गाउँ/नगरपालिकाको वन व्यवस्थापनसम्बन्धी ऐन, २०७८ (नमुना) | ,, |
| १४ | सङ्घसंस्था दर्ता ऐन (नमुना) | गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल |
| १५ | स्थानीय सरकारको तथ्याङ्क ऐन (नमुना) | ,, |
| १६ | स्थानीय सहरकारी ऐन (नमुना) | ,, |
| १७ | स्थानीय सार्वजनिक-निजी साझेदारी ऐन (नमुना) | ,, |
| १८ | स्थानीय स्वास्थ्य तथा सरसफाइ ऐन (नमुना) | ,, |
| १९ | स्थानीय पूर्वाधार व्यवस्थापन ऐन (नमुना) | ,, |
| २० | स्थानीय शिक्षा ऐन (नमुना) | ,, |
| २१ | लघु, घरेलु तथा साना उद्योग ऐन (नमुना) | ,, |
| २२ | स्थानीय सेवा ऐन (नमुना) | ,, |
| २३ | नगर/गाउँ प्रहरी ऐन (नमुना) | ,, |
| (ग) | नियमावली | |
| १ | महानगर नगर कार्यपालिका कार्यविभाजन नियमावली, २०७४ (नमुना) | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| २ | उपमहानगर नगर कार्यपालिका कार्यविभाजन नियमावली, २०७४ (नमुना) | ,, |
| ३ | नगर कार्यपालिका कार्यविभाजन नियमावली, २०७४ (नमुना) | ,, |
| ४ | गाउँ कार्यपालिका कार्यविभाजन नियमावली, २०७४ (नमुना) | ,, |
| ५ | नगर कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४ (नमुना) | ,, |
| ६ | गाउँ कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४ (नमुना) | ,, |
| ७ | गाउँ/नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ | ,, |

| | | |
|---|---|---|
| ८ | गाउँ/नगर/जिल्ला सभाको सभा सञ्चालन तथा व्यवस्थापन (कार्यविधि) नियमावली, २०७४ | ,, |
| ९ | गाउँ/नगर कार्यपालिकाको बैठक सञ्चालन तथा व्यवस्थापन (कार्यविधि) नियमावली, २०७४ | ,, |
| १० | गाउँपालिका/नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७५ (नमुना) | ,, |
| ११ | शिक्षा नियमावली, २०७४ (नमुना) | ,, |
| १२ | सुशासन समिति गठन र सञ्चालन नियमावली, २०७६ (नमुना) | नेपाल नगरपालिका सङ्घ |
| १३ | लेखा समिति गठन र सञ्चालन नियमावली, २०७६ (नमुना) | ,, |
| (घ) | निर्देशिका, कार्यविधि, दिग्दर्शन | |
| १ | गाउँपालिका/नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| २ | स्थानीय तहको सरकारबाट गरिने बजार अनुगमन निर्देशिका, २०७४ (नमुना) | ,, |
| ३ | स्थानीय ऊर्जा विकाससम्बन्धी निर्देशिका, २०७४ | ,, |
| ४ | प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक-उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७ | अर्थ मन्त्रालय |
| ५ | विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि, २०७८ (नमुना) | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ६ | स्थानीय तहको योजना प्रक्रियामा युवा सहभागितासम्बन्धी नमुना कार्यविधि, २०७८ (नमुना) | ,, |
| ७ | गाउँ/नगरपालिकाको सञ्चित कोषको आन्तरिक लेखापरीक्षणसम्बन्धी कार्यविधि, २०७८ (नमुना) | ,, |
| ८ | गाउँपालिका/नगरपालिका मेलमिलाप केन्द्र सञ्चालनसम्बन्धी कार्यविधि, २०७७ (नमुना) | ,, |
| ९ | टोल विकास संस्था (गठन तथा परिचालन) नमुना कार्यविधि, २०७७ | ,, |
| १० | सार्वजनिक जवाफदेहिता प्रवर्द्धनसम्बन्धी कार्यविधि, २०७७ | ,, |

| | | |
|---|---|---|
| ११ | सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०७७ | ,, |
| १२ | व्यवसाय करसम्बन्धी कार्यविधि, २०७६ (नमुना) | ,, |
| १३ | आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ (नमुनासहित) | ,, |
| १४ | राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ | ,, |
| १५ | घरजग्गा बहाल कर व्यवस्थापन कार्यविधि, २०७६ (नमुना) | ,, |
| १६ | गाउँ/नगर कार्यपालिकाको बैठक सञ्चालनसम्बन्धी कार्यविधि, २०७४ (नमुना) | ,, |
| १७ | नदी तथा अन्य सार्वजनिक क्षेत्रको सरसफाइसम्बन्धी कार्यविधि, २०७५ (नमुना) | ,, |
| १८ | बालविवाहविरूद्ध कार्यक्रम खर्च कार्यविधि, २०७५ (नमुना) | ,, |
| १९ | बालगृह सञ्चालन कार्यविधि, २०७५ (नमुना) | ,, |
| २० | एफएम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०७४ (नमुना) | ,, |
| २१ | सडक बालबालिकाको व्यवस्थापन खर्च कार्यविधि, २०७५ (नमुना) | ,, |
| २२ | गाउँ/नगरपालिका आपत्कालीन कार्यसञ्चालन विधि, २०७५ | ,, |
| २३ | स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन, कार्यविधि, २०७५ (नमुना) | ,, |
| २४ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७४ (नमुना) | ,, |
| २५ | एकीकृत सम्पत्ति कर व्यवस्थापन नमुना कार्यविधि, २०७४ | ,, |
| २६ | स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्नेसम्बन्धी नमुना कार्यविधि, २०७४ | ,, |
| २७ | एफएम रेडियो व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७४ | ,, |
| २८ | गाउँ/नगर/जिल्ला सभा सञ्चालन कार्यविधि, २०७४ (नमुना) | ,, |
| २९ | 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्रसम्बन्धी कार्यविधि (नमुना) | ,, |

| | | |
|---|---|---|
| ३० | स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि, २०७४ (नमुना) | ,, |
| ३१ | स्थानीय राजपत्रको नमुना | ,, |
| ३२ | अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यविधि | गाउँपालिका राष्ट्रिय महासङ्घ नेपाल |
| ३३ | आर्थिक सहायता कोष सञ्चालन कार्यविधि | ,, |
| ३४ | बजेट तथा कार्यक्रम तर्जुमा कार्यविधि | ,, |
| ३५ | राजस्व परामर्श समिति कार्यसञ्चालन कार्यविधि | ,, |
| ३६ | विधायन समिति कार्यसञ्चालन कार्यविधि (७ वटै प्रदेश) | ,, |
| ३७ | विषयगत समितिहरु कार्यसञ्चालन कार्यविधि (७ वटै प्रदेश) | ,, |
| ३८ | सार्वजनिक लेखा समिति कार्यसञ्चालन कार्यविधि (७ वटै प्रदेश) | ,, |
| ३९ | व्यवसाय दर्ता तथा नवीकरण कार्यविधि | ,, |
| (ङ) | योजना, रणनीति, कार्ययोजना | |
| १ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८ (नमुना) | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| २ | उत्थानशील समुदायका लागि गाउँ/नगरपालिकाको रणनीति, २०७५ | ,, |
| (च) | मापदण्ड | |
| १ | सहरी योजना तथा भवन निर्माण मापदण्ड स्रोत पुस्तिका, २०७५ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| (छ) | आचारसंहिता | |
| १ | गाउँ/नगर/उपमहानगर/महानगरपालिकाका पदाधिकारीहरुको आचारसंहिता, २०७४ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| नोटः २०७९ भदौसम्मको अद्यावधिक । | | |

अनुसूची- ३

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी संवैधानिक व्यवस्था

| धारा | व्यवस्था |
|---|---|
| **प्रस्तावना** | वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने संकल्प । |
| **धारा-३**<br>राष्ट्रको परिभाषा | बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त, भौगोलिक विविधतामा रहेका समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, भौगोलिक अखण्डता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान् रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टिमा राष्ट्र हो । |
| **धारा-४**<br>राज्यको परिभाषा | नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्तासम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवादउन्मुख, सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो । |
| **धारा-१२**<br>नागरिकता: वंशीय आधार तथा लैङ्गिक पहिचानसहितको नागरिकता | संविधानबमोजिम वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्ने व्यक्तिले निजको आमा वा बाबुको नामबाट लैङ्गिक पहिचानसहितको नेपालको नागरिकता प्रमाणपत्र पाउन सक्नेछ । |
| **धारा-१८**<br>समानताको हक | १) सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिनेछैन ।<br>२) सामान्य कानुनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिनेछैन ।<br>३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्नेछैन ।<br>४) समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिनेछैन ।<br>५) पैतृक सम्पत्तिमा लैङ्गिक भेदभावबिना सबै सन्तानको समान हक हुनेछ । |

| | |
|---|---|
| **धारा-२४**<br>छुवाछुत तथा भेदभावविरूद्धको हक | १) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेसा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी वा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिनेछैन ।<br>२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री–वितरण वा प्रदान गरिनेछैन ।<br>३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्साउने जात, जाति वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछुत वा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचारप्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइनेछैन ।<br>४) जातीय आधारमा छुवाछुत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइनेछैन ।<br>५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछुत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानुनबमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । |
| **धारा-३२**<br>भाषा तथा संस्कृतिको हक | १) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक हुनेछ ।<br>२) प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक हुनेछ ।<br>३) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक हुनेछ । |
| **धारा-३८**<br>महिलाको हक | १) प्रत्येक महिलालाई लैङ्गिक भेदभावबिना समान वंशीय हक हुनेछ ।<br>२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुनेछ ।<br>३) महिलाविरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमका हिंसाजन्य कार्य वा शोषण गरिनेछैन । त्यस्तो कार्य कानुनबमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।<br>४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।<br>५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।<br>६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ । |

| | |
|---|---|
| **धारा-४२**<br>सामाजिक न्यायको हक | १) सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारु, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ ।<br>२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ ।<br>३) अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ । |
| **धारा-४३**<br>सामाजिक सुरक्षाको हक | आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ । |
| **धारा-५० (२)**<br>राज्यको निर्देशक सिद्धान्त | धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाज निर्माण गर्ने... । |
| **धारा-५६**<br>राज्यको संरचना | सङ्घ, प्रदेश र स्थानीय तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वाङ्गीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक सङ्घीय शासन प्रणाली, मानवअधिकार तथा मौलिक हक, कानुनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्नेछन् । |
| **धारा-७०**<br>राष्ट्रपति र उपराष्ट्रपति फरक-फरक लिङ्ग वा समुदायको हुने | यस संविधानबमोजिम राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक-फरक लिङ्ग वा समुदायको प्रतिनिधित्व हुने गरी गर्नुपर्नेछ । |

| | |
|---|---|
| **धारा-७६ र धारा-१६८**<br>मन्त्रिपरिषद् समावेशी हुनुपर्ने | सङ्घीय मन्त्रिपरिषद् र प्रदेश मन्त्रिपरिषद् समावेशी सिद्धान्तबमोजिम गठन गर्नुपर्नेछ । |
| **धारा-८४**<br>प्रतिनिधिसभाको गठन | १) समानुपातिक निर्वाचन प्रणालीबमोजिम हुने प्रतिनिधिसभाको निर्वाचनका लागि राजनीतिक दलले उम्मेदवारी दिँदा जनसङ्ख्याको आधारमा महिला, दलित, आदिवासी–जनजाति, खस आर्य, मधेसी, थारु, मुस्लिम, पिछडिएको क्षेत्रसमेतबाट बन्दसूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था सङ्घीय कानुनबमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिँदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनुपर्नेछ ।<br>२) सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य सङ्ख्याको कम्तीमा एकतिहाइ सदस्य महिला हुनुपर्नेछ । |
| **धारा- ८६**<br>राष्ट्रिय सभामा समावेशी प्रतिनिधित्व | प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा सङ्घीय कानुनबमोजिम प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखको मतको भार फरक हुने गरी प्रत्येक प्रदेशबाट कम्तीमा ३ जना महिला, १ जना दलित र १ जना अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यकसहित ८ जना गरी निर्वाचित ५६ जना । |
| **धारा-९१(२), धारा-९२ (२) र धारा-१८२(२)** | – भाग ८ र भाग १४ मा प्रतिनिधिसभाका सभामुख र उपसभामुख, राष्ट्रिय सभाका अध्यक्ष र उपाध्यक्ष, प्रदेशसभाका सभामुख र उपसभामुखमध्ये १ जना महिला हुने गरी फरक–फरक दलको हुनुपर्ने व्यवस्था ।<br>– हरेक स्थानीय तहमा कम्तीमा पनि महिला, अल्पसङ्ख्यक र दलितको प्रतिनिधित्व हुनैपर्ने भाग १८ को व्यवस्था । |
| **धारा-२८३**<br>नियुक्ति | संवैधानिक अङ्ग र निकायका पदमा नियुक्ति गर्दा समावेशी सिद्धान्तबमोजिम गरिने व्यवस्था । |

| | |
|---|---|
| **धारा-२८५**<br>सरकारी सेवामा समानुपातिक समावेशी व्यवस्था | सङ्घीय निजामती सेवालगायत सबै सङ्घीय सरकारी सेवामा प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्दा सङ्घीय कानुनबमोजिम खुला र समानुपातिक समावेशी सिद्धान्तका आधारमा हुनेछ भन्ने व्यवस्था । |
| **धारा-३०६**<br>अल्पसङ्ख्यक र सीमान्तीकृतको परिभाषा | अल्पसङ्ख्यक भन्नाले सङ्घीय कानुनबमोजिम निर्धारित प्रतिशतभन्दा कम जनसङ्ख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनुपर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाइराख्ने आकाङ्क्षा रहेका, विभेद र उत्पीडन भोगेका समूहसमेतलाई जनाउँछ ।<br><br>सीमान्तकृत भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताका कारणले सेवा-सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका सङ्घीय कानुनबमोजिमको मानव विकासको स्तरभन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनुपर्छ र सो शब्दले अति सीमान्तकृत र लोपोन्मुख समुदायसमेतलाई जनाउँछ । |
| **संवैधानिक आयोग** | राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारु आयोग र मुस्लिम आयोग गरी ७ वटा नयाँ आयोगलाई संवैधानिक निकायको रूपमा स्थापना गरिएको छ । |

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

वेबसाइट: https://www.mofaga.gov.np
टेलिफोन नं: 4200318, 4200432, 4200291
इमेल: info@mofaga.gov.np
सन्देश सूचना बोर्ड: 1618014200309